# DIRECTORATE OF DISTANCE EDUCATION
# UNIVERSITY OF NORTH BENGAL

## MASTERS OF ARTS- NEPALI
## SEMESTER -I

# साहित्येतिहासको अवधारणा र नेपाली साहित्यको इतिहास

## NEP(DE-PG-C-103)

# BLOCK-2

**UNIVERSITY OF NORTH BENGAL**

Postal Address:

The Registrar,

University of North Bengal,

Raja Rammohunpur,

P.O.-N.B.U.,Dist-Darjeeling,

West Bengal, Pin-734013,

India.

Phone: ( O ) +91 0353-2776331/2699008

Fax:( 0353 ) 2776313, 2699001

Email: regnbu@sancharnet.in ; regnbu@nbu.ac.in

Wesbsite: www.nbu.ac.in

First Published in 2019

All rights reserved. No Part of this book may be reproduced or transmitted,in any form or by any means, without permission in writing from University of North Bengal. Any person who does any unauthorised act in relation to this book may be liable to criminal prosecution and civil claims for damages. This book is meant for educational and learning purpose. The authors of the book has/have taken all reasonable care to ensure that the contents of the book do not violate any existing copyright or other intellectual property rights of any person in any manner whatsoever. In the even the Authors has/ have been unable to track any source and if any copyright has been inadvertently infringed, please notify the publisher in writing for corrective action.

# FOREWORD

The Self-Learning Material (SLM) is written with the aim of providing simple and organized study content to all the learners. The SLMs are prepared on the framework of being mutually cohesive, internally consistent and structured as per the university's syllabi. It is a humble attempt to give glimpses of the various approaches and dimensions to the topic of study and to kindle the learner's interest to the subject

We have tried to put together information from various sources into this book that has been written in an engaging style with interesting and relevant examples. It introduces you to the insights of subject concepts and theories and presents them in a way that is easy to understand and comprehend.

We always believe in continuous improvement and would periodically update the content in the very interest of the learners. It may be added that despite enormous efforts and coordination, there is every possibility for some omission or inadequacy in few areas or topics, which would definitely be rectified in future.

We hope you enjoy learning from this book and the experience truly enrich your learning and help you to advance in your career and future endeavours.

# साहित्येतिहासको अवधारणा र नेपाली साहित्यको इतिहास

## BLOCK-1

एकाइ – 1 साहित्येतिहासको अर्थ, परिचय, स्वरूप एवं संरचना

एकाइ - 2 इतिहास र साहित्येतिहासमा भेद-साम्य

एकाइ - 3 साहित्येतिहास लेखनका विविध आधार, सिद्धान्त र मान्यताहरू

एकाइ – 4 साहित्येतिहास र काल विभाजनको प्रयोजन, महत्त्व, औचित्य र सीमा

एकाइ – 5 नेपाली साहित्येतिहास लेखनका विविध आधार

एकाइ – 6 नेपाली साहित्येतिहासको काल विभाजन

एकाइ –7 नेपाली साहित्यको उद्भवको समाज-भाषिक एवं सांस्कृतिक पृष्ठभूमि

## BLOCK-2

**एकाइ 8. नेपाली साहित्येतिहास लेखन-परम्पराको समीक्षात्मक अध्ययन ................ 7**

**एकाइ 9. प्राथमिककालीन नेपाली साहित्यको इतिहास, विधागत विविध प्रवृत्ति र तिनको मूल्याङ्कन ........................................................................... 27**

**एकाइ 10. माध्यमिककालीन नेपाली साहित्यको इतिहास, विधागत प्रवृत्ति र तिनको मूल्याङ्कन माध्यमिक कालसम्मको अनूदित नेपाली साहित्य ............................ 50**

**एकाइ 11. आधुनिकको अर्थ, साहित्यमा आधुनिकताको अवधारणा, आधुनिकतावाद, उत्तर आधुनिकतावाद र नेपाली साहित्य ........................................................... 83**

**एकाइ 12. आधुनिक नेपाली साहित्येतिहासको सामाजिक, सांस्कृतिक र राजनैतिक पृष्ठभूमि ................................................................................... 110**

**एकाइ 13. नेपाली साहित्यमा विविध विधाहरूको विकासको अध्ययन, आधुनिककाल (सन् १९१८ देखि यता)-का विविध प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा..................... 127**

एकाइ **14.** नेपाली भाषा र साहित्यको इतिहासमा देखिएका विविध आन्दोलन र वादहरू **.................................................................................... 186**

# BLOCK 2 साहित्येतिहासको अवधारणा र नेपाली साहित्यको इतिहास-PART B

**यस भागको परिचय**

यस पुस्तकको पहिलो भागमा साहित्येतिहासको अर्थ, परिचय, स्वरूप एवं संसरचना, इतिहास र साहित्येतिहासको भेद-साम्य, आधार, सिद्दधान्त र मान्यता, साहित्येतिहासको काल विभाजन, प्रयोजन, महत्त्व, आधार औचित्य, नेपाली साहित्येतिहास लेखनका आधार, काल विभाजन, नेपाली साहित्यको उद्भव, समाज-भाषिक एवं सांस्कृतिक पृष्ठभूमि आदिको अध्ययन गरिन्छ। साहित्येतिहासको अवधारणा र नेपाली साहित्यको इतिहास..

एकाइ–8 नेपाली साहित्येतिहास लेखन परम्पराको

एकाइ-9 प्राथमिककालीन नेपाली साहित्यको इतिहास

एकाइ–10 माध्यमिककालीन नेपाली साहित्यको इतिहास

एकाइ–11 आधुनिकको अर्थ, साहित्यमा आधुनिकताको…

एकाइ–12 आधुनिक नेपाली साहित्येतिहासको सामाजिक…

एकाइ-13N नेपाली साहित्यमा विविध विधाहरूको…

एकाइ–14 नेपाली भाषा र साहित्यको इतिहासमा देखिएका…

# एकाइ 8. नेपाली साहित्येतिहास लेखन-परम्पराको समीक्षात्मक अध्ययन

8.0 उद्देश्य

8.1 परिचय

8.2 नेपाली साहित्येतिहास लेखन-परम्पराको समीक्षात्मक अध्ययन

8.2.1 नेपाली साहित्येतिहास लेखन-परम्पराको पृष्ठभूमिको समीक्षा

8.2.2 नेपाली साहित्येतिहास लेखन-परम्पराको प्रारम्भ र विकासको समीक्षा

8.3 उपसंहार

8.4 सार

8.5 अनुशीलनी

8.6 अतिरिक्त अध्ययन

8.7 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

8.7 □□□□□□□□□□□□□□□□□□□□□□□□□□□□□

## 8.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्नसक्नु हुनेछ**:**

- नेपाली साहित्य इतिहासको पृष्ठभूमि
- नेपाली साहित्य इतिहासको विकास-परम्परा
- कालविभाजन प्रक्रिय़ाको दृष्टिले नेपाली साहित्यको इतिहास
- नेपाली साहित्य इतिहासकारहरूको भूमिका

Notes

## 8.1

(. १९४८) ... य ... (. २०१७) ... छ।

... - ... लगभग सय ... यस ... स ... - ... छ। तर ... - ... र ... छ। ... र ... र ...

## 8.2 -

नेपाली साहित्येतिहास लेखन-परम्परालाई मूलतः दुईवटा कालखण्डमा छुट्याएर हेर्न सकिन्छ। अतः लेखक दयाराम श्रेष्ठले नेपाली साहित्यको इतिहास लेखनलाई निम्नलिखित दुई चरणमा छुट्याएर हेर्नु उपयुक्त मानेका छन्। जुन यस प्रकार छ- १. पृष्ठभूमि, २. इतिहास लेखनको प्रारम्भ र विकास आदि। उक्त श्रेष्ठकै विकास चरणका आधारमा तल चर्चा गरिनेछ।

## 8.2.1 नेपाली साहित्येतिहास लेखनको पृष्ठभूमि

यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका पुस्तकाकार कृति प्रकाशित हुनुभन्दा अघिदेखि नै नेपाली साहित्येतिहास लेखनको प्रारम्भिक प्रयासहरू भएका पाइन्छन्। इतिहास लेखनको मार्गलाई तयार गर्ने प्रथम श्रेय मोतीराम भट्टलाई जाँदछ। भट्टले कवि भानुभक्तआचार्यको जीवन चरित्र (वि.सं १९४८) लेखेर यस नवीन दिशातर्फ ध्यान आकर्षण गरेका हुन्। यस सम्बन्धमा दयाराम श्रेष्ठ भन्छन्- सं १९४८ मा कवि भानुभक्तआचार्यको जीवन चरित्र लेखेर इतिहास भइसकेका एक साहित्यिक व्यक्तित्वलाई प्रकाशमा ल्याए। जीवनीलाई इतिहास मान्न सकिँदैन, तर इतिहासको एक महत्त्वपूर्ण अङ्ग भने जीवनी अवश्यै हो। तसर्थ यस कृतिले साहित्येतिहासका निमित्त सामग्री जुटाइदिएको छ भन्न मोतीराम भट्टको यस भनाइले पनि पुष्टि गर्दछ, 'गोर्खा भाषा हुनत धेरै नामका कवि भानुभक्त भन्दा पैल्हे भये तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविहरूमा आदि कवि भानुभक्त नै हुन्।' इतिहास लेखनका लागि यस अनुसन्धानको ढोका खोलिएको छ।

यसरी नै भानुभक्तको जीवनी लेख्ने क्रममा मोतीराम परवर्ती लेखकहरू पनि देखा पर्छन्, जसलाई नेपाली साहित्येतिहास लेखनको पृष्ठभूमिको आधार मान्न सकिन्छ। शम्भुप्रसाद ढुङ्गेलको आदिकवि भानुभक्ताचार्यको जीवन चरित्र (वि.सं १९६९), रघुनाथ भट्टको रामायण सुन्दरकाण्ड (वि.सं. १९८९), ब्रह्म शमसेर जबराको कवि भानुभत्त (वि.सं १९९५), नरदेव पाण्डेयको कविवर मोतीराम भट्टको सचित्र जीवन चरित्र (वि.सं १९९५), सूर्यविक्रम ज्ञवालीद्वारा सम्पादित भानुभक्त स्मारक ग्रन्थ (वि.सं १९९७), बाबुराम आचार्यको पुराना कवि र कविता (वि.सं २००३), ईश्वर बरालको झ्यालबाट (कथा-सङ्ग्रह, वि.सं २००६), हिमालचुली (कविता-सङ्ग्रह,

२०१२), सयपत्री (निबन्ध-सङ्ग्रह, २०१३), कमल दीक्षितको यस्तो पनि (वि.सं २०१४) यसबाहेक चित्तरञ्जन नेपालीले शक्तिवल्लभ अर्ज्याल र उदयानन्द अर्ज्यालका कवितालाई सर्वप्रथम प्रकाशमा ल्याएर नेपाली साहित्येतिहास लेखनलाई आधार दिने काम गरेका छन् भने सूर्यविक्रम ज्ञवालीले प्रेमनिधि पन्तको प्रायश्चित प्रदीप (वि.सं १७८४) खोजी गरी प्रकाशित गरेका छन्।

उक्त प्रकाशित कृति र जानकारीमूलक तथ्यहरू नेपाली साहित्यको इतिहासबारे असचेत रूपमा गरिएका प्रारम्भिक प्रयासहरू हुन्। यसरी हेर्दा नेपाली साहित्यमा आफू पूर्वका लेखकहरू र तिनका कृतिबारे प्रकाश पार्ने कार्य अघिदेखि हुँदै आएको देखिन्छ। घनश्याम नेपालका अनुसार मोतीराम भट्ट यस किसिमको चासो लिएर देखापर्ने प्रथम साहित्यकार हुन्। भट्टले नै प्रथमतः भानुभक्त आचार्यलाई आदिकविको उपाधि दिएका हुन्। अतः भानुभक्तको आदिकवित्वको उपाधिप्रति प्रश्नचिह्न खडा गर्दै धेरैपछि दीनानाथ सापकोटा ऐतिहासिक चेतनाका साथ देखापरेका हुन्। उनले रघुनाथ भट्टको सुन्दरकाण्ड रामायणलाई भानुभक्तीय रामायणभन्दा जेठा मान्दै रघुनाथलाई जेठा कविका रूपमा मानेका छन्। सापकोटाले रघुनाथलाई आदिकवित्वको उपाधि दिन रुचाएका छन्। सापकोटा ऐतिहासिक दृष्टि भएका दोस्रो व्यक्तित्वका रूपमा देखापर्छन्। हुन त भारतवर्षको इतिहास (वि.सं १९७१) अनुवाद गर्ने पद्मनाथ सापकोटामा पनि ऐतिहासिक चेतनाको उन्मेष नपाइने होइन। तर यी असचेत रूपमा गरिएका इतिहासपरक कार्यहरू भने हुन्। आजसम्म नेपाली साहित्यको इतिहास लेख्ने सचेत प्रयास कहिल्यै कहाँबाट भयो भन्ने सम्बन्धमा स्पष्ट छैन। यसबारे विद्वान्हरूमा मतभिन्नता रहेका छन्। घनश्याम नेपालअनुसार पुस्तक रूपमा यसतर्फको प्रथम प्रयास स्वरूप देखिना

आउने कृति हो बाबुराम आचार्यको पुराना कवि र कविता (सन् १९४६)। यस पुस्तकमा उनले सन् १८७४ भन्दा पहिलेको समयलाई पुरानो समय मानी त्यस समयका कविलाई पुराना कवि र तिनका कवितालाई पुराना कविता भन्ने संज्ञा दिए। यस पुस्तकमा उनले ती कविताको ऐतिहासिक सन्दर्भपरक अध्ययन प्रस्तुत गर्नाका साथै साहित्यिक विधाको रूपमा कविताको स्वरूप र यसका विशेषताबारे पनि चर्चा गरेका छन्। प्रस्तुत कृतिलाई साहित्येतिहास दृष्टिकोणले अपेक्षाकृत उल्लेखनीय कृति भनेर विद्वान्हरू मान्दै आएका छन्। तथापि कृतिलाई साहित्येतिहास भनेर मान्न सकिँदैन तर ऐतिहासिक सामग्रीको खोजी र स्थूल कालविभाजनको प्रारम्भिक अवधारणा भने प्रस्तुत गर्ने जमर्को सर्वप्रथम तिनैबाट भएको देखिन्छ। जस्तैः

पुरानो समय (प्रारम्भदेखि वि.सं १९६० सम्म) र २. नयाँ समय (वि.सं १९६२ यता)।

पुरानो समय : यस कालमा कविहरूले रामायण आदिको कथाको आधार लिएका हुनाले यी कविहरू प्रायः अनुवादकै रूपमा खडा हुने गरेका थिए। कहीँ कहीँ मात्र स्वतन्त्र विचार जोडिन्थे। यस अनुवादको आधार लिएका हुनाले यी कविताहरू प्रायः अनुवादकै रूपमा खडा प्रथाको प्रवाह वि.सं १९६० सम्म चलिरहेको देखिनाले यस अनुवादका समयली पुरानो समय र यस समयका कविहरूलाई पुराना कवि भन्न सकिन्छ।

नयाँ समय :  संस्कृत साहित्यका बडा विद्वान् सुब्बा वीरेन्द्रकेसरी अर्ज्यालले नेपाली शब्दावली, प्रयत्नहरूको योजना र वाक्यरचनाका नियमादिको अध्ययन गरी नेपाली व्याकरणका नियमलाई समाती कविता लेख्न शुरू गरे। पण्डित लेखनाथ पौड्यालले पनि व्याकरणलाई अनादर नगरी यसका नियमभित्र रहेर आफ्ना रसिला कविताहरू लेख्न शुरू गरे।

यो नियम अरूले पनि समाते। पुराना कविहरूमा ठूला ठूला विद्वान्हरू थिएनन्। साधारण संस्कृत भाषा लेख्न पढ्न सक्ने पण्डित मात्र थिए। वीरेन्द्रभन्दा पछि संस्कृत र अङ्ग्रेजी साहित्यका विद्वान्हरूले पनि कविता र काव्य लेख्न शुरु गरेका हुनाले वि.सं १९६२ देखि यताको समयलाई नयाँ समय र यस समयका कविहरूलाई नयाँ कवि भन्न उचित देखिन्छ भनेर तिनले आफ्ना पुस्तकमा उल्लेख गरेका छन्। यस पुस्तकलाई ऐतिहासिक मान्न सकिन्छ।

नेपाली साहित्येतिहासको पृष्ठभूमि कालमा विधागत इतिहासको आधारभूत अवधारणालाई उठान गर्ने प्रयास भएको देखिन्छ। यस कार्यको श्रेय ईश्वर बराललाई जान्छ। तिनैको प्रयासमा नेपाली साहित्यको इतिहासमा वीरकालको आविष्कार सम्भव भयो। कमल दीक्षितको योगदान पनि कम महत्त्वपूर्ण छैन। उनले साहित्येतिहासको आधाकारिक सामग्री प्रस्तुत गराउन सहयोग गरेका छन्।

यसरी नै भानुभक्तपूर्व तथा समकालीन कविहरूबारे ऐतिहासिक जानकारी दिने कार्य ब्रह्म शमशेरद्वारा भएको छ। शमशेरले कवि भानुभक्त मा प्रस्तुत गरेको ऐतिहासिक सन्दर्भ नेपाली साहित्येतिहास लेखनको निम्ति महत्त्वपूर्ण आधार मानिन्छ। शमसेरका ऐतिहासिक चेतनालाई दयाराम श्रेष्ठले उल्लेख गर्दै के भनेका छन् भने ब्रह्म शमशेर जबराले ऐतिहासिक कालक्रमका आधारमा जीवनी तयार पारेर इतिहास लेखनका लागि प्रेरणा प्रदान गरेका छन्। प्रमाणका लागि शमशेरले प्रस्तुत गरेका उदाहरण चरितार्थ छन्- वास्तविक नेपालको इतिहास आर्य र मङ्गोलियन जातिको समिश्रण र वर्तमान नेपाली जातित्वको विकाशको कथा हो। यो जातीयतामा अझ पूर्णतया विकाश भइसकेको छैन, औ दिन प्रतिदिन नवीन नवीन अवस्थामा यसको विकास हुँदोछ। नेपालको इतिहासको यो

पृष्ठ जुन बेला लेखिएला उस बेला हामीलाई भानुभक्तको वास्तविक महत्त्व थाहा होला।

नेपाली साहित्येतिहास लेखनको प्रारम्भिक रेखाङ्कनको रूपमा नरदेव पाण्डेयको योगदानलाई पनि बिर्सन सकिँदैन। उनले इतिहास लेखनका सामग्री जुटाइदिएर धेरै ठूलो सहयोग पुर्‍याएका छन्। हुन त पाण्डेय जीवनी लेखकका रूपमा देखिन्छन्। तापनि उनको जीवनी कविसमूहवर्णनम् इतिहास सामग्री भएको छ। यस सन्दर्भमा लेखक दयारामको भनाइ बडो उपयोगी देखिन्छ, तिनी भन्छन्- स्वयम् जीवनीकार नरदेव पाण्डेय मोतीमण्डलीका सदस्य भएकाले यस मण्डलीका अन्य सदस्यहरू र तिनका गतिविधिबारे धेरै सूचनाहरू यस कृतिले दिन्छ। एक प्रकारले भन्ने हो भने यस जीवनीले माध्यमिककालीन नेपाली साहित्यको इतिहासको दिग्दर्शन गराउन सकेको छ। पाण्डेयपछि सूर्यविक्रम ज्ञवालीको योगदानलाई पनि बिर्सन सकिँदैन। उनले इतिहास स्रोत सामग्रीलाई जुटाउन मद्दत गरेका छन्।

नेपाली साहित्येतिहास लेखनको पृष्ठभूमिलाई हेर्दा इतिहासप्रतिको अभिरूचि राखेर कलम चलाउने कार्य मोतीराम भट्ट, दीनानाथ सापकोटा, पद्मनाथ सापकोटा, ब्रह्म शमशेर, बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, कमल दीक्षित, ईश्वर बरालप्रभृत्ति लेखकहरू देखापर्छन्। यस कालमा देखापर्ने यी लेखकहरू इतिहासप्रति चेतना भएका तर सचेत साहित्येतिहास लेखक भने होइनन्। तर यी लेखक र तिनका कृतिहरू साहित्येतिहास लेखनका पूर्वाधार हुन्।

## 8.2.2 नेपाली साहित्येतिहास लेखन-परम्पराको प्रारम्भ र विकासको समीक्षा

नेपाली साहित्येतिहास लेखनको प्रारम्भ सं २०१७ मा प्रकाशित यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका नामक पुस्तकबाट सोद्देश्यपूर्वक सुरु हुन्छ। प्रस्तुत पुस्तकलाई योजनाबद्ध ढङ्गमा तयार पारिएको इतिहास मानिन्छ। मूल रूपमा शैक्षणिक प्रयोजनका लागि सो पुस्तक लेखिएको भए पनि यसको महत्त्व नेपाली साहित्येतिहासमा अक्षुण्ण रहेको छ। यसलाई वैज्ञानिक एवम् त्रुटिरहित पुस्तकको रूपमा लिन नसके पनि यसको विशेषता ऐतिहासिक छ। यस सम्बन्धमा केशवप्रसाद उपाध्याय भन्छन्, त्रुटिपूर्ण र अव्यवस्थित भए पनि नेपाली साहित्यको पहिलो इतिहास ग्रन्थ हुने गौरव नेपाली साहित्यको भूमिकालाई प्राप्त छ।

सत्यालबाट औपचारिक रूपमा सुरु भएको नेपाली साहित्येतिहास लेखनको परम्परा पछिल्लो समय अझ तीव्र र विकसित भएर गएको देखिन्छ। सत्यालपछि डिल्लीराम तिमसिना र माधव भण्डारीको हाम्रो साहित्य र साहित्यकार (वि.सं २०१८), बालकृष्ण पोखरेलको पुरानो साहित्यको ढुकुटी (वि.सं २०१८), भोलानाथ पौड्याल तथा धनवज्र वज्राचार्यद्वारा सम्पादित गल्लीमा फ्याँकिएका कसिङ्गर (वि.सं २०१८), नेपाली साहित्य संस्थान काठमाडौँद्वारा आयोजित नेपाली साहित्यको विवरण ( जेठ २७-३० गते, २०२०), नेपाली साहित्य सेमिनारले तयार पारेको देशव्यापी नेपाली साहित्य सेमिनारको विवरण (वि.सं २०२२), कृष्णचन्द्रसिँह प्रधानको 'नेपाली साहित्यका विभिन्न धाराको प्रवृत्ति र इतिहास' कार्यपत्र (वि.सं २०२०), हर्षनाथ भट्टराईको नेपाली भाषा र साहित्य (वि.सं २०२०), जनकलाल शर्माको जोसमनी सन्त परम्परा र साहित्य (वि.सं २०२०),

बालकृष्ण पोखरेलको पाँच सय वर्ष (वि.सं २०२०), नेपाली भाषा र साहित्य, रत्नध्वज जोशीको आधुनिक नेपाली साहित्यको झलक (वि.सं २०२१), नेपाली कथाको कथा (वि.सं २०२५), नेपाली नाटकको इतिहास (वि.सं २०३७), यज्ञराज सत्यालको नेपाली साहित्यको संक्षिप्त विवेचना (वि.सं २०२३), कृष्णप्रसाद पराजुलीको पन्ध्र तारा र नेपाली साहित्य (वि.सं २०२४), ज्ञानमणि नेपालद्वारा सम्पादित वनका फूल (वि.सं २०२५), एच.बी. नवपानीयको नेपालबाहिर नेपाली साहित्यिक गतिविधि (वि.सं २०२५), पारसमणि प्रधानको नेपाली साहित्यको साउँ अक्षर (वि.सं २०२६), नेपाली भाषा र साहित्यको विवरण (वि.सं २०२७), तारानाथ शर्मा नेपाली साहित्यको इतिहास शीर्षक राखेर पुस्तक प्रकाशित गर्ने पहिला लेखकका रूपमा चिनिन्छन्। तिनको नेपाली साहित्यको इतिहास (वि.सं २०२७) इतिहास-शास्त्रअनुसार लेखिएको महत्त्वपूर्ण ग्रन्थ हो। उनकै नेपाली साहित्यको ऐतिहासिक परिचय (वि.सं २०२९)  नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित गोष्ठी नेपाली साहित्यको काल-विभाजनसम्बन्धी परिचर्चा (आषाढ २५ गते, २०२८), साहित्यको इतिहास योजना (वि.सं २०२९) र विश्व साहित्यको रूपरेखा (वि.सं २०३०), दार्जिलिङ नेपाली भाषा समितिद्वारा प्रकाशित नेपाली भाषा र साहित्यको संक्षिप्त इतिहास (सन् २०२९) तथा A Brief Introduction to Nepali Language and Literature (1972), वासु रिमाल यात्रीको नेपाली साहित्यको इतिहास (वि.सं २०३०), इन्द्रबहादुर राईको नेपाली उपन्यासका आधारहरू (सन् १९७३), राममणि रिसालको नेपाली काव्य र कवि (वि.सं २०३१), केशवप्रसाद उपाध्यायको प्राथमिककालीन कवि र काव्य प्रवृत्ति (वि.सं २०३२) र विचार र व्याख्या (वि.सं १९४५) तथा बालकृष्ण समको दुःखान्त नाट्य चेतना (वि.सं २०४५), दीनानाथ शरणको नेपाली

साहित्यका इतिहास (सन् २०७४) र नेपाली भाषा और उसका साहित्य, रामलाल अधिकारीको नेपाली निबन्ध यात्रा (सन् १९७५), नेपाली एकांकी यात्रा (वि.सं १९७७) र कथा यात्रा (सन् १९८८), वासुदेव त्रिपाठीको लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन (वि.सं २०३४), नेपाली कविताको सिंहालोकन (वि.सं २०२६), दयाराम श्रेष्ठको वीरकालीन कविता (वि.सं ३०३४) र प्रारम्भिक कालको नेपाली साहित्य : इतिहास र परम्परा (वियसं २०३८) र साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ (वि.सं २०५९), दयाराम श्रेष्ठ र मोहनराज शर्माको नेपाली साहित्यको संक्षिप्त इतिहास (वि.सं २०३४), सुनसरी साहित्य प्रतिष्ठानद्वारा प्रकाशित मोतीराम भट्ट र नेपाली साहित्यको विकास (वि.सं २०३३), पूर्णप्रकाश नेपाल यात्रीको सेतीका तारा (वि.सं २०३४), अभि सुवेदीको Nepali literature : Background & History (वि.सं २०३५), यदुनाथ खनालको Nepalese literature (सन् १९८०), मोहनराज शर्माका कथाको विकासप्रक्रिया (वि.सं २०३५) र नेपालीका केही आधुनिक साहित्यकार (वि.सं २०३६), रमेश श्रेष्ठको नेपाली कविताको प्रवृत्ति (वि.सं २०३५), कृष्णचन्द्रसिंह प्रधानको नेपाली उपन्यास र उपन्यासकार (वि.सं २०३७),रमेश श्रेष्ठको नेपाली कविताको प्रवृत्ति (वि.सं २०३५), प्रतापचन्द्र प्रधानको माध्यमिककालीन नेपाली कवितामा श्रृङ्गार (वि.सं २०३७), शरदचन्द्र शर्मा भट्टाराईको नेपाली साहित्यको इतिहास (माध्यमिक काल, २०३७) र प्राचीन गद्याख्यान (वि.सं २०४२), माध्यमिक नेपाली गद्याख्यान (वि.सं २०५०) र ओझेलमा परेकाहरू (वि.सं २०५६), बालचन्द्र शर्माको नेपाली साहित्यको इतिहास (वि.स २०३९), घटराज भट्टराईको लुकेका कवि र कविता, नगेन्द्र शर्माको Nepali Literature : In a Nustshell (1983), कुमार प्रधानको A History of Nepali Literature (1984), कमला सांकृत्यायनको

नेपाली साहित्य (सन् १९८६), असीत राईको भारतीय नेपाली साहित्यको विकासक्रम (सन् १९८६), घनश्याम नेपालको नेपाली साहित्यको परिचयात्मक इतिहास (सन् १९९१), कथा सागर (सन् १९८९), कविता सागर (सन् १९८९), निबन्ध नन्दन (सन् १९९८), मोहन ठकुरीको नेपाली कविता यात्रा (सन् १९९०), लक्ष्मण श्रीमलको भारतीय नेपाली एकांकी (सन् १९९६), रविमान लमजेलको मेची अञ्चलको साहित्यिक रूपरेखा (वि.सं २०४९), विप्लव ढकालको भोजपुरको साहित्यिक रूपरेखा (वि.सं २०४९), भूपहरि पौड्यालको ऐतिहासिक मकैपर्व (वि.सं २०४०), हरिराज भट्टराईको गीतिकाव्यको ऐतिहासिक अध्ययन (वि.सं २०४३), भिक्टर प्रधानको नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना (वि.सं २०४४), रविमान लमजेलको कोशी अञ्चलको साहित्यिक इतिहास (वि.सं २०५०), लक्ष्मणप्रसाद गौतमको चितवनको साहित्य सर्वेक्षण र विश्लेषण (वि.सं २०५२), गोपाल भण्डारीको प्राग्भानुभक्तीय नेपाली काव्य (वि.सं २०५६), कशघ (कमल दीक्षित, शरद्चन्द्र शर्मा भट्टराई र घटराज भट्टराई) का एउटा अर्को बुइँगल (वि.सं २०५३) र बुइँगलको एउटा बाकस (वि.सं २०५३), ईश्वर बरालको सुवानन्ददासदेखि शम्भुप्रसादसम्म (वि.सं २०५५), साझा प्रकाशन काठमाडौँद्वारा प्रकाशित साझा कविता, साझा कथा , साझा समालोचना, साझा निबन्ध, साझा एकांकी, रविलाल अधिकारीको प्रगतिवादी नेपाली समालोचना (वि.सं २०५६), ज्ञानमणि नेपालद्वारा सम्पादित उदयानन्द अर्यालको बेतालपचीसी (वि.सं २०५८), रामप्रसाद दाहालको सिङ्गो नेपाली भाषा-साहित्यको इतिहास र साहित्यकारहरूको परिचय (वि.सं २०५४), दयारत्न शा. भि.को सन्दर्भ साहित्य : कालिम्पोङ्ग, राजेन्द्र भण्डारीको प्रतिमान (सन् १९८६), शिव प्रधानको बृहत् समालोचना, गोबिन्दसिंह रावतको पूर्वाञ्चल भारतको

नेपाली साहित्य, शान्तिराज शर्माको नेपाली साहित्य-इतिहासको रूपरेखा (सन् १९९८), घटराज भट्टराईको नेपाली साहित्यको ऐतिहासिक रूपरेखा (वि.सं २०५५), ऋषिराज बरालद्वारा प्रस्तुत कार्यपत्र नेपाली साहित्यको इतिहास-लेखन : समस्या र समाधानको प्रश्न (वि.सं २०५४), राजेन्द्र सुवेदीको नेपाली साहित्यको इतिहासलेखनमा देखापरेका त्रुटि र निराकरणका सम्भावनाहरू (वि.सं २०५५), प्रमोद प्रधानको नेपाली निबन्धको इतिहास (सन् २००९), मधुसूदन गिरीद्वारा प्रस्तुत संगोष्ठीपत्र समकालीन नेपाली कविताको रेखाङ्कन, नामकरण र बिम्बाङ्कन (२०५६), ताराकान्त पाण्डेयद्वारा प्रस्तुत कार्यपत्र आधुनिक नेपाली कविता : केही शैक्षणिक सन्दर्भ, केही तात्त्विक विवेचन (वि.सं २०५७), अभियान साहित्य प्रतिष्ठानद्वारा आयोजित साहित्य अभियान (वि.सं २०५५), नरेशचन्द्र खातीको अध्ययन : नेपाली समालोचनाका (सन् २००७), गोमा देवी शर्माको भारतीय नेपाली साहित्यको विश्लेषणात्मक इतिहास (सन् १९१८), झापा मितेरी साहित्यिक सम्मेलनद्वारा आयोजित संगोष्ठीमा प्रस्तुत ताराकान्त पाण्डेयको नेपाली कविता गणतान्त्रिक चेतना (वि.सं २०७५) र नवीन पौड्यालको नेपाली भाषाको भारतीय साहित्य समसामयिक अध्ययन (वि.सं २०७५), सुदर्शन श्रेष्ठद्वारा सम्पादित भारतीय नेपाली समालोचना (वि.सं २०७५) आदि प्रमुख छन्।

अतः नेपाली साहित्येतिहास सम्बन्धमा आजसम्म भएका उपर्युक्त कार्यहरू सन्तुष्ट किसिमकै रहे पनि तर विद्वान् लेखकहरूमा प्रशस्तै मतभिन्नता रहेको देखिन्छ। वि.सं २०१७ देखि हालसम्मको अवधिमा नेपाली साहित्य इतिहासबारे जे जति कार्यहरू हुँदै आइरहेका छन् त्यसमा धेरैजसो इतिहासकारहरूले सिङ्गो साहित्यको अध्ययन सामग्री प्रस्तुत गर्ने कार्य गरेका छन् भने केही लेखकहरूले साहित्यको विधागत इतिहास लेख्ने प्रयत्न

गरेका छन्। यज्ञराज सत्याल, तारानाथ शर्मा, डिल्लीराम तिमसिना र माधव भण्डारी, कृष्णप्रसाद पराजुली, घनश्याम नेपाल, शरदचन्द्र शर्मा भट्टराई, दयाराम श्रेष्ठ, मोहनराज, दीनानाथ शरण, असीत राई, घटराज भट्टराई, बालचन्द्र शर्मा, अभि सुवेदी, शान्तिराज शर्मा, वासुदेव त्रिपाठी, रत्नध्वज जोशी पुस्तक र केही विधागत इतिहास लेख्ने इतिहास लेख्ने प्रयत्न गरेका छन्। अन्य लेखकहरूले पनि यस क्षेत्रमा धेरै ठूलो योगदान दिएका छन् तर सिङ्गो पुस्तक लेख्ने प्रयत्न माथिका लेखकहरूले गरेका छन्। उक्त साहित्येतिहासका पुस्तकहरू र त्यसमाथि गरिएका कार्यहरूलाई हेर्दा कालविभाजन र नामकरणको समस्या प्रमुख समस्या रहेको देखिन्छ। जस्तैः

यज्ञराज सत्यालले नेपाली साहित्यको इतिहासलाई तीनवटा कालमा छुट्याउँदै त्यसको नामकरण प्राथमिक, माध्यमिक र आधुनिक गरेर छुट्याएको छ। यो नेपाली साहित्य इतिहास लेखनको पहिलो सचेत प्रयास हो। यसमा कालविभाजन, कालक्रम, जीवनी, मूल्यनिर्णय जस्ता इतिहासका गुणहरू पाइन्छन्। तर सत्याललगायत रत्नध्वज जोसी, ईश्वर बराल आदिका तीन युगे साहित्यको इतिहासलाई विभाजित गर्नेहरूको मत अव्यावहारिक र अवैज्ञानिक सिद्ध भएको छ भन्ने केशवप्रसाद उपाध्यायको भनाइ छ। तिमसिना र भण्डारीले चारवटा काल प्रारम्भिक काल, उत्थान काल, विकास काल र आधुनिक कालमा छुट्याउँदै नामकरण गर्ने प्रयास गरेका छन् तर स्थूल शीर्षक रखाइले गर्दा प्रवृत्तिको स्पष्टीकरण हुन नसकेको देखिन्छ। तापनि यस प्रयासलाई अनुपयुक्त मानिँदैन। तारानाथ शर्माले भानुभक्तपूर्वयुग, भानुभक्तयुग, मोतीरामयुग, क्रान्तिपूर्वयुग र क्रान्तिउत्तरयुग भनेर युगनायकलाई आधार मानेर छुट्याउने कार्य गरेका छन्। तर यसको शीर्षक छनौटलाई उपयुक्त आधार

Notes

मान्न सक्ने स्थिति नरहेको विद्वान्हरू ठान्दछन्। कृष्ण पराजुलीले आरम्भिक काल, प्राथमिक काल, माध्यमिक काल र आधुनिक काल गरी कालविशेषको आधारमा चारवटा खण्डमा छुट्याएका छन्। यो व्यावहारिक प्रयास भए पनि आरम्भिक काल र प्राथमिक कालको तात्पर्यमा कुनै भिन्नता नरहेको कारण शीर्षकमा उपयुक्ता नरहेको बुझिन्छ। मोहनराज शर्माले प्रवृत्ति विशेषताको आधारमा आदिकाल वा वीरगाथा काल (सं १७९९-१८७२), भक्तिकाल (सं १८७३-१९३६), श्रृङ्गारकाल (सं १९४०-१९७४), नव्यकाल (सं १९७५-२००७) र आधुनिक काल (सं २००८ देखि यता) भनेर पाँच भागमा छुट्याएका छन्। प्रस्तुत इतिहास व्यावहारिकताको निकट रहे पनि नेपाली वाङ्मयको गद्यात्मक इतिहासलाई बेवास्त गरिएको छ भने आधुनिक कालको समय निर्धारणमा अस्मञ्जस्ता रहेको देखिन्छ। यसरी नै ईश्वर बरालले पनि पछिल्लो समय शर्माले जस्तै पाँच युगे कालविभाजनलाई महत्त्व दिन पुगेका छन् तर उनले नामकरणमा राजनैतिक आधार बनाएका छन्। जस्तै : प्राथमिक काल (सं १८३३)-१९४०), माध्यमिक काल (सं १९४१-१९८५), आधुनिक काल (सं १९८६-२००७), प्रजातन्त्र काल (सं २००७-२०१८), पञ्च्यात काल (सं २०१८ देखि यता) आदि। उनको पछिल्लो दुईवटा प्रजातन्त्र काल र पञ्चयात काललाई साहित्यिक आधार मान्न पर्ने त्यस्तो औचित्य देखिँदैन। केशवप्रसादका अनुसार साहित्यको इतिहासलाई लक्ष्य गर्दा प्रजातन्त्रकाल र पञ्चायतकालको प्रवृत्ति, चिन्तनधारा र शैली-शिल्पमा तात्विक अन्तर छैन। घनश्याम नेपालले प्रस्तावना काल, स्तवन काल : वीरगाथा काल, स्तवन काल : अध्यात्म काल, श्रृंगार काल, नीति काल, रोमान्टिक काल, प्रयोग काल, उत्तर प्रयोग काल/आलोचना काल गरी सातवटा प्रवृत्तिगत विशेषताका आधारमा विभाजन गरेका छन्। नेपालको

उक्त प्रयास अन्य साहित्य इतिहासकारहरूभन्दा फरक किसिमका देखिन्छन्। यिनका कालविभाजन र नामकरण प्रणालीमा व्यावहारिकता र वैज्ञानिकताको निकटता पाइन्छ। यता भारतीय नेपाली साहित्यको परिप्रेक्ष्यमा छुट्टै अध्ययन गरी इतिहास तयार पार्ने कार्यहरू भइरहेका छन्। जसमा असीत राई, गोमा देवी शर्मा प्रभृत्ति लेखकहरू सक्रिय छन्। गोमा देवी शर्माले प्रारम्भिक काल (सन् १७४४-१८१४), भक्तिकाल (सन् १८१५-१८८६), मोतीराम युग (सन् १८८७-१९१७), आधुनिक काल-नवजागरण काल (सन् १९१८-१९४६), स्वच्छन्दतावादी युग (सन् १९४७-१९६०), आयामिक आन्दोलन काल (स्न १९६१-१९७४), नवलेखन काल (सन् १९७५ देखि यता) भनेर छयास्मिसे विभाजन प्रणालीलाई अपनाएका छन्।

यसबाहेक नेपाली साहित्य इतिहासलाई वैज्ञानिक र व्यावहारिक बनाउने उद्देश्यमा धेरै सभा-गोष्ठीहरू आयोजन गरिएको थाहा पाइन्छ। तर आजसम्म जति पनि कार्यहरू भएका छन्, त्यसमा कालविभाजनको प्रश्नबारे धेरै बहसहरू भएका छन् तापनि समस्याको निराकरण हुनसकेको देखिँदैन। नेपाली साहित्य इतिहासको मूल समस्या भनेको कालविभाजन र त्यसको नामकरण हो। त्यसमा पनि आधुनिक कालको समय निर्धारण प्रक्रियामा धेरै बेसी विवाद चर्किएको देखिन्छ। यति मात्र होइन नेपाली साहित्य इतिहास लेखनमा मौलिकताको अभाव अर्को समस्या हो। यस सम्बन्धमा दयाराम श्रेष्ठको भनाइ उपयुक्त देखिन्छ। तिनी भन्छन्- तिथिमितिको क्रम मिलाउँदैमा अथवा कृतिकार र कृतिहरूका नाम जुराउँदैमा साहित्येतिहास बनिहाल्दैन, वैज्ञानिक इतिहास बन्नका लागि आवश्यक सबै अङ्गीभूत तत्त्वहरू समायोजित हुनुपर्दछ। नेपाली साहित्यमा यो प्रयास भने गर्न बाँकी नै रहेको देखिन्छ।

Notes

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. नेपाली साहित्येतिहासको पृष्ठभूमिलाई छोटोमा लेख्नुहोस्।

……………………………………………………………………….
..........…………………………………………………………………
……………...……………………………………………………………

2. नेपाली साहित्य इतिहासका प्रमुख इतिहासकार र लेखकलाई चिनाउनुहोस्।

……………………………………………………………………….
..........…………………………………………………………………
……………...……………………………………………………………

3. नेपाली साहित्येतिहास परम्पराको विशेषता के छ?

……………………………………………………………………….
..........…………………………………………………………………
……………...……………………………………………………………

## 8.3 **उपसंहार**

नेपाली साहित्य इतिहास परम्परा असचेत रूपमा भए पनि मोतीराम भट्टको कवि **भानुभक्तआचार्यको जीवन चरित्र**बाट नै थालिएको मान्नुपर्ने हुन्छ। नेपाली साहित्य इतिहास-परम्परालाई हेर्दा सचेत रूपमा इतिहास लेख्ने कार्यको थालनी धेरैपछि भएको हो। वि.सं २०१७ मा यज्ञराज सत्यालद्वारा लिखित नेपाली साहित्यको भूमिका नामक पुस्तकबाट नेपाली साहित्य इतिहास-परम्पराको औपचारिक लेखनकार्य सुरु भएको देखिन्छ। यसैले नेपाली साहित्य इतिहास-परम्परालाई मूलतः दुईवटा खण्डमा बाँडेर हेर्नु उपयुक्त हुन्छ। मोतीराम भट्ट हुँदै बाबुराम आचार्यदेखि यज्ञराज सत्यालपूर्व समयलाई पृष्ठभूमि चरण मान्न सकिन्छ। यस समय जे जति

इतिहास लेखन कार्यहरू भए ती प्रारम्भिक प्रयासहरू हुन्। तापनि यसलाई केवल प्रयास मात्र नमानेर यसले भावी इतिहासकारहरूलाई सामग्री उपलब्ध गराएर यस दिशातर्फ ध्यानाकर्षण गराएको छ। यस प्रारम्भिक चरणमा लेखिएका उक्त रचनाहरूमा ऐतिहासिक चेतनाको उन्मेष पाइन्छ। सत्यालको आगमनसित नेपाली साहित्य इतिहास-परम्परा सक्रिय रूपमा अघि बढ्दछ। सत्यालको आगमनावधि कमल दीक्षित, ईश्वर बराल, तिमसिना, भण्डारी, बालकृष्ण पोखरेल प्रभृत्ति इतिहासकारहरूले कलम चलाएर नेपाली साहित्य इतिहासलाई थोरबहुत प्रकाश पार्ने प्रयास गरेका छन् भने वि.सं २०२० पछि समस्यारहित, व्यावहारिक र मौलिक बनाउने प्रयोजनले व्यक्तिदेखि संस्थागत रूपमा कार्यहरू थालिन पुग्दछ। विभिन्न विश्वविद्यालय र साहित्यिक सभाहरूमा यसबारे सङ्गोष्ठीको आयोजन गरेर इतिहास लेखन-परम्परालाई टेवा दिने कार्य गरेको देखिन्छ। यस अवधिमा रत्नध्वज जोशी इतिहास लेखनको ढाँचा र शैलीसित सचेत भएर पुस्तक प्रकाश गर्न पुग्छन् भने इतिहासशास्त्रअनुसार साहित्यको इतिहास लेखन-परम्परामा नयाँ रूप दिँदै तारानाथ शर्मा देखापर्छन्। यसरी नै वि.सं २०३५ पछि अङग्रेजी भाषामा नेपाली साहित्यको इतिहास लेखन तथा प्रकाशन कार्यले इतिहास लेखनमा अग्रगति आउँछ। आजसम्म जे-जति कार्यहरू हुँदै छन् त्यसमा परिमार्जन र स्तरीयता पनि बढ्दै गएकोले नेपाली साहित्य इतिहास लेखन-परम्पराको सापेक्षिक मूल्य रहेको पाइन्छ।

## 8.4 सार

यस प्रखण्डमा नेपाली साहित्येतिहास लेखन-परम्पराको अध्ययन गर्ने कोसिस गरिएको छ। त्यसबाट नेपाली साहित्येतिहासबारे जानकारी प्राप्त

भयो। त्यसलाई अझ सजिलोसित बुझ्नका लागि उक्त जानकारीलाई तलका बुँदाहरूमा संक्षिप्त समेट्न सकिन्छ।

- यज्ञराज सत्यालको **नेपाली साहित्यको भूमिका** पुस्तकाकार कृति प्रकाशित हुनुभन्दा अघिदेखि नै नेपाली साहित्येतिहास लेखनको प्रारम्भिक प्रयासहरू भएका पाइन्छन्। मोतीराम भट्ट, दीनानाथ सापकोटा, पद्मनाथ सापकोटा, ब्रह्म शमशेर, बाबुराम आचार्य, सूर्यविक्रम ज्ञवाली, कमल दीक्षित, ईश्वर बरालप्रभृत्ति लेखकहरू देखापर्छन्। मोतीराम भट्टद्वारा लिखित **कवि भानुभक्तआचार्यको जीवन चरित्र** (वि.सं १९४८) नेपाली साहित्य इतिहास सन्दर्भित पहिलो प्रयास हो।
- नेपाली साहित्य इतिहास लेखन-परम्परालाई दुईवटा प्रमुख वर्गमा राखेर अध्ययन गर्न सकिन्छ- १. नेपाली साहित्येतिहास लेखनको पृष्ठभूमि, २. इतिहास लेखनको प्रारम्भ र विकास आदि। पृष्ठभूमि कालमा असचेत रूपमा ऐतिहासिक चेतनाका रचनाहरू प्रकाशित भएका छन् भने वि.सं २०१७ पछि सचेत ढङ्गमा नेपाली साहित्य इतिहास लेखन सुरु हुन्छ।
- सचेत रूपमा इतिहास चेतनालाई लिएर लेखिएको पुस्तक यज्ञराज सत्यालको नेपाली साहित्यको भूमिका हो। यसपछि नेपाली साहित्य इतिहासकै नामकरण गरेर पुस्तक तयार पार्ने तारानाथ शर्मा हुन्। इतिहास शास्त्रअनुसार लेखिएको उनको नेपाली साहित्यको इतिहास प्रमुख कृतिका रूपमा लिन सकिन्छ।
- नेपाली साहित्यको इतिहासलाई मौलिक, व्यावहारिक र वैज्ञानिक बनाउने उद्देश्यले धेरै लेखकहरू साथै विभिन्न संघ-संस्थाहरू संगठित बनेका देखिन्छन्। तापनि नेपाली साहित्यको इतिहास मौलिक र यद्यपि वैज्ञानिक बन्न नसकेको गुनासो सुन्न पाइन्छ।

कालविभाजन, त्यसको नामकरण र समय निर्धारण प्रक्रियासित लेखकहरूमा एकरूपता पाइँदैन।

- यज्ञराज सत्याल, तारानाथ शर्मा, डिल्लीराम तिमसिना, माधव भण्डारी, कृष्णप्रसाद पराजुली, घनश्याम नेपाल, शरदचन्द्र शर्मा भट्टराई, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, दीनानाथ शरण, असीत राई, घटराज भट्टराई, बालचन्द्र शर्मा, अभि सुवेदी, शान्तिराज शर्मा, वासुदेव त्रिपाठी, रत्नध्वज जोशी प्रभृत्ति प्रमुख इतिहासकारहरू हुन्।

## 8.5 अनुशीलनी

1. नेपाली साहित्य इतिहासको पृष्ठभूमिबारे प्रकाश पार्नुहोस्।
2. नेपाली साहित्य इतिहासको विकास प्रक्रियाको समीक्षात्मक अध्ययन गर्नुहोस्।
3. नेपाली साहित्य इतिहास परम्परामा देखा परेका कमी-कमजोरीहरूबारे चर्चा गर्नुहोस्।
4. नेपाली साहित्य इतिहासका प्रमुख-प्रमुख समस्याहरूलाई खुट्याएर विवेचना गर्नुहोस्।
5. नेपाली साहित्य इतिहासकारहरूले गरेका काल निर्धारणबारे आफ्नो मन्तव्य दिनुहोस्।

## टिप्पणी लेख्नुहोस्-

1. कालविभाजन र नामकरणको समस्या।
2. भारतीय नेपाली साहित्य इतिहास।
3. कवि भानुभक्तआचार्यको जीवन चरित्र।

4. यज्ञराज सत्याल।

5. नेपाली साहित्य इतिहासको सन्दर्भमा साहित्यिक संघ-संस्थानहरूको भूमिका।

## 8.6 अतिरिक्त अध्ययन


1. दयाराम श्रेष्ठ − साहित्यको इतिहास: सिद्धान्त र सन्दर्भ

2. बाबुराम आचार्य – पुराना कवि र कविता।

3. घनश्याम नेपाल – नेपाली साहित्यको परिचयात्मक इतिहास।

4. तानासर्मा – नेपाली साहित्यको इतिहास।

5. शरदचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास (माध्यमिक काल)

6. केशवप्रसाद उपाध्याय – विचार र व्याख्या।

7. दयाराम श्रेष्ठ र मोहनराज शर्मा – नेपाली साहित्यको संक्षिप्त इतिहास।

8. बालचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास।

9. दयाराम श्रेष्ठ – वीरकालीन नेपाली कविता।

10. असीत राई – भारतीय नेपाली साहित्यको इतिहास।


## 8.7 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 8.3.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 8.3.1-8.3.2 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 8.3.2 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

# एकाइ 9. प्राथमिककालीन नेपाली साहित्यको इतिहास, विधागत विविध प्रवृत्ति र तिनको मूल्याङ्कन

9.0 उद्देश्य

9.1 परिचय

9.2 प्राथमिककालीन नेपाली कविताको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

9.2.1 वीरधारा र काव्य प्रवृत्ति

9.2.2 भक्तिधारा र काव्य प्रवृत्ति

9.2.2.1 कृष्णभक्तिधारा

9.2.2.2 रामभक्तिधारा

9.2.2.3 निर्गुण भक्तिधारा

9.2.3 प्राथमिक नेपाली कविताको मूल्याङ्कन

9.3 प्राथमिककालीन नेपाली गद्यको इतिहास

9.3.1 प्राथमिककालीन नेपाली गद्यको प्रवृत्ति र मूल्याङ्कन

9.4 उपसंहार

9.5 सार

9.6 अनुशीलनी

9.7 अतिरिक्त अध्ययन

9.8 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 9.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्नसक्नु हुनेछ**:**

- प्राथमिक नेपाली कविताको इतिहास
- प्राथमिककालीन नेपाली कविताको प्रवृत्ति

- प्राथमिक नेपाली-गद्यको इतिहास
- प्राथमिककालीन नेपाली-गद्यको प्रवृत्ति

## 9.1 परिचय

नेपाली साहित्यको प्राथमिक कालमा कविता र गद्य विधाको विकास भएको पाइन्छ। नेपाली साहित्यको इतिहासमा मौलिक स्वरूपका साथ स्पष्ट पहिचान बोकेर देखापरेको साहित्यिक विधा भनेको कविता नै हो। यसर्थ नेपाली साहित्यको इतिहासमा कवितालाई जेठो विधा मानिन्छ। यस समय कथा र उपन्यासको स्वरूपगत भेद स्पष्ट भइनसकेको हुँदा प्राथमिककालीन आख्यानात्मक रचनाहरूलाई गद्यरचनाका रूपमा सीमित राखिएको देखिन्छ। तापनि प्राथमिककालदेखि नै कथा र उपन्यास विधाका स्वरूप निर्माण हुन थालेको हो भने निबन्ध र नाकक्का स्वरूप भएको रचनाहरू देखापरेका छन्। प्राथमिककालमा तत्कालीन पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखापर्छ। पृथ्वीनारायणको आत्मजीवनी वा आत्मपरक निबन्धजस्तो काँट भएको उक्त कृतिले प्राथमिक नेपाली गद्यसाहित्यको इतिहासलाई टेको दिनसकेको छ। यसै समय शक्तिवल्लभ अर्ज्यालद्वारा संस्कृतबाट नेपाली भाषामा अनूदित **हास्यकदम्ब** (वि.सं १८५५) नाटक देखपर्दछ भने त्यसभन्दा केही अघि नै तिनैका **महाभारत विराटपर्व** (वि.सं १८२७) लामो संरचना भएको गद्याख्यानपरक उपन्याससमूलक भन्न सुहाउने कृति फेला परेको छ। यस दृष्टिले हेर्दा नेपाली साहित्यमा कविता मौलिक स्वरूप बोकेको जेठो विधा हो भने कथा, उपन्यास, निबन्ध र नाटकका स्पष्ट पहिचान र मौलिकता नरहे तापनि प्राथमिककालमा यी गद्य उपविधाहरूले स्वरूपगत निर्माण गर्न थालेको देखिन्छ। प्राथमिक नेपाली साहित्यका यी विधाहरूका विकास-

प्रक्रियालाई हेर्दा पुगनपुग अढाई शताब्दीको इतिहास रहेको स्पष्ट हुन्छ। प्रस्तुत एकाइमा प्राथमिक नेपाली कविताको इतिहास, प्रवृत्ति र मूल्याङ्कन गरिनेछ भने प्राथमिक गद्यसाहित्यलाई सुविधा अनुसार कथा, उपन्यास, निबन्ध र नाटक आदि उपविधाहरूमा बाँढेर तिनको इतिहास, प्रवृत्ति र मूल्याङ्कन गरिनेछ। साथै प्राप्त इतिहासका पुस्तकलाई आधार बनाएर प्रस्तुत एकाइ तयार पारिनेछ।

## 9.2 प्राथमिककालीन नेपाली कविताको इतिहास र प्रवृत्ति

प्राथमिककालीन नेपाली कविताको इतिहासलाई मूल रूपमा वीरगाथा काल र अध्यात्मकालका दुई धारामा राखेर अध्ययन गर्न उपयुक्त देखिन्छ। तथापि इतिहासकारहरूले आ-आफ्ना दृष्टि र अध्ययनका आधारमा प्राथमिक नेपाली कविताको नामकरण र समय निर्धारण गर्ने प्रयास गरेका छन्। जस्तैः घनश्याम नेपालका अनुसार वीरगाथा काल (सन् १७४०-१८१६), अध्यात्मकाल (सन् १८१६-१८८२) आदि। तारानाथ शर्माका अनुसार भानुभक्तपूर्व युग र भानुभक्त युग आदि। केशवप्रसाद उपाध्यायका अनुसार वीरकाव्य र धार्मिक काव्य आदि। रमेश श्रेष्ठका अनुसार वीरकाल र नेपाली भक्ति कविता आदि। यसबाहेक बाबुराम आचार्य, दयाराम श्रेष्ठ, मोहनराज शर्मा, रत्नध्वज जोशी, वासुदेव त्रिपाठी, असित राई प्रभृत्ति लेखकहरूले प्राथमिक नेपाली कविता र तिनको इतिहासलाई अर्थ्याउने प्रयास गरेका छन्। अध्ययन सुविधाका लागि नेपाली कविताको प्राथमिककाललाई वीर र भक्ति दुईवटा धारामा विभाजन गर्न सकिन्छ। नेपाली कविताको प्रारम्भिक उठान घनश्याम नेपालका अनुसार 'बालकृष्ण

पोखरेलले **गरिमा** पूर्णाङ्क ८४ मा प्रकाशमा ल्याएको विष्णुदास आचार्यको **बड़े राजा मलयबम्म** कविता र पूर्णप्रकाश नेपाल 'यात्री'ले प्रकाशमा ल्याएको रत्नाकर पण्डितको **गीत** का कृतित्व र काल सम्बन्धी प्रश्नको समाधान नभएसम्म वीरगाथा कालका सबभन्दा पुराना कवि सुवानन्ददास र प्रकान्तरले नेपाली साहित्यका उनी सबैभन्दा पुराना कवि' पनि हुन् भन्ने तिनको भनाइबाट सुवानन्ददास नेपाली भाषाको प्रथम कवि र तिनको **पृथ्वीनारायण** पहिलो कविता मान्न सकिन्छ।

## 9.2.1 वीरधारा

सन् १७४०-१६ को कालावधिलाई वीरगाथा काल भनिन्छ। अतः आधुनिक नेपालको एकीकरण र राज्यविस्तारको समयावधि वीरगाथाकाल हो। सुवान्ददासको पृथ्वीनारायण (वि. सं. १८३०-३१) यस कालको प्रथम लिखित कविता हो। वीरगाथा कालका आजसम्म प्राप्त अनुसन्धानअनुसार सबैभन्दा पुराना कवि सुवानन्ददास नै हुन्। तिनका जीवनीबारे पर्याप्त जानकारी पाइएका छैनन्। तिनी नुगा भन्ने ठाउँमा बस्ने नेवार जातिका गरीब, राजभक्तिमा लागेर जीविकोपार्जन गर्थे भन्ने अनुमान लगाइएको छ। यसबारे हामी तिनैका कवितांशबाट थाहा पाउँछौं-

आफु ती नेपार्य जाति वोल्छ ता लतितपुरि
आफु ता मजमकुटु तंरो ता वलियो मुटु
नाम रह्या गजानि धरम तपरे तरा भरले ते
वगर छुटयो तांति ककनि को लायो सांधि
नुगाम सन्ताप सह्या जिवको य्कलो भया
धनको दबलो भत्रा भोककं भओजन नाहिं
काम करिँ दाहिनाहि बचयेको करेम नाहिं
ठंण्डसं वस्त्रा नाहि राजभक्ति कृति जानी

लाउने सुवानन्ददास हः

सुवान्ददासका चरित्रनायक पृथ्वीनारायण शाह थिए। उनीपछि यस कालका शक्तिवल्लभ अर्ज्याल, उदयानन्द अर्ज्याल, सुन्दरानन्द बाँडा, राधावल्लभ अर्ज्याल, रामचन्द्र पाध्या, गुमानी पन्त आदि प्रतिनिधि कविहरू हुन्।

शक्तिवल्लभ अर्ज्याल पृथ्वीनारायण शाहका राजपुरोहित र संस्कृतका धुरन्धर पण्डित थिए। यिनका पिता लक्ष्मीनारायण अर्ज्याल पनि दरवारका पण्डित थिए। यिनका हालसम्म दुईवटा मसिना टुक्रा पद्य फेला परेको छ। जुन प्रगति पत्रिकामा छापिएको पाइन्छ। त्यसैलाई कमल दीक्षितले पछि बुइँगल-मा समावेश गर्ने क्रममा तनहुँ भकुण्डो शीर्षक नामकरण गरिको हो। यस पद्यको लेखनकालबारे केवल अनुमानको भरमा धेरैले सन् १९७२ तिर छापिएको हुनुपर्ने जनाएका छन्। यसै कविताबाट नेपालीमा शास्त्रीय छन्दमा कविता लेख्ने परम्पराको थालनी पनि हुन्छ। अतः तनहुँ भकुण्डोलाई शास्त्रीय छन्दमा लेखिएको प्रथम कविता मानिन्छ। उनीभन्दा अघिका सुवानन्ददासमा हामी शास्त्रीय छन्दको नाभो भेट्दैनौं। तिनले लोकलयमा आधारित कवित्त छन्दको प्रयोग गरेका देखिन्छन्। तिनका चिरत्रनायक पनि पृथ्वीनारायण शाह नै थिए।

Notes

उदयानन्दपछि वीरधाराका कवि सुन्दरानन्द बाँडा हुन्। घनश्याम नेपालका भनाइअनुसार 'यिनी काठमाडौंको ओकुवहालमा बस्ने नेवार थिए।' यिनका गद्य नेपालीमा लेखिएको **त्रिरत्नसौन्दर्य गाथा** र **रामायण** अनि संस्कृतमा लेखिएको **बहादुरशाहवर्णनम्** गरी जम्मा तीनवटा ग्रन्थ प्रकाशित छन्। सुन्दरानन्दलाई वक्रोक्तिमूलक शैलीमा कविता लेख्नसक्ने सामर्थ्य भएका कवि मानिन्छ। यिनी भीमसेन थापाका समकालीन रहेको बुझिन्छ। बहादुरशाह यिनका चरित्रनायक थिए भन्ने निम्न कवितांशले अझ स्पष्ट हुन्छ-

आशा कोहि नदी थिई सभ महाँ अन्त्य ठूली बड़ी
पानी हो तसमा मनोरथ सभै तेही नपुग्दा सुक्यो।।
तस्माहाँ म पनी थिञाँ विधिवसात्माछो भई हे प्रभो
पानी शुष्क हुँदा जिवै चलि गयो बक्सीस अर्ती हवोस्।।

सुन्दरानन्दपछि राधावल्लभ गोर्खाका राजपुरोहित थिए।

१७९० -

यी कविहरूबाहेक **मौलाराम तोमर**, **ललिताबल्लभ**, **लक्ष्मण** र **जीवनाथ** आदिले नेपाली वीरताको गाथालाई ब्रज, अवधि र संस्कृत भाषामा कविता लेखेका पाइन्छन्। यसका साथै दयाराम श्रेष्ठले 'अन्य सान्दर्भिक वीरकालीन कवि र काव्य' को नामोल्लेख गर्दै तिनका रचना प्रकाशित गरेका छन्- रत्नाकर पण्डितको सत्रौँ शताबादीको पूर्वार्धतिर रचिएको भन्ने अनुमानित चार पाउका गीत, विष्णुदास आचार्यको **बडेराजा मलयबम्म**, अज्ञातको **रासकोटी-नागवम्शी-शाहीको वाम्शावली**, नेउल्या दमाईको **जुम्ला खाडाचक्रका रास्कोटी राजा,** मलयवर्माको **खाडाप्रकाश**, ललितावल्लभको **भक्तविजयकाव्य** र **पृथ्वीन्द्रवर्णोदय**, जीवनाथ कविको **बडो वंश बसनात**, पृथ्वीनारायण शाह**?** को **फिरंगानते फिरंगी** र **बाबा नरभूपाल साहकि दुहाई**, लक्षमण कविको **कवितानिकषोपल,** अज्ञातको **नेपालया छत्रपति,** अज्ञातको **जि नुगर ल्योयाओ**, मौलाराम तोमरको **कांगडा युद्ध** र **गोरखाविजयकालका घटना** आदि छन्।

वीरकालीन नेपाली कविताको समयावधिलाई युद्धकाल मान्नपर्छ। यस कालका कवितामा प्रायः युद्ध र योद्धाको सजीव वर्णन गरिएको हुनाले 'वीर र वीरताको वर्णन गर्नु, आफ्ना नायकलाई हिम्मत र उत्साह प्रदान गर्नु, राष्ट्रप्रेम र राष्ट्रियताको बोध सञ्चार गराउनु' मुख्य प्रवृत्ति रहेको छ। यसैले यस कालका कविता वीरधारातिर झुकेको पाइन्छ। पृथ्वीनारायण

शाह, रणबहादुर शाह, प्रतापसिंह शाहजस्ता ऐतिहासिक पुरुषहरूलाई चरित्रनायकका रूपमा मूल विषयवस्तु बनाएर कविता रचना गरेका छन्। पुष्प शर्माका अनुसार 'सुवानन्ददासको पहिलो **पृथ्वीनारायण** देखि यदुनाथ पोखरेलको **स्तुतिपद्य** सम्म नेपाली वीरहरूको वीरोचित कार्यको गुणगान पाइन्छ।' यस कालका कवितामा शासक स्तुति मूल प्रवृत्तिको रूपमा रहे पनि घनश्याम नेपालका अनुसार आत्मनिवेदन, मनोरञ्जनात्मकता, श्रृङ्गारात्मकता, नीति-शिक्षा, सामाजिक संस्कार एवम् समाजपरकता, अध्यात्म-चेतना र ईश्वराराधन, तथा व्यंग्यात्मकता जस्ता अन्य गौन प्रतृत्तिहरू पनि पाइन्छन्।

## 9.2.2 भक्तिधारा

सन् १८१६ देखि १८८२ सम्मको अवधिलाई अध्यात्म काल वा वीरधारा भनिन्छ। वीरगाथा कालबाट यसरी अध्यात्म वा भक्तिकाल आउनाका कारणहरू के थियो भन्ने सम्बन्धमा पुष्प शर्मा भन्छन् 'भीमसेन थापाको मुख्तीयारीकालमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपालले सहनु परेको पराजय र सुगौली सन्धिको सर्तका अपमानजनक तीतो चोटले नेपालीहरूको मानसिकतामा गहिरो प्रभाव पर्‍यो। यस वैराग्यको चोटले नेपाली कवितालाई वीरधारादेखि अलग्ग छुट्याएर अध्यात्मतिर आकर्षित गरायो भने भीमसेन थापाको दुःखद अन्त्यपछि निरङ्कुस राणा शासनको उदयले नेपालीहरूमा विरक्तिभाव पैदा गरायो। फलतः नेपाली कविताको वीरधाराको अन्त्य र भक्तिधाराको उदय भयो।'

प्राथमिक नेपाली भक्ति कविताको प्रणयन सम्बन्धमा लेखकहरूले आ-आफ्ना तर्क दिएका छन्। बालचचन्द्र शर्मा, कमल दीक्षित, तारानाथ शर्मा आदिले तत्कालीन राजनैतिक अस्थिरता र विधर्मी शक्तिसित पराजय हुनु अनि सं १८७२ मा सुगौली-सन्धिबाट जनतामा उत्पन्न व्यापक मानसिक

उदासीनतालाई भक्तिकाव्यको निर्मितिको कारण मानेका छन्। मथुरादत्त पाण्डेयले नेपाली भक्तिकाव्यको निर्मितिको कारण राजनैतिकसापेक्ष तथा सांस्कृतिक परम्पराकै उपज मानेका छन् तर यी मतहरूमा प्रशस्त विवाद रहेको तथ्य दयाराम श्रेष्ठले सार्वजनिक गरेका छन्। उनका विचारमा 'भक्तिकाव्यका सम्बन्धमा कतिपय विवादहरूलाई नलीकन यसको उपादेयताको रूपमा सन्त ज्ञानदिलदासको **उदय लहरी** वा भानुभक्तीय कृतिहरूमा प्रयुक्त नेपाली भाषालाई केलाएर भक्तिकाव्यमा नेपाली रगत र मासु खोज्नु युक्तिसङ्गत ठहर्दछन्' भनेका छन्। नेपाल-अङ्ग्रेज युद्धमा नेपाली सेनाको हार, भीमसेन थापाको दुःखद् अन्त्य र राणावंशको उदय इत्यादि कारणले नेपाली काव्याधारा पारलौकिक पुरुषहरूको व्यक्तित्व चित्रणमा प्रवृत्त हुन पुगेपछि भक्तिकाल वा अध्यात्मकालको प्रतिष्ठा भएको हो।

यस भक्तिधारालाई तीन भागमा वर्गीकरण गर्न सकिन्छ-

1. कृष्णभक्तिधारा, 2. रामभक्तिधारा र 3. निर्गुण भक्तिधारा।

## 9.2.2.1 कृष्णभक्तिधारा

यस धाराका कविहरूले कृष्णलाई केन्द्रबिन्दु बनाएर कविता रचना गरेका छन्। कृष्णको उपासना गर्नु र अध्यात्म-चेतनालाई सर्वसाधारणसमक्ष पुर्‍याउनु यस धाराका कविताको उद्देश्य रहेको देखिन्छ। यस धाराका प्रवर्तक को हुन् भन्ने सम्बन्धमा लेखकहरूको विचारमा एकरूपता पाइँदैन। कमल दीक्षितले गुमानी पन्तलाई भक्तिकालका आदि स्रष्टा मानेका छन् भने केशवप्रसाद उपाध्यायले यदुनाथ खनाललाई मान्छन्। यी दुई लेखकबाहेक बाबुराम आचार्य, बालचन्द्र शर्मा, ताना शर्मा, दयाराम श्रेष्ठ, घनश्याम नेपाल, मोहनराज शर्मा आदिले इन्दिरसलाई मानेका छन्।

यस धाराका कविहरू इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखर्याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुर्याल, छविलाल नेपाल आदि प्रमुख छन्।

घनश्याम नेपालले कृष्ण कथामा केन्द्रित नेपाली काव्यलाई मुख्यतः दुई धारामा बाँडेका छन्- १. रतिरागात्मक अभिव्यक्तिका काव्य, २. रतिरागेतर अभिव्यक्तिका कविता। पहिलो समूहका कविहरूमा इन्दिरस, विद्यारण्य केशरी, हरिदास, हीनव्याकरणी विद्यापति, छविलाल नेपाल आदि छन् भने रतिरागेतर समूह वा धाराका कविहरू वसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखर्याल, पतञ्जली गजुर्याल आदि छन्। यी कविहरूले अध्यात्म वा भक्तिपरक कविता रचना गरेका पाइन्छन् भने तीमध्ये यदुनाथ पोखर्यालले वीरस्तुतिका काव्य पनि लेखेका छन्।

इन्दिरसका **गोपिका स्तुति**, विद्यारण्य केशरीका **युगलगीत**, र **द्रोपदी स्तुति**, वसन्त शर्माका **कृष्ण चरित्र**, **समुद्र लहरी**, वीरशाली पन्तका **विमलबोधानुभव**, **सरस प्रेमावली**, यदुनाथ पोखर्यालका **स्तुतिपद्य** र **श्रीकृष्ण चरित्र**, हीनव्याकरणी विद्यापतिका **गीत गोविन्द**, **राग बाह्रमासा**, **सातराग**, **सात नायिका**, **गीतावाणी**, पतञ्जली गजुर्यालका **चौरपञ्चाशिका**, **बाल-गोपालवाणी**, **हरिभक्तमाला** आदि काव्य-कृतिहरू उपलब्ध छन्। यी कविहरूका कवितामा पाइने प्रवृत्तिलाई केलाउँदा पौराणिक भागवत् कथालाई मौलिकता दिने प्रयास, नेपाली परिवेशको चित्राङ्कन, ठेट नेपाली र हिन्दी मिश्रित काव्यभाषाको प्रयोग, प्रतीकात्मकता, आन्तरिक भावको उपस्थापन, मौलिक रचनाको प्रयास, युगबोधको झीणो प्रयास, छन्द र अलङ्कारको प्रयोग, भावको पुनरुक्ति आदि देखिन्छन्।

कृष्णकथामा आधारित नेपाली कवितामा वसन्त शर्माको श्री**कृष्णचरित्र**लाई मौलिक काव्य-सिर्जनाको प्रयास मानिन्छ। **कृष्णचरित्र** सोही शीर्षक दिएर यदुनाथ पोखऱ्यालले लेखेका छन्। ती दुवै काव्यका आदिस्रोत श्रीमद्भागवत नै हो। तर फरक यदुनाथका **कृष्णचरित्र** श्रीमद्भागवतको दसौँ स्तकन्ध हो, जुन कृतिलाई कम मौलिकता बेसी सूरदासीय कृष्णकाव्यको अनुकरण मानिन्छ। वसन्तको **श्रीकृष्णचरित्र** दसौं र एघारौं स्कन्ध हो जसलाई मौलिक काव्य प्रयास मानिन्छ।  यहाँ दुवै कविका अलग-अलग काव्यांश उदाहरण दिइन्छ-

1. साहेव्लाइ रिझवनै त नशकी जन्मै मधेस्मा बिती ।
   बिर्ता जो षहऱ्या पसी उडिगई सुर्ता मनैमा अती ।।
   साहूको त सकस् हुँदा घरि घरि हराई मती ।
   ध्यान् राखी त शरन् पिछा परिगत्रां क्या हुन्छ मेरो गती ।। (यदुनाथ पौखऱ्याल)
2. हस्ती सिंह पनी बडा विरहरी प्यादा थिया साथमा ।
   नारान्का मोहमा सबै बस मुर्छा पऱ्या राररतमा ।।
   ढोका बन्द खुल्या अरी सब भुल्या खेल्दै गया बाटमा ।
   जमुनाका जलले माहार्चन गरी गोकुल् पुग्या रातमा ।।
   (वसन्त शर्मा)

जे भए पनि यी दुई काव्यले मूल ग्रन्थको मूल्यलाई बढाइदिएको छ। इन्दिरस, विद्यारण्य केशरी, वीरशाली पन्त, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुऱ्याल, छविलाल नेपाल आदि कविहरूबाट अध्यात्मवादी भक्तिभावका कविताहरू विस्तार भएको पाइन्छ।

## 9.2.2.2 रामभक्तिधारा

वाल्मीकिको अध्यात्म रामायणलाई केन्द्रबिन्दु बनाएर रामको यश र आदर्शलाई कवितात्मक रूप दिइएर यस धाराका कविहरूले कविता रचना गरेका छन्। यस धाराका केन्द्रिय कवि भानुभक्त आचार्य हुन् भने रामकाव्यका चर्चित अर्का कवि रघुनाथ पोखरेल हुन्। भानुभक्त आचार्य सम्पूर्ण नेपाली साहित्यको प्रतिनिधि गर्ने आदिकवि हुन्। नेपाली साहित्यमा भानुभक्तका बारेमा जति प्रशंसा र खोजी अरू कविहरूमा भएका छैनन् भन्दा हुन्छ। भानुभक्तका बारेमा सबैलाई धेरथोर जानकारी भएकै छन्। उनका **अध्यात्मरामायण** मुख्य कृति हो। यसलाई संस्कृतको भावानुवाद मानिन्छ। यो नेपाली समाजका लागि सांस्कृतिक विरासद हो। यिनका अरू कृतिहरू पनि उपलब्ध छन्- बधू-शिक्षा, प्रश्नोत्तरी र रामगीता। भानुभक्त नेपाली समाजमा कविका रूपमा मात्र प्रतिष्ठित छैनन् तिनी जातीय भावना र साम्प्रदायिक सद्भावनाका उन्नायक सांस्कृतिक प्रतीक पनि हुन् भनेर घनश्याम नेपाल भन्छन्। उनको काव्याशं उदाहरणको रूपमा दिइन्छ-

रोज् रोज् दर्शन पाउछू,चरणको ताप् छैन मन्मा कछू  
रात्भर नाच् पनि हेर्छु खर्च नगरी ठूला चइन्मा म छू ।  
लाङ्खुट्टे उपियाँ उडूस सँगि छन् यिन्कै लहड्मा बसी  
लाङ्खुट्टेहरू गाउँछन् ति उपियाँ नाँच्छन् म हेर्छु बसी।।

राम-काव्यका अर्का निर्माता रघुनाथ पोखरेल हुन्। उनले **रामायण**का कतिपय खण्डहरू अनुवाद गरे पनि **सुन्दरकाण्ड** मात्र वर्तमानमा उपलब्ध छ। अनि केही फुटकर कुट पद्यहरू प्रकाशित छन्। रामकाव्य परम्पराका कवितामा पाइने प्रवृत्तिहरूमा महाकाव्यात्मक स्वरूपको प्रतिष्ठा, सामाजिक सांस्कृतिक मूल्यको उठान, जातीय भावना, नेपाली लोकभाषाको प्रणयन, शास्त्रीय छन्दको प्रयोग, अभिव्यक्तिमा सरलता र सहजता, अरबी, फारसी

उर्दू भाषाका शब्दहरूको प्रयोग, जातीय भावनाप्रति झुकाउ, सरल सुललित पदावली, सामयिक जीवनको छाप र भाषाको सुन्दर र परिमार्जित प्रयोग जस्ता पाइन्छन्। निष्कर्षमा भक्तिको विषय कृष्ण र राम भए तापनि देशभक्तिको भावनालाई पनि उक्त धाराका कविहरूले उठान गरेका कुरा चूडामणि बन्धुले गरेका छन्।

कृष्ण भक्ति र राम भक्ति सगुण उपधाराको रूपमा प्रवाहित रहेको छ। यस धारामा मुख्यतः कृष्णाश्रयी र रामाश्रयी दुई शाखाहरू छन्।

## 9.2.2.3 निर्गुण भक्तिधारा

पारलौकिक निर्गुण स्वरूपको ज्ञान र भक्तिलाई लोकलयमा उतार्ने जोसमनी सन्तहरूका कविता परम्परालाई निर्गुण भक्ति परम्परा भनिन्छ। निर्गुण भक्तिधारालाई जोसमनी सन्त परम्पराको रूपमा पनि चिनिन्छ। यसअन्तर्गत ज्ञानाश्रयी शाखा प्रमुख रहेको छ। यस धाराका आदिगुरु सन्त शशिधर हुन्। तर सन्त ज्ञानदिलदास यस शाखाका उल्लेखनीय कवि हुन्। यस परम्परालाई गतिशीलता प्रदान गर्ने अन्य कविहरू अगमदिलदास, अखडदिलदास, गोविन्ददास, धर्जेदिलदास, प्रेमदिलदास, धौकलदास, सीतारामदास, स्वामी अमयानन्द आदि प्रनुख छन्। शशिधर, अगमदिलदासले केही भजनहरू नेपाली भाषाको प्रभावमा लेखेका छन्। हिन्दीमूलक सधुक्कडी बोली यी सन्त कविहरूका मुख्य भाषिक माध्यमका रूपमा देखिन्छ। यसमा अखडदिलदास विशुद्ध नेपालीपन भएका भाषा प्रयोक्ता कवि हुन्। यस शाखाका मुख्य र केन्द्रिय मानिएका कवि सन्त ज्ञानदिलदास हुन्। उनका **उदयलहरी** र **भजन संग्रह** प्रकाशित छन्। ज्ञानदिलदास सरल र ठेट नेपाली भाषामा सामाजिक विद्रूप, अन्धविश्वास र कुरीतिप्रति व्यङ्ग्यात्मक आलोचना तथा गम्भीर दार्शनिक एवम्

Notes

आध्यात्मिक विचारहरूका अभिव्यक्ति गर्ने कवि हुन् भनेर घनश्याम नेपाल भन्छन्।

निर्गुण शाखाका कविहरूले सगुण आस्थाको अभिव्यक्ति पनि दिएका पाइन्छन्। यस सम्बन्धमा नेपाल अझ के लेख्छन् भने 'एकातिर यिनीहरू निर्गुण निराकार ऐश तत्वको साधनाका कुरा गर्दछन् भने अर्कोतिर शिव, विष्णु, राम, कृष्ण, हरि आदिलाई पनि मान्ने हुँदा यी शैव र वैष्णव मतानुयायी पनि छन्।' पुष्प शर्माका अनुसार यिनीहरूका अतिरिक्त यसै कालमा देखापरेका वीरशाली पन्त, पतञ्जलि गजुर्‍याल, हरिदास, यदुनाथ पोख्र्‍याल, लालबहादुर आऊँमासी, रणबहादुर प्रभृत्ति केही कविहरूले मत्स्येन्द्रनाथ, ध्रुव, प्रह्लाद, विष्णु प्रभृत्ति विभिन्न देव-देवताहरूको स्तुतिपरक तथा देशप्रेमपरक, युद्धयात्रा, नीति उपदेशात्मक विषयका एकाध कविता-कृति रचना गरेर नेपाली साहित्यलाई गतिशील तुल्याउने प्रयास गरेका छन्। यस शाखाका कवितामा पाइने प्रवत्तिहरू ईश्वरको साधना, सगुणभक्तिप्रति आस्था, सामाजिक कट्टरताप्रति विरोध, निम्नवर्गीय समाजप्रति सहानुभाव, लोकलयको प्रभाव, नीतिवादी जीवनदर्शन, नेपाली भाषाको परिमार्जित रूप, युगबोध र सामयिकता इत्यादि देखिन्छन्।

## 9.2.3 प्राथमिक नेपाली कविताको मूल्याङ्कन

सुवानन्ददास, शक्तिवल्लभ, उदयानन्द प्रभृत्ति कविहरूले समकालीन युगपुरुषलाई काव्य विषय बनाएर युगबोध चेतनालाई उजागर गरेका छन्। तर व्यक्तिगत स्वार्थ र काल्पानिक उडानमा रमाएर युगबोध चिन्तनदेखि टाढा मिथ्यास्तुतियुक्त कविताहरू पनि यस कालमा नलेखिएका होइनन्; जस्तैः ललितावल्लभका **पृथ्वीन्द्रवर्णनोदय** र **भक्तविजय** आदि काव्यलाई

स्वयं पृथ्वीनारायण शाहले अनादार गरेका प्रसङ्गबाट उक्त तथ्यको पुष्टि हुँदछ।

प्राथमिक प्रारम्भावस्थाका नेपाली कवितामा नेपाली माटोको सुवास पाइन्छ किनभने वीरपूजक कविहरूलाई देशको यथार्थ र जातीय वैशिष्ट्यले आकृष्ट पारेनन् भन्न सकिँदैन। यसरी हेर्दा प्राथमिक नेपाली कविताको दुवै कालखण्डका कविताहरूमा वैशिष्ट्यको हिसाबले पहिलो कालखण्डका कविहरू युगीन राष्ट्रिय र जातीय संवेदनाले भरिएका पाइन्छन्। यसको विपरीत दोस्रो कालखण्डका राम र कृष्णका उपासक औ सन्त कविहरू यथार्थ निरप्रेक्ष अलौकिक आदर्शलोकतिर बढी झुकाउ राखेका पाइन्छन्। यस सम्बन्धमा दयाराम श्रेष्ठका विचार उल्लेखयोग्य छन्- अघिल्लो सुवानन्ददासहरू युग-पुरुषको स्तवन, व्यक्तिको चित्रण र युद्धको सजीव वर्णनद्वारा देखभक्तिमा जोड दिन्छन्, ईश्वरभक्तिमा होइन। यसैले पनि भक्तिकालका कविहरूमा पूर्ववर्ति कालको काव्य-परम्पराप्रति प्रभाव पर्नु स्वाभाविक छ।

धिक्कार हो मकन बस्नु नराखी कीर्ति–भनी आफ्नो यशलाई अमर बनाउने आकांक्षाले प्रेरित भएर भानुभक्तले संस्कृतको उपजीव्य महाकाव्य अध्यात्म रामायणको नेपालीमा उल्था गरेर तत्कालीन राजनैतिक र सामाजिक स्थितिको समेत प्रकाश पारेर आफ्नो युगलाई एतिहासिक पृष्ठभूमिमा उतारेका छन्। त्यसैबाट भक्तिकाव्यको सापेक्षिक सोद्देश्यता तत्कालीन सामाजिक र राजनैतिक परिप्रेक्ष्यमा भएको छ भन्ने श्रेष्ठको भनाइ सान्दार्भिक देखिन्छ। भक्तिकालमा कविहरूमा भक्तिको अनेक मार्गको प्रभाव परेको देखिन्छ। ईश्वर बरालले पुष्टि-मार्गको प्रभावलाई नै भक्तिकाव्यको निर्मितिको कारण मानेका छन्। बरालका भनाइ यस प्रकार

छ- प्राथमिक कालको नेपाली साहित्यमा १८८४ तिर वैष्णव भक्ति साहित्यको जुन प्रणयन देखिन्छ त्यो पुष्टि-मार्गको प्रभावले हो।

प्राथमिक नेपाली भक्ति कविताको प्रणयन सम्बन्धमा लेखकहरूले आ-आफ्ना तर्कलाई अघि सारेका छन्। बालचचन्द्र शर्मा, कमल दीक्षित, तारानाथ शर्मा आदिले तत्कालीन राजनैतिक अस्थिरता र विधर्मी शक्तिसित पराजय हुनु अनि सं १८७२ मा सुगौली-सन्धिबाट जनतामा उत्पन्न व्यापक मानसिक उदासीनतालाई भक्तिकाव्यको निर्मितिको कारण मानेका छन्। मथुरादत्त पाण्डेयले नेपाली भक्तिकाव्यको निर्मितिको कारण राजनैतिकसापेक्ष तथा सांस्कृतिक परम्पराकै उपज मानेका छन् यस्ता मतहरूमा प्रशस्त विवाद रहने दयाराम श्रेष्ठको शंका छ। उनका विचारमा भक्तिकाव्यका सम्बन्धमा कतिपय विवादहरूलाई नलीकन यसको उपादेयताको रूपमा सन्त ज्ञानदिलदासको उदय लहरी वा भानुभक्तीय कृतिहरूमा प्रयुक्त नेपाली भाषालाई केलाएर भक्तिकाव्यमा नेपाली रगत र मासु खोज्नु युक्तिसङ्गत ठहर्दछन् भनेका छन्। निष्कर्षमा वीर र भक्ति दुवै कालका प्राथमिक नेपाली कवितामा संवेदनशील युगबोध तथा एतिहासिक वा राजनैतिक चेतनाको प्रभाव बढी देखिन्छन्। वीर र भक्तिमा विषयगत प्रयोजनको दृष्टिले केही भिन्नता देखिए पनि भक्ति परम्पराको सूक्ष्म बीजरूप वीर परम्परामै अङ्कुरित भएको दयाराम श्रेष्ठको भनाइ छ। वीरपरम्पराको राष्ट्रिय भावयुक्त काव्य-प्रवृत्तिलाई भक्तिपरम्पराले पनि अंशतः वहन गरेको पाइन्छ। यस कालको ऐतिहासिक स्वरूप परस्पर श्रृङ्खलाबद्ध छन् भन्ने श्रेष्ठको थप भनाइ सामयिक देखिन्छ।

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. प्राथमिककालीन नेपाली कविताका धारा-उपधारालाई चिनाउनुहोस्।

………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

2. वीरधाराका कवितामा पाइने विशेषता केलाउनुहोस्।

………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

3. भक्तिधारा आउनाका कारणहरू दर्शाउनुहोस्।

………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

## 9.3 प्राथमिककालीन नेपाली गद्यको इतिहास

नेपाली साहित्य-परम्परामा गद्यको परम्परा सबैभन्दा पुरानो रहेको देखिन्छ। प्राथमिककालीन नेपाली गद्यको पृष्ठभूमि अभिलेखकालीन लेखोटहरूलाई मान्न सकिन्छ। यस पृष्ठभूमि कालका अभिलेख, यात्रा विवरण, जीवनी, धार्मिक ग्रन्थादि नेपाली साहित्यका प्राचीन गद्य नमुनाहरू हुन् भने त्यसैबाट नेपाली गद्यको स्वरूप निर्माण भएको देखिन्छ।

प्राथमिक नेपाली गद्यको इतिहास सन् १७४३ देखि सन् १८८२ सम्मको अवधिलाई मानेको पाइन्छ। सत्सङ्गको वर्णन भयाको कथाहा र राजप्रपञ्चको व्यहोराको एउटा षिसा (अनुमानित सन् १७४३) लाई नेपाली गद्यसाहित्यका प्रारम्भिक नमुना मानिन्छन्। तापनि यस कालका प्रथम गद्यलेखक र कृतिका रूपमा शम्भुप्रसाद ढुङ्गेल र तिनका महाभारत विराट्पर्व (सन् १७७०) लाई मानिन्छ। ढुङ्गेलको महाभारत विराट्पर्व संस्कृतबाट नेपालीमा अनुवाद गरिएको लामो गद्याख्यान हो। ढुङ्गेलपछि यस कालका गद्यलेखक भानुदत्तलाई मानिन्छ। तिनको हितोपदेश मित्रलाभ

(सन् १७७६) संस्कृतबाट नेपालीमा अनूदित कृति हो। अतः शक्तिवल्लभ र भानुदत्त प्राथमिककालीन गद्याख्यानका प्रारम्भिक स्रष्टाद्वय हुन्।

प्राथमिककालीन नेपाल गद्यका विकासमा देखापर्ने अन्य महत्त्वपूर्ण लेखक र तिनका कृति गौरीशङ्कर पण्डितको बेताल पञ्चविशंति कथा (सन् १७९८) र लक्ष्मीनारायण जोशीको महाज्ञान मुद्रा कथाहा (सन् १८०१) प्रमुख छन्। त्यसरी नै यस कालका अन्य गद्यलेखक र तिनका कृतिहरू अमृतानन्दको पच्चीस बेताल (सन् १८११), बेनामीको पिनासको कथाहा (सन् १८१२), बेनामीको दशकुमारचरित (सन् १८१८), मुन्सीका तीन आहान (सन् १८२४), बेनामीको महाभारत सभापर्व (सन् १८२३), हितोपदेश मित्रलाभ (सन् १८२४), विजयानन्दको बृहत्कथा (सन् १८२६), सुन्दरानन्द बाँडाको अध्यात्मरामायण (सन् १८२९), त्रिरत्नसौन्दर्य गाथा (सन् १८३३), ललितत्रिपुरसुन्दरीको राजधर्म (सन् १८३१), अज्ञात लेखकको स्वस्थानी व्रतकथा (सन् १८३१), विष्णुपदको लालहीराको कथा (सन् १८२३), दुनेलको पुरानु अनि नयाँ सास्तरको कथा (सन् १८५०), हरिदासको सत्यनारायण कथाहा, रामदासको भक्तिकाण्ड रामायण, भवानीदत्त पाँडेका मुद्राराक्षस, महाभारत उद्योगपर्व, मार्कण्डय पुराण, हितोपदेश मित्रलाभ, शशिधरको जोशमनी योगशास्त्र (भरथरीको कथा – सन् १८३९), बेनामीको गोपिकास्तुति भावमन्सर भाषा (सन् १८८०), हरिदास श्रेष्ठको सत्यनारायण कथाहा आदि प्रमुख देखिन्छन्।

प्राथमिक कालमा निबन्धात्मक र प्रबन्ध स्वरूप भएका केही कृतिहरू निर्माण भएको घनश्याम नेपालले उल्लेख गरेका छन्। नेपाली साहित्यको परिचयात्मक इतिहास पुस्तकमा तिनले उल्लेख गरेअनुसार सन् १८११ को बाग्मती अभिलेख, पं. दैवज्ञकेशरी अर्यालको गोरक्षयोगशास्त्र (सन् १८२०), सन्त शशिधरको वैराग्यम्बर (सन् १८४९), सिद्दिमान राजभण्डारीले लेखेको

अनुमानित जंगबहादुरको बेलायत यात्रा (सन् १८५३), बेनामीको बत्तीस सालको रोजनाम्चा (सन् १८७५) र पृथ्वीनारायणको दिव्योपदेशमा देखा परेलको निबन्धात्मक शैलीको प्रारूप विकास गराउन सघाउ पुर्‍याएको देखिन्छ।

## 9.3.1 प्राथमिककालीन नेपाली गद्यको प्रवृत्ति र मूल्याङ्कन

प्राथमिककालीन गद्यरचनाहरू आख्यानात्मक तथा निबन्धात्मक औ प्रबन्धात्मक रहेका छन्। यी आख्यान र निबन्धहरू संस्कृत र पर्सियाली स्रोतबाट अनूदित छन्। रामायण, महाभारत, पुराण आदि संस्कृत स्रोतबाट धैरैजसो प्राथमिक गद्यरचनाहरू अनूदित पाइन्छन्। यस कालका गद्यसाहित्यमा लोककथा, आख्यानात्मक, नाटक, दर्शन अध्यात्म, औषधोपचार, वीरगाथा, नियात्रा, दैनिकी, ऐय्यारी, तिलस्मी, रोमाञ्च, अतिरञ्जना, यशोगान, भक्ति, संवादात्मक, अश्लील भाषा प्रयोग, हास्य-व्यङ्ग्य, गेयात्मकता आदि प्रवृत्तिपरक र विषयक्षेत्रका रूपमा रहेका छन्। यस कालमा आख्यान र आख्यानेतर विधाको स्वरूप स्पष्ट छुट्टिन सकेको पाइँदैन।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. प्राथमिककालीन नेपाली गद्यको विषय क्षेत्रलाई चिनाउनुहोस्।

…………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

2. प्राथमिककालीन नेपाली गद्यलेखकहरूका परिचय दिनुहोस्।

…………………………………………………………………………….
…………………………………………………………………………

……………………………………………………………………………

3. प्राथमिककालीन नेपाली गद्याख्यानका स्रोतहरूलाई चिनाउनुहोस्।

……………………………………………………………………………
……………………………………………………………………………
……………………………………………………………………………

## 9.4 उपसंहार

प्राथमिककालीन नेपाली साहित्यलाई दुईवटा पद्य र गद्य भागमा छुट्याएर अध्ययन गर्न सकिन्छ। यस कालमा पद्य र गद्य विधाको स्पष्ट पहिचान कायम रहेको भए पनि गद्य विधाको विविध स्वरूपको विकास हुन सकेको पाइँदैन। तापनि आख्यानात्मक औ निबन्धात्मक स्वरूपको झल्को यस कालका गद्यरचना देख्न पाइन्छ। प्रथामिककालीन नेपाली साहित्य इतिहासमा पद्य समृद्ध विकास भएको विधा हो। मौलिकता नै यस कालको पद्यको मूल विशेषता हो। राष्ट्रिय चेतना, जातीय जागरण, भक्ति, अध्यात्म प्राथमिककालीन नेपाली कविताको केन्द्रिय विशेषता रहेको छ। वीरधारा र भक्तिधारा प्राथमिककालीन नेपाली कविताका प्रमुख धाराहरू हुन्। सुवानन्ददासकृत पृथ्वीनारायण कविता प्रथम मौलिक नेपाली कविता हो। प्राथमिककालीन नेपाली कविता लोकलयमा संरचित रहे पनि शास्त्रीय छन्द परम्पराको शुभारम्भ भएको देखिन्छ। तर गद्याख्यानले मौलिकताको स्वरूपलाई कमै अँगालेको पाइन्छ। संस्कृत र संस्कृतेतर स्रोतहरूबाट धेरैजसो गद्यरचनाहरू अनूदित छन्। तापनि प्राथमिककालीन नेपाली साहित्यले पद्यको क्षेत्रमा धेरै उन्नति गरेको छ।

## 9.5 सार

- प्राथमिक नेपाली साहित्य सन् १७४०- १८८२ सम्मको अवधिलाई मानिन्छ। यस कालका सबैभन्दा जेठो साहित्यिक विधा काव्य-

विधा हो। नेपाली साहित्यको इतिहासमा मौलिक स्वरूपका साथ स्पष्ट पहिचान बोकेर देखापरेको साहित्यिक विधा भनेको कविता नै हो। यसर्थ नेपाली साहित्यको इतिहासमा कवितालाई जेठो विधा मानिन्छ।

- प्राथमिक कालमा गद्यरचनाका रूपमा पृथ्वीनारायण शाहको **दिव्योपदेश** देखापर्छ। पृथ्वीनारायणको आत्मजीवनी वा आत्मपरक निबन्धजस्तो काँट भएको उक्त कृतिले प्राथमिक नेपाली गद्यसाहित्यको इतिहासलाई टेको दिनसकेको छ। शक्तिवल्लभ अर्ज्यालको **हास्यकदम्ब** र **महाभारत विराटपर्व** लामो संरचना भएको गद्याख्यानपरक उपन्यासमूलक भन्न सुहाउने यस कालको महत्त्वपूर्ण कृति हो।
- वीरगाथा र अध्यात्मकालका दुई धारामा बाडेर प्राथमिक नेपाली कवितालाई अध्ययन गर्न सकिन्छ। अतः नेपाली कविताको परम्परा वीरधाराबाट सुरु भएर कृष्णभक्ति, रामभक्ति र निर्गुणभक्तिका रूपमा विकासित भएको छ।
- अहिलेसम्म प्रमाणिक रूपमा उपलब्ध पहिलो नेपाली कविता सुवानन्ददासकृत पृथ्वीनारायण कविता हो। यस कालका मुख्य प्रवृत्ति वीर र भक्ति रहेका छन्। सुवानन्ददास, शक्तिवल्लभ, उदयानन्य, भानुभक्त, रघुनाथ, ज्ञानदिलदास प्रभृति प्रमुख कविहरू हुन्।
- महाभारत विराट्पर्व प्राथमिककालीन गद्यसाहित्यको उल्लेखनीय कृति हो। शम्भुप्रसाद ढुङ्गेल र भानुदत्त नेपाली गद्याख्यानका प्रारम्भिक स्रष्टाहरू हुन्। रामायण, महाभारत, पुराण र लोककथा प्राथमिक नेपाली गद्यसाहित्यका प्रमुख स्रोतहरू हुन्।

## 9.6 अनुशीलनी

1. प्राथमिककालीन नेपाली काव्यको परम्परा र प्रवृत्तिको चर्चा गर्नुहोस्।

2. प्राथमिककालीन नेपाली गद्यसाहित्यको उपलब्धीबारे विमर्श प्रस्तुत गर्नुहोस्।

3. नेपाली कविता वीरधाराबाट भक्तिधारामा प्रवृत हुनपर्ने कारणहरूलाई केलाउनुहोस्।

4. निर्गुण भक्तिधाराका कविहरूको परिचय दिँदै ज्ञानदिलदासको योगदानको चर्चा गर्नुहोस्।

5. भक्तिधाराका नेपाली कविता परम्परामा आदिकवि भानुभक्त आचार्यको योगदानलाई प्रकाश पार्नुहोस्।

### टिप्पणी लेख्नुहोस् -:

1. 'पृथ्वीनारायण' र 'बडे राजा मलयबम्म'।

3. नेपाली शास्त्रीय छन्द परम्परामा शक्तिवल्लभ अर्याल।

4. मुन्सीका तीन आहान।

5. दिव्योपदेशमा निबन्धात्मकता।

6. प्राथमिककालीन गद्यसाहित्यका स्रोतहरू।

## 9.7 अतिरिक्त अध्ययन

1. दयाराम श्रेष्ठ – साहित्यको इतिहास: सिद्धान्त र सन्दर्भ

2. बाबुराम आचार्य – पुराना कवि र कविता।

3. घनश्याम नेपाल – नेपाली साहित्यको परिचयात्मक इतिहास।

4. तानासर्मा – नेपाली साहित्यको इतिहास।

5.शरदचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास (माध्यमिक काल)

6. केशवप्रसाद उपाध्याय – विचार र व्याख्या।

7. दयाराम श्रेष्ठ र मोहनराज शर्मा – नेपाली साहित्यको संक्षिप्त इतिहास।

8. बालचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास।

9. दयाराम श्रेष्ठ – वीरकालीन नेपाली कविता।

10. असीत राई – भारतीय नेपाली साहित्यको इतिहास।

11. केशवप्रसाद उपाध्याय – प्राथमिककालीन कवि र काव्य प्रवृत्ति।

## 9.8 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 9.3.3 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 9.3.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 9.3.2-.9.3.2.3 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

**2. प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 9.4.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 9.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 9.4 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

# एकाइ 10. माध्यमिककालीन नेपाली साहित्यको इतिहास, विधागत प्रवृत्ति र तिनको मूल्याङ्कन माध्यमिक कालसम्मको अनूदित नेपाली साहित्य

10.0 उद्देश्य

10.1 परिचय

10.2 माध्यमिककालीन नेपाली कविताको इतिहास प्रवृत्ति र मूल्याङ्कन

10.2.1 माध्यमिक नेपाली कविताको इतिहास

10.2.2 माध्यमिक नेपाली कविताको प्रवृत्ति र मूल्याङ्कन

10.3 माध्यमिककालीन नेपाली गद्याख्यानको इतिहास प्रवृत्ति र मूल्याङ्कन

10.3.1 माध्यमिक नेपाली गद्याख्यानको इतिहास

10.3.2 माध्यमिक नेपाली गद्याख्यानको प्रवृत्ति र मूल्याङ्कन

10.4 माध्यमिककालीन नेपाली नाटकको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

10.4.1 माध्यमिक नेपाली नाटकको इतिहास

10.4.2 माध्यमिक नेपाली नाटकको प्रवृत्ति र मूल्याङ्कन

10.5 माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

10.5.1 माध्यमिक नेपाली आख्यानेतर गद्यको इतिहास

10.5.2 माध्यमिक नेपाली आख्यानेतर गद्यको प्रवृत्ति र मूल्याङ्कन

10.6 माध्यमिककालसम्मको अनूदित नेपाली साहित्य

10.6.1 प्राथमिक अनूदित नेपाली साहित्य

10.6.2 माध्यमिक अनूदित नेपाली साहित्य

10.7 उपसंहार

10.8 सार

10.9 अनुशीलनी

10.10 अतिरिक्त अध्ययन

10.11 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 10.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्न सक्नुहुनेछः

- माध्यमिककालीन नेपाली पद्य साहित्यको इतिहास
- माध्यमिककालीन नेपाली गद्य साहित्यको इतिहास
- माध्यमिककालीन नेपाली साहित्यको विधाग प्रवृत्ति
- माध्यमिक अनूदित नेपाली साहित्य परिचय र विशेषता

## 10.1 परिचय

नेपाली साहित्यमा माध्यमिक काललाई शृङ्गारिक काल पनि भनिन्छ। माध्यमिक कालको मूल प्रवृत्तिगत विशेषता शृङ्गार हो। यस कालमा गद्य-पद्य, नाटक र आख्यानेतर विधाहरूको विकास भएको पाइन्छ। मोतीराम भट्ट यस कालका प्रवर्तक हुन्। यस कालको पद्य प्रायः मौलिक स्वरूपलाई ग्रहण गरेर विकसित भएको देखिन्छ भने गद्य र आख्यानेतर साहित्य केही मौलिकता र धैरै अनुवादको परम्परामा आधृत रहेको देखिन्छ। धैरैजसो अनूदित कृतिहरू संस्कृतबाट ग्रहण गरिएका छन् भने पछिल्लो समय संस्कृतेतर हिन्दी, बङ्गला, उर्दू, फारसी, अङ्ग्रेजीबाट अनुवाद गरिएका पाइन्छन्। पत्र-पत्रिकाहरूका प्रकाशनलाई यस कालको मुख्य उपलब्धी मानिन्छ। मुद्रण र प्रकाशनको सर्वण युगको थालनी

नेपाली साहित्यमा शृङ्गार कालबाट हुन थालेको हो। अतः यस एकाइमा शृङ्गारिक पद्य-गद्य, नाटक र आख्यानेतर विधाहरूका इतिहास, प्रवृत्ति र त्यसको मूल्याङ्कसमेत गर्ने प्रयास गरिनेछ।

## 10.2 शृङ्गारकालीन नेपाली कविताको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

शृङ्गारकालीन नेपाली कविताको इतिहास, प्रवृत्ति र मूल्याङ्कनलाई तल बेग्लाबेग्लै उपशीर्षकहरूमा विभाजन गरेर चर्चा गरिनेछ-

### 10.2.1 माध्यमिक नेपाली कविताको इतिहास

सन् १८८३-१७ को कालावधि माध्यमिक नेपाली कविताको  युग हो। नेपाली साहित्यमा माध्यमिक कविताको लगभग तीन दशकको इतिहास छ। प्रतापचन्द्र प्रधानअनुसार 'शृङ्गारिक कविताको प्रवाह नेपाली लोक-जीवनको ढुकढुकी रहेर साहित्यमा अक्षुण्ण धाराका रूपमा बगेर आएको हुँदा प्राथमिक कालका नेपाली कवितामा बेला-बेलामा शृङ्गारिक प्रवृत्ति छलबलाउने गरेको पाइन्छ।' यसर्थ नेपाली शृङ्गारिक कविताले प्रारम्भिक चरणमै पृष्ठभूमि बनाइसकेको जान्नमा आउँछ। माध्यमिक नेपाली कविताको विकासलाई पहिल्याउँदै जाँदा यसका तीनवटा मुख्य कालखण्ड रहेका छन्। उक्त बेग्ला-बेग्लै कालखण्डमा देखापरेका शृङ्गारिक भावाभिव्यक्ति यस प्रकार छ।

मोतीराम भट्टपूर्वका प्रारम्भिक नेपाली कविता वीररस र भक्तिरसमा केन्द्रित रहे पनि विशेष भक्तिकालमा शृङ्गारिक भाव-चेतनाका कविताहरू लेखिएका पाइन्छन्। यसैले कृष्णभक्ति र रामभक्ति दुवै प्रवृत्तिका प्रारम्भिक

कविहरूमा शृङ्गार रसको पूर्वाभास पाइन्छ। इन्दिरसका **गोपिका स्तुति** शृङ्गार भावले ओतप्रोत रचना हो। यस रचनामा कवि इन्दिरसले तरूणी गोपिनीहरूको उदीप्त कामोद्रेकलाई प्रकाश पारेका छन्। जस्तैः

दिनबित्यापछि नील केश् झरी।

कमल झैं वदन् शोभामान् धरी।।

दरश दान् गरि धलि धेर् धरी।

हृदयमा दिया कामदेव भरी।।

यसबाहेक कृष्णकाव्यका अरू कवि र तिनका रचनाहरूमा पनि शृङ्गार रसको प्रस्फुटन भएको पाइन्छ। पण्डित विद्यारण्यकेशरीका **युगलगीत** र **द्रोपदी स्तुति**, वसन्त शर्माको **कृष्णचरित्र**, पतञ्जली गजुर्यालको **चौरपञ्चाशिका**, तीर्थराज पाण्डेको **विद्या-सुन्दर संवाद**, लालबहादुर आउमासीको **बाह्रमासे**, दानराज लामिछानेको अनूदित **चौर पञ्चाशिका** र **श्लोक पञ्चाशिका**, भानुभक्तको **रामायण, बालाजीवर्णन** आदि भक्तिकाव्यहरूमा शृङ्गार भावलाई अङ्ग वा सञ्चारी रतिभावको रूपमा वर्णन गरिएको पाइन्छ।

यी काव्यहरूका मूल प्रवृत्ति भक्ति नै हो तर अङ्ग रसको परिपाकको रूपमा शृङ्गार पनि रहेको देखिन्छ। माध्यमिक कालमा व्यक्तिस्तुति र अध्यात्ममुखी प्रवृत्तिका कविता रचना गरिएका पाइन्छन्; जस्तैः शिखलरनाथ सुवेदीका **वीरष्टिका** – सन् १९०८, **हेमराजाष्टाकम्**, **महाराजाष्टकम्,** शम्भुप्रसाद ढुंगेलका **चन्द्रप्रताप वर्णन**, **नेपालमा चन्द्रोदय**, **दुर्गाकवज**, **गंगामहात्म्यको सवाई**, **रामाश्वामेघ राजा**, **बृहत् कृष्णचरित्र**, **रामाश्वमेघकाण्ड**, कृष्णप्रसाद रेग्मीका **श्री ५ सूतजन्मोत्सव वर्णनम्**, **हरिहरस्तुति**, **सत्यहरिशचन्द्र, देवी भागवत, वेदस्तुति, शिवगीत**, तारानाथ शर्माका **श्रीचन्द्रगुणावली, नेपाल शतक, उर्मिला, राघवविलास**, होमनाथ

खतिवडाका **रामाश्वमेघ काण्ड, नृसिंहचरित्र, महाभातरका विभिन्न पर्व, श्रीमद्भागवत् कृष्णचरित्र, प्रेम सागर**, मोतीराम भट्टका **प्रह्लादभक्ति कथा, गजेन्द्रमोक्ष, भ्रमरगीत, तीजको कथा**, कुलचन्द्र गौतमका **प्रपञ्चचर्या, रामचरितमानस**, बबगुनी गुरुङको **बह्मतत्वको सवाई**, अञ्जनादेवीको **ईषावास्योपनिषद्** आदि रचनाहरूमा शृङ्गार र रतिरागका भावाभिव्यक्ति पाइन्छन्। उपर्युक्त कविहरूमध्ये पतञ्जली गजुर्यालले शृङ्गार रसलाई रसको राजा मानेका देखिन्छन् साथै तिनले शृङ्गार रसका आधारहरूको परिचय समेत दिएर माध्यमिक कालको प्रारम्भका लागि सैद्धान्तिक पृष्ठाधार तयार पारेका छन्।

माध्यमिक नेपाली कविताको पृष्ठभूमिमा व्यक्तिस्तुति र अध्यात्ममुखी प्रवृत्ति रहेका छन् भने नेपाली कविताको माध्यमिक मूल चरणमा शृङ्गार प्रधान प्रवृत्ति रहेको छ। यस समयका अगुवा कवि मोतीराम भट्ट हुन्। भट्टले शिष्ट शृङ्गार-रसका कविता रचना गर्न थालेदेखि पुनः कविहरूमा शृङ्गारिक भावतर्फ जाँगर पलाउन थालेको हो। भानुभक्त पोखरेलको भनाइमा 'मोतीरामले श्रृङ्गारलाई शिष्टता र श्लीलताको सिंढीमा उकाल्ने काम गरेका छन्। प्रेमसम्बन्धी कविताले भगवान् र भगवतीका रासलीलाभित्रै मात्र कुण्ठित भएर आफ्नो अस्तित्व बचाइरहेको बेला त्यसलाई मान्छेका व्यावहारिक क्षेत्रमा, मानवीय सन्दर्भमा ओराल्ने काम गरेका छन्।' भट्टका **पिकदूत**, **श्लोक-संग्रह**, **संगीत-चन्द्रोदय**, पतञ्जली र तीर्थराजका **चौरपञ्चाशिका**, देवराज लामिछानेको **शलोकपंचाशिका**, पहलमानसिंह स्वारको **प्रेमामृतवचन**, दुर्गाप्रसाद शर्माद्वारा सम्पादित **कविता-कल्पद्रुम**, दानराज लामिछानेको **बाह्रमासे**, हरिप्रसाद उपाध्यायको **श्री भर्तृहरिशतक**, कृष्णप्रसाद रेग्मीको **विरहलहरी** र **प्रभावतीचरित्र**, **कविता-कल्पद्रुम**को दोस्रो संस्करणमा समावेश कविताहरू **मदनोद्दीपन**, **शृङ्गारपच्चीसी**,

**श्रृङ्गारकालिका**, **यमयमकमाला**, **श्रृङ्गारमनोहारिणी, श्रृङ्गारतरङ्गिणी, मानसाकर्षिणी** आदि चन्द्रमान राईको **आनन्द लहरी**-भाग दुई, चन्द्रध्वज राईको ***प्रेम तरङ्ग***, सुन्दरसिंह मुन्सीको **आनन्द लहरी** – भाग पाँच, प्रसादसिंह नेचालीको **प्रीति लहरी**, नरवीर तामाङको **आनन्द लहरी** छैटौँ भाग, धर्मसिंह चामलिङको **माया लहरी**, यसै समय देखापरेका **मदनमञ्जरी**, **विरह लहरी** र **प्रेम लहरी**, शिखरनाथ सुवेदीको **श्रृङ्गारदर्पण**, लेखनाथको **ऋतुविचार**, बैरवकुमार राजभण्डारीको **प्रेमप्रबन्ध**, कृष्णप्रसाद रेग्मीका **बाह्रमासे**, पट्ठापट्ठीको प्रीति-प्रबन्ध, कुखुरा कराये, राधा मिलाप, टीकाराम शर्माको **ऋतुमञ्जरी**, पत्र-पत्रिकाहरूमा **सुन्दरी**, **माधवी**, **सूक्तिसिन्धु** आदि यस कालका मुख्य उपलब्धि हुन्। त्यसमा पनि **सुक्तिसिन्धु**को प्रकाशन शृङ्गारिक काव्य-लेखनको चर्मोत्कर्ष मानिन्छ। यस चरणका प्रबल शृङ्गारिक कविताहरूका केही उदाहरण यस प्रकार छन्-

1. ताहाँ चन्द्र भया चकोर म त हुँ वर्षा तिमी मो मयर्
   बत्ती ब्हौ तिमी ता म ता पुतली हुँ यो जान प्यारी जरूर्।।
   तिमी फूल भमरो म हुँ रस तिमी मौरी म हुँ रस् लिन्या
   नङ् मासु झैँ गयौ तभ यहाँ तब यहाँ व्यर्थै कति लेखन्या।। ( मोतीराम)
2. तिग्रा छोपेर हरियो, फरिया कटिमा रह्यो।
   केराको पातले मानू, थाम बेह्रे सरी भयो।।
3. जब पर्‍यो गडबड् मत झक् चली ।
   सुतिरह्याँ बइठक्तिर गै ढली ।
   पछि त सारी उतारि उही गई ।
   नकचिने कचिले गरि मन् लिई ।। (लेखनाथ)

4. अर्काको सुसार गरेर प्यारी! कति दिन् खान्छ्यौ नि।
आइतबार बिहान् खर्साङमा आउँछ्यौ बेलूकी जान्छ्यौ नि।।
भातै पाक्यो गूदु र गूदु तिहुन् त खोर्सानी।
जेठीलाई मेरो सलाम भन्दयौ कान्छीलाई गुटमार्नी ।।

माध्यमिक नेपाली कविताका साङ्गोपाङ्गो इतिहासलाई हेर्दा छुट्टाछुट्टै विषयवस्तु, स्वरूप र शैलीलाई ग्रहण गरेर लेखिएका पाइन्छन्।

## 10.2.2 माध्यमिक नेपाली कविताका प्रवृत्ति र मूल्याङ्कन

माध्यमिककालीन नेपाली कविताको मुख्य प्रवृत्ति शृङ्गार हो तापनि यस कालमा गौण रूपमा शृङ्गारबाहेक अन्य विविध प्रवृत्तिहरूको विकास भएको पाइन्छ। व्यक्तिस्तुति, नीतिवादी, अध्यात्ममुखी, मनोरञ्जनात्मकता, हास्य-व्यङ्ग्यात्मकता जस्ता प्रवृत्तिलाई प्रयोग गरेर लेखिएका कविताहरू पाइन्छन्। अतः माध्यमिककालका नेपाली कवितामा विविध विशेषताहरू देख्न पाइन्छ।

यस सम्बन्धमा घनश्याम नेपालका अनुसार माध्यमिक नेपाली कविताका निम्नलिखित विशेषताहरू पाइन्छन्-

- बाह्रमासा र ऋतुवर्णनका शृङ्गारी कविता ।
- जातीय छन्दमा लेखिएका गेय लहरी काव्य र गजलहरू ।
- अङ्ग-प्रत्यङ्ग वर्णन, कटाक्ष, नारी नखराको वर्णनका कविता।
- समस्यापूर्ति र विभिन्न स्वतन्त्र भावका कविता।

उपर्युक्त विशेषताहरूको विकाससितै माध्यमिक नेपाली कविताको उत्थान भए पनि कालान्तरमा धेरै विरोध र प्रतिक्रियाको सम्मुखीन बन्न परेको देखिन्छ। नारी-सौन्दर्यको स्थूल वर्णन-चित्रण यसको प्रमुख कारण रहेको देखिन्छ। काव्यमा श्लीलताको उलङ्घन हुनु, कामुकताको उद्दीपन ज्यादा हुनु, शासकको चाहनानुरूप सस्तो भावुकता र कामुक आचारणलाई काव्यमा उतार्नु, युगीन चेतनालाई बेवास्ता गर्नु, नर-नारीको यौन सम्बन्धको स्थूल वर्णन गर्नु, नारीलाई काम-वासनाको प्रतीक बनाउनु, बहु-बिवाहको चलनलाई प्रोत्साहन गरिनु इत्यादि कमजोरीहरू रहेका विद्वान्हरूले ठहर गरेका छन्। यति मात्र नभएर **सूक्तिसिन्धु** पत्रिकाको प्रतिबन्ध हुनु भनेकै शृङ्गारिक कविताको घोर विरोध गरिनु हो। यसै पत्रिकालाई लागेको आरोपले पनि शृङ्गारिक कविताको कमजोरी स्वतः स्पष्ट हुँदछ। यदुनाथ खनालले सो पत्रिकालाई 'क्षयोन्मुखी, दासत्वको भावनाको प्रचार गर्ने र मानवताको अपमान गर्ने' भनेर आरोप लगाएका छन्। यति हुँदा-हुँदै पनि माध्यमिक कविताको साहित्यिक उपलब्धिले नेपाली साहित्यलाई नवीन दिशातर्फ अग्रसर गराएको देखिन्छ। प्रचलित परम्परालाई त्यागेर नयाँ परम्पराको थालनी गर्नु, पाठकका रुचिअनुरूप रचना गर्नु, जन-साधारणलाई साहित्यमा मिसाउनु, आलाङ्कारिक काव्यात्मक शैलीको विकास हुनु, प्रकृतिलाई आलम्बन बनाउनु, लोकछन्दको प्रतिष्ठापन गर्नु, परम्परानिषिध अभिव्यक्तिमा जोड दिनु, काव्यलाई रसको परिपाक गराउनु, पत्र-पत्रिकाको प्रकाशन हुनु, समस्यापूर्तिको चलन थालिनु जस्ता माध्यमिक कालका प्रवृत्तिगत विशेषताहरू हुन्।

माध्यमिक नेपाली कविताको पृष्ठभूमि भक्तिकाललाई लिन सकिन्छ, किनभने नेपाली काव्य-परम्परामा वीरगाथा कालको अन्त्यसितै राज्यमा

राणाहरूको उदय भएको थियो। राणाहरूको आधिपत्यपछि विलासपूर्ण दरबारी सभ्यताको विकास भयो। विलास र मोजमज्जा गर्ने वा उत्तेजित पार्ने किसिमको रोमाञ्चकारी रचनाको चाहना बढयो। त्यसो हुँदा दरबारमा विलासपूर्ण कविताको माग बढ्न थालेपछि शृङ्गार-रसको विकासमा मद्दत पुर्‍यायो भनेर कृष्णचन्द्रसिंह प्रधान मान्छन्। प्रधानको भनाइमा सत्यता छ, राणातन्त्रको जगजगीले राज्यमा सामाजिक परिवेश र राजनैतिक परिस्थित यसरी खुम्चिएर रहेको थियो त्यो अविश्वासपूर्ण वातावरणले सुधारवादी र क्रान्तिकारी भावनालाई कवितामा उतार्ने सहास नै गर्न दिइएन। एकातिर राजनैतिक उदासीनताले व्यग्र भएर भक्तिमार्ग रोज्ने कविहरूका लागि भने शृङ्गार-रसको कवितातिर ढल्किनु सहज पनि भयो।

तर मोतीराम भट्टको आगमन र उनको अगुवाइ नपाइन्जेल नेपाली कवितामा शृङ्गारिक कविता फस्टाउन सकेको देखिँदैन। यसका कारणहरूमध्ये रोमान्स तथा काम मनोभावयुक्त शृङ्गारिक कविताको विशेषता भएकोले नीतिवादीहरूले यसलाई अस्वीकार गर्नु, कलाको नाममा अश्लील शृङ्गारले महत्त्व पाउनु, कवितालाई केवल मनोरञ्जन र विलासको साधनमात्र बनाउनु, सत्यं, शिवमं, सुन्दरंको साहित्यिक प्रयोजनको अनादार गर्नु, शृङ्गारिक कवि-कर्मप्रति निन्दा हुनु। यति मात्र नभर कृष्णचन्द्रसिंह प्रधानले भनेअनुसार पतञ्जलि गजुर्‍याललाई उनका सहोदर दाजु नित्योदयले शृङ्गार रसका कविता रचना गरेको अभियोगमा **सरस्वतीको पर्दा खोली हुर्मत लिने भँडुवा** भनेर तिरस्कार गरेका घटनाहरू छँदैछन्। यस्ता कतिपय कारणहरूले गर्दा सुस्ताउन लागेको माध्यमिक नेपाली कवितालाई मोतीरामको शिष्ट शृङ्गारयुक्त रचना संस्कारले उर्वरता प्रदान गरेको देखिन्छ।

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. माध्यमिक नेपाली कविताको मुख्य प्रवृत्ति कुन हो?

……………………………………………………………………………….
………………………………………………………………………………
………………………………………………………………………………

2. माध्यमिककालीन शृङ्गारिक कविहरूका परिचय दिनुहोस्।

……………………………………………………………………………….
..........……………………………………………………………………
……………..…………………………………………………………………

3. माध्यमिक नेपाली कविताको विशेषता चिनाउनुहोस्।

……………………………………………………………………………….
..........……………………………………………………………………
……………...……………………………………………………………………

# 10.3 माध्यमिककालीन नेपाली गद्याख्यानको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

माध्यमिककालीन नेपाली गद्याख्यानको इतिहास, प्रवृत्ति र मूल्याङ्कनलाई तल अलग-अलग छुट्याएर चर्चा गरिनेछ-

## 10.3.1 माध्यमिक नेपाली गद्याख्यानको इतिहास

माध्यमिक नेपाली गद्याख्यानको परम्परामा **गोर्खा पत्र** (सन् १९०१), **उपन्यासतरङ्गिनी** (सन् १९०२), गोर्खे खबर कागत् (सन् १९०१) **माधवी** (सन् १९०८), **गोर्खाली** (सन् १९१४), **चन्द्रिका** (सन् १९१७) जस्ता पत्र-पत्रिकाहरूमा सम्बद्ध भएर अनुकूल चेतनालाई लिएर लेख्न थालेपछि नै

माध्यमिककाल वा शृङ्गारकालको आरम्भ हुन्छ। मूल रूपमा माध्यमिक नेपाली गद्याख्यानको प्रारम्भबिन्दु **गोर्खा पत्र** को प्रकाशनकाललाई मान्न सकिन्छ। यसभन्दा पूर्वप्रकाशित **गोरखा भारत जीवन** र **सुधा सागर** पत्रिकामा गद्याख्यानात्मक स्वरूपका रचनाहरू छापिएका पाइँदैनन्। अतः **गोर्खा पत्र**को प्रकाशनले माध्यमिक नेपाली गद्याख्यानलाई प्रारम्भिक गद्याख्यानमूलक प्रवृत्तिगत प्रभावबाट मुक्त माध्यमिककालीन प्रवृत्तिहरू तर्फ ध्यानाकर्षित गराएको देखिन्छ।

घनश्याम नेपालका अनुसार 'यस युगमा गद्यका विभिन्न उपविधाहरू विकसित भए जसलाई इतिवृत्तात्मक र इतिवृत्तेतर गद्य भनी दुई भागमा छुट्याउन सकिन्छ।' जुन इतिवृत्तात्मक गद्याख्यान आधुनिक कथा र उपन्यासको मध्यरूपमा रहेको देखिन्छ।

माध्यमिक कालका नेपाली गद्याख्यानमूलक नमुना कृतिहरू यस प्रकार छन्- उषाहरण कथाहा (सन् १८८४), स्वास्थानीब्रत कथा (सन् १८८७), वीरसिक्का (सन् १८८९), सुखार्णव (सन् १८९१), शुकबहत्तरी कथा (सन् १८९६), नलोपख्यान (सन् १८९९), देवीभागवत् (सन् १८९९), वीरबल चातुरी (सन् १८९९), भूतलीला : आश्चर्यजनक घटना (स्न १९०६), विचित्र घटना (सन् १९१०), अकबरवीरबल विलास (सन् १९११), एक विचित्र जासुसी शिकारीको सच्चा कहानी (सन् १९११), सज्जनसिंह (सन् १९९१), राजा तसवीर (सन् १९१३), अनुसूयासीता संवाद (सन् १९०८), विदुलापुत्र-संवाद (सन् १९०८), शकुन्तलोपख्यान (सन् १९०८), हीराको औंठी (सन् १९१२), सुन्ने कथा (सन् १९१४), मानभंजन (सन् १९१३), बदला (सन् १९१४), हृदयपरीक्षा (सन् १९१५), पंचतन्त्र, हितोपदेश, दशकुमारचरित्र मधुमालतीको कथा, तोता-मैनाको कथा, महाठगको कथा आदि प्रमुख छन्। यस नमुना कृतिहरूमा नीति शिक्षा, भक्ति र जातक प्रवृत्तिगत

विशेषताका साथै अतिरञ्जनात्मकता र अलौकिकतापूर्ण घटना, विवरण प्रस्तुत गरिएका पाइन्छन्। शृङ्गारिकता, जादू-टुना, तन्त्र-मन्त्र, तिलस्मी, मनोरञ्जन, अलौकिक चातुरी जस्ता प्रवृत्ति पाइन्छ। यी कृतिहरू संस्कृत र संस्कृतेतर विभिन्न स्रोतहरूबाट अभिहित गरेर लेखिएका देखिन्छन्। साथै प्रायः अनूदित र रूपान्तरित हुनाले यिनमा नेपाली परिवेश वा स्थानीयता र मौलिकताको अभाव रहेको विद्वान्हरू ठान्छन्।

माध्यमिककालीन नेपाली गद्याख्यानको विकासमा पत्र-पत्रिकाहरूका बहुमूल्य योगदान रहेको छ। जसमा गोर्खा पत्रमा लगभग साठीवटा जति सामाजिक, मनोरञ्जनात्मक, धार्मिक र पौराणिक नीतिमूलक, जासूसी प्रवृत्तिका कथा भन्न सुहाउँदा रचनाहरू र यम पञ्चक प्रपञ्च उपन्यास भन्न सुहाउँदो कृति छापिएका पाइन्छन्। उपन्यास तरङ्गिनीमा सदाशिव शर्माको महेन्द्र प्रभा (सन् १८९९) अपन्यास भन्न सुहाउँदो रचना छापिएको देखिन्छ। सदाशिव शर्माका अन्य अनू. चन्द्राकान्ता, नरेन्द्रमोहिनी र बोक्सी चरित्र प्रकाशित देखिन्छन्। सुन्दरीमा सुन्दरीभूषण (सन् १९०७) र विलासिनी (सन् १९०७) प्रकाशित हुन्छन्। त्यसै समय माधवीमा राममणिको पतिव्रत धर्म (सन् १९०८), तारानाथ शलर्माको सुलोचनावृत्तान्त (सन् १९०८) प्रकाशित देखिन्छन्। गोर्खे खबर कागत् पत्रिकामा पादरी गङ्गाप्रसाद प्रधानको सम्पादनमा प्रकाशित मौलिक स्वरूप भएका र अनूदित कथा-रचनाहरू प्रकाशित भएका पाइन्छन्।

## 10.3.2 माध्यमिककालीन नेपाली गद्याख्यानका प्रवृत्ति र मूल्याङ्कन

माध्यमिककालीन नेपाली गद्याख्यानका प्रवृत्तिको रूपमा काल्पनिकता, अलौकिकता, अयथार्थता, असम्भव घटनालाई महत्त्व दिनु, धार्मिक,

उपख्यानात्मक, पारलौकिक, मनोरञ्जनात्मक, जासूसी, तिलस्मी साहसिक प्रवृत्ति पाइनु, औपदेशिक र मनोविनोदलाई लेखनको मूल धेय बनाउनु, काल्पनिकतालाई महत्त्वमा राखेकाले यथार्थ वा स्थानीयताको अभाव रहनु, घटनालाई सोझो र सरल कथानकका रूपमा अघि बढाउनु, विशेषणयुक्त भाषाको प्रयोग गरिनु, गद्यबीच पद्यलाई मिसाउनु जस्ता विशेषता रहेका पाइन्छन्।

माध्यमिक कालका लेखकहरू आधुनिक गद्य-लेखनका शिल्प र लेखनप्रविधिसित जानकार नभए पनि यस कालमा कथा र उपन्यासका पूर्वरूप भन्न सुहाउने संरचना भएका गद्याख्यानहरू छापिएका देखिन्छन्। साथै आधुनिकताको सङ्केत गर्ने गद्य-कृतिहरू प्रकाशित भएको पाइन्छ। अतः नेपाली साहित्यमा आधुनिकताको सङ्केत गर्न कथा र उपन्यासको पूर्वरूप कुन हो भन्ने सम्बन्धमा विद्वान्हरूले आ-आफ्ना विचार प्रस्तुत गरेका पाइन्छन्। **नेपाली साहित्यको परिचयात्मक इतिहास** पुस्तकमा उल्लेख भए अनुसार 'ईश्वर बरालल 'घटनाप्रधान, वीररसमा आधारित', रतनसिङ गुरुङको औटपोस्टको कथा (सन् १९१८) लाई पहिलो मान्छन् भने पारसमणि प्रधान विज्ञानविलासकृत **महारानी प्रियम्बदा** (सन् १९१६) र **उपन्यास** (सन् १९१५) लाई जेठा नेपाली कथा मान्दछन्। दयाराम श्रेष्ठका दृष्टिमा चाहिँ प्रतीकात्मक रूपले सुन्दरीलाई कुलटा र आदर्श दुई नारीका रूपमा प्रस्तुत गर्ने खि. ना. सा. को **प्रेषित पत्र** (सन् १९०९) पहिलो नेपाली कथा हो।'

यसरी नै घनश्याम नेपालले आधुनिक उपन्यासको पूर्वरूप भन्न सुहाउने संरचना भएका केही लामा गद्याख्यानहरूमा सुन्दरानन्द बाँडाको रामायण र रामदासको भक्तिकाण्ड रामायणलाई मानेका देखिन्छन् भने तिनले माध्यमिक कालमा आएर प्रकाशित औपन्यासिक स्वरूप भएको

**वीरसिक्का** (सन् १८८९) लाई उल्लेख गर्दै **वीरसिक्का, महेन्द्रप्रभा** र **वीरचरित्र** आदिलाई माध्यमिक कालको नेपाली गद्याख्यानका तीनवटा मुख्य मोडका रूपमा मानेका छन्। तर **वीरसिक्का** र **महेन्द्रप्रभा**मा मौलिकताको आभास के कति हुनसकेको छ भन्ने सम्बन्धमा विवाद छ। वासुदेव त्रिपाठीले **वीरसिक्का**लाई 'युगान्तकारी र नवयुग तथा प्रवृत्तिको सूत्रपात गर्ने' कृति मान्दछन् भने दयाराम श्रेष्ठ उक्त कृतिलाई माध्यमिक कालको प्रारम्भ मान्छन्। तर शरद्चन्द्र शर्माले सदाशिव शर्माकृत **महेन्द्रप्रभा**लाई मौलिकताको पहिलो आभास मानेका देखिन्छन्। घनश्याम नेपालले भने गिरीशवल्लभ जोशीकृत **वीरचरित्र**लाई स्थानीयताको रङ्ग भएको पहिलो उपन्यास मानेका छन्। उक्त तीनवटा गद्याख्यानका कृतिबाहेक पहलमानसिंह स्वाँरका **एक लाखको चोरी** (सन् १९१७-२१), **पद्मकुमारी** (सन् १९१७-२१), रामप्रसाद सत्यालका **मधुमालती** र **कलावती** (सन् १९०६), शम्भुप्रसाद ढुङ्गेलको **प्रेमकान्ता** (सन् १९१९-२०), प्रतिमानसिंह लामाको **महाकाल जासूस** (सन् १९१९) पद्मनाभ सापकोटाको **डा. सूर्यप्रसाद** आदि गद्याख्यान आधुनिक नेपाली उपन्यासको प्रारम्भिक पृष्ठाधारहरू हुन्।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. माध्यमिक नेपाली गद्याख्यान भन्नाले के बुझिन्छ?

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

2. आधुनिक नेपाली उपन्यासको प्रारम्भिक पृष्ठाधारको रूपमा कुन-कुन कृतिहरूलाई लिन सकिन्छ?

…………………………………………………………………………….

Notes

.................................................................................

3. माध्यमिक नेपाली गद्याख्यानका प्रवृत्ति के-के हुन्?

.................................................................................

.................................................................................

.................................................................................

## 10.4 माध्यमिककालीन नेपाली नाटकको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

माध्यमिककालीन नेपाली नाटकको इतिहास, प्रवृत्ति र मूल्याङ्कनलाई तल विभिन्न उपशीर्षकहरूमा छुट्टाएर चर्चा गरिनेछ-

### 10.4.1 माध्यमिककालीन नेपाली नाटकको इतिहास

सन् १८८७ देखि सन् १९२८ सम्मको समयावधिलाई माध्यमिककालीन नेपाली नाटकको अवधि मानिन्छ। नेपाली समाजमा लोकनाट्य परम्परा प्राचीन कालदेखि चलेर आएको भए पनि साहित्य विधाका रूपमा नाटक-लेखनको विकास धेरैपछि सुरु भएको हो। आजम्म प्राप्त जानकारी अनुसार पहिलो नेपाली नाटक शक्तिवल्लभ अर्यालद्वारा लिखित **हास्यकदम्ब**लाई मानिएको छ। तापनि उक्त नाट्य-कृति संस्कृतबाट तिनैले नेपालीमा अनुवाद गरेका हुँदा यसलाई मौलिक कृतिका रूपमा मान्न सकिँदैन। अतः नेपाली नाटकको जग स्थापना अनुवादको परम्पराबाट भएको अनुमानित हुन्छ। **हास्यकदम्ब**पछि भवानीदत्त पाण्डेद्वारा अनूदित **मुद्राराक्षस** हुँदै नेपाली नाटक-लेखन र मञ्चन दुवैका विकास माध्यमिक कालमा भएको देखिन्छ। यस दुवै अनूदित नाटकद्वारा भने लोकरुचिको परिष्कार गर्ने र

नग्न श्रृङ्गारिक अश्लील, भद्दा नाच र प्रहसनमा सीमित भइरहेको नेपाली नाटकलाई साहित्यिक उच्चता प्रदान गर्ने प्रयास भएको छ। यस कालमा नाटकको विकास लेखनमा भन्दा पनि मञ्चन वा थिएटरमा नै केन्द्रित हुनपुगेको देखिन्छ।

माध्यमिककालीन नेपाली नाटक पनि अनुवाद-परम्पराबाट नै अघि बढेको देखिन्छ। यस कालका केन्द्रिय प्रतिभा मोतीराम भट्ट हुन्। तिनले जनसाधारणका रुचि र स्वेच्छालाई ध्यानमा राख्दा-राख्दै पनि दरबारीय स्वेच्छाका नाटकहरू अनुवाद गरी मञ्चित गराएका पाइन्छन्। भट्टका प्रशिद्ध अनूदित नाटकहरू शकुन्तला (सन् १८८७-९१), प्रियदर्शिका (सन् १८९१), पद्मावती (अधूरो), हुस्न अफरोज आरामदिल (अधूरो), गुलसनोवर (अधुरो), काशीराम चन्द्रसेन (सन् अधूरो), अशोक सुन्दरी (सह-लेखन) आदि हुन्। मेदिनीप्रसाद रेग्मीद्वारा अनूदित बंगला नाटक ज्ञानभक्तितरङ्गिनी (सन् १९०३) र पहलमानसिंह स्वाँरको अटलबहादुर (सन् १९०५) नाटक प्रकाशित हुन्छ। ज्ञानभक्तितरङ्गिनी नाटक अनूदित नै भए पनि त्यसमा नेपालीपन पाइने हुँदा उक्त नाटकलाई नेपाली नाटकको लेखन-प्रकाशनको इतिहास सुरु गर्ने माइलखुट्टी मानिएको छ। यसका साथै अटलबहादुर नाटक अङ्ग्रेजी नाटककार सेक्सपियरको प्रभावमा लेखिएको भने तापनि नेपाली सामाजिक परिवेश र वातावरणको छाप रहेकोले यसलाई पहिलो नेपाली मौलिक र वियोगान्त नाटक मानिएको पाइन्छ। स्वाराँका अन्य प्रकाशित मौलिक नाटकहरू विमलादेवी, जगतसिंह, लालुभागा, विष्णुमाया नाटिका हुन् भने अन्य रत्नावली र अभिज्ञान शाकुन्तल उल्लेख्य अनूदित नाट्यकृतिहरू हुन्।

यस क्रममा गिरीशवल्लभ जोशीको पशुपति सभा (वि.सं १९६९) र सत्यनागचरित्र, शम्भुप्रसाद ढुङ्गेलका अनूदित नाटकहरू रत्नावली (वि.सं

१९७२), शाकुन्तलनाटक प्रियदर्शनी (वि.सं १९७२), विद्यासुन्दर (वि.सं १९७५), उत्तररामचरित र मालतीमाधव (वि.सं १९८५-८६), केदार शमशेरका वीर शावित्री (वि.सं १९७२), दुर्गाभक्ति तरङ्गिणी (वि.सं १९७३), वीर सुकन्या र ध्रुव चरित्र (वि.सं १९७३) आदि नाटकहरू केही मञ्चित र पठनीय छन्। नाटक-लेखन क्रममा लेखनाथ पौड्याल र राममणि आ.दि को भर्तृहरि निर्वेद (वि.सं १९७२) अनूदित नाटक सहलेखनमा प्रकाशित हुन्छ भने लेखनाथका अन्य नाटकहरू लक्ष्मीपूजा, गौरी गौरव, अभिज्ञान शाकुन्तलम्, पार्वती परिणय, दिगम्बर विवाह आदि प्रकाशित छन्। जम्मा चारजना शम्भुप्रसाद, वीरेन्द्रकेशरी, जीवेश्वर रिमाल, झुमकलाल मिश्र आदिका संयुक्त सह-लेखनमा प्रकाशित अशोक सुन्दरी (वि.सं १९७४) लाई माध्यमिक काललाई प्रतिनिधित्व गर्न सक्ने नाटकको रूपमा मानिएको पाइन्छ। यही साल खडकप्रसादको सीता र सूर्यविक्रम ज्ञवालीको श्यामी कुमारी (वि.सं १९७४-७५) प्रकाशित पाइन्छ। तीमध्ये ज्ञवालीको अनूदित **श्यामी कुमारी** नाटकलाई मौलिकताको आभास दिने नाटकको रूपमा मानिन्छ। पारसमणि प्रधानका सुन्दर कुमार (सन् १९२१), बुद्धचरित्र (सन् १९२४) चन्द्रगुप्त, रत्नावली, महाभारत, सती-सावित्री र सीता बनवास आदि नाट्य-कृतिहरू प्रकाशित पाइन्छन्। यीमध्ये बुद्धचरित्र नाटकलाई केशवप्रसाद उपाध्यायले मौलिक नाटक मानेका छन्। सन् १९१३ को दशकमा दार्जिलिङबाट प्रकाशित नाट्य-कृतिहरूमा भैयासिंह गजमेरका नलदमयन्ती, परशुराम, स्वामिभक्ति अथवा आर्दश नारी, कर्णार्जुनयुद्ध, जवानीको धन्दा : आँखाको अन्धा, सावित्री सत्यावान, प्रेमी बालक, रामप्रसाद सत्यालका फूलमा भमरा अर्थात् भक्त प्रह्लाद (वि.सं १९८५), सती सावित्री चरित्र (वि.सं १९८५) आदि माध्यमिककालीन नाट्य-कृतिहरू हुन्।

## 10.4.2 माध्यमिककालीन नाटकका प्रवृत्ति र मूल्याङ्कन

माध्यमिक कालमा शृङ्गारिक र पर्सियाली थिएटरको प्रभावमा नेपाली नाटकहरूको मञ्चन र प्रकाशन भएको थाहा लाग्छ। केही मौलिक र धेरैजस्ता संस्कृत, नेवारी, उर्दू, फारसी, अङ्ग्रेजी र हिन्दीस्रोतका नाटकहरू अनूदित भएका हुनाले यस कालका नाट्य प्रवृत्ति शृङ्गारिक र आदर्शवादी रहेका छन्। लेखक कृष्णराज घतानीका अनुसार "यस समयका नाटकहरूमा चरित्रलाई भन्दा कथावस्तुलाई प्राथमिकता दिएर सामाजिक आदर्शलाई ध्यानमा राखेर लेखिएका पाइन्छन्। यस समयका नाटकहरू मूलतः पौराणिक र केही सामाजिक विषयप्रधान रहेका छन्।" पछिल्लो समयमा भने माध्यमिक नेपाली नाटकका प्रवृत्तिगत स्वरूपको रूपमा नीति-उपदेशमूलक, अध्यात्ममुखी र शिष्टहास्यमूलक एवम् युगचेतनापरक र सामाजिक यथार्थवादी चित्रण आदि विशेषता रहेको घनश्याम नेपालले उल्लेख गरेका छन्।

माध्यमिक नेपाली नाटकमा पाइने प्रवृत्तिगत विशेषताहरूलाई कृष्णराज घतानीले निम्न लिखित रूपमा उद्धृत गरेका छन्- माध्यमिककालीन नेपाली नाटक अनुवाद र रूपमान्तरण हुँदै मौलिकतातर्फ लम्किनु, रङ्गमञ्चीय क्षेत्रको विस्तार हुनु र संस्कृतको सीमादेखि पार गरेर अङ्ग्रेजी, उर्दू, फारसी, हिन्दी, बङ्गला आदिका नाटकहरूका प्रभाव रहनु, पूर्वीय नाट्य-सिद्धान्तलाई आधार मानेर नाटक लेख्नु, वस्तुप्रधानतालाई महत्त्व दिनु, कतै जासूसी र मनोरञ्जनात्मक प्रवृत्ति देखिनु जस्ता विशेषता माध्यमिककालीन नेपाली नाटकमा पाउन सकिन्छ।

**प्रगति जाँच गर्नुहोस् 3:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. प्रमुख शृङ्गारिक नाटककाहरूका परिचय दिनुहोस्।

..........................................................................................
..........................................................................................
..........................................................................................

2. माध्यमिक नेपाली नाटकका विषय स्रोतलाई चिनाउनुहोस्।

..........................................................................................
..........................................................................................
..........................................................................................

3. माध्यमिककालीन नेपाली नाटकमा पाइने प्रवृत्तिहरू के-के हुन्?

..........................................................................................
..........................................................................................
..........................................................................................

## 10.5 माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको इतिहास, प्रवृत्ति र मूल्याङ्कन

माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको इतिहास, प्रवृत्ति र मूल्याङ्कनलाई तल भिन्नाभिन्नै उपशीर्षकहरूमा चर्चा गरिनेछ-

### 10.5.1 माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको इतिहास

सन् १८८३ देखि सन् १९३४ सम्मको समयावधिलाई माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको युग मानिन्छ। तापनि आख्यानेतर गद्यसाहित्यको बीजारोपण भने अभिलेखकालीन लेखोट र त्यसपछिको समयदेखि नै सुरु भएको हो। तर शरद्चन्द्र शर्माको भनाइमा 'माध्यिमक

कालको थालनी अघि निस्केका गद्य रचनाहरू विशुद्ध साहित्यिक मूल्यका नभई प्रायः विभिन्न ज्ञान-विज्ञान वा व्यावहारिक क्षेत्रमा सीमित देखिन्छन् र प्रकाशित पुस्तकहरू ऐन-कानून, सैनिक तालिम, वागवानी, चिकित्सा, गणित, ज्योतिष एवम् वेदान्तसँग सम्बन्धित छन्।' तर माध्यमिक कालमा देखापरेका आख्नेतर गद्य पनि साहित्येतर र साहित्यिक मूल्यका रहेका छन्।

जस्तैः माध्यमिक कालको सुरुमा देखापरेका **व्यक्त चन्द्रिका**, **अंकेन्दु शेखर**, **लीलावती**, **सर्वसंग्रह**, **गणित चन्द्रिका**, **अक्षरमाला**, **भारतवर्षको इतिहास, विचित्र गणित, बालबोध, स्रेस्ता दर्पण, पदार्थ तत्त्व विवेक, शिक्षा दर्पण, व्यवहार माला, भूगोल विद्या, प्राकृत व्याकरण, उपवन विनोद, अनुभूति विवरणादर्श, कैवल्योपनिषद्, मन्त्रतन्त्रावली, सर्वज्वर चिकित्सा, अनङ्ग प्रकाश, एनाटमी, शरीर तत्त्व, चन्द्रनिघन्टुको नमूना, स्वयं वैद्य, हैजा, शीघ्रबोध** आदि पाठ्यपुस्तक र व्यावहारिक विषयसँग सम्बन्धित साहित्येतर गद्य-रचनाहरू हुन्।

यसबाहेक **भानुभक्त आचार्यको जीवन चरित्र, भगवद्भक्ति विलासिनी, सुखार्णव, प्रेमसागर, बेलेपात्रो, भार्याकर्तव्य, भागीरथी शिक्षा, जुनकीरी**, **महेन्द्रमल्ली, दान, अघि मूर्ख पछि बुद्धिमान, कृषि दृष्टान्त, हिन्दुस्तानमा सुखीहरूको इतिहास, वसन्त वर्णनम्, निद्रा, मातृभाषाको उन्नति, व्यापार, कर्महेतु, विज्ञापन शिल्प ह्गवा, सुलोचना वृत्तान्त, भारतीय देवीहरूको चरित्र, बत्तीस सालको रोजनामचा, पुरानो सम्झना, भएका कुरा, दुर्गाभक्ति तरङ्गिणी, वंशको संक्षिप्त इतिहास, शिखरनाथ भाष्य, श्री युरोप यात्रा, मेरो लण्डन राजतिलक यात्रा, उपदेश शहस्री, कवि समूह वर्णनम्, वत्सोपदेश, वृषभदर्पदलन, बेस्सरी, कवितारीति, आद्यस्तुति, सुन्दर सरोजिनी, गोर्खा शिक्षा, दुर्गाभक्ति तरङ्गिणी, गोर्खाली डायरी, भूपालकी**

**बेगमका तन्दुरूस्ती, परवरिस, विश्वकोस, श्रीमद्‌भगवत् कृष्ण चरित्र, रामाश्वमेघ, रत्नवली** आदि साहित्यिक विषयसँग सम्बन्धित गद्य-रचनाहरू हुन्।

माध्यमिक नेपाली आख्यानेतर साहित्यको विकासमा तत्कालीन प्रकाशित हुने पत्र-पत्रिकाहरूको योगदान सराहनीय छ। साथै यस कालमा आत्मकथा, निबन्ध, प्रबन्ध, समालोचना, जीवनी, यात्रा विवरण, दैनन्दिनी वा रोजनामचा आदि गद्य आख्यानेतर विधाहरूको विकास भएको देखिन्छ।

यस कालमा बनारस, दार्जिलिङ र काठमाडौँबाट प्रकाशित हुने पत्र-पत्रिकाहरूमा गोर्खा भारत जीवन पत्रिका (सन् १८८६) गोर्खे खबर कागत् (सन् १९०१), गोर्खापत्र (सन् १९०१), माधव (सन् १९०८), सुन्दरी (सन् १९०६), चन्द्रिका (सन् १९१७) आदि मुख्य देखिन्छन्। उक्त पत्र-पत्रिकाहरूले नेपाली गद्यलाई विकसित गराउनमा धेरै ठूलो सहयोग प्रदान गरेको देखिन्छ।

माध्यमिक नेपाली आख्यानेतर साहित्यको प्रारम्भ मोतीराम भट्टबाट थालिन्छ। भट्टद्वारा लिखित भानुभक्ताचार्यको जीवन चरित्र (सन् १८९१) प्रकाशित हुन्छ भने त्यसबेला प्रकाशित हुने गोर्खापत्रका सम्पादकीय लेख र अन्य अनूदित लेखहरूले माध्यमिक नेपाली आख्यानेतर साहित्यमा निक्खार ल्याएको भेटिन्छ। साथै सुन्दरी र माधवी आदि पत्रिकाले आख्यानेतर गद्य-लेखनमा आवश्यक पृष्ठभूमि तयार गरेको देखिन्छ। अतः नेपाली आख्यानेतर साहित्यको विकासमा चन्द्रिका पत्रिकाको बहुमूल्य योगदान रहेको छ। चन्द्रिका प्रकाशनले नेपाली निबन्धको इतिहासमा नयाँ युगको सुरुवात गरेको देखिन्छ। तर गोर्खापत्र, माधवी, गोर्खाली, चन्द्र, जन्मभूमि, गोर्खा संसार, नेपाली साहित्य सम्मेलन पत्रिका, भारती, खोजी

जस्ता पत्र-पत्रिकाहरूले नेपाली निबन्धको स्वरूप परिमार्जनमा पुर्‍याएको योगदानलाई बिर्सन सकिँदैन।

माध्यमिक नेपाली गद्यको इतिहासमा मीनबहादुर भट्टको गन्थन, ममिनारायण प्रधानको बैरिष्टर स्रोत पञ्चदशी, सूर्यविक्रम ज्ञवालीका कार्य गर्ने समय भो र दान, शम्भुप्रसाद ढुङ्गेलको प्रेम, रामचन्द्र उपाध्यायको विद्या, प्रभाकरको सम्झौटो आदि निबन्धतत्त्व भएका गद्यरचना प्रकाशित भएको पाइन्छ भने चन्द्रिकामा जुनकीरी र महेन्द्रमल्ली शीर्षक गद्य प्रकाशित भएको थाहा लाग्छ। जुन गद्यलाई नेपाली निबन्धका प्रारम्भिक नमुना मानिन्छन्। उक्त पत्र-पत्रिकामा प्रकाशित गद्यरचनाहरू निबन्ध र प्रबन्धका नजीक छन्। यस कालमा प्रकाशित अघि मूर्ख पछि बुद्धिमान (सं १९५९), कृषि दृष्टान्त (सं १९५९), हिन्दुस्तानमा सुखीहरूको इतिहास (सं १९६०), वसन्त वर्णनम् (सं १९६१), निद्रा (सं १९६६), मातृभाषाको उन्नति (सं. १९६६), व्यापार (सं १९६६), कर्महेतु (सं १९६८), विज्ञापन शिल्प (सं १९७०), हावा (सं १९७३) आदि निबन्धात्मक स्वरूपका रचनाहरू प्रमुख छन् भने रामशाहको जीवनी (सन् १६४६), पृथ्वीनारायण शाहको जीवनी (सन् १८९१), प्रतीमान थापाको श्री महाराजा सर दजंगबहादुर राणाजीको जीवन चरित्र (सन् १९०८), नेपोलियन बोनापार्टको जीवनी, फारसका बादसाहा नेपोलियन लुईको जीवन चरित्र (सन् १९०८), विज्ञान विलासको श्रीमद्शंकराचार्य, राणाप्रतापसिंह, जनरल गारफिल्ड, महाराज अशोक, जार्ज पंचमको जीवन चरित्र, अज्ञातको जंगबहादुरको बेलायतयात्रा (सन् १८५१), डिल्लीसमशेर थापाको यूरोप यात्रा (सन् १९१०), शेरसिंह राणाको मेरो लण्डन यात्रा (सन् १९१३) आदि जीवनीमूलक गद्यरचना प्रकाशित देखिन्छन्। यसबाहेक गोर्खापत्रमा नानकप्रसाद मिश्रको

श्री आद्यस्तुति (सन् १९०७), देवीप्रसाद उपाध्यायको सुन्दर सरोजिनी आदि साहित्याध्ययनका दृष्टिले प्रारम्भिक रचनाहरू छापिएका पाइन्छन्।
यस कालका कलमकारहरू सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, रामचन्द्र अधिकारी, ठाकुर चन्दनसिंह, प्रेमसिंह आले, वेदनिधि शर्मा, खडकबहादुर छेत्री, रूपनारायण सिंह, पारसमणि प्रधान आदि मुख्य देखिन्छन्।

## 10.5.2 माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको प्रवृत्ति र मूल्याङ्कन

माध्यमिक कालको नेपाली आख्यानेतर साहित्यमा पाइने प्रवृत्ति शृङ्गार हो। साथै यस कालमा पत्र-पत्रिकाको प्रकाशन हुनु, साहित्यको मुद्रण र प्रकाशनको प्रारम्भ हुनु, ऐय्यारी, तिलस्मी, जासूसी र अतिरंजनात्मक आख्यान लेखनमा जोड दिनु, लोकसंस्कृतिको प्रचार-प्रसार हुनु, सामाजिक मूल्यलाई अभिव्यक्ति दिनु, मौलिकतालाई संवहन गर्ने प्रचेष्टा गर्नु आदि माध्यमिककालीन नेपाली आख्यानेतर साहित्यका विशेषताहरू हुन्।
यस कालमा निबन्धात्मक तत्त्व भएका रचनाहरू बढी छापिएका छन् भने आत्मगाथाको इतिवृत्तमूलक संरचना भएका गद्यहरू पनि लेखिएका छन्। आख्यानेतर साहित्यका रूपमा नेपाली साहित्यमा निबन्धको स्वरूपगत विकास यस कालमा सन्तुष्ट रूपमा भएको छैन। यस कालको निबन्धको उद्देश्य शिक्षा दिनु, सुधारको भावना राख्नु, निर्देश दिनु आदि उद्देश्यले धेरै लेखिएको देखिन्छ। निबन्धबाहेक जीवनी, यात्रा विवरण, रोजनाम्चा, साहित्यालोचन परम्पराको विकास यस अवधिमा भएको छ। अङ्ग्रेजी साहित्यमा जस्तो नेपालीमा पनि विभिन्न व्यक्तिहरूका जीवनी लेखेर योगदान दिएका छन् भने साहित्यालोचन परम्पराको थालनी यस कालको मूल उपलब्धी मान्न पर्दछ। भट्टपछि यस लेखनतर्फ कलम चलाउनेहरू

राममणि दीक्षित, सूर्यविक्रम ज्ञवाली प्रमुख छन्। विभिन्न पत्र-पत्रिकाहरूमा छापिएका सम्पादकीय लेखहरू र पुस्तक निरूपण आदि यस कालमा लेखिएका छन्।

**प्रगति जाँच गर्नुहोस् 4:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. माध्यमिक नेपाली आख्यानेतर विधाहरूको परिचय दिनुहोस्।

………………………………………………………………………….
………………………………………………………………………….
………………………………………………………………………….

2. नेपाली निबन्धको विकासमा आख्यानेतर साहित्यको योगदान के छ?

………………………………………………………………………….
………………………………………………………………………….
………………………………………………………………………….

3. साहित्येतर गद्य-रचनाहरूको नाम लेख्नुहोस्।

………………………………………………………………………….
………………………………………………………………………….
………………………………………………………………………….

## 10.6 माध्यमिक कालसम्मको अनूदित नेपाली साहित्य

नेपाली गद्यसाहित्यको इतिहासमा अनुवाद परम्पराको महत्त्वपूर्ण स्थान छ। प्राथमिक कालमा संस्कृत स्रोतका गद्य-रचनाहरू अनुवाद भएका छन् भने माध्यमिक कालमा अधिकांश संस्कृत र संस्कृतेतर भाषाका गद्यकृति अनुवाद भएका पाइन्छन्। तर प्रतिभा र लेखकको सिपले गर्दा ती अनूदित कृतिहरूमा नेपालीपनको पूर्वाभास भएको र मौलिक स्वरूप

ग्रहण गर्न पुगेको अनुभव हुन्छ। अतः प्राथमिककालीन र माध्यमिककालीन अनूदित नेपाली साहित्यको इतिहासलाई अध्ययन सुविधाका लागि अलग-अलग कालखण्डमा विभाजन गरेर त्यसको विकासप्रक्रियालाई हेर्नु उपयुक्त हुनेछ।

**1.** प्राथमिक अनूदित नेपाली साहित्य

प्राथमिक कालमा धर्म, ज्योतिष, उपचार, ओखती-मूलो र नीतिशास्त्र, पुराण, महाभारत, रामायण आदि संस्कृत, हिन्दी स्रोतका गद्य-रचनाहरूको अनुवाद भएको पाइन्छ। अज्ञातको **भास्वती** (सन् १४०० अनुमानित), **ताजिक नीलकण्ठ** आदि साहित्येतर गद्य-रचना नै नेपाली साहित्यमा अनुवाद परम्परको प्राचीन नमुना हो। त्यसपछिका अज्ञात लेखकका **खण्डखाद्य** (सन् १५९२), **बाजपरीक्षा** (सन् १६४३), वाणीविलास ज्योतिर्विदको **ज्वरोत्पति चिकित्सा** (सन् १७१६), प्रेमनिधि पन्तको **प्रायश्चित प्रदीप** (सन् १७२३), दावादल सहदेवको **औषध रसायन** (सन् १७४३), शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराटपर्व** (सन् १७७०), **हास्यकदम्ब** (सन् १७९८), भानुदत्तको **हितोपदेश मित्रलाभ** (सन् १७७६), **दशकुमार चरित** (सन् १८१८), **बहत्तर सिधाको कथा** (सन् १८२३), **मुन्शीका तीन आहान** (सन् १८२०) विशाखदत्तको **मुद्राराक्षस** (सन् १८३५), **वेतालपञ्चविंशति** (सन् १८३६), **वीरसिक्का** (सन् १८८४), देवकीनन्दन खत्रीको **नरेन्द्र मोहिनी** (सन् १८५४), **चन्द्रकान्ता** (सन् १८५९), रामभद्रपाद्या रेग्मीको **लक्ष्मीधर्म संवाद** (सन् १७९४), विलियम केरीको **बाइबल** (सन् १८२१) इन्दिरसको **गोपिकास्तुति**, विद्यारण्यकेशरी अर्ज्यालको **युगलगीत**, **द्रौपदीस्तुति**, वसन्त शर्माको **श्रीकृष्ण चरित्र**, यदुनाथ पोखरेलको **कृष्णचरित्र**, भानुभक्त आचार्यको **अध्यात्म रामायण**, **प्रश्नोत्तरी**,

**रामगीता**, शङ्कराचार्यको **मणिरत्नमाला** आदि प्राथमिक नेपाली अनूदित गद्य-कृतिहरू हुन्।

**2.** माध्यमिक अनूदित नेपाली साहित्य

माध्यमिक काल अनूदित नेपाली साहित्यको उर्वर काल हो। यस कालमा विषयवस्तु र विधाका विविध गद्यमूलक रचनाहरू अनुवाद भएका छन्। राजकुमारी दाहालअनुसार 1. साहित्येतर अनूदित कृतिहरू, 2. सृजनात्मक साहित्यसम्बन्धी अनूदित कृतिहरू, 3. आत्मकथा र जीवनी लेखनसम्बन्धी अनूदित कृतिहरू छापिएका छन्। संस्कृत, बङ्ग्ला, अङग्रेजी आदि भाषा स्रोतहरूबाट यस कालमा अनुवाद भएका छन्। यस कालका अनूदित कृतिहरूमा मोतीराम भट्टका **शाकुन्तल नाटक** (सन् १८८६), **प्रियदर्शिका** (सन् १८९०), **पद्मावती** र **रत्नावली**, नरदेव पाण्डेको **अद्भूत मिलाप** र **मेरिना चरित्र** (सन् १९०१-१९०२), रामकृष्ण बर्माको **ज्ञानभङ्ग तरङ्गिणी** (सन् १९०३), पादरी गङ्गाप्रसाद प्रधानको **सैद भन्ने मान्छेको रेशमी बुनाईको कामको विषय** (सन् १९०९), **नाइटिङ्गेल अर्थात् मीठो गीत गाउने चराको विषय** (सन् १९१२), **हाँसको नराम्रो चल्लाको कथाह** (सन् १९१४), कौटिल्यको **अर्थशास्त्र**, भरतमुनिको **नाट्यशास्त्र**, पद्मनाभ सापकोटाको **भारतवर्षको इतिहास** (सन् १९१४), पादरी गङ्गाप्रसाद प्रधानको **नेपाली बाइबल** (सन् १९१४), गम्भीरध्वज शाहको **चन्द्रशेखर** (सन् १९१५), प्रसमान प्रधानको **हिरण्यमयी चरित्र** (सन् १९१६), विज्ञान विलासको **बङ्ग बिजेता** (सन् १९१६), भक्तवीर थापाको **ध्रुव** (सन् १९१८), रामप्रसाद सत्यालको **फूलमा भमरा** (सन् १९१८), शिवप्रताप शम्शेरको **दुर्गेशनन्दिनी** (सन् १९३३), उदय मण्डलको **खुनी डाक्टर** (सन् १९३५), भुवनप्रसाद ढुङ्गेलको **उपवन विनोद**, चन्द्रप्रसाद गोर्खालीको डार्विनको विकासवादी सिद्धान्त, धरणीधर शर्माको **श्रीमद् भागवत् गीताको अनुवाद** (सन् १९३५) आदि मुख्य गद्य-कृतिहरू हुन्। निष्कर्षमा नेपाली साहित्यको

Notes

प्रारम्भिक कालदेखि माध्यमिक कालको अन्त्यसम्ममा लेखिएका अधिकांश कृतिहरू कुनै न कुनै अरू भाषाबाट अनूदित देखिन्छन्। वास्तवमा प्रारम्भिक र माध्यमिक कालको सिङ्गै अवधि नै अनुवादको अवधिको रूपमा रहेको देखिन्छ।

**प्रगति जाँच गर्नुहोस् 5:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. प्रारम्भिक अनूदित नेपाली साहित्यको मूल स्रोतबारे लेख्नुहोस्।

……………………………………………………………………………
……………………………………………………………………………
……………………………………………………………………………
……………………………………………………………………………

2. कुन-कुन भाषा स्रोतहरूबाट माध्यमिक कालमा अनुवाद भएका छन्?

……………………………………………………………………………
……………………………………………………………………………
……………………………………………………………………………

3. प्राथमिक र माध्यमिक अनूदित केही कृतिहरूको नाम लेख्नुहोस्।

……………………………………………………………………………
……………………………………………………………………………
……………………………………………………………………………

## 10.7 उपसंहार

माध्यमिककालीन नेपाली साहित्यको मूल प्रवृत्ति शृङ्गार हो। यस कालमा गद्य र पद्य दुवै विधाका विकास हुनाका साथै आधुनिक नेपाली साहित्यको पूर्वरूप प्रतिष्ठापित गरेको देखिन्छ। तुलनाको दृष्टिले शृङ्गार कालमा गद्यको प्रारम्भ अनुवादकै पूर्वपरम्पराबाट थालिएको पाइन्छ। नाटक र

निबन्ध संस्कृत र संस्कृतेतर भाषाबाट धेरैजसो अनूदित रूपमा प्रकाशित भएका पाइन्छन् भने मौलिक लेखनको परिमार्जन निकै कमै पाइन्छ। तर गद्यको तुलनामा पद्यको विकास मौलिकतालाई ग्रहण गरी थालिएको स्पष्ट हुन्दछ। नाटक र आख्यानेतर विधाको मूल प्रवृत्ति शृङ्गार नै यथावत् देखिए पनि ऐय्यारी, तिलस्मी, जादू-टूना, मनोरञ्जन जस्ता पूर्वपरम्पराश्रित रहेर अघि बढेको अनुभव हुन्छ भने पद्य वा काव्यको मूल प्रवृत्ति शृङ्गार नै रहेको पाइन्छ। शृङ्गारिक वर्णनको अतिशयोक्तिकै कारण पद्य विधा पछिल्लो समय अपमानित र लाञ्छित हुनाका साथै शृङ्गारिक प्रवृत्तिकै अन्त्य भएको देखिन्छ। प्रायः पाँच दशकको अवधि ओगटेको शृङ्गारिक नेपाली साहित्यको आफ्नै विशेषता र महत्त्व रहेको देखिन्छ। पत्र-पत्रिका र मुद्रणको थालनी शृङ्गारिक कालकै विशेष उपलब्धी भएको छ भने यस कालमा साहित्यले विधा परिचयको सङ्कटलाई पर सारेर स्वरूपगत परिचय ग्रहण गरेको देखिन्छ।

## 10.8 सार

यस प्रखण्डमा शृङ्गारिक नेपाली कविता, नाटक, आख्यानेतर साहित्य र माध्यमिककालीन अनूदित साहित्यबारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई अझ ,जिलोसित जान्नका लागि तलका बुँदाहरूमा समेट्न सकिन्छ।

- शृङ्गारिक नेपाली साहित्य भनेको माध्यमिक नेपाली साहित्य हो। अर्थात् माध्यमिक काललाई शृङ्गार काल पनि भनिन्छ। यस कालमा कविता, नाटक र आख्यानेतर विधाको विकास भएको पाइन्छ। तथा

यस कालका मुख्य साहित्यिक प्रवृत्ति शृङ्गार हो। तापनि ऐय्यारी, तिलस्मी, जादू-टुना जस्ता प्रवृत्तिहरू पनि गौण रूपमा पाइन्छ।

- शृङ्गारकालीन नेपाली साहित्यका विधाहरूमा कविता मौलिक स्वरूप भएको समृद्ध विधा हो। शृङ्गारिक कविताको समयसीमा सन् १८८३-सन् १९१७ लाई मानिन्छ। शृङ्गारिक कविताको प्रवाह नेपाली लोक-जीवनको ढुकढुकी रहेर साहित्यमा अक्षुण्ण धाराका रूपमा बगेर आएको हुनाले शृङ्गारिक प्रवृत्ति प्राथमिक कालदेखि नेपाली कवितामा बेला-बेलामा छलबलाउने गरेको पाइन्छ।
- शृङ्गारिक नेपाली कविताका केन्द्रीय कवि मोतीराम भट्ट हुन्। शृङ्गार, व्यक्तिस्तुति, नीतिवादी, अध्यात्ममुखी, मनोरञ्जनात्मकता, हास्य-व्यङ्ग्यात्मकता आदि शृङ्गारिक कविताका प्रवृत्ति हुन्। यीमध्ये शृङ्गार प्रधान प्रवृत्ति हो, यसको प्रतिष्ठा पतञ्जली गजुर्यालले अघिबाट नै भइसकेको देखिन्छ। तिनले शृङ्गारलाई रसराज मानेका छन्।
- सन् १८८७ देखि सन् १९२८ सम्मको समयावधिलाई शृङ्गारकालीन नाटकको अवधि हो। प्राप्त जानकारी अनुसार पहिलो नेपाली नाटक शक्तिवल्लभ अर्यालद्वारा लिखित हास्यकदम्बलाई मानिएको छ। अतः नेपाली नाटकको जग स्थापना अनुवादको परम्पराबाट भएको अनुमानित हुन्छ।
- यस कालका केन्द्रिय प्रतिभा मोतीराम भट्ट नै हुन्। तिनले जनसाधारणका रुचि र स्वेच्छालाई ध्यानमा राख्दा-राख्दै पनि दरबारीय स्वेच्छाका लागि नाटकहरू अनुवाद गरी मञ्चित गराएका पाइन्छन्। मेदिनीप्रसाद रेग्मीद्वारा अनूदित बंगला नाटक

ज्ञानभक्तितरङ्गिनी र पहलमानसिंह स्वाँरको अटलबहादुर नाटक यस कालका उल्लेखनीय कृतिहरू हुन्।

- ज्ञानभक्तितरङ्गिनी नाटक अनूदित नै भए पनि नेपालीपन पाइने हुँदा यसलाई नेपाली नाटकको लेखन-प्रकाशनको प्रारम्भिक बिन्दु मानिन्छ भने अटलबहादुर नाटक अङ्ग्रेजी नाटककार सेक्सपियरको प्रभावमा लेखिएको भने तापनि नेपाली सामाजिक परिवेश र वातावरणको छाप रहेकोले यसलाई पहिलो नेपाली मौलिक र वियोगान्त नाटक मानिन्छ।
- माध्यमिककालीन नेपाली नाटक अनुवाद र रूपमान्तरण हुँदै मौलिकतातर्फ लम्किनु, रङ्गमञ्चीय क्षेत्रको विस्तार हुनु र संस्कृतको सीमादेखि पार गरेर अङ्ग्रेजी, उर्दू, फारसी, हिन्दी, बङ्गला आदिका नाटकहरूका प्रभाव रहनु, पूर्वीय नाट्य-सिद्धान्तलाई आधार मानेर नाटक लेख्नु, वस्तुप्रधानतालाई महत्त्व दिनु, कतै जासूसी र मनोरञ्जनात्मक प्रवृत्ति देखिनु शृङ्गारकालीन नेपाली नाटकका विशेषता हुन्।
- आख्यानेतर गद्यसाहित्यको बाजारोपण अभिलेखकालीन लेखोटहरूबाट सुरु भएको हो। यस कालमा निबन्ध, प्रबन्ध, समालोचना, जीवनी, यात्रा विवरण, दैनिकी वा रोजनाम्चा आदि गद्य आख्यानेतर विधाहरूका विकास भएका छन्। शृङ्गारिक नेपाली आख्यानेतर साहित्यको विकासमा गोर्खा भारत जीवन, गोर्खापत्र, गोर्खे खबर कागत्, सुन्दरी, माधवी, चन्द्रिका, सुक्तिसिन्धु आदि पत्र-पत्रिकाहरूको अमूल्य योगदान रहेको देखिन्छ।
- यस कालमा पत्र-पत्रिकाको प्रकाशन हुनु, साहित्यको मुद्रण र प्रकाशनको प्रारम्भ हुनु, ऐय्यारी, तिलस्मी, जासूसी र अतिरंजनात्मक

आख्यान लेखनमा जोड दिनु, लोकसंस्कृतिको प्रचार-प्रसार हुनु, सामाजिक मूल्यलाई अभिव्यक्ति दिने प्रयास गर्नु, मौलिकतालाई संवहन गर्ने प्रचेष्टा गर्नु शृङ्गारकालीन नेपाली आख्यानेतर साहित्यका विशेषता हुन्।

## 10.9 अनुशीलनी

1. माध्यमिककालीन नेपाली साहित्यको मूल प्रवृत्तिलाई चिनाउँदै शृङ्गारलाई रसराज मानिनुका कारण दर्शाउनुहोस्।

2. शृङ्गारकालीन नेपाली कविताका परम्परा र प्रवृत्तिलाई चिनाउनुहोस्।

3. माध्यमिककालीन नेपाली नाटकको परम्परा र प्रवृत्तिलाई प्रकाश पार्नुहोस्।

4. शृङ्गारकालीन नेपाली आख्यानेतर साहित्यका उपविधाहरूको परिचय दिएर यसका विकास-परम्पराबारे चर्चा गर्नुहोस्।

5. माध्यमिक नेपाली साहित्य परम्परामा अनुवादको महत्त्वलाई दर्शाउनुहोस्।

### टिप्पणी लेख्नुहोस्-:

1. पर्सियाली थिएटर र नेपाली नाटक।
2. नेपाली निबन्धको विकासमा शम्भुप्रसाद ढुङ्गेलको योगदान।
3. युगनायकका रूपमा मोतीराम भट्ट।
4. रङ्गमञ्चीय परम्परामा अटलबहादुर नाटक।

## 10.10 अतिरिक्त अध्ययन

1. दयाराम श्रेष्ठ – साहित्यको इतिहास: सिद्धान्त र सन्दर्भ

2. बाबुराम आचार्य – पुराना कवि र कविता।

3. घनश्याम नेपाल – नेपाली साहित्यको परिचयात्मक इतिहास।

4. तानासर्मा – नेपाली साहित्यको इतिहास।

5.शरद्‌चन्द्र शर्मा भट्टराई – नेपाली साहित्यको इतिहास (माध्यमिक काल)

6. दयाराम श्रेष्ठ – नेपाली साहित्यको केही पृष्ठ।

7. दयाराम श्रेष्ठ र मोहनराज शर्मा – नेपाली साहित्यको संक्षिप्त इतिहास।

8. बालचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास।

9. नरदेव पाण्डेय –कविवर मोतीराम भट्टको सचित्र जीवनचरित्र।

10. असीत राई – भारतीय नेपाली साहित्यको इतिहास।

11. प्रतापचन्द्र प्रधान – माध्यमिककालीन नेपाली कवितामा श्रृङ्गार।

## 10.11 प्रगति जाँचका लागि उत्तर

# जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 10.3.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 10.3-10.3.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 10.3.1 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

**2.प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 10.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 10.3-10.6.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न 3 अन्तर्गत एकाइ 10.4.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

**3.प्रगति जाँच गर्नुहोस् 3:**

प्रश्न-1 अन्तर्गत एकाइ 10.5 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 10.5 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 10.5.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

**4.प्रगति जाँच गर्नुहोस् 4:**

प्रश्न-1 अन्तर्गत एकाइ 10.6 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 10.6 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 10.6.1 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

**5.प्रगति जाँच गर्नुहोस् 5:**

प्रश्न-1 अन्तर्गत एकाइ 10.7 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 10.7 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 10.7 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

# एकाइ 11. आधुनिकको अर्थ, साहित्यमा आधुनिकताको अवधारणा, आधुनिकतावाद, उत्तर आधुनिकतावाद र नेपाली साहित्य

11.0 उद्देश्य

11.1 परिचय

11.2 आधुनिक र आधुनिकताको अर्थ र परिचय

11.3 साहित्यमा आधुनिकताको अवधारणा

11.4 आधुनिकतावादको परिचय र नेपाली साहित्य

11.5 उत्तर आधुनिकतावादको परिचय र नेपाली साहित्य

11.6 उपसंहार

11.7 सार

11.8 अनुशीलनी

11.9 अतिरिक्त अध्ययन

11.10 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 11.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्नसक्नु हुनेछः

- आधुनिक शब्दको अर्थ र परिभाषा
- साहित्यमा आधुनिकताको अवधारणा
- आधुनिकतावादको परिचय
- उत्तरआधुनिकता र नेपाली साहित्यमा त्यसको अवधारणा

## 11.1 परिचय

आधुनिक मध्ययुगीन प्रवृत्तिलाई त्यागेर कला, संस्कृति र साहित्यका क्षेत्रमा देखा परेको नवीन दृष्टि वा प्रवृत्ति हो। आज आधुनिक, आधुनिकता र आधुनिकतावाद जस्ता सम्पूरक शब्दहरू प्रचलित छन्। आधुनिकताले सामान्य रूपमा नयाँ सोच, विचार र प्रथा साथै समय, स्थान र कालसापेक्ष प्रवृत्ति भन्ने अर्थ दिन्छ भने यसको विशिष्ट अर्थ पश्चिमी समाज र संस्कृतिमा देखिएका राजनैतिक, सामाजिक, आर्थिक परिवर्तनलाई बुझ्न सकिन्छ। यही आधुनिकतापछि दर्शनशास्त्र, कला, वास्तुशास्त्र र आलोचनाको क्षेत्रमा उठेको सांस्कृतिक आन्दोलन वा प्रवृत्ति उत्तरआधुनिकता हो। यसलाई पनि उत्तरआधुनिक, उत्तरआधुनिकता, उत्तरआधुनिकतावाद जस्ता नामले चिनिन्छन्। कतिले यसलाई आधुनिकतावादकै विस्तार मान्दछन् भने कतिले यसलाई आधुनिकतावादको आखिरी बिन्दु नभएर त्यसभित्रकै एउटा नयाँ बिन्दु तथा त्यसको प्रस्तान वा निरन्तरता हो भन्दछन्। वास्तवमा आधुनिक र उत्तरआधुनिकतालाई जैविक, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरभन्दा माथिको विषय मान्न सकिन्छ।

अतः नेपाली साहित्यमा आधुनिकतावाद र उत्तरआधुनिकतावाद पाश्चात्य साहित्यको देन हो। पश्चिमी साहित्यमा भन्दा धेरैछि मात्र नेपाली साहित्यमा आधुनिकताको अवधारणा दृष्टिगत भएको हो। त्यसरी नै उत्तरआधुनिकता पनि ईश्वी नब्बेको दशकदेखि मात्र प्रयोग र प्रचलनमा आएको देखिन्छ। प्रस्तुत एकाइमा आधुनिक, आधुनिकता र आधुनिकतावाद साथै उत्तरआधुनिकताको परिचय एवम् साहित्यमा आधुनिकताको अवधारणा अनि नेपाली साहित्यमा उत्तरआधुनिकताको प्रयोगबारे चर्चा गर्ने प्रयास छ।

## 11.2 आधुनिक र आधुनिकताको अर्थ र परिचय

'आधुनिक' शब्द अङ्ग्रेजी 'मोर्डन' को नेपाली रूपान्तरण हो। मोर्डन शब्दको व्युत्पत्ति ल्याटिन भाषाको मोडो (MODO) बाट भएको हो। मोडोको शाब्दिक अर्थ 'प्रचलन' हो, यसले त्यो अर्थ दिन्छ, जे आज प्रचलित छ त्यही आधुनिक हो। अर्थात् 'यही समयमा' भन्ने पनि बुझाउँछ। तर समयसँगै अङ्ग्रेजी भाषामा यो शब्दको प्रयोग विभिन्न अर्थहरूमा हुँदै आएको छ। सामान्य रूपमा आधुनिक शब्द आधुनिकता, आधुनिकतावाद, आधुनिकीकरण, युगबोध, समकालीनता, नागरीकरण, आधुनिकताबोध, पाश्चात्यकरण जस्ता शब्दहरूसित जोडिएर आएको पाइन्छ। अतः आधुनिकको अर्थ वर्तमान विशेषतासित प्रभावित; अहिलेको भन्ने हुन्छ भने 'आधुनिकता' त्यही वर्तमान विशेषताले युक्त हुनुको भाव हो। अर्थात् आधुनिक हुनुको भाव नै आधुनिकता हो।

आधुनिक वा आधुनिकता व्यक्तिले आफ्नो दुनियाँप्रति सचेत र जागरुख रही मानवीय दृष्टिकोणअनुसार जिउने प्रयत्न गर्ने एउटा सोच वा विचार नै आधुनिकता हो भन्न सकिन्छ। आज जीवनको हरेक क्षेत्र आधुनिकताले परिपूर्ण छ। यसैले सभ्य र उन्नत महादेशहरू मात्र नभएर हर क्षेत्रका जीवनसित यो जोडिएको छ। आधुनिकता के हो भन्ने सम्बन्धमा पूर्वी र पश्चिमी जगत्का विद्वान्हरूले आ-आफ्ना अवधारणा प्रस्तुत गरेका पाइन्छन्।

डा वियनका अनुसार आधुनिकता एउटा यस्तो अवधारणा औ प्रक्रिया हो जसको आधारमा सर्जक चिन्तक पुरानाका विश्लेषण गर्दै त्यसलाई आफ्नो वर्तमान प्रसङ्गमा जाँचेर भविष्यको रूपायन गर्दछ। यस पूरा प्रक्रियाको क्रममा नै कालबद्धता टुङ्गिन्छ। डेबिड कोवअनुसार परम्परागत बन्धनबाट मुक्त, व्यक्तिले कुनै पनि मूल्यलाई छनौट गर्ने स्वतन्त्रता नै आधुनिकता हो। त्यसरी नै मेक्स बेवरले आधुनिकतालाई मुक्ति वा तार्किकता मान्दछन् भने जर्स सिमेलले सहरीकरण र विकसित हुँदै गरेको अर्थव्यवस्थालाई आधुनिकता मान्छन्। पिटर वर्गरले अमूर्तीकरण, भविष्यवाद, वैयक्तिकता, मुक्ति र धर्मनिरपेक्षणलाई आधुनिकताको पाँच विशेषता मानेका छन्। हिन्दीका डा नगेन्द्रले पनि आधुनिकतालाई तीन अर्थमा प्रयोग गरेका छन्- समयसापेक्ष, नवीन दृष्टि, विशिष्ट दृष्टि वा जीवन दर्शन आदि। दिनकरअनुसार आधुनिकता एउटा प्रक्रियाको नाम हो, यो प्रक्रिया अनधविश्वासलाई बाहिर निस्कासन गर्ने प्रक्रिया हो। यो प्रक्रिया बुद्धिमानी बनाउने प्रक्रिया हो। यो प्रक्रिया धर्मको सही मार्गमा पुग्ने प्रक्रिया हो। हरिचरण शर्माका अनुसार आधुनिकातको वास्तविक अर्थ विगतको सांस्कृतिक मूल्यलाई आफूमा अपनाएर मानवको वर्तमान स्थिति औ उसको भविष्य विशेष दायित्वको सक्रियता तथा चेतनालाई

स्वीकार गर्नु हो। नेपालीका निनु चापागाईँ अनुसार आधुनिकता अन्धविश्वास तथा अज्ञानताको गहिरो निद्राबाट व्युँझाउने एउटा प्रक्रिया हो। कृष्ण गौतमअनुसार मध्ययुगीन जीवनदृष्टिलाई पन्छाएर विकसित हुन आएको जीवनदृष्टि नै आधुनिकता हो।

विद्वान्हरूका अवधारणाको निष्कर्षमा युगचेतनालाई आधुनिकता भनिन्छ। पुरानोलाई पन्छाएर त्यसमा परिवर्तन, शंसोधन वा नवीनताको प्रादुर्भाव गर्नु हो। यसलाई समय, स्थान वा कालमा बाँध्न सकिँदैन, यसलाई समयसापेक्ष, स्थानसापेक्ष, कालसापेक्ष मान्न सकिन्छ। सामाजिक र राष्ट्रिय चेतनाको अर्को रूप आधुनिकता हो। आधुनिकता परिवर्तनशील हुनाले नै परम्पराको शंसोधन गरी रूढिवाद र अन्धविश्वासलाई हटाउँछ। यो इतिहासको नयाँ रूप हो। यसले भावुकतालाई छोडी वैज्ञानिकता, बुद्धि र तर्कलाई लिन्छ।

आधुनिकता आफैमा विवादास्पद पारिभाषिक शब्द मानिन्छ किनभने यस शब्दले हरेक परस्पर विरोधी किसिमको अर्थलाई ग्रहण गर्दछन् भन्ने विद्वान्हरू ठान्छन्; जस्तैः नेपाली साहित्यमा गुरुप्रसाद मैनाली पनि आधुनिक, तेस्रो आयामिक साहित्य पनि आधुनिक। अस्तित्ववादीहरूका लागि असम्भव तथा एकलोपन आधुनिकता हो। फ्रायडका लागि कुण्ठित तथा दमित कामवृत्ति वा अवचेतन, उपचेतनको स्वप्न रहस्य आधुनिकता हो। यसरी आधुनिकता भनेको परम्परासित पृथक् हुनु हो।

आधुनिक दृष्टिलाई विद्वान्हरू एक जटिल ऐतिहासिक एवम् बौद्धिक प्रक्रियाको परिणाम मान्दछन्। यो दर्शन, संस्कृति, कला-साहित्यमा देखापरेको वैचारिक आन्दोलन हो। तर आधुनिकताको सुरुवात कहिले कहाँबाट कसरी भयो भन्ने उत्तर खोज्न सम्भव छैन। तापनि यसको

वैचारिक मूल्यको निर्माण प्रक्रिया पुनर्जागरणको आरम्भबाट अनि यसको बहस अठारौँ शताब्दीमा आएर हुनथालेको देखिन्छ। लेखक अमर गिरीका अनुसार 'अठारौं शताब्दीको मध्ययुगदेखि उन्नाईसौं शताब्दीको मध्यसम्मको अवधिलाई युरोपमा ज्ञानोदयको रूपमा उल्लेख गरिन्छ। यो पुनर्जागरणको चरमोत्कर्ष थियो।' यसैले पुनर्जागरणसँग-सँगै आधुनिक युगको आरम्भ भएको स्पष्ट हुन्छ। पुनर्जागरणको समय देखा देखापरेको सामान्तवादी विचार र मूल्य विरुद्धको वैचारिक सङ्घर्ष नै आधुनिकताको खुड्किलो हो भने तथ्य, तर्क र मुक्तिको स्वप्न यसको मन्त्र हो। आधुनिकताको अवधारणाको विकासमा कान्ट, ह्युम, हेगेल, भोल्टेयर रुसो, दिदरो, मिकिसिन्स जस्ता पश्चिमी विद्वान्हरूका विशेष योगदान रहेका छन्।

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1 आधुनिक केलाई भनिन्छ?

..........................................................................................
..........................................................................................
..........................................................................................

2 आधुनिक शब्दको व्युत्पत्तिबारे लेख्नुहोस्।

..........................................................................................
..........................................................................................
..........................................................................................

3 आधुनिक र आधुनिकता के हो?

..........................................................................................
..........................................................................................
..........................................................................................

## 11.3 साहित्यमा आधुनिकताको अवधारणा

आधुनिक सोच, प्रथा वा औद्यौगिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवम् राजनैतिक स्थितिमा आएको परिवर्तनलाई आत्मसात् गरेर प्रकृतिमा मानिसलाई एकाधिकारका रूपमा श्रेष्ठ ठान्दै त्यसैको आवाज अभिव्यक्त गर्ने साहित्यिक चेतलाई साहित्यमा आधुनिकता भनिन्छ। अर्को अर्थमा समाजमा प्रचलित परम्परागत रूढि, धार्मिक अन्धविश्वास, सामाजिक वेथिति आदिको बन्धनबाट मुक्त स्वतन्त्र जीवन र अधिकारको समयसापेक्ष अभिव्यक्ति नै आधुनिक साहित्य हो।

विश्वमा आधुनिकताको दर्शन मध्ययुगपछिको पुनर्जागरण कालदेखि नै उदय भए पनि उन्नाईसौं र बीसौ शताब्दीको पूर्वार्द्धमा आएर मात्र त्यसको प्रभाव कला, संस्कृति र साहित्यमा परेको देखिन्छ।

'आधुनिक साहित्य मानवतावाद, स्वतन्त्रता, समानता, सामाजिक न्याय, समग्रता, एकता व्यवस्था, सार्वभौमिकता, केन्द्रियता, निरन्तरता, क्रमिकता, सोद्देश्यता, लेखक, लेखनको समापन, क्रमबद्धता, संरचना, मौलिकता' जस्ता विचारहरूका समष्टि रूप हो भन्न सकिन्छ।

साहित्यमा आधुनिकताले एउटा खास युगलाई समेट्दछ भने यसले समकालका घटनाहरूलाई उतार्न कोसिस गर्छ। साथै ऐतिहासिक चेतनालाई व्यक्त गर्दछ। आधुनिक साहित्यले जीवन र भोगाइलाई विविध बिम्ब सौन्दर्यबाट अभिव्यक्ति दिन्छ। समय चेतना अर्थात् युगबोध चेतना आधुनिक साहित्यको विशेषता हो। समाजमा प्रचलित रूढिप्रथा, सामाजिक बन्धन, अन्धविश्वास जस्ता घटनाहरूलाई विद्रोह गरी समाजमा परिवर्तन

ल्याउने प्रेरणा दिनु आधुनिक साहित्यको लक्ष्य हुन्छ। यसर्थ विद्रोह, विरोध, क्रान्ति, परिवर्तन आधुनिक साहित्यका आधार हुन्।

आधुनिक साहित्य सचेत लेखन हो। यसले लेखकलाई सचेत र अनुशासित भएर लेख्ने आग्रह राख्छ। र कृतिमा लेखकको अस्तित्वलाई सर्वोपरि मान्छ। लेखकलाई केन्द्रको रूपमा लिन्छ। विषयको गहनतालाई पत्यारिलो र सार्वकालिक बनाउनमा जोड दिनु आधुनिकतावादी साहित्य कटिबद्ध रहन्छ। आधुनिक साहित्य भन्नाले नीतिवादी, स्वच्छन्दतावादी, यथार्थवादी, प्रकृतवादी, प्रतीकवादी, अस्तित्ववादी, प्रतीक र बिम्बवादी मान्यताकेन्द्रित साहित्यलाई बुझिन्छ। व्यापक जीवनदृष्टि, बुद्धि, विवेक तथा परिष्कृत रुचिलाई सन्तुलनमा राखेर लेख्नु नीतिवादी साहित्य हो। यसले लेखनमा आत्मगौरव, शुद्धता, स्वच्छता तथा विचारमा स्पष्टता र सरल, सहज, सन्तुलित संरचनामा विश्वास गर्छ। यस दृष्टिले लेखेका साहित्यिक रचनाहरूलाई नै वास्तवमा आधुनिक साहित्य भनिन्छ। वैयक्तिक वा व्यक्तिवादी दृष्टि, कल्पना, प्रकृतिप्रेम, नवीनता, सौन्दर्य, मुक्ति, सहानुभूति, सूक्ष्मता, रहस्य, विद्रोह, हार्दिकता, ग्राह्यता, वैज्ञानिकता, अद्भूतता, आदर्श, नैतिकता, आध्यात्मिकता, राष्ट्रियता, तार्किकता, मानवता जस्ता विशेषता आधुनिक स्वछन्दतावादी साहित्यको लक्षण हो। आञ्चलिकता, स्वाभाविकता, विशिष्टता, वस्तुनिष्टता, लौकिकता, इमानदारिता, तथ्यपरकता, सामाजिकता, निम्नवर्गीय, सूक्ष्मता, क्रुरता, हिंसा, नग्नता जस्ता विशेषतालाई लिएर लेखिने आधुनिकतावादी साहित्य यथार्थवादी हो। ईश्वरीय शक्ति, इन्द्रजन्य, आहार, निद्रा, मैथुन, भय, तटस्थता, नग्नता, अश्लीलता, त्याग , बलिदान भातृत्व, करुणा, सहयोग, आत्मत्याग जस्ता विशेषता भएका प्रकृतवादी साहित्य नै आधुनिक साहित्य हो। अमूर्त विचार, अमूर्त सङ्केत, रहस्यात्मकता, समन्वय,

अखण्डता, प्रतीकात्मकता, गेयता, गूढता, अगम्य, सर्वजीववाद, पूर्णता जस्ता विशेषता हुने साहित्य आधुनिक प्रतीकवादी साहित्य हो।

उक्त साहित्यिक मान्यता र चिन्तनलाई लिएर लेखिने साहित्य नै आधुनिक साहित्य हो। नेपाली आधुनिक साहित्य सन् १९२७ देखि सुरु भएको प्रतीत हुन्छ। अतः आधुनिक नेपाली साहित्यको विकासमा तत्कालीन पत्र-पत्रिकाहरूको प्रकाशन अहम् भूमिका रहेको देखिन्छ। सर्वप्रथम देहरादूनबाट ठाकुर चन्दनसिंहद्वारा सम्पादित 'गोर्खा संसार' पत्रिकामा रूपनारायण सिंहद्वारा लिखित अन्नापूर्ण कथा नै आधुनिक साहित्य लेखनको खुँडकिलो हो। नेपाली साहित्यमा आधुनिक लेखनको विकास समान रूपमा भएको देखिँदैन। आजसम्म सबैभन्दा विवादास्पद रूपमा चर्चा हुँदै आएको विधा कविता हो। प्रथम आधुनिक कवि को हुन्? भन्ने प्रश्नबारे अन्योलता नै देखिन्छ। तापनि छ दशकसम्मको आयुमा आधुनिक नेपाली साहित्यको विकासलाई सन्तुष्ट मान्न सकिन्छ। लेखनाथ पौड्याल, धरणीधर शर्मा कोइराला, महानन्द सापकोटा, रूपनारायण सिंहा, गुरुप्रसाद मैनाली, बालकृष्ण सम, पुष्कर शमशेर, लक्ष्मीप्रसाद देवकोटा, रामकृष्ण शर्मा, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, हायमनदास राई किरात, शिवकुमार राई, गोपालप्रसाद रिमाल, अगमसिंह गिरी, गोविन्द बहादुर गोठाले, विजय मल्ल, शिवकुमार राई, इन्द्र सुन्दास, हरिभक्त कटुवाल, जीवन थिङ, विकास गोतामे, मच्छेन्द्र प्रधान, गङ्गा कप्तान प्रभृति आधुनिक लेखकहरू हुन्।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. साहित्यमा आधुनिकताको अवधारणा कहिलेदेखि सुरु भएको हो?

Notes

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

2. आधुनिक साहित्यका लक्षणहरू के-के हुन्?

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

3. आधुनिक लेखकहरूको परिचय दिनुहोस्।

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

## 11.4 आधुनिकतावादको परिचय

'आधुनिकता' शब्दमा 'वाद' जोडेर 'आधुनिकतावाद' शब्द व्युत्पन्न भएको देखिन्छ। यसैले आधुनिकता र आधुनिकतावाद एउटै होइनन् भन्ने स्पष्ट हुन्छ। 'वाद' कुनै विशिष्ट कुराको मत वा सिद्धान्त हो। अथवा उक्ति, विचार, कथन आदिलाई पनि सामान्य अर्थमा वाद भनिन्छ। वादलाई प्रत्ययको रूपमा पनि प्रयोग गरिन्छ, जस्तै नारीवाद, राष्ट्रवाद, प्रेमवाद आदि। आधुनिकता र आधुनिकतावादमा भिन्नता पाइन्छ। आधुनिकता चेतनको भाँति क्रियान्वित हुने प्रक्रिया हो भने आधुनिकतावाद एक प्रकारको रूढि प्रक्रिया हो। यसले रूढि बनेर साहित्य वा कलाको आन्तरिक स्वरूपलाई स्थिर बनाउँछ। यो परम्परागत मूल्यकै अनुरूप औ सज्जात्मक कोटिको रूपमा रहन्छ भन्ने विद्वान्हरू ठान्दछन्। आधुनिकतावाद सरल रूपमा आधुनिक सोच, चरित्र वा प्रथालाई भनिन्छ। यो शब्द उन्नाईसौं शताब्दीको अन्त्य र बीसौं शताब्दीको प्रारम्भ पश्चिममा व्यापक प्रभावका साथ सुदूर परिवर्तनगामी सांस्कृतिक प्रवृत्तिकी

रूपमा देखापरेको एउटा समूह एवम् त्यससित सम्बद्ध सांस्कृतिक आन्दोलनलाई बुझाउँछ। यस शब्दले त्यसलाई समेट्ने प्रयत्न गर्दछ जो एक उर्वर औद्यौगिक विश्वको नवीन आर्थिक, सामाजिक एवम् राजनैतिक स्थितिमा पुरातन हुँदै जान लागेका कला, वास्तुकला, साहित्य, धार्मिक विश्वास, सामाजिक सङ्गठन औ दैनिक जीवनको पारम्परिक रूपको महसुस गर्दछ।

आधुनिकतावाद बीसौ शताब्दीको सौन्दर्यशास्त्र आन्दोलनमा लक्षित रहेको देखिन्छ। यसले दर्शन, कला र साहित्य आदि क्षेत्रमा सौन्दर्य पक्षको उपजका लागि आधारहरू तयार गर्दछन्। आधुनिकतावाद आधुनिक र आधुनिकताको सययात्री हुन्। बीसौं शताब्दीको समयलाई पश्चिममा कला, साहित्य र संस्कृतिको उर्वर समय मानिन्छ। खासमा जर्मन कलाविद् हंस होफ्मनलाई आधुनिकतावादी सिद्धान्तकारका रूपमा चनिन्छन्। सन् १९३०मा उनले जर्मन र अमेरिकाका नयाँ पीढीका कलाकर्मीहरूलाई लिएर आधुनिकतावाद र आधुनिकतावादी सिद्धान्त सुरुवात गरेको देखिन्छ। उनले कला शिक्षण र व्याख्यानको माध्यमबाट आधुनिकतावादको क्षेत्र विस्तार गरेको पाइन्छ। घनश्याम ढकालका अनुसार आधुनिकतावादका लक्षणहरूमा केन्द्रण, उद्देश्य, मूल, आधार, सार्वभौम, समग्रता, उपस्थिति, वस्तुपरक, तर्कबुद्धि, प्रगति, गहिराई, सार, इतिहासको प्रगतिशीलता, मान्छे र लेखकको अस्तित्व आदि प्रमुख छन्। पुँजीवाद, औद्यौगिक क्रान्ति, साम्राज्यवाद, उपनिवेशवाद, मानवतावाद तथा मार्क्सवादलाई आधुनिकताकै उपज मानिन्छन्।

आधुनिकतावाद कला, संस्कृति वा साहित्यका क्षेत्रमा आधुनिकतावाद भन्नाले आधुनिक मान्यताहरूको सैद्धान्तिक घेरोको अधिनमा रहेर

आधुनिक भाव वा विचारलाई भाषिक अभिव्यक्तिद्वारा प्रस्तुत गर्नु हो। पाश्चात्य आधुनिक लेखकहरूमा एज्रा पाउण्ड, भर्जिना उल्प, जोसेफ क्रड, अल्फ्रेड जेरी, ह्वाल्सी स्टेभेन्स, गडफ्राइड बेन, टि.एस इलियड, डोरथी रिचार्डसन, विलियम फोल्कनर प्रभृति प्रमुख छन्।

विश्वमा आधुनिकतावादको सुरुवात उन्नाईसौं शताब्दीदेखि नै क्रमशः भए पनि नेपाली कला-साहित्यमा यसको शुभारम्भ सन् १९६० दशकपछि विकसित भएर एउटा अलग धाराको रूपमा प्रचलित रहेको देखिन्छ। हुनत नेपाली कला, संस्कृतिमा आधुनिकताको प्रभाव जङ्गहादुरको वेलायत यात्रापछि उनले ल्याएका परिवर्तनलाई मान्न सकिन्छ। तर त्यो केवल कला-संस्कृतिसित मात्र सम्बद्ध रहेकोले साहित्यमा आधुनिकताको सचेत प्रयोग ईस्वीको साठीपछि भएको हो। जसरी नेपाली साहित्यमा उडन्ते, काल्पनिक, जादू-टुना, ऐय्यारी, तिलस्मी, शृङ्गारभाव अलौकिकता, परलोकवादी जस्ता माध्यमिककालीन प्रवृत्तिलाई त्याग्दै आधुनिकताको प्रारम्भ भएको थियो आज आधुनिकतावादको लक्षणलाई लत्याउँदै नेपाली साहित्य उत्तरआधुनिकवादमा पाइलो टेकेको देखिन्छ।

**प्रगति जाँच गर्नुहोस् 3:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. आधुनिकतावादको मूल अर्थ के हो?

……………………………………………………………………………….
………………………………………………………………………………
………………………………………………………………………………

2. आधुनिकतावादी साहित्य केलाई भनिन्छ?

……………………………………………………………………………….
………………………………………………………………………………
………………………………………………………………………………

3. नेपाली साहित्यमा आधुनिकतावादको सुरुवात कहिले भएको हो?

………………………………………………………………………….

…………………………………………………………………………

…………………………………………………………………………

## 11.5 उत्तरआधुनिकतावादको परिचय र नेपाली साहित्य

उत्तरआधुनिकतावाद 'आधुनिकता' मा 'उत्तर' पद र 'वाद' प्रत्यय लागेर बनेको अङ्ग्रेजी Postmodernism शब्दको नेपाली रूपान्तरण हो। उत्तर अङ्ग्रेजीको Post शब्दको नेपाली रूपान्तरण हो। उत्तरले पछिको समय भन्ने बुझाउँछ। उत्तर शब्दलाई लिएर पाश्चात्य साहित्यमा धेरै चर्चा परिचर्चा भएको देखिन्छ। जे ल्योतार्डका अनुसार 'उत्तर' ले पहिलोबाट एउटा नयाँ दिशातर्फको केही परिवर्तनलाई सङ्केत गर्दछ। यसले प्रत्यावर्तन, पूर्वदीप्ति अथवा पूर्वपुष्टिको अर्थ दिँदैन अर्थात् यसले पुनरावृत्तिको गति हिन बरु ऐना को एउटा तरिका विश्लेषण, स्मृतिलोप, सादृश्य र दृष्टिभ्रम हो। यसरी नै 'वाद' को शाब्दिक अर्थबारे अघिल्लो एकाइमा चर्चा गरिएको छ। इतिहासकार अर्नोल्ड टायनवी उत्तरआधुनिक शब्दको प्रयोग प्रयोगता हुन्। उनले इतिहासको कालविभाजन गर्ने क्रममा पछिल्लो समयलाई उत्तरआधुनिक काल भनेर सम्बोधन गरेका छन्। अतः उत्तरआधुनिक के हो भन्ने सम्बन्धमा विद्वान्हरूका आ-आफ्नै अवधारणाहरू रहेका छन्। यसैले उत्तरआधुनिकतालाई एउटा परिभाषाभित्र समेट्न सकेको पाइँदैन किनभने यसको सुरुवात एकजना व्यक्तिको प्रयासबाट भएको होइन। उत्तरआधुनिकलाई उत्तरआधुनिकता र उत्तरआधुनिकतावाद जस्ता दुईवटा नामले पनि जानिन्छन्। जसले समान अर्थ सम्वहन गर्दछन् भनेर घनश्याम ढकाल भन्छन्। यसरी

उत्तरआधुनिक, उत्तरआधुनिकता र उत्तरआधुनिकतावादको विकास दोस्रो विश्वयुद्धपछिका दशकहरूमा भएको देखिन्छ। अतः उत्तरआधुनिक वादका रूपमा सन् १९३४ देखि प्रचलनमा आएको देखिन्छ। फेडरिको डि ओनिस उत्तरआधुनिकतावादको प्रथम प्रयोक्ता हुन्। तर यसको थालनी कहिले भयो भन्ने सम्बन्धमा एउटा मत पाइँदैन। जे. ल्योतार्ड, ज्याक डेरिडा, जीन बौर्द्रिलार्ड, मिसेल फुको, प्रेडरिक जेमसन, फ्रान्सिस फुकुयामा, इहव हसन, गिलिज डिल्युज, फेलिक्स गुट्टारी, रोलाँ वार्ट आदि उत्तरआधुनिकतावादी चिन्तकहरू हुन्। यीमध्ये जीन ल्योटार्डको भूमिकालाई सर्वोपरि मानिन्छ। उनको The Postmodern Condition : A Report on Knowledge (1979) पुस्तकलाई उत्तरआधुनिकतावादी सिद्धान्तको गुरुग्रन्थ मानिन्छ।

उत्तरआधुनिकतावाद कला, संस्कृति र साहित्यमा आजसम्म सबैभन्दा धेरै चर्चा र बहस हुँदै आएको सैद्धान्तिक आन्दोलन हो। धेरैले यसलाई प्रवृत्ति पनि मान्ने गर्दछन्। विद्वान्हरूले यसको विभिन्न अवधारणा प्रस्तुत गरेका छन्। आजसम्म प्राप्त विद्वान्हरूका मूल मूल अवधारणा यस प्रकार देखाउन सकिन्छ। ल्योटार्ड भन्छन्- यो (उत्तरआधुनिकता) निसन्देह आधुनिकताको एउटा हिस्सा हो। हिजो जे जति प्राप्त गरिएको छ, त्यसलाई शंका गरिनै पर्छ। एउटा रचना आधुनिक त्यसबेला हुन्छ जब पहिले त्यो उत्तरआधुनिक हुन्छ। त्यसैले उत्तरआधुनिकतावादलाई आधुनिकताको अन्तको रूपमा होइन नवजात राज्यको रूपमा बुझ्नुपर्दछ र यो राज्य सतत हुन्छ भनेका छन्। बौर्द्रिलार्डले पनि उत्तरआधुनिकतालाई आधुनिकताको मृत्यु, यथार्थको मृत्यु र यौनको मृत्युको रूपमा हरेका छन्। र उनले अब वस्तु होइन वस्तुको छवि महत्त्वपूर्ण रहनेछ बन्ने अवधारणा प्रकट गरेका छन्। फ्रेडरिक जेमसनले उत्तरआधुनिकतालाई

'पुँजीवादको सांस्कृतिक तर्क' भनेका छन्। साथै उत्तरआधुनिकतावादी अवधारणाको सन्दर्भमा मिसेल फुकोको धारणालाई महत्त्वपूर्ण मानिन्छ।

उत्तरआधुनिकतावादलाई धेरैले भ्रमको सिद्धान्त मान्ने गर्दछन्। तर यो कुनै वाद नभएर लेखनमा आएको एउटा विशेष प्रवृत्ति हो भन्ने धारणा पनि छ। यसलाई कतिले युगको सांस्कृतिक छविका रूपमा सहमति दिएका छन् भने मार्क्सवादीहरू यसका कट्टर विरोधी देखिन्छन्। उनीहरूका विचारमा उत्तरआधुनिकता युग परिवर्तनलाई सतही, विकेन्द्रित, कृतिमता र खेलाँचीपूर्ण सारसङ्ग्रहवादी सोचलाई प्रतिबिम्बित गर्ने सांस्कृतिक शैली हो विष्णु प्रभात भन्छन्। तर घनश्याम नेपालका अनुसार उत्तरआधुनिकतावाद साखि समय क्रमका दृष्टि मात्र होइन प्रवृतति र विशेषताका आधारमा हेर्दा पनि आधुनिकतावादबाट विकसित भएको एउटा दृष्टिकोण र शैली हो। यो एउटा आत्मोत्च्छेदी, अन्तर्विरोधी, अन्तर्वैयक्तितावादी र आत्मवादी दृष्टिकोण र घटनातन्त्र हो। उत्तरआधुनुकतावादको दृष्टिमा दर्शन, सिद्धान्त र मान्यताहरू सबै मानव निर्मित धारणा मात्र हुन्। विश्व-व्यवस्था, वस्तुजगत् र घटनातन्त्र आदि सबै तीभन्दा पर र स्वतन्त्र छन्। पदार्थको चूडान्त रूपको निर्धारण वा किटान गर्नु सम्भव छैन किनभने त्यसको मूल प्रकृति नै अनिर्धार्य र अस्थिर छ।

हुनत उत्तराधुनिकताको प्रथम प्रयोग र प्रचलन वास्तुकलाको क्षेत्रमा भएको हो तर कालान्तरमा यसले साहित्यमा नवीन शैली र अभिव्यक्तिको ढङ्गका रूपमा प्रवेश गरेको देखिन्छ। साहित्यमा स्थापित हरेक मान्यता वा मानकको भञ्जन तथा अतिक्रमणलाई बुझाउँछ। अतः लक्षमण गौतम अनुसार केन्द्रभङ्गको स्थितिबाट उत्तरआधुनिकतावादी साहित्यको जन्म

भएको हो। उत्तरआधुनिकतावादी उपन्यासकार जोह्न बार्थका शब्दमा, उत्तरआधुनिकतावाद कुनै महान् कला-कृतिको हलुका अनुकृति वा प्यरोडीजस्तो, अर्थात् 'इपिगोनिक' र अपक्रषमूलक हुन्छ। अथवा, प्याट्रिसिया वाले भने झैं यो अपरिहार्य रूपले प्यारोडीपरक र पुराणपरक साहित्य हो भनेर विधा-विविधा पुस्तकमा घनश्याम नेपालले उल्लेख गरेका छन्। उत्तरआधुनिकतावाद एउटा विषय, क्षेत्र र सिद्धान्तमा मात्र सीमित नभई यो बहुलवादी अवधारणा हो। यसैले उत्तरआधुनिकतावादी साहित्यले स्थूल र व्यापक सांस्कृतिक क्षेत्रलाई ओगटेको देखिन्छ। नारीवाद, उपनिवेशवाद, नवइतिहासवाद, विनिर्माणवादको दर्शनलाई उत्तरआधुनिकतावादको हिस्सा मानेका छन्। यसैले स्त्रीअध्ययन, लैङ्गिक अध्ययन, पर्यावरण लेखन, जातीय अध्ययन, सामवेशी साहित्य, डायास्पोरिक साहित्य, अभिघात वा युद्धलेखन, सवाल्टर्न साहित्य, भिन्न क्षमताको अध्ययन, किनाराकृत साहित्य, दलित साहित्य, जनजातीय लेखन सबै उत्तरआधुनिकतावादी साहित्यका विषय क्षेत्रहरू हुन् भने नवीनता, प्रयोगपरकता, विनिर्माण, विधामिश्रण, पुनर्लेखन, अन्तःपाठात्मकता, अन्तर्विषयात्मकता, बहुअर्थकता वा अर्थको अनिश्चितता, मुक्त संरचना आदि उत्तरआधुनिकतावादी साहित्यका शैलीगत प्रवृत्तिहरू हुन्।

साहित्यमा उत्तरआधुनिकतावादी चिन्तनको परम्परा सन् १९६० को दशकपछि थालिएको मानिन्छ। यसैले उत्तरआधुनिकतावादी साहित्यको सैद्धान्तिक अवधारणालाई उत्तरआधुनिकतावादी विचारदर्शनको प्रतिफल मान्न सकिन्छ। रौँला बार्थको रचना लेखकको मृत्यु १९६८ मा प्रकाशित भएपछि साहित्यमा उत्तरआधुनिकतावादको विधिवत प्रारम्भ भएको लेखक अमर गिरी ठान्छन्। विश्वमा उत्तरआधुनिकतावादी साहित्यलाई निश्चित

स्वरूप र दृष्टि प्रदान गर्ने साहित्यकारहरूमा जर्ज लुइस बरगेज, ब्लादिमिर नवाकोव, थोमस पान्चिन, रौँला वार्थ प्रभृत्ति प्रमुख मानिन्छन् भने सामुएल वेकेट, यूजेनआइनेस्को, जन बार्थ जोहन एसब्यूरी, थोमस पिन्चेस, डोनाल्ड बार्थेस, विलियम एलन बोरोल्स, वाल्टर पेटर, रोबि गिलेट, पिटर ह्यानकी, कार्लोफियेटी, फोर्लुइ, बोर्गीज आदि सिर्जनात्मक क्षेत्रका उम्दा लेखकहरू हुन्।

उत्तरआधुनिकतावादी साहित्यको स्रोत उत्तरआधुनिकतावादी संस्कृति चिन्तन र दृष्टिकोण हो भन्ने देखिन्छ। अमर गिरीले यथार्थको अन्त, लेखनको अन्त, पाठको अन्त, कविताको अन्त, भाषाको अन्त, अनन्तः साहित्यकलाको अन्त उत्तरआधुनिकतावादी अवधारणा हो भनेका छन्। यसैले उत्तरआधुनिकतावादी साहित्य चिन्तन सौन्दर्यको विरोधी देखिन्छन्। उत्तरआधुनिकतावादी साहित्यमा साहित्य, शास्त्र, दर्शन जस्ता विषयमा भेद देखिँदैन। उनीहरूका दृष्टिमा पाठभन्दा बाहिर अर्को कुनै अस्तित्व छैन। यसलाई अन्य विषयसित जोडेर निश्चित अर्थ खोज्नु व्यर्थ छ। पाठभन्दा माथि अरूथोक छैन, यो भाषिक खेल हो। यसले पाठमा विखण्डन र विपठनमा जोड दिन्छ। सङ्केत यसको आधारशीला हो।

नेपाली साहित्यमा उत्तरआधुनिक चिन्तन, विचार र शैलीको प्रयोग कहिलेदेखि कसले गरे भन्ने विषयमा जानकारी छैन। नेपाली साहित्यमा उत्तरआधुनिकतावादको प्रयोग कुनै संस्थागत र आन्दोलनको रूपमा नभएर सिर्जनाबाट व्यक्तिगत प्रयासमा भएको देखिन्छ। उत्तरआधुनिकतावादको प्रभाव नेपाली साहित्यका आख्यान, कविता, नाटक, निबन्ध, समालोचना जस्ता विधाहरूमा भएको पाइन्छ। उत्तरआधुनिक शब्दको व्यवहार नगरे तापनि सर्वप्रथम इन्द्रबहादुर राईको

रूपरेखा पत्रिका (सन् १९७७) मा प्रकाशित 'भ्रान्तिहरू र लीलालेखन मात्र' र अशेष मल्ल र किशोर पहाडीको 'कथा कोणलेखन' (सन् १९८६) लाई यसको पूर्व संकेत मान्न सकिन्छ। राईकै 'कठपुतलीको मन' शीर्षक लीला कथालाई उत्तरआधुनिक आख्यान लेखनको सचेत प्रयास मान्न सकिन्छ। अतः कथा जगत्मा भन्द झण्डै दुई दशकपछि मात्र उपन्यासमा उत्तरआधुनिकताको प्रयोग हुन थालेको बोध हुन्छ। नेपाली साहित्यमा उत्तरआधुनिकतावादी चिन्तनकेन्द्री आख्यानकारहरूमा इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, प्ररशु प्रधान, कृष्ण धरावासी, अनमोलमणि, रोशन थापा निरव, सरुभक्त, राजव, मोहनराज शर्मा, जगदीश घिमिरे, अमर न्यौपाने, कुमार नगरकोटी, भागीरथी श्रेष्ठ, नारायण वाक्ले, विन्ध्या सुब्बा, पुष्पा राई, जया राई, उषा शेरचन, नारायण वाग्ले, प्रदीप गुरुङ, सञ्जय विष्ट, उदय थुलुङ, प्रवीन राई जुमेली, खुसेन्द्र राई, युवा बराल, छुदेन काविमो, मनोज बोगटी प्रभृत्ति प्रमुख छन्। कुमारप्रसाद कोइराला अनुसार लैङ्गिक चेतना, द्वन्द्व र युद्धजन्य अभिघात, आत्मकथात्मकता, तथ्य र स्वैरकल्पनाको मिश्रण, पर्यावरणीय चेतना, बहुसांस्कृतिकता, साइबर संस्कृतिको चित्रण, बहुलता, पराऔपन्यासिकता, विधा मिश्रण, भूमण्डलीय चेतना, आप्रावासी चेतना, नवमार्क्सवादी आदि उत्तरआधुनिक प्रवृत्ति र विशेषता नेपाली आख्यानमा पाइन्छन्।

नेपाली कवितामा उत्तरआधुनिकतावादी प्रयोग कहिलेदेखि भयो भन्ने निश्चित छैन तापनि सन् १०६० को दशकमा पाश्चात्य उत्तरआधुनिक साहित्य लेखनको प्रभाव नेपाली कवितामा परेको देखिन्छ। यसो हुनु नेपालको राजनीतिक क्रान्तिकारी परिवर्तन मुख्य देखिन्छ। पञ्चयाती व्यवस्थापछि बहुदलीय व्यवस्था लागु हुनु, प्राविधिक विकासमा गतिशीलता आउनु, वाक्स्वतन्त्रता र प्रकाशन व्यवस्थाको उचित व्यवस्था

हुनु, औद्यौगिक विकास र भूमण्डलीकरणको चेतनाको प्रभाव, सडक कविता क्रान्ति, भोक कविता आन्दोलन, तरलवाद, जनआन्दोलन कविता, सिर्जनशील अराजक समूह, गणतन्त्रवादी कविता आन्दोलन, रङ्गवाद, विचलन, किनारीकरण, समावेशी लेखन जस्ता प्रभावले नेपाली कवितालाई उत्तरआधुनिक चेतनाको नजिक पुर्‍याउन सहयोग गरेका छन्। नेपाली कवितामा पाइने भूमण्डलीय चेतना, साबर संस्कृति, केन्द्ररहिता, लैङ्गिक सामनता, दलित आवाज, लोक अभिव्यक्ति, प्रयोगपरकता, अधिनायकवादी राजनीतिको विरोध, विनिर्माण आदि उत्तरआधुनिकतावादी विशेषताहरू हुन्। वैरागी काइँला, उपेन्द्र सुब्बा, मनप्रसाद सुब्बा, मोहन ठकुरी, नोर्जाङ स्याङ्देन, विमल निभा, मञ्जुल, उषा शेरचन, कृसु क्षत्री, खगेन्द्र सङ्ग्रौला, अभि सुवेदी, स्पनील स्मृति, सञ्जय वान्तवा, उदय थुलुङ, सुधीर छेत्री, मनोज बोगटी, वासुदेव पुलामी, ज्ञानेन्द्र यक्सो, लेखनाथ छेत्री, विनोद रसाइली आदि उत्तरआधुनिकतावादी दृष्टि राखेर कलम चलाउने कविहरूका रूपमा नाम लिन सकिन्छ।

नेपाली नाटकमा पनि आख्यान र कवितामा झैं उत्तरआधुनिक शिल्प-शैलीको प्रयोग गरेर लेखिएको पाइन्छ। नब्बेको दशकदेखि नै नाट्यविधामा पनि उत्तरआधुनिकतावादको प्रयोग र प्रभाव रहेको देखिन्छ। यस कालका उत्तरआधुनिक नाटककारका रूपमा अभि सुवेदीको नाम लिइन्छ। सुवेदीका नाटकमा दार्शनिकता, नारीवाद, मिथक, युद्धजन्य पीडा, बहुसांस्कृतिक स्वर, लोकतत्त्व, विनिर्माण जस्ता विशेषता पाइन्छन्। अभि सुवेदी, मोहनराज शर्मा, इन्द्रबहादुर राई, अशेष मल्ल, सरुभक्त, शारदा सुब्बा, विप्लव ढकाल, कृष्ण शाह यात्री, इन्द्रमणि दर्नाल, राजु प्रधान हिमाङ्शु, किरण ठकुरी, लक्षमण श्रीमल, सि.के श्रेष्ठ उत्तरआधुनिक प्रवृत्तिका नाटककारहरू हुन्।

नेपाली निबन्धमा पनि एउटै समयको हाराहारीमा उत्तरआधुनिक प्रवृत्तिका निबन्ध लेख्ने थालिएको देखिन्छ। अभि सुवेदीका कार्पेट टाँगिएको आकाश, निबन्ध र टुँडिखेलजस्ता सङ्ग्रहबाट नेपाली निबन्ध विधामा उत्तरआधुनिक लेखनको आरम्भ भएको विद्वान्हरू मान्छन्। उत्तरआधुनिक चिन्तनको प्रयोग गरी कलम चलाउने निबन्धकारहरूमा गोविन्दराज भट्टराई, सन्जीव उप्रेती, अच्युत वाग्ले, कृष्ण धरावासी, ध्रुवचन्द्र गौतम, प्रदीप नेपाल, प्रतीक ढकाल, मोमिला, मुकेश मल्ल, खगेन्द्र सङ्ग्रौला, गणेश रसिक, भूपिन, सागर अनुप्रास आदि प्रमुख छन्। लैङ्गिक विभेद, पर्यावरणीय चेतना, बहुलता, आत्मकथात्मकता, भूमण्डलीय र स्थानीय चेतना, सीमान्तीकृत, प्रविधि संस्कृति जस्ता विशेषता यस कालका निबन्धमा पाइन्छन्।

नेपाली साहित्यमा पनि उत्तरआधुनिक प्रवृत्तिका समालोचनाहरू लेखिरहेको पाइन्छ। यस कालका समालोचकहरूले नारीवादी, विनिर्माणवादी, डायास्पोरिक, पर्यावरणीय, उत्तरऔपनिवेशिक, सांस्कृतिक, लैङ्गिक, बहुलबादी, पाठकेन्द्री, नवमार्क्सवादी जस्ता प्रवृत्तिलाई आत्मसात् गरेर लेखेका पाइन्छन्। 'चक्रव्यूह सञ्चेतना' (सन् २००३) उत्तरआधुनिक समालोचना लेखनको अभियान हो। उत्तराधुनिकतावादी प्रवृत्तिलाई आत्मसात् गरेर कलम चलाउनेहरूमा इन्द्रबहादुर राई, कृष्ण गौतम, अभि सुवेदी, कृष्ण गौतम, ऋषिराज बराल, लक्खीदेवी सुन्दास, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, घनश्याम नेपाल, पेम्पा तामाङ, नेत्र एटम, लक्ष्मणप्रसाद गौतम, सुधा त्रिपाठी, कविता लामा, रेमिका थापा, सन्जीव उप्रेती, ताराकान्त पाण्डेय, प्रवीण राई जुमेली आदि प्रमुख देखिन्छन्।

**प्रगति जाँच गर्नुहोस् 4:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. उत्तरआधुनिकतावाद केलाई भनिन्छ?

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

2. उत्तरआधुनिकतावादका प्रमुख क्षेत्र र लक्षणहरू लेख्नुहोस्।

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

3. नेपाली साहित्यमा उत्तरआधुनिकतावादको प्रभाव।

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

## 11.6 उपसंहार

आधुनिकतावाद वास्तुकला, दर्शन, साहित्य आदि मानवीय क्षेत्रहरूमा प्रचलित सिद्धान्त वा प्रवृत्ति विशेष हो। अङ्ग्रेजी भाषामा प्रचलित Modern शब्दको नेपाली रूप आधुनिक हो। Modern ल्याटिन भाषाबाट व्युत्पत्ति भएको मानिन्छ। जसको सामान्य अर्थ वर्तमानमा जे प्रचलनमा छ त्यही आधुनिक हो। तर आधुनिक शब्द विभिन्न अर्थमा विस्तार भएको पाइन्छ। केन्द्रण, उद्देश्य, मूल, आधार, सार्वभौम, समग्रता, उपस्थिति, वस्तुपरक, तर्कबुद्धि, प्रगति, गहिराई, सार, इतिहासको प्रगतिशीलता, मान्छे र लेखकको अस्तित्व आदि प्रमुख छन्। पुँजीवाद, औद्योगिक क्रान्ति, साम्राज्यवाद, उपनिवेशवाद, मानवतावाद तथा मार्क्सवादजस्ता विशेषता आधुनिकतावादका लक्षणहरू हुन्।

आधुनिकतावाद कै उत्तर पद लागेर आधुनिकतापछि उठेको सांस्कृतिक आन्दोलन उत्तरआधुनिकतावाद हो। उत्तरआधुनिकतावाद एउटा व्यापक र विस्तृत दर्शन वा प्रवृत्तिका रूपमा विद्यमान छ। यसलाई ‘प्रौढ पुँजीवादको सांस्कृतिक तर्क’ को रूपमा पनि अर्थ्याइएको पाइन्छ। साहित्यको क्षेत्रमा उत्तरआधुनिकतावादको प्रवेश बीसौँ शताब्दीमा भएको हो। साहित्यमा नवीनता, प्रयोगपरकता, विनिर्माण, विधामिश्रण, पुनर्लेखन, अन्तःपाठात्मकता, अन्तर्विषयात्मकता, बहुअर्थकता वा अर्थको अनिश्चितता, मुक्त संरचना आदि उत्तरआधुनिकतावादी शैलीगत प्रवृत्तिका रूपमा प्रचलित छन्। जे. ल्योतार्ड, ज्याक डेरिडा, जीन बौर्द्रिलार्ड, मिसेल फुको, प्रेडरिक जेमसन, फ्रान्सिस फुकुयामा, इहव हसन, गिलिज डिल्युज, फेलिक्स गुट्टारी, रोलाँ वार्ट आदि उत्तरआधुनिकतावादी चिन्तकहरू हुन्। उत्तरआधुनिकतावादको प्रभाव नेपाली साहित्यका आख्यान, कविता, नाटक, निबन्ध, समालोचना जस्ता विधाहरूमा परेको पाइन्छ। उत्तरआधुनिक लेखकका रूपमा इन्द्रबहादुर राई, कृष्ण गौतम, अभि सुवेदी, कृष्ण गौतम, ऋषिराज बराल, लक्खीदेवी सुन्दास, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, घनश्याम नेपाल, पेम्पा तामाङ, नेत्र एटम, लक्ष्मणप्रसाद गौतम, सुधा त्रिपाठी, कविता लामा, रेमिका थापा, सञ्जीव उप्रेती, ताराकान्त पाण्डेय, प्रवीण राई जुमेली, होम सुवेदी प्रभृतिहरूका नाम लिन सकिन्छ।

## 11.7 सार

यस प्रखण्डमा आधुनिक, आधुनिकता, आधुनिकतावाद र यसको अवधारणा अनि उत्तरआधुनिक, उत्तरआधुनिकता, उत्तरआधुनिकतावाद र नेपाली साहित्यमा यसको अवधारणाबारे सामान्य जानकारी प्राप्त भयो। उक्त जानकारीहरूलाई तलका बुँदाहरूमा संक्षिप्त समेट्न सकिन्छ।

- 'आधुनिक' शब्द अङ्ग्रेजी 'मोर्डन' को नेपाली रूपान्तरण हो। मोर्डन शब्दको व्युत्पत्ति ल्याटिन भाषाको मोडो (MODO) बाट भएको हो। मोडोको शाब्दिक अर्थ 'प्रचलन' हो, यसले त्यो अर्थ दिन्छ, जे आज प्रचलित छ त्यही आधुनिक हो। अर्थात् 'यही समयमा' भन्ने पनि बुझाउँछ। आधुनिक शब्द आधुनिकता, आधुनिकतावाद, आधुनिकीकरण, युगबोध, समकालीनता, नागरीकरण, आधुनिकताबोध, पाश्चात्यकरण जस्ता शब्दहरूसित जोडिएर आएको पाइन्छ।
- उत्तरआधुनिकतावाद 'आधुनिकता' मा 'उत्तर' पद र 'वाद' प्रत्यय लागेर बनेको अङ्ग्रेजी Postmodernism शब्दको नेपाली रूपान्तरण हो। उत्तर अङ्ग्रेजीको Post शब्दको नेपाली रूपान्तरण हो। उत्तरले पछिको समय भन्ने बुझाउँछ।
- 'आधुनिकता' शब्दमा 'वाद' जोडेर 'आधुनिकतावाद' शब्द व्युत्पन्न भएको देखिन्छ। यसैले आधुनिकता र आधुनिकतावाद एउटै होइनन्। 'वाद' कुनै विशिष्ट कुराको मत वा सिद्धान्त हो। आधुनिकता र आधुनिकतावादमा भिन्नता पाइन्छ। आधुनिकता

चेतनको भाँति क्रियान्वित हुने प्रक्रिया हो भने आधुनिकतावाद एक प्रकारको रूढि प्रक्रिया हो।

- केन्द्रण, उद्देश्य, मूल, आधार, सार्वभौम, समग्रता, उपस्थिति, वस्तुपरक, तर्कबुद्धि, प्रगति, गहिराई, सार, इतिहासको प्रगतिशीलता, मान्छे र लेखकको अस्तित्व आदि प्रमुख छन्। पुँजीवाद, औद्यौगिक क्रान्ति, साम्राज्यवाद, उपनिवेशवाद, मानवतावाद तथा मार्क्सवाद आधुनिकतावादका लक्षणहरू हुन्।
- नारीवाद, उपनिवेशवाद, नवइतिहासवाद, विनिर्माणवादको दर्शनलाई उत्तरआधुनिकतावादका हिस्सा हुन्। स्त्रीअध्ययन, लैङ्गिक अध्ययन, पर्यावरण लेखन, जातीय अध्ययन, सामवेशी साहित्य, डायास्पोरिक साहित्य, अभिघात वा युद्धलेखन, सवाल्टर्न साहित्य, भिन्न क्षमताको अध्ययन, किनाराकृत साहित्य, दलित साहित्य, जनजातीय लेखन सबै उत्तरआधुनिकतावादी साहित्यका विषय क्षेत्रहरू हुन्।
- नवीनता, प्रयोगपरकता, विनिर्माण, विधामिश्रण, पुनर्लेखन, अन्तःपाठात्मकता, अन्तर्विषयात्मकता, बहुअर्थकता वा अर्थको अनिश्चितता, मुक्त संरचना आदि उत्तरआधुनिकतावादी साहित्यका शैलीगत प्रवृत्तिहरू हुन्।
- 'आधुनिक साहित्य भनेको मानवतावाद, स्वतन्त्रता, समानता, सामाजिक न्याय, समग्रता, एकता व्यवस्था, सार्वभौमिकता, केन्द्रियता, निरन्तरता, क्रमिकता, सोद्देश्यता, लेखक, लेखनको समापन, क्रमबद्धता, संरचना, मौलिकता' जस्ता विचारहरूका समष्टि रूप हो।

- उत्तरआधुनिकतावादको प्रभाव नेपाली साहित्यका आख्यान, कविता, नाटक, निबन्ध, समालोचना जस्ता विधाहरूमा भएको पाइन्छ। उत्तरआधुनिक शब्दको सर्वप्रथम सङ्केत इन्द्रबहादुर राईको रूपरेखा पत्रिका (सन् १९७७) मा प्रकाशित 'भ्रान्तिहरू र लीलालेखन मात्र' र अशेष मल्ल र किशोर पहाडीको 'कथा कोणलेखन' (सन् १९८६) मा पाइन्छ।
- इन्द्रबहादुर राई, कृष्ण गौतम, अभि सुवेदी, कृष्ण गौतम, ऋषिराज बराल, लक्खीदेवी सुन्दास, राजेन्द्र सुवेदी, मोहनराज शर्मा, गोविन्दराज भट्टराई, घनश्याम नेपाल, पेम्पा तामाङ, नेत्र एटम, लक्षमणप्रसाद गौतम, सुधा त्रिपाठी, कविता लामा, रेमिका थापा, सञ्जीव उप्रेती, ताराकान्त पाण्डेय, प्रवीण राई जुमेली, होम सुवेदी प्रभृत्तिले उत्तरआधुनिक दृष्टिबाट लेख्न खोज्ने लेखकहरू हुन्।

## 11.8 अनुशीलनी

1. 'आधुनिक' को अर्थ र परिचय दिनुहोस्।

2. आधुनिक, आधुनिकता र आधुनिकतावादको समान्त र भिन्नता चिनाउनुहोस्।

3. साहित्यमा आधुनिकताको अवधारणालाई प्रकाश पार्नुहोस्।

4. उत्तरआधुनिकतावादको परिचय दिनुहोस्।

5. नेपाली साहित्यमा उत्तरआधुनिकताको अवधारणा र प्रयोगबारे चर्चा गर्नुहोस्।

## टिप्पणी लेख्नुहोस्;-

१. आधुनिकता र उत्तरआधुनिकता।

२. नेपाली साहित्यमा आधुनिकताको अवधारणा।

३. उत्तरआधुनिकतावादका लक्षणहरू।

४. जीन ल्योटार्डको योगदान।

५. नेपाली साहित्यका उत्तरआधुनिक सर्जक।

# 11.9 अतिरिक्त अध्ययन


1. घनश्याम नेपाल- विधा-विविधा।

2. कृष्ण गौतम – उत्तरआधुनिक संवाद

3. कृष्ण गौतम – उत्तरआधुनिक सिज्ञासा।

4. मोदनाथ प्रश्रित – भृकुटी (उत्तरआधुनिक विशेषाङ्क।

5. लक्खीदेवी सुन्दास – समय र समीक्षणा।

6. सञ्जीव छेत्री – सिद्धान्तका कुरा।

7. मोहनराज शर्मा र खगेन्द्र लुइटेल – पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त।

8. कविता लामा – कविता डिस्कोर्स।

9. नेत्र एटम – समालोचनाको स्वरूप।

10. इन्द्रबहादुर राई – अर्थहरूको पछिल्लितिर।

11. J.F Lyotard – The Postmodern Condition: A Report on Knowledge

12. इन्द्रनाथ मदान – आधुनिकता और हिन्दी साहित्य।

## 11.10 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 11.3 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 11.3 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 11.3 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**2. प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 11.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 11.4 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 11.4 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**3.प्रगति जाँच गर्नुहोस् 3:**

प्रश्न-1 अन्तर्गत एकाइ 11.5 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 11.5 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 11.5 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**4.प्रगति जाँच गर्नुहोस् 4:**

प्रश्न-1 अन्तर्गत एकाइ 11.6 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 11.6 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 11.6 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

# एकाइ 12. आधुनिक नेपाली साहित्येतिहासको सामाजिक, सांस्कृतिक र राजनैतिक पृष्ठभूमि

12.0 उद्देश्य

12.1 परिचय

12.2 आधुनिक नेपाली साहित्येतिहासको सामाजिक पृष्ठभूमि

12.3 आधुनिक नेपाली साहित्येतिहासको सांस्कृतिक पृष्ठभूमि

12.4 आधुनिक नेपाली साहित्येतिहासको राजनैतिक पृष्ठभूमि

12.5 उपसंहार

12.6 सार

12.7 अनुशीलनी

12.8 अतिरिक्त अध्ययन

12.9 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 12.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्नसक्नु हुनेछ:

- आधुनिक नेपाली साहित्येतिहासको सामाजिक पृष्ठभूमि
- सांस्कृतिक पृष्ठभूमि
- राजनैतिक पृष्ठभूमि
- सामाजिक, सांस्कृतिक, राजनैतिक विशेषता

## 12.1 परिचय

कुनै पनि जातिका साहित्यको मेरुदण्ड राष्ट्रको सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक संरचना नै हुने गर्छ। यसैको प्रभाव र परिवेशमा त्यस जातिको साहित्य हुर्केको हुन्छ। यसैले विभिन्न समय र कालखण्डमा रचिएका साहित्यलाई बुझ्न तत्समयका सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक अवस्था र त्यस परिवेशको ऐतिहासिक पृष्ठभूमिप्रति अवगत हुन नितान्त आवश्यकता पर्छ। अनि मात्र साहित्यिक इतिहासको विकास-प्रक्रिया थाहा पाइन्छ। अतः आधुनिक नेपाली साहित्येतिहासको विकासमा पनि सामाजिक, सांस्कृतिक र राजनैतिक पृष्ठभूमिको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ। आधुनिक नेपाल अधिराज्यको गठन, प्रजातान्त्रिक आन्दोलन, भारत स्वतन्त्र आन्दोलन साथै विभिन्न समयमा भएका भाषिक, साहित्यिक र सांस्कृतिक जागरण नेपाली साहित्यका प्रेरकतत्त्व हुन्। रूपमति, भ्रमर, कथा-कुसुम, मुना-मदन, मसान यसैका उदाहरण छन्। यसैले यस एकाइमा आधुनिक नेपाली साहित्येतिहासमा सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमिलाई हेरिनेछ।

## 12.2 आधुनिक नेपाली साहित्येतिहासको सामाजिक पृष्ठभूमि

आधुनिक नेपाली साहित्येतिहास परम्पराको अभिवृद्धिमा सामाजिक पृष्ठभूमिको अहम् भूमिका रहेको छ। आधुनिक कालको मिरमिरेसँगै आम नेपालीहरूमा सामाजिक चिन्तनको आंशिक उज्यालो देखिनु थालेको हो। तर सामाजिक कुप्रथा, अन्धविश्वास, जातीय भेदभाव, गरीबी, नारी शोषण, दमन र उत्पीडन, अध्यात्मिक चेतनाको अभावले नेपाली समाजलाई भित्र-भित्र खाइरहेको थियो। राज्यमा शिक्षाको कमी र गरीबीको कारण

आम जनता ब्युँझन नसक्नु अस्वाभाविक थिएन। यस्तो परिस्थितिमा समाजमा अन्धविश्वासले जरा गाड्नु, जातीय विभेद अझ दोबर भएर जानु, गरीबीले सीमा नाङ्नु, प्रतिदिन नारी अत्याचार बढ्दै जानु, आध्यात्मिक ज्ञानको सट्टामा हत्या, हिंशा, धुर्त्याइँ, मुर्ख्याइँ जस्ता अमानवीय क्रियाकलापले झन् प्रोत्साहन पाउनु स्वाभाविक थियो। तापनि जनतामा सांस्कृतिक जागरणको भोग अन्तर्तहमा जाग्दै आउँदै थियो। जनता स्वतन्त्रताका प्यासी बन्न थालेका थिए। लेखकहरू स्वतन्त्रताको पक्षमा परोक्ष सामाजिक कुप्रथा र आडम्बरप्रति विद्रोहको निम्ति कलमको सहारा लिइरहेका थिए। त्यसैको फलस्वरूप आधुनिक नेपाली समाजमा लेखनाथ पौड्याल, धरणीधर शर्मा, महानन्द सापकोटा, पारसमणि प्रधान आदि कविहरूको जन्म भयो। लेखनाथले नेपाली समाजमा नीति शिक्षा र उपदेशको अभाव देखे। तर कति आलोचकहरूले 'सामाजिक वस्तुस्थिति र यथार्थको गर्भबाट लेखनाथको कवि जन्मेको होइन' तापनि नेपाली समाजलाई आध्यात्मिक उज्यालो दिएर नैतिक पतनबाट बाँच्ने उपाय तिनले गरेका छन्। उनका **ऋतुविचार**, **सत्यकलि संवाद**, **तरूण-तपसी**, **लालित्य** नेपाली साहित्येतिहासमा अमूल्य छन्।

नेपालीहरू अधोगति, मानसिक, सामाजिक, नैतिक र पारमार्थिक प्रगाढ अन्धकारमा छट्पटाएको धरणीधरले देखे। उनले शिक्षा र जागरणको मात्र होइन तर सामाजिक सुधारको आवश्यकतालाई बुझे। मानसिक पवित्रता र आत्माभिमानको कमी देखे। उनका **नैवेद्य**, **स्पन्दन** सोही सामाजिक पृष्ठभूमिको उपज हुन्। जुन नेपाली साहित्येतिहासमा अमूल्य मानिन्छ।

नेपाली सामाजिक पृष्ठभूमिले जन्माएका अर्को स्रष्टाद्वय देवकोटा र रिमाल हुन्। देवकोटा नेपाली साहित्यका महाकवि, निबन्धकार, समालोचक, उपन्यासकार हुन्। उनका **शाकुन्तक**, **महाराणा प्रताप**, **वनकुसुम**, **मुना-**

**मदन**, **लक्ष्मी निबन्ध-सङ्ग्रह**, **दाडिमको रुखनेर**, **चम्पा** उल्लेखनीय कृतिहरू हुन्। तीमध्ये नेपाली साहित्यमा मुना-मदन कालजयी अमूल्य कृति हो। नेपालको आर्थिक विपन्नताले उब्जाएको वियोगको कारुणिक कथा मुना-मदन हो। युवाहरूको विदेश पलायन, एकलो र निर्बल स्त्रीप्रति कुदृष्टि, छलछाम, धोखाधडी, षड्यन्त्र, मानवतावादी दृष्टि आदि मुना-मदन गीतिकाव्यमा पाइने सामाजिक विशेषता हुन्।

रिमाल कवि र नाटककार हुन्। कविताको क्षेत्रमा उनी क्रान्तिकारी युगनायकको रूपमा प्रशिद्ध छन्। उनका **आमाको सपना**, **मसान**, **यो प्रेम** प्रकाशित कृतिहरू हुन्। राजनीति उनको कविताको मूल पाटो हो भने सामाजिकता उनको नाटकको विशेषता हो। उनले जनतामा स्वतन्त्रताको तीब्र अभिलासा देखे। विद्रोह र क्रान्तिको आवाज सुने। सामाजिक परिवर्तनका लागि उनको कलम ज्यादै घोच्ने तिखो हत्यार भयो। पुरुष हैकम औ अभिमानलाई छतविछद पारेर नारीलाई विद्रोहको निम्ति स्वतन्त्रताको गोरेटो देखाइदिए।

बालकृष्ण सम र भीमनिधि तिवारी पनि नेपाली साहित्यका अमूल्य निधि हुन्। समका **मुटुको व्यथा**, **ध्रुव**, **प्रह्लाद**, **प्रेमपिण्ड**, **नियमित आकासमिकता** मुख्य कृतिहरू हुन्। उनको **बोक्सी** नेपाली समाजमा विद्यामान अन्धविश्वासप्रति तीखो व्यङ्ग्य हो। **सहनशीला सुशीला,पुतली, किसान, काशीवास, नैनिका राम** भीमनिधि तिवारीका सामाजिक नाट्यकृतिहरू हुन्। तिवारीका नाटकहरूमा नारी उत्पीडनको स्वर मुखर रहेको देखिन्छ। सबै सांसारिक दुःख स्त्रीहरूले नै भोग्नुपर्ने देखाइएका छन् उनका नाटकमा। पापको पराजय र धर्मको विजय देखाई समाजलाई शास्त्रोक्त मार्गमा हिँडाउने प्रचेष्टा नै तिवारीका सामाजिक नाटकको उद्देश्य रहको छ।

यसरी नै मैनाली र रूपनारायण सिंहका सामाजिक कथाहरूका पृष्ठभूमि पनि समाजमा व्याप्त हिंसा, रूढिप्रथा, अन्धविश्वास, जातप्रथा, नारी उत्पीडन नै मुख्य रहेको छ। मैनासीको **नासो** र रूपनारायणको **कथा नवरत्न** र **भ्रमर** आधुनिक नेपाली साहित्यको प्रतिनिधि मानिन्छ। मैनालीले समाजमा नारी उत्पीडन देखे, रूपनारायणले समाज सुधारको भावना र अन्धो जातप्रथालाई नियाले। **परालको आगो** कथाकी गौथली, जुठेकी स्वास्नी र विदा कथाकी प्रभा उत्पीडित नारी प्रतिनिधि हुन्। समाजको विधानलाई रति नमान्ने भ्रमरको इन्द्रशेखर अन्तमा जाति सुधारमा लागे भने **बिग्रेको बाहुन** मा जातिभेदले उठिवास हुनपर्‍यो।

हृदयचन्द्रसिंह प्रधानको **स्वास्नी मान्छे**, **एक चिहान** पनि सामाजिक विषयप्रधान उपन्यास कृति हुन्। उनले पनि समाजमा परिवर्तनको आवश्यकतालाई मात्र देखेनन् तर समाजलाई प्रगतिवादी कोणमा अर्थाउन चाहे।

आधुनिक कालको दोस्रो प्रयोगवादी चरणमा इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम, भूपि, कटुवाल, डि.पि अधिकारी, हर्क योञ्जनहरू देखापरेका छन्। **आज रमिता छ**, **अलिखित**, **घुम्ने मेचमाथि अन्धो मान्छे**, **भित्री मान्छे बोल्न खोज्छ, आशमाया** सामाजिक सन्दर्भका जिउँदा कृतिहरू हुन्। खास गरी रत्नध्वज जोशीको भनाइमा '०७ सालअघिको सामन्ती शासनको फलस्वरूप नेपाली समाजमा घुम्दै आइरहेको विकृतिलाई देखाउनु मूल उद्देश्य रहेको छ।' यसरी आधुनिक कालमा सामन्ती युगको अन्त्य भइसकेको थियो तर धेरै हदसम्म समाजमा पुरानै यथास्थिति, समाजको ढाँचा र सोचाइका तरीकामा सामन्ती ढङ्गकै विचारको कुप्रभावले जनजीवनका विभिन्न क्षेत्रलाई असर पारिरहेकै थियो। अतः नेपाली साहित्यमा सोही सामाजिक विषयको चित्रण प्रत्यङ्कित हुन अस्वाभाविक

थिएन। त्यसो हुँदा धेरै लेखक साहित्यकारहरू विभिन्न सामाजिक समस्यालाई लेखनको मूल पृष्ठभूमि बनाउन पुगेका छन्।

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. सामाजिक पृष्ठभूमिका मूल पक्षहरू के-के हुन्?

.............................................................................
.............................................................................
.............................................................................

2. आधुनिक नेपाली साहित्यमा समाजको चित्रण कस्तो छ?

.............................................................................
.............................................................................
.............................................................................

3. आधुनिक नेपाली सामाजिक लेखकहरूको परिचय दिनुहोस्।

.............................................................................
.............................................................................
.............................................................................

## 12.3 आधुनिक नेपाली साहित्येतिहासको सांस्कृतिक पृष्ठभूमि

नेपाली साहित्यमा सांस्कृतिक जागरणको लहर नेपालमा भएको सं २००७ सालको क्रान्ति र भारतमा जनताले स्वतन्त्रता प्राप्तिका लागि गरिराखेको सङ्घर्षको इतिहास मुख्य देखिन्छ। दयाराम श्रेष्ठअनुसार २००७ सालको क्रान्तिले नेपालको सामाजिक-सांस्कृतिक जगत्मा जागरणको नयाँ लहर ल्याइदियो जसको फलस्वरूप साहित्यिक प्रगतिले ठूलो मोड लियो। प्रगतिवादका क्षेत्रमा त झन् उत्साहजनक आन्दोलन नै सुर भयो।

लेखकहरूले स्वतन्त्र रूपले सङ्गठित भई आआफ्ना लेखनकार्यलाई तीव्र पार्दै लैजान थाले। खुला मञ्चमा भेला भई लेखकहरूले स्वतन्त्र अभिव्यक्ति दिन थाले। नेपाली वाङ्मयप्रतिको सेवा भावनामा उत्तरोत्तर वृद्धि हुन थाल्यो र सामूहिक अठोटका साथ राष्ट्रलाई साहित्यद्वारा समुन्नत बनाउने परम्परा झन् रहरलाग्दो भयो।

अतः सांस्कृतिक जागरणको लहरसितै भारत लगायत नेपाल तथा विभिन्न नेपाली बहुलक्षेत्रहरूमा विभिन्न संघ-संस्थाहरू गठन हुन थाले। जनतामा पलाएको सांस्कृतिक जागरणले नेपाली भाषासाहित्यको विकासमा पनि धेरै ठूलो योगदान दिन सक्यो। जसमा नेपाली साहित्य सम्मेलन, नेपाली भाषा प्रचारक सङ्घ, नेपाल सांस्कृतिक सङ्घ, साहित्य सेवा सदन, नेपाली साहित्य संस्थान, प्रगतिशील नेपाल लेखक सङ्घ, साहित्यिक पत्रकार सङ्घ, पूर्वाञ्जल साहित्य प्रतिष्ठान, आदर्श साहित्यिक तथा सांस्कृतिक दोभान, नेपाली साहित्य परिषद्, सिक्किम साहित्य परिषद्, कालेबुङ अध्ययन समिति, नेपाल एकेडेमी, नेपाली साहित्य सिर्जन समिति, डुवर्स नेपाली साहित्य विकास समिति आदि सङ्घ-संस्थाहरूले साहित्यिक समृद्धिको एक अनिवार्य अङ्ग भएर कार्य गरेको देखिन्छ।

नेपाली साहित्य इतिहासको सांस्कृतिक पृष्ठभूमिलाई हेर्दा दोषपूर्ण शासन व्यवस्था, आर्थिक कारण, दोस्रो विश्वयुद्धको प्रभाव आदि नै मुख्य देखिन्छन् भने राष्ट्रिय जागरणको चेतना अर्को विशेषता हो। भानुभक्त पोखरेलको भनाइमा 'राष्ट्रिय समस्यालाई केन्द्रबिन्दुमा राखेर देश र जनताको भलाइ, सुरक्षा र विकासका निम्ति गरिने चिन्तन हो। त्यस चिन्तनमा समयानुसारको वैज्ञानिकता हुन्छ। नेपालको इतिहासमा पृथ्वीनारायण शाहले राष्ट्रको स्थापना या नेपाली जातिको निर्माण गरेपछि

नै लेखकहरूमा पनि राष्ट्रिय भावना पलाउन थालेको हो। जस्तैः 'यो राजे दुई ढुङ्गाको तरुल जस्तो रहेछ। चीन वादशाहसित ठूलो घाहा राष्नु।..सन्धि सर्पन हेरी गढि तुल्याइ राष्नु' बाट नै राष्ट्रिय चिन्तनको विकास साहित्यमा प्रस्ट देखापर्दै आएको हो।'

नेपालको राणा कालमा राज्यको कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिका प्रमुख श्री ३ नै हुने गर्थे। सम्पूर्ण राज्यको शासन व्यवस्था केन्द्रीकरण सिद्धान्तका आधारमा चलिराखेको थियो। त्यसैले निरंकुश तथा दोषपूर्ण शासन व्यवस्थाको विरुद्ध जनता विद्रोहका लागि सङ्गठित बन्न थालेका थिए। साथै यज्ञनाथ आचार्य अनुसार छिमेकी राष्ट्र भारत तथा चीनमा विदेशी राष्ट्रमा भएका राजनैतिक तथा आर्थिक शोषण र त्यसका विरोधमा त्यहाँका जनताले चालेका कदम तथा भारतका जनताले स्वतन्त्रता प्राप्तिका लागि गरिराखेको संघर्षलाई देखेका नेपाली जनताको हृदयमा राष्ट्रियताको भावना विकास भई निरंकुस तथा शोषित राणा शासनको विरुद्ध विद्रोह गर्ने भावना विकास भई सकेको थियो। फलस्वरूप राणा शासनको विरोध गर्न स्वदेश तथा विदेशमा जागृत नेपाली जनताद्वारा गोप्य रूपमा विभिन्न सङ्ग-संस्थाहरू खुले। उक्त सङ्ग-संस्थाले राणा सरकारको आर्थिक शोषन नीति, राजनीतिक नियन्त्रण, सामाजिक असमान्ता, दोषपूर्ण न्याय व्यवस्था, शैक्षिक नियन्त्रण आदि विषयबारे जनतालाई जानकारी गराउँदै आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्न जनतालाई जागृत तुल्यायो। यसरी जनचेतनाको गुणात्मक विकास भई २००७ साले क्रान्तिसँगै राणा शासनको अन्त भयो।

यस्तै सरकारको आर्थिक शोषन नीति, राजनीतिक नियन्त्रण, सामाजिक असमानता, दोषपूर्ण न्याय व्यवस्था, शैक्षिक नियन्त्रणको विरोधमा लेखकहरू सचेत बन्न थाले। उनीहरूमा विद्रोह र क्रान्तिको आवाज तेज

Notes

हुनथाल्यो। हुन पनि 'राष्ट्रिय विकासको तगारो मात्र होइन राष्ट्रिय जीवनको मुटु खाने राणातन्त्रको विरोध गर्नु नेपाली जनजीवनको भलाइका निम्ति सोच्नु हो; देश र जनतालाई हेरी कतै मधूरो विद्रोह कतै अपुष्ट भए पनि क्रान्तिको भावना र कतै सुधारको भावनाले छताछुल्ल भिजेका साहित्यिक रचनाहरू लेखिनु कुनै अस्वाभाविक थिएन।'

अतः कुशासनको चपेटले क्रान्तिकारी रिमाल जन्मायो, सिद्धिचरण श्रेष्ठ, देवकोटा, गिरी, जीवन थिङ, विकास गोतामे, गुमानसिंह चामलिङलाई हुर्कायो। रिमालको आमाको सपना, सिद्धिचरणको **बाँचिरहेको आवाज**, देवकोटाको **महाराणा प्रताप**, गिरीको **जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि**, गोतामेको **लड वीरबहादुर लड**, चामलिङको **कारागारभित्र प्रतीक्षा र अन्य कविता**, युद्धवीर राणाको **चिहान नपाएका तक्माहरू** आदि सांस्कृतिक जागरणको दृष्टिले उन्नायक कृतिहरू हुन्। अतः नेपालको राणा शासन, पञ्चयातकालीन राजनैतिक स्थिति, भारतमा नेपाली भाषा आन्दोलन र पूर्वाञ्चलमा भएको आपतकालको घटना, सिक्किम विलय आदि अनेक घटनाक्रमहरूले नेपाली लेखकहरूलाई ब्युँझाउँदै सांस्कृतिक चेतनाको विकास गरायो। उक्त सन्दर्भहरूलाई नै नेपाली साहित्येतिहासको सांस्कृतिक पृष्ठभूमि मान्न सकिन्छ।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. सांस्कृतिक जागरणको दृष्टिले नेपाली साहित्य।

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

2. आधुनिक नेपाली साहित्यमा सांस्कृतिक जागरणको उपलब्धिलाई बताउनुहोस्।

…………………………………………………………………………..
…………………………………………………………………………
…………………………………………………………………………

3. सांस्कृतिक पृष्ठभूमिका पक्षहरू के-के हुन्?

…………………………………………………………………………..
…………………………………………………………………………
…………………………………………………………………………

## 12.4 आधुनिक नेपाली साहित्येतिहासको राजनैतिक पृष्ठभूमि

आधुनिक नेपाली साहित्येतिहासमा राजनैतिक पृष्ठभूमिको महत्त्वपूर्ण स्थान छ। नेपालको इतिहासमा कुख्यात कालो दिनको रूपमा प्रचलित कोतपर्व हुँदै मकै पर्व, सहित पर्व, दरबारीय हिंसा, २००७ साले क्रान्ति, पञ्चयातकालीन राजनैतिक घटना, भारत स्वतन्त्र आन्दोलन, नेपाली भाषा आन्दोलन, नेपालीहरूप्रति उच्छेद नीति, सिक्किम टुक्रेर अङ्ग हुनु आदि राजनैतिक घटनाक्रम नेपाली साहित्येतिहासको पृष्ठभूमि हो। शरद्चन्द्र शर्माका अनुसार राणा शासन जनमुखी थिएन, यसैले यसमा जनताको हित गर्ने निर्देशक सिद्धान्त पनि थिएन। यो अनुदार थियो, यसैले यो आतङ्कपूर्ण पनि थियो। तर जनताको उत्साहजनक क्रान्तिले राणा शासनको अन्त्य गराएर छोड्यो। त्यसपछि नेपालको इतिहासमा आधुनिकताको प्रवेशसितै प्रजाको तन्त्र सुरु भयो। तर केही समय पर्खी पुनः नेपालको इतिहासमा त्यही कालो दिन दोहोऱ्यो। यसबारे यज्ञनाथ आचार्य लेख्छन्- “अधिकारको दूरूपयोग गरेको, भ्रष्टाचार बढाएको, देशमा शान्ति सुरक्षा कायम गर्न नसकेको, व्यक्तिगत र दलगत स्वार्थपूर्ति तर्फ बढी ध्यान दिएको राष्ट्रिय एकतामा बाधा पुर्‍याएको प्रशासनलाई विकृत

तुल्याइएको, अवैज्ञानिक आर्थिक नीति अप्नाइएको आदि आरोप लगाई २०१७ साल पौष १ गते नेपाल अधिराज्यको संविधान २०१५ धाराको ५५ प्रयोग गरी देशमा संकटकालीन स्थितिको घोषणा गर्दै मौलिक हक बाहेक संविधानको सबै धारा निलम्बन गरी कांग्रेस मन्त्रीमण्डल र संसदलाई भंग गर्दै राजा महेन्द्रबाट स्वयं शासन व्यवस्था सम्हालिएको थियो।" यसै समय विश्वेश्वरप्रसाद कोइराला, गणेशमान सिंह, सूर्यप्रसाद उपाध्याय पक्राउ परेका थिए। यसबाहेक बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, केदारमान व्यथित, श्यामप्रसाद शर्मा, डामनशमशेर राणा, तारिणीप्रसाद कोइराला, ध.च गोतामे आदि थुना परे।

हुनत त्यसभन्दा अघिको नेपालको इतिहास टीकाराम शर्माअनुसार 'राजनैतिक असन्तुलनले गर्दा अर्थ व्यवस्था आशाअनुरूप फलदायी हुन सकेन। सा-साना राज्यमा विभाजित भएका देशका अनेक शासक आपसी सङ्घर्षमा अत्यधिक मात्रामा संलग्न रहेका थिए र राष्ट्रिय भावनाको अभावमा उनीहरूबाट आर्थिक सङ्गठनको रूपमा गरिने कुनै पनि उपाय सम्भव थिएन। सामान्य प्रजालाई शासकहरूको अदुर्दशी नीतिले गर्दा सताइएर रहनुपरेको थियो। बुद्धि विवेककै फलस्वरूप यहाँका कतिपय शासकहरूले भारतका नवाब राजा महाराजाहरूलाई समय समयमा कर पदान गर्नु पर्थ्यो जसको सम्पूर्ण बोझ निर्धन प्रजाहरूमाथि नै परेको हुन्थ्यो। उद्योगलाई अग्रसर तुल्याउने विषयमा पनि शासकहरूले अलिकति पनि सोचेको थिएनन्' जुन दशा प्रजातन्त्र कालमा पनि सुध्रिन सकेको आभास हुँदैन।

राजनैतिक दलले जनतालाई राजनैतिक अभ्यास गराई प्रजातन्त्रको महत्त्व बुझाउने प्रयास नगरेको देखिन्छ। फलस्वरूप नेपाली साहित्यको श्रीवृद्धिमा भएका विभिन्न साहित्यिक आन्दोलनहरूमा **सडक कविता क्रान्ति**, **आन्दोलन कविता**, **संरक्षण कविता आन्दोलन** यसैको परिणाम हो। सं २०३६ मा शाही घोषणापछि कविहरूमा आएको राजनैतिक जागरणको रूप **सडक कविता क्रान्ति** थियो भने कविता आन्दोलन सं २०४६ को जनआन्दोलनको उपज थियो। कविता आन्दोलन यातनापूर्ण जीवनको विरुद्ध अथवा अप्रजातान्त्रिक परिपाटीका विरुद्ध सङ्गठित भएको थियो।

यता भारतमा नेपाली जातिको स्वाभिमान र आत्मरक्षाका लागि अगमसिंह गिरी, गणेशलाल सुब्बा, गुमानसिंह चामलिङ, नरबहादुर भण्डारी आदि जेल गए।  राजनैतिक स्वार्थको निस्सासिँदो चपेटबाट जीवन थिङ चिच्चाउन पुगे नेपालीहरूप्रतिको उच्छेद नीतिलाई युद्धवीर राणाले विरोध गरे। नेपाल लगातय भारतमा राजनैतिक घटनाक्रमको पृष्ठभूमिलाई केन्द्र गरेर धेरैभन्दा धेरै साहित्य लेखिएका छन्। यद्यपि लेखिरहेका छन्। राजनैतिक कारणवश जेलकालमा लेखिएका विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा**, **नरेन्द्र दाइ**, **मोदिआइन** (उपन्यास), **श्वेतभैरवी**, (कथा-सङ्ग्रह) जेल जर्नल, सिद्धिचरण श्रेष्ठका **उर्वशी**, **मेरो प्रतिबिम्ब**, **कारागारका सम्झना**, **ज्यानमारा**, केदारमान व्यथितका **देवासुर संग्राम** (महाकाव्य),.**गोलघरको सन्देश**(खण्डकाव्य), **चोर** (उपन्यास), **आस्था र प्रथा :एक विवेचना** (धार्मिक ग्रन्थ), **नारी बन्धन र मुक्ति** (समाजशास्त्र), डायमन शमशेर राणाको **सेतो बाघ** (उपन्यास), गुमानसिंह चामलिङका **सूर्य उदाउनुभन्दा पहिल्यै**, .**कारागारभित्र प्रतीक्षा र अन्य कविताहरू** नेपाली साहित्येतिहासमा राजनैतिक पृष्ठभूमिले जन्माएका प्रतिनिधि कृतिहरू हुन्।

## 12.5 उपसंहार

नेपाली साहित्येतिहासमा सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमिको प्रत्यक्ष प्रभाव रहेको छ। गुरुप्रसाद मैनाली, रूपनारायण सिंह, रुद्रराज पाण्डे, लैनसिंह वाङ्देल, बालकृष्ण सम, हृदयचन्द्रसिंह प्रधान, गोपालप्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, देवकोटा, विश्वेश्वरप्रसाद कोइराला, तारिणीप्रसाद कोइराला, अगमसिंह गिरी, गुमानसिंह चामलिङ, गणेशलाल सुब्बा आदि लेखकहरू यही सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमिले जन्माएका नेपाली साहित्यका प्रतिनिधि साहित्यकारहरू हुन्। सामाजिक कुसंस्कार, नारी उत्पीडन, जातीय तथा राष्ट्रिय सांस्कृतिक जागरण, विभिन्न राजनैतिक घटनाक्रम आदि नै नेपाली साहित्य लेखनका पृष्ठभूमि हो।

**प्रगति जाँच गर्नुहोस् 3:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. आधुनिक नेपाली साहित्यमा राजनैतिक पृष्ठभूमिको प्रभाव कस्तो छ?

..................................................................................
..................................................................................
..................................................................................

2. जेलपर्ने आधुनिक नेपाली साहित्यकारहरू को-को हुन्?

..................................................................................
..................................................................................
..................................................................................

3. राजैतिक परिवेशले जन्माएका प्रतिनिधि साहित्यकार र तिनका कृति।

..................................................................................
..................................................................................

..........................................................................

..........................................................................

## 12.6 सार

यस प्रखण्डमा नेपाली साहित्येतिहासका सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमि आदिको अध्ययन गर्ने कोसिस गरिएको हुँदा यसबाट हामीलाई सम्बन्धित विषयबारे जानकारी प्राप्त भयो। त्यसलाई अझ सजिलोसित बुझ्नका लागि उक्त जानकारीलाई तलका बुँदाहरूमा संक्षिप्त समेट्दा सजिलो हुनेछ-

- सामाजिक कुसंस्कार, नारी उत्पीडन, जातीय तथा राष्ट्रिय सांस्कृतिक जागरण, विभिन्न राजनैतिक घटनाक्रम आदि नै नेपाली साहित्य लेखनका पृष्ठभूमि हो। आधुनिक नेपाल अधिराज्यको गठन, प्रजातान्त्रिक आन्दोलन, भारत स्वतन्त्र आन्दोलन साथै विभिन्न समयमा भएका भाषिक, साहित्यिक र सांस्कृतिक जागरण नेपाली साहित्यका प्रेरकतत्त्व हुन्।
- सामाजिक कुप्रथा, अन्धविश्वास, जातीय भेदभाव, गरीबी, नारी शोषण, दमन र उत्पीडन आदि नेपाली साहित्येतिहासको सामाजिक पृष्ठभूमि हो।
- नेपाली साहित्य इतिहासको सांस्कृतिक पृष्ठभूमिमा दोषपूर्ण शासन व्यवस्था, आर्थिक कारण, दोस्रो विश्वयुद्धको प्रभाव आदि नै मुख्य छन्। नेपालको राणा शासन, पञ्चयातकालीन राजनैतिक स्थिति, भारतमा नेपाली भाषा आन्दोलन र पूर्वाञ्चलमा भएको आपतकालको घटना, सिक्किम विलय आदि अनेक घटनाक्रमले जन्माएको जातीय र राष्ट्रिय जागरण विवेच्य छन्।

- आधुनिक नेपाली साहित्येतिहासमा राजनैतिक पृष्ठभूमिको महत्त्वपूर्ण स्थान छ। नेपालको इतिहासमा कुख्यात कालो दिनको रूपमा प्रचलित कोतपर्व हुँदै मकै पर्व, सहित पर्व, दरबारीय हिंसा, २००७ साले क्रान्ति, पञ्चयातकालीन राजनैतिक घटना, भारत स्वतन्त्र आन्दोलन, नेपाली भाषा आन्दोलन, नेपालीहरूप्रति उच्छेद नीति, सिक्किम टुक्रेर अङ्ग हुनु आदि राजनैतिक घटनाक्रम नेपाली साहित्येतिहासको पृष्ठभूमि हो।

## 12.7 अनुशीलनी

1. आधुनिक नेपाली साहित्येतिहासको सामाजिक पृष्ठभूमिबारे प्रकाश पार्नुहोस्।
2. आधुनिक नेपाली साहित्येतिहासको सांस्कृतिक पृष्ठभूमिको सन्दर्भलाई प्रकाश पार्नुहोस्।
3. आधुनिक नेपाली साहित्येतिहासको राजनैतिक पृष्ठभूमिबारे विवेचना गर्नुहोस्।
4. आधुनिक नेपाली साहित्येतिहासमा सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमिको भूमिकालाई बताउनुहोस्।
5. आधुनिक नेपाली साहित्यमा सामाजिक, सांस्कृतिक, राजनैतिक पृष्ठभूमिले जन्माएका साहित्यकारहरूका स्थानलाई प्रकाश पार्नुहोस्।

### टिप्पणी लेख्नुहोस् :-

1. सामाजिक कथाकार मैनाली र रूपनारायण सिंह।
2. सांस्कृतिक जागरणको दृष्टिले सङ्घ-संस्थाहरूको भूमिका।
3. जेल साहित्यको रूपमा नेपाली साहित्य।

4. समाज र संस्कृति।

5. राजनीति र साहित्य।

## 12.8 अतिरिक्त अध्ययन

1. सुकुम शर्मा – नेपाली भाषासाहित्यमा आन्दोलन।

2. दयाराम श्रेष्ठ – नेपाली साहित्यको केही पृष्ठ।

3. गोविन्दराज भट्टराई – काव्यिक आन्दोलनको परिचय।

4. बालकृष्ण पोखरेल – पच्चीस वर्षका भाषिक चर्चा।

5. सुकुम शर्मा – नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण।

6. प्रभात सापकोटा र अन्य – साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म।

7. शरद्चन्द्र शर्मा भट्टराई – नेपाली साहित्यको इतिहास।

8. दयाराम श्रेष्ठ – साहित्यको इतिहास।

9. यज्ञनाथ आचार्य – नेपालको संवैधानिक इतिहास।

10. टीकाराम शर्मा – नेपालमा राजपरम्परा र साहित्यिक रूपरेखा।

## 12.9 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 12.3 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 12.3 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 12.3 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**2. प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 12.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 112.4 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 12.4 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**3.प्रगति जाँच गर्नुहोस् 3:**

प्रश्न-1 अन्तर्गत एकाइ 12.5 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 12.5 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 12.5 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

# एकाइ 13. नेपाली साहित्यमा विविध विधाहरूको विकासको अध्ययन, आधुनिककाल (सन् १९१८ देखि यता)-का विविध प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.0 उद्देश्य

13.1 परिचय

13.2 प्राथमिककालीन नेपाली साहित्यको विकास

13.2.1 प्राथमिककालीन पद्य

13.2.2 प्राथमिककालीन गद्य

13.3 माध्यमिककालीन नेपाली साहित्यको विकास

13.3.1 माध्यमिककालीन पद्य

13.3.2 माध्यमिककालीन गद्याख्यान

13.3.3 माध्यिककालीन नाटक

13.3.4 माध्यमिककालीन आख्यानेतर साहित्य

13.4 आधुनिककाल (सन् १९१८ देखि यता) विविध प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.4.1 कविताको प्रवृत्ति र प्रक्रियाको समीक्षा

13.4.2 कथाको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.4.3 नाटकको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.4.4 उपन्यासको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.4.5 निबन्धको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.4.6 समालोचनाको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

13.5 उपसंहार

13.6 सार

13.7 अनुशीलनी

13.8 अतिरिक्त अध्ययन

13.9 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 13.0 उद्देश्य

यस एकाइको अध्ययनले निम्नलिखित विषयमा तपाईं सक्षम बन्नसक्नु हुनेछ**:**

- प्राथमिककालीन नेपाली साहित्यको इतिहास
- माध्यमिककालीन नेपाली साहित्यको इतिहास
- सन् १९१८ देखि यताका आधुनिक साहित्यको इतिहास
- आधुनिक नेपाली साहित्यको प्रवृत्ति

## 13.1 परिचय

नेपाली साहित्यको इतिहास लगभग अडाई वर्षको रहेको छ। यस अवधिमा नेपाली साहित्यले सुन्तुष्ट विकास गरेको छ भन्न हिच्किचाउनु पर्दैन। भाषा र साहित्यको क्षेत्रमा झण्डै अस्सीभन्दा धैरै विभिन्न साहित्यिक आन्दोलन तथा अभियानहरू भएका छन्। अतः नेपाली साहित्यको इतिहासलाई विधागत रूपमा प्राथमिक, माध्यमिक, आधुनिक र समसामयिक धाराहरूमा बाँडेर अध्ययन गर्न सकिन्छ। नेपाली साहित्यको थालनीभन्दा पूर्वका समय पृष्ठभूमि काल हो। जसलाई अभिलेख काल पनि भनिन्छ। यस अवधिमा विभिन्न अभिलेख,

यात्रासाहित्य, जीवनी, धार्मिक ग्रन्थहरू फेलापरेलको छ तर ती सबै साहित्यिक कृतिका रूपमा उपलब्ध छैनन्। तापनि यी ग्रन्थ तथा अभिलेखहरूले नेपाली भाषा र साहित्यको स्वरूप निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। यस दृष्टिले नेपाली साहित्यको अनौपचारिक थालनी गद्यसाहित्यकै प्रयासबाट भएको स्वीकार्न सकिन्छ। तथापि आजसम्मका विभिन्न खोज र अनुसन्धानका आधारमा नेपाली साहित्यको जेठो विधा कवितालाई मानिन्छ। तथापि लेख्य इतिहासलाई हेर्दा नेपाली साहित्यमा गद्यको परम्परा सबैभन्दा पुरानो रहेको छ।

मौलिक नेपाली साहित्यको इतिहासमा प्राथमिक कालदेखि विधागत अस्तित्व निर्माण गर्ने विधा कविता हो। गद्यसाहित्यले आधुनिक कालमा आएर मात्र स्पष्ट विधागत स्वरूप निर्माण गरेको देखिन्छ। माध्यमिक कालमा गद्यसाहित्यले मौलिकता ग्रहण त गर्‍यो तर अनूदित कृतिहरू नै धैरै छापिए। यस अवधिसम्मका पद्य र गद्यसाहित्य राष्ट्रिय पधिरिभित्र समीति रहेर त्यसअनुकूल प्रवृत्तिको आत्मसासत् गरेको छ। जस्तै नेपाली कवितामा वीरधार, भक्तिधारा, शृङ्गारधारा इत्यादि। तर आधुनिक कालमा नेपाली साहित्यले राष्ट्रिय परिधि पार गरेर विश्वमा प्रचलित दर्शन, सिद्धान्त र प्रयोगहरूको प्रभावलाई ग्रहण गर्दै विभिन्न साहित्यिक प्रवृत्ति र सिन्द्धन्तलाई विकास गरेको देखिन्छ। स्वच्छन्दतावाद, यथार्थवाद, अस्तित्ववाद, मनोविश्लेषणवाद, प्रगतिवाद, आयामवाद, लीलावाद, नारीवाद, लैङ्गिकतावाद आदि नेपाली साहित्यले ग्रहण गरेका समसामयिक प्रवृत्तिहरू हुन्। यस एकाइमा नेपाली साहित्यका विधागत इतिहास र प्रवृत्तिहरूको समीक्षालाई प्रस्तुत गरिनेछ।

## 13.2 प्राथमिककालीन नेपाली साहित्यको विकास

प्राथमिककालीन नेपाली साहित्यलाई पद्य र गद्य प्रमुख दुईवटा भागमा छुट्याउन सकिन्छ। अतः प्राथमिककालीन पद्य र गद्यको इतिहासलाई तल अलग-अलग रूपमा प्रस्तुत गरिनेछ।

### 13.2.1 प्राथमिककालीन पद्य

प्राथमिक नेपाली कविताको इतिहासलाई अध्ययन सुविधाका निम्ति वीर र भक्ति दुई धारामा विभाजन गर्न उपयुक्त देखिन्छ। नेपाली कविताको प्रारम्भिक उठान घनश्याम नेपालका अनुसार 'बालकृष्ण पोखरेलले **गरिमा** पूर्णाङ्क ८४ मा प्रकाशमा ल्याएको विष्णुदास आचार्यको **बड़े राजा मलयबम्म** कविता र पूर्णप्रकाश नेपाल 'यात्री'ले प्रकाशमा ल्याएको रत्नाकर पण्डितको **गीत** का कृतित्व र काल सम्बन्धी प्रश्नको समाधान नभएसम्म वीरगाथा कालका सबभन्दा पुराना कवि सुवानन्ददास र प्रकान्तरले नेपाली साहित्यका उनी सबैभन्दा पुराना कवि' पनि हुन् भन्ने तिनको भनाइबाट सुवानन्ददास नेपाली भाषाको प्रथम कवि र तिनको **पृथ्वीनारायण** पहिलो मौलिक कविता मान्न सकिन्छ।

#### क. वीरधारा (सन् १७४४-१८८१)

वीरधारा कालका प्रथम लिखित कविता सुवान्ददासको **पृथ्वीनारायण** (वि. सं. १८३०-३१) कविता हो। आजसम्म प्राप्त अनुसन्धानअनुसार सबैभन्दा पुराना कवि सुवानन्ददास नै हुन्। तिनका जीवनीबारे पर्याप्त जानकारी पाइएको छैन। तिनी नुगा भन्ने ठाउँमा बस्ने नेवार जातिका गरीब,

राजभक्तिमा लागेर जीविकोपार्जन गर्ने व्यक्ति थिए। यसबारे हामी तिनैका कवितांशबाट थाहा पाउँछौँ-

आफु ती नेपार्य जाति वोल्छ ता लतितपुरि
आफु ता मजमकुटु तंरो ता वलियो मुटु
नाम रह्या गजानि धरम तपरे तरा भरले ते
वगर छुटयो तांति ककनि को लायो सांधि
नुगाम सन्ताप सह्या जिवको य्कलो भया
धनको दबलो भत्रा भोककं भओजन नाहिं
काम करिँ दाहि नाहि बचयेको करेम नाहिं
ठंण्डसं वस्त्रा नाहि राजभक्ति कृति जानी
लाउने सुवानन्ददास हः

सुवान्ददासका चरित्रनायक पृथ्वीनारायण शाह हुनाले तिनैका स्तुति गरेर कविता लेखेका छन्। कवित्त लोकलयको शैलीमा लेखिएको वर्णनात्मक कविता हो। साथै वीर रसमा संरचित कविता हो। वीरस्तुति र प्रशंसा यस कविताको प्रवृत्ति हो। प्रतीक, बिम्ब र अलङ्कार संयोजनको दृष्टिले उक्त कवितालाई सुन्दर मानिन्छ। 'काठमाडौँको सिन्की, मगर प्रदेशको घिउ, पाल्पाको मसला, रिसिंगको खोर्सानी, तनहूँको भात भिर्कोटको दाल, कञ्चन कटौरा, सुनको थाल, गंगाजलले भरिएको झारी, अष्टदल अङ्कित चौकी, पूर्व दिशा' आदि स्वरूप रूपकमय र प्रतीकात्मक छन्। खासमा कवि सुवानन्द दासको चरित्रनायक पृथ्वीनारायण शौर्य र धर्मको प्रतीक हुन्। यसैले विद्वान्हरूले यस कवितालाई विषयवस्तुको दृष्टिले युद्ध र धर्म दुई भागमा बाँढेर हेर्ने कोसिस गरेका छन्। अतः रमेश श्रेष्ठले 'उनमा होमर र भर्जिलको नायक-शौर्य र पुण्य एकै ठाउँमा पाइन्छ' भनेका छन्। सुवानन्ददासपछि शक्तिवल्लभ अर्ज्याल, उदयानन्द, अर्ज्याल, सुन्दरानन्द

बाँडा, राधावल्लभ अर्ज्याल, रामचन्द्र पाध्या, गुमानी पन्त आदि प्राथमिक कालाका प्रमुख कविहरू हुन्।

शक्तिवल्लभ अर्ज्याल पृथ्वीनारायण शाहका राजपुरोहित र संस्कृतको धुरन्धर पण्डित थिए। यिनका पिता लक्ष्मीनारायण अर्ज्याल पनि दरबारका पण्डित थिए। यिनको **तनहुँ भकुण्डो** दुईवटा मसिना टुक्रा भएको पद्य हो। यो पद्य सन् १७८२ तिर लेखिएको अनुमान छ। यसलाई कमल दीक्षितले बुँगगलमा पछि प्रकाशित गरेका छन्। अतः **तनहुँ भकुण्डो**लाई शास्त्रीय छन्दमा लेखिएको प्रथम कविता मानिन्छ। यो स्वागता छन्दमा लेखिएको छ। यसमा प्रतीक र अन्त्यामनुप्रासको काव्यात्मक प्रयोग गरिएको छ। केशवप्रसाद उपाध्यायअनुसार "एउटै पनि विभाषी शब्द नहुनु मात्र होइन, संस्कृतको पण्डितका कलमबाट निस्केर पनि तत्सम शब्दहरू नभई झर्रा नेपाली शब्दहरू मात्र हुनु यसको लक्ष्ययोग्य विशेषता हो।" दूरदर्शी राजनैतिक दृष्टि यस कविताको विशेषता छ। यसलाई नेपाली साहित्यमा विद्रोहको झलक दिने प्रथम पद्य मान्न सकिन्छ। रमेश श्रेष्ठको भनाइमा 'दरवारसँगको अन्तरंग सम्बन्धले गर्दा यिनलाई देशको राजनीतिको राम्रो ज्ञान थियो। यसैले यिनको प्राप्य दुई-श्लोके कविता राजनैतिक प्रतीकहरूले भरिएको छ।' यति मात्र नभएर ठाकुर पराजुलीको विचारमा 'नेतृत्वको अभावमा भाँडिएका बाइसे-चौबीसे राज्यहरूको स्पष्ट तस्वीर झल्किएको पाइन्छ।' जस्तैः

मंत्रि सागर खनाल छ बाला
पाँचको छ सब गान्तिन चाला
कालु जैसी खुरिदारत राला
तेस ढंग तनहूँ कति खाला।

घायको छ, लमजुङ मकुण्डो

कास्कि बाँध सुनको छ खुकुण्डो

पिउठानि कन देउ सकुण्डो

मारि लेउ त तनहूँ त भकुण्डो।

शक्तिवल्लभपछि उदयानन्द अर्ज्याल अर्का उल्लेखनीय कवि हुन्। यिनी शक्तिवल्लभकै नातेदार थिए। यिनका बारेमा अहिलेसम्म कुनै जानकारी प्राप्त छैन। 'यिनका बाबु विश्वेश्वर अर्ज्याल ज्योतिषी थिए। सेनवंशी राजालाई रिझाएर सप्तरी जिल्लाको बैरवा भन्ने ठाउँमा विर्ता पाएका थिए' भन्ने सम्म जानकारी छ। यिनी प्रतापसिंहका समकालीन थिए कि भन्ने तिनले **सिंहप्रताप शाह** शीर्षक कविता लेखेकोबाट अनुमान हुन्छ। यिनका छब्बीस श्लोकमा रचित **पुरानो बातको अर्जी, कुल वर्णन, वंश वर्णन, पृथ्वीन्द्रोदय वेताल पच्चीसी आदि** कविता पाइएका छन्। यीमध्ये **कुल वर्णन** कविता भाषिक प्रयोगको दृष्टिले उच्चकोटिको देखिन्छ। बालकृष्ण पोखरेलले उक्त कवितालाई भानुभक्तको शैलीमा लेखिएको मानेका छन्। यिनले सुवानन्द र शक्तिवल्लभ कविहरूले भन्दा सङ्ख्यात्मक दृष्टिले धेरै कविता रचना गरेको पत्तो पाइन्छ। साथै यिनले पृथ्वीनारायण, बहादुर शाह, सिंहप्रताप शाह आदि राजाका स्तुति गाएका छन् भने सिंहप्रतापका योद्धा काजी, भारदार र सरदारहरू, स्वरूपसिंह, अभिमानसिंह, पार्थवीर भडारी, बन्धु राना आदिको पनि स्तुति गाएका पाइन्छन्।

अतः सुवानन्ददास, शक्तिवल्लभ अर्ज्याल र उदयानन्दसम्मको रचना काललाई वीरधाराको पूर्वार्द्ध चरण मान्न सकिन्छ किनभने 'यी तीनैवटै कवि नेपालको एकीकरण गर्ने राष्ट्रिय मूलधाराबाट प्रेरित भएका देखिन्छन् र चार वर्ण छत्तीस जातलाई एउटै राष्ट्रियताका सूत्रमा उनी साझा फूलबारी गोड्ने मालीको मनोबल उठाउने ध्याउन्नमा जुटेका पाइन्छन्।'

उदयानन्दपछि वीरधाराका कवि सुन्दरानन्द बाँडा हुन्। घनश्याम नेपालका भनाइअनुसार 'यिनी काठमाडौंको ओकुवहालमा बस्ने नेवार थिए।' यिनका नेपाली भाषामा लेखिएका **त्रिरत्नसौन्दर्य गाथा** र **रामायण** अनि संस्कृतमा लेखिएको **बहादुरशाहवर्णनम्** गरी जम्मा तीनवटा ग्रन्थ पाइएको छ। सुन्दरानन्द वक्रोक्तिमूलक शैलीमा कविता लेख्ने सामर्थ्य भएका कवि हुन्। यिनी भीमसेन थापाका समकालीन रहेको बुझिन्छ। यिनका चरित्रनायक बहादुर शाह थिए।

बाँडापछि अर्को वीरधाराका कवि राधावल्लभ हुन्। यिनी शक्तिवल्लभ अर्ज्यालका कान्छा भाइ थिए भन्ने थाहा पाइएको छ। यिनी गोर्खाका राजपुरोहितका साथै शिवमार्गी थिए। यिनका **माले साँढेको कवित्त** शीर्षक कविता पाइएको छ।

राधावल्लभपछि अर्को कवि रामभद्र पाध्या हुन्। यिनका बारेमा बालकृष्ण पोखरेलले वि सं. १८०० तिर जन्मेका अनुमान लगाएका छन्। यिनका पिताको नाम करुणाकर उपाध्याय थियो। यिनका **प्रशस्तिरत्नम्** र **लक्ष्मीधर्मसंवाद** ग्रन्थ प्राप्त छन्। **लक्ष्मीधर्मसंवाद** यिनको संवाद ग्रन्थ हो। यिनी नेपाली भाषामा **बन्धुविनपराष्टकं** शीर्षक कविता लेखेर परिचित भएका हुन्। घनश्याम नेपालका अनुसार 'यसमा आठ श्लेकमा बहादुरीहरूलाई शिक्षाका कुरा लेखिएका छन्। यस प्रकार नेपाली समाजमा बहादुरीहरूलाई शिक्षा वा उपदेश लेख्ने काम पहिला रामभद्र पाध्याबाटै भएको देखिन्छ।'

रामभद्रपछि गुमानी पन्त मूलतः खडी बोलीको हिन्दी भाषामा कविता लेखेर आदिकविका रूपमा प्रशिद्ध भएका कवि हुन्। यिनको जन्म कुमाउँको अलमोडामा सन् १७९० मा भएको थियो। तिनी भीमसेन थापाका समकालीन थिए। यिनले **धन्य गोर्खाली राजा** कविता लेखेका छन्। मूलतः

यिनी वीरकालीन कविका रूपमा चिनिन्छन् तर नेपाली पाठकलाई राम-सीता चिनाउने प्रथम कवि थिए।

यी कविहरूबाहेक मौलाराम तोमर, ललिताबल्लभ, लक्ष्मण र जीवनाथ आदिले नेपाली वीरताको गाथालाई ब्रज, अवधि र संस्कृत भाषामा कविता लेखेको पाइन्छ।


निष्कर्षमा यस कालका कविता प्रायः वीरधारातिर झुकेको पाइन्छ। पृथ्वीनारायण शाह, रणबहादुर शाह, प्रतापसिंह शाह जस्ता ऐतिहासिक पुरुषहरूलाई चरित्रनायकका रूपमा मूल काव्यविषय बनाएर कविता रचना गरेका छन्। पुष्प शर्माका अनुसार 'सुवानन्ददासको पहिलो **पृथ्वीनारायण** देखि यदुनाथ पोखरेलको **स्तुतिपद्य** सम्म नेपाली वीरहरूको वीरोचित कार्यको गुणगान पाइन्छ।' शासकस्तुति यस कालको मूल प्रवृत्ति हो भने राष्ट्रिय भाव यसको आधारभूमि हो। साथै मौलिकता र भाषाको निजीपन यस कालको कविताको उपलब्धि हो। यस कालका कविताका गौण प्रतृत्तिहरू आत्मनिवेदन, मनोरञ्जनात्मकता, श्रृङ्गारात्मकता, नीति-शिक्षा, सामाजिक संस्कार एवम् समाजपरकता, अध्यात्म-चेतना र ईश्वराराधन, तथा व्यंग्यात्मकता मुख्य छन्।

## ख.भक्तिधारा (सन् १८१६-१८८२)

नेपाल-अङ्ग्रेज युद्धमा नेपाली सेनाको हार, भीमसेन थापाको दुःखद् अन्त्य र राणावंशको उदय इत्यादि कारणले नेपाली काव्याधारा पारलौकिक पुरुषहरूको व्यक्तित्व चित्रणमा प्रवृत्त हुन पुगेपछि भक्तिधाराको प्रतिष्ठा भएको हो। यस सम्बन्धमा पुष्प शर्मा भन्छन् 'भीमसेन थापाको मुख्तीयारीकालमा भएको अङ्ग्रेज-नेपाल युद्धमा नेपालले सहनु परेको पराजय र सुगौली सन्धिको सर्तका अपमानजनक तीतो चोटले नेपालीहरूको मानसिकतामा गहिरो प्रभाव र वैराग्यको चोटले नेपाली

कवितालाई वीरधारादेखि अलग्ग छुट्याएर अध्यात्मतिर आकर्षित गरायो भने भीमसेन थापाको दुःखद अन्त्यपछि निरङ्कुस राणा शासनको उदयले नेपालीहरूमा विरक्तिभाव पैदा गरायो। फलतः नेपाली कविताको वीरधाराको अन्त्य र भक्तिधाराको उदय भयो।' अतः नेपाली कवितामा भक्तिधारा आउनाका कारणलाई लेखकहरूले आ-आफ्ना तर्क दिएका छन्। बालचचन्द्र शर्मा, कमल दीक्षित, तारानाथ शर्मा आदिले तत्कालीन राजनैतिक अस्थिरता र विधर्मी शक्तिसित पराजय हुनु अनि सं १८७२ मा सुगौली-सन्धिबाट जनतामा उत्पन्न व्यापक मानसिक उदासीनतालाई भक्तिकाव्यको निर्मितिका कारण मान्छन् भने मथुरादत्त पाण्डेय नेपाली भक्तिकाव्यको निर्मितिका कारण राजनैतिकसापेक्ष तथा सांस्कृतिक परम्पराकै उपज मान्छन्। यसरी हेर्दा विद्वान्हरूका तर्कमा मतभिन्नता प्रशस्त पाइन्छन्। तथापि, दयाराम श्रेष्ठ के भन्छन् भने 'भक्तिकाव्यका सम्बन्धमा कतिपय विवादहरूलाई नलीकन यसको उपादेयताको रूपमा सन्त ज्ञानदिलदासको उदय लहरी वा भानुभक्तीय कृतिहरूमा प्रयुक्त नेपाली भाषालाई केलाएर भक्तिकाव्यमा नेपाली रगत र मासु खोज्नु युक्तिसङ्गत ठहर्दछन्'। अतः निष्कर्षमा भन्न सकिन्छ- भक्तिकालको उदय राजनैतिक मात्र नभएर आध्यत्मिक झुकाउ पनि थियो।

यस भक्तिधारालाई दुई भागमा वर्गीकरण गर्न सकिन्छ-




## 1. कृष्णभक्ति धारा

यस धाराका कविहरूले कृष्णलाई केन्द्रबिन्दु बनाएर कविता रचना गरेका छन्। कृष्णको उपासना गर्नु र अध्यात्म-चेतनालाई सर्वसाधारणसमक्ष पुर्‍याउनु यस धाराका कविताको उद्देश्य रहेको देखिन्छ। यस धाराका प्रवर्तक को हुन् भन्ने सम्बन्धमा लेखकहरूको विचारमा एकरूपता पाइँदैन। कमल दीक्षितले गुमानी पन्तलाई भक्तिकालका आदि स्रष्टा मानेका छन् भने केशवप्रसाद उपाध्यायले यदुनाथ खनाललाई मानेका छन्। यी दुई लेखकबाहेक बाबुराम आचार्य, बालचन्द्र शर्मा, ताना शर्मा, दयाराम श्रेष्ठ, घनश्याम नेपाल, मोहनराज शर्मा आदिले इन्दिरसलाई प्रथम कृष्णकवि मानेका छन्। इन्दिरस, विद्यारण्य केशरी, वसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखर्‍याल, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुर्‍याल, छविलाल नेपाल आदि यस धाराका प्रमुख कविहरू हुन्।

घनश्याम नेपालले कृष्ण कथामा केन्द्रित नेपाली काव्यलाई मुख्यतः दुई धारामा बाँडेका छन्- १. रतिरागात्मक अभिव्यक्तिका काव्य, २. रतिरागेतर अभिव्यक्तिका कविता। पहिलो समूहका कविहरूमा इन्दिरस, विद्यारण्य केशरी, हरिदास, हीनव्याकरणी विद्यापति, छविलाल नेपाल आदि छन् भने रतिरागेतर समूह वा धाराका कविहरू वसन्त शर्मा, वीरशाली पन्त, यदुनाथ पोखर्‍याल, पतञ्जली गजुर्‍याल आदि छन्। यी कविहरूले अध्यात्म वा भक्तिपरक कविता रचना गरेका पाइन्छन् भने तीमध्ये यदुनाथ पोखर्‍यालले वीरस्तुतिका काव्य पनि लेखेका छन्।

इन्दिरसका **गोपिका स्तुति**, विद्यारण्य केशरीका **युगलगीत**, र **द्रोपदी स्तुति**, वसन्त शर्माका **कृष्ण चरित्र**, **समुद्र लहरी**, वीरशाली पन्तका **विमलबोधानुभव**, **सरस प्रेमावली**, यदुनाथ पोखर्‍यालका **स्तुतिपद्य** र **श्रीकृष्ण चरित्र**, हीनव्याकरणी विद्यापतिका **गीत गोविन्द**, **राग बाह्रमासा**, **सातराग**, **सात नायिका**, **गीतावाणी**, पतञ्जली गजुर्‍यालका

**चौरपञ्चाशिका**, **बाल-गोपालवाणी**, **हरिभक्तमाला** आदि काव्य-कृतिहरू प्राप्त छन्।

यी कविहरूमध्ये ईश्वर बरालले यदुनाथ पोखर्याललाई 'वीर रसका प्रथम कवि' मानेका छन्।

यस धाराका कवि र कवितामा पाइने प्रवृत्तिलाई केलाउँदा पौराणिक भागवत् कथालाई मौलिकता दिने प्रयास, नेपाली परिवेशको चित्राङ्कन, ठेट नेपाली र हिन्दी मिश्रित काव्यभाषाको प्रयोग, प्रतीकात्मकता, आन्तरिक भावको उपस्थापन, मौलिक रचनाको प्रयास, युगबोधको झीणो प्रयास, छन्द र अलङ्कारको प्रयोग, भावको पुनरुक्ति आदि मुख्य रहेका देखिन्छन्।

कृष्णकथामा आधारित नेपाली कवितामा वसन्त शर्माको **श्रीकृष्णचरित्र**लाई मौलिक काव्य-सिर्जनाको प्रयास मानिन्छ। **कृष्णचरित्र** सोही शीर्षक दिएर यदुनाथ पोख्र्यालले पनि लेखेका छन्। ती दुवै काव्यका आदिस्रोत श्रीमद्भागवत नै हो। तर फरक के देखिन्छ भने यदुनाथका **कृष्णचरित्र** श्रीमद्भागवतको दसौँ स्कन्ध हो, जुन कृतिलाई कम मौलिकता बेसी सूरदासीय कृष्णकाव्यको अनुकरण मानिन्छ। वसन्तको **श्रीकृष्णचरित्र** दसौं र एघारौं स्कन्ध हो जसलाई मौलिक काव्य प्रयास मानिन्छ। उदाहरणका रूपमा दुवै कविका अलग-अलग काव्यांशलाई हेर्न सकिन्छ-

क. साहेव्लाइ रिझवनै त नशकी जन्मै मधेस्मा बिती ।
बिर्ता जो षहर्या पसी उडिगई सुर्ता मनैमा अती ।।
साहूको त सकस् हुँदा घरि घरि हराई मती ।
ध्यान् राखी त शरन् पिछा परिगत्रां क्या हुन्छ मेरो गती ।।
**(यदुनाथ पौखर्याल)**

ख. हस्ती सिंह पनी बडा विरहरी प्यादा थिया साथमा ।

नारान्का मोहमा सबै बस मुर्छा पर्‍या रारतमा ।।

ढोका बन्द खुल्या अरी सब भुल्या खेल्दै गया बाटमा ।

जमुनाका जलले माहार्चन गरी गोकुल् पुग्या रातमा ।।

**(वसन्त शर्मा)**

जे भए पनि यी दुई काव्यले मूल ग्रन्थको मूल्यलाई बढाइदिएको छ। तापनि रमेश श्रेष्ठले वसन्त शर्मालाई कृष्णकाव्यका आदिकवि र उनका **श्रीकृष्ण चरित्र**लाई पहिलो नेपाली खण्डकाव्यको रूपमा मान्छन्। इन्दिरस, विद्यारण्य केशरी, वीरशाली पन्त, हीनव्याकरणी विद्यापति, पतञ्जली गजुर्‍याल, छविलाल नेपाल आदि कविहरूबाट अध्यात्मवादी भक्तिभावका कविता लेखिएको पाइन्छ।

## 2 रामभक्तिधारा

वाल्मीकिको अध्यात्म रामायणलाई केन्द्रबिन्दु बनाएर रामको यश र आदर्शलाई कवितात्मक रूप दिने कार्य यस धाराका कविहरूले गरेका छन्। रामभक्तिधाराका केन्द्रिय कवि भानुभक्त आचार्य हुन् भने रामकाव्यका चर्चित अर्का कवि रघुनाथ पोखरेल हुन्। भानुभक्त आचार्य नेपाली साहित्यको आदिकवि हुन्। उनका अनूदित **अध्यात्मरामायण** मुख्य कृति हो। यसलाई संस्कृतको भावानुवाद मानिन्छ। यो नेपाली समाजका लागि सांस्कृतिक विरासद हो। धेरैले "मर्यादा पुरुषोत्तम भगवान् श्री रामचन्द्र जगत् गुरु भगवान् श्री कृष्ण तथा शिष्ठादि धेरै ऋषि मुनि महात्माहरूले र राष्ट्रिय विभूति महाराज जनक समेतले अनुशरणको साथै लक्षित गरिएको वास्तविक धर्म (आत्मज्ञान) लाई हरतरहले बुझाउनका लागि रामायण लेखिएको हो" भन्छन्।

जसरी नेपाली कवितामा वीराधारापछि भक्तिधारा आएको थियो सोही रूपमा कृष्णभक्तिदेखि रामभक्तितिर कविका ध्यानाकर्षण हुनु भाइचन्द्र

प्रधान र बालचन्द्र शर्माले निम्नलिखित कारण र प्रयोजनलाई अघि सारेका छन्। भाइचन्द्र प्रधानअनुसार "कृष्णचरितमा भएको अश्लीलताको विरोधमा रामचरित्रणा भएको मर्यादापूर्ण जीवन, नायक-नायिकाको विरोधमा वैराग्य एवम् ईश्वर भक्तितिरको आकर्षण, राम-चरितको अहिलेसम्मको न्यूनता, कृष्णचरित्रको व्यापकताको विरोधमा रामचरितमा भएको कम व्यापकता, कृष्णचरित्रमा सेवाभावको प्रदर्शनमा भएको जटिलताको विरोधमा राम-चरित्रमा भएको तुलनात्मक सरलता र भानुभक्तको रामभक्त परिवार, रामचन्द्रको लोकसेवा एवम् तदानुसार कार्य श्री कृष्ण भग्वान्को भन्दा केही उच्च कोटीको छ एवम् साधारण हृदयग्राही छ।"

बालचन्द्र शर्माअनुसार "तुलसीदासको 'रामचरितमानस' ले मुसलमान उत्कर्ष-कालमा निराश हिन्दु समाजमा आशाको सञ्चार गरिदिए जस्तै भानुभक्तको समयमा युद्धबाट पराजित भएर देशमा 'भयानक-पथ-भ्रान्तिको भावना' फिंजिंदा एकमात्र 'आशा-दीप' को रूपमा रामचन्द्र देखापरे- उनै रामको आशावादी चरित्र एउटा यस्तो कुरा शेष थियो जसले किकर्तव्य-विमूढ नेपाली जनलाई जीवनदान दिन सक्थ्यो, र भानुभक्तले समाजको निम्ति यही सञ्जीवनी प्रस्तुत गरे।" साथै भानुको **अध्यात्मरामायण** नेपाली समाजमा तुरुन्त लोकप्रिय पनि बन्न पुग्यो। त्यतिबेलाको पाठक तथा श्रोतालाई रामको कथा, उपदेश, उनको पितृभक्ति, पत्नीप्रेम, वात्सल्य भावना, सत्यप्रति आग्रह, युद्ध र धार्मिक भावनाले ज्यादै आकर्षित गर्‍यो। त्यतिबेलाको जनसाधरणलाई भक्ति नै सत् तथा मुक्तिको एकमात्र उपाय हो भन्ने उपदेशको प्रभाव नपर्ने कुरो भएन। जस्तैः

भक्ति मुख्य छ सर्व साधन महा भक्ति छ सब् ज्ञान् दिन्या।

भक्तिले सब मुक्त हुन्छ दुनियाँ यो नित्य जानी लिन्या।।

भक्ति हिन् भई कर्म गर्दछ भन्या यो निस्फलै हो भनी।।

तस्मात् श्री रघुनाथका चरणमा भक्ति लगाउ पनी।। **(युद्धकाण्ड)**

भानुभक्त आचार्यका अन्य उपलब्ध कृतिहरू - **बधू-शिक्षा**, **प्रश्नोत्तरी** र **रामगीता** हुन्। भानुभक्त नेपाली समाजमा कविका रूपमा मात्र प्रतिष्ठित छैनन् घनश्याम नेपालले तिनी जातीय भावना र साम्प्रदायिक सद्भावनाका उन्नायक सांस्कृतिक प्रतीक पनि हुन् भन्छन्।

राम-काव्यका अर्का निर्माता रघुनाथ पोखरेल हुन्। उनले **रामायण**का अयोध्यायकाण्ड, बालकाण्ड र सुन्दरकाण्ड पद्यानुवाद गरे पनि उनको **सुन्दरकाण्ड** रामायणमात्र हालमा उपलब्ध छ। उनले केही फुटकर कुट पद्यहरू पनि लेखेको चर्चा पाइन्छ।

रामभक्ति काव्यका प्रवृत्तिहरूमा महाकाव्यात्मक स्वरूपको प्रतिष्ठा, सामाजिक सांस्कृतिक मूल्यको उठान, जातीय भावना, नेपाली लोकभाषाको प्रणयन, शास्त्रीय छन्दको प्रयोग, अभिव्यक्तिमा सरलता र सहजता, अरबी, फारसी उर्दू भाषाका शब्दहरूको प्रयोग, जातीय भावनाप्रति झुकाउ, सरल सुललित पदावली, सामयिक जीवनको छाप र भाषाको सुन्दर र परिमार्जित प्रयोग आदि मुख्य रहेका छन्। निष्कर्षमा भक्तिको विषय कृष्ण र राम भए तापनि देशभक्तिको भावलाई लिएर पनि उक्त धाराका कविहरूले कविता रटना गरेका पाइन्छन्।

## 3 निर्गुण भक्तिधारा

पारलौकिक निर्गुण स्वरूपको ज्ञान र भक्तिलाई लोकलयमा उतार्ने जोसमनी सन्त कविता परम्परालाई निर्गुण भक्ति परम्परा भनिन्छ। निर्गुण भक्तिधारालाई जोसमनी सन्त परम्पराको रूपमा पनि चिनिन्छ। यसअन्तर्गत ज्ञानाश्रयी शाखा प्रमुख रहेको छ। यस धाराका आदिगुरु

सन्त शशिधर हुन्। तर सन्त ज्ञानदिलदास यस शाखाका उल्लेखनीय कवि हुन्। यस परम्परालाई गतिशीलता प्रदान गर्ने अन्य कविहरू अगमदिलदास, अखडदिलदास, गोविन्ददास, धर्जेदिलदास, प्रेमदिलदास, धौकलदास, सीतारामदास, स्वामी अमयानन्द आदि प्रनुख छन्। शशिधर, अगमदिलदासले केही भजनहरू नेपाली भाषाको प्रभावमा लेखेका छन्। हिन्दीमूलक सधुक्कडी बोली यी सन्त कविहरूका मुख्य भाषिक माध्यम हो। यसमा अखडदिलदास विशुद्ध नेपालीपन भएका भाषा प्रयोक्ता हुन्। यस शाखाका मुख्य र केन्द्रिय मानिएका कवि सन्त ज्ञानदिलदासलाई मानिन्छ। उनका **उदयलहरी** र **भजन संग्रह** प्रकाशित छन्। ज्ञानदिलदास सरल र ठेट नेपाली भाषामा सामाजिक विद्रूप, अन्धविश्वास र कुरीतिप्रति व्यङ्ग्यात्मक आलोचना तथा गम्भीर दार्शनिक एवम् आध्यात्मिक विचारहरूका अभिव्यक्ति गर्ने कविका रूपमा घनश्याम नेपालले मानेका छन्।

निर्गुण शाखाका कविहरूले सगुण आस्थाको अभिव्यक्ति पनि दिएको पाइन्छ। यस सम्बन्धमा घनश्यामा नेपाल अझ के लेख्छन् भने 'एकातिर यिनीहरू निर्गुण निराकार ऐश तत्त्वको साधनाका कुरा गर्दछन् भने अर्कोतिर शिव, विष्णु, राम, कृष्ण, हरि आदिलाई पनि मान्ने हुँदा यी शैव र वैष्णव मतानुयायी पनि छन्।' पुष्प शर्माका अनुसार यिनीहरूका अतिरिक्त यसै कालमा देखापरेका वीरशाली पन्त, पतञ्जलि गजुर्याल, हरिदास, यदुनाथ पोखृयाल, लालबहादुर आउँमासी, रणबहादुर प्रभृत्ति केही कविहरूले मत्स्येन्द्रनाथ, ध्रुव, प्रह्लाद, विष्णु प्रभृत्ति विभिन्न देव-देवताहरूको स्तुतिपरक तथा देशप्रेमपरक, युद्धयात्रा, नीति उपदेशात्मक विषयका एकाध कविता-कृति रचना गरेर नेपाली साहित्यलाई गतिशील तुल्याउने प्रयास गरेका छन्। यस शाखाका कवितामा पाइने प्रवत्तिहरू

ईश्वरको साधना, सगुणभक्तिप्रति आस्था, सामाजिक कट्टरताप्रति विरोध, निम्नवर्गीय समाजप्रति सहानुभाव, लोकलयको प्रभाव, नीतिवादी जीवनदर्शन, नेपाली भाषाको परिमार्जित रूप, युगबोध र सामयिकता आदि रहेका छन्।

## 13.2.2 प्राथमिककालीन गद्य

नेपाली साहित्य-परम्परामा गद्यको परम्परा सबैभन्दा पुरानो रहेको देखिन्छ। प्राथमिककालीन नेपाली गद्यको पृष्ठभूमि अभिलेखकालीन लेखोटहरूलाई मान्न सकिन्छ। यस पृष्ठभूमि कालका अभिलेख, यात्रा विवरण, जीवनी, धार्मिक ग्रन्थादि नेपाली साहित्यका प्राचीन गद्य नमुनाहरू हुन् भने त्यसैबाट नेपाली गद्यको स्वरूप निर्माण भएको देखिन्छ।

प्राथमिक नेपाली गद्यको इतिहास सन् १७४३ देखि सन् १८८२ सम्मको अवधिलाई मानेको पाइन्छ। **सत्सङ्गको वर्णन भयाको कथाहा र राजप्रपञ्चको व्यहोराको एउटा षिसा** (अनुमानित सन् १७४३) लाई नेपाली गद्यसाहित्यको प्रारम्भिक नमुना मानिन्छ। तापनि यस कालका प्रथम गद्यलेखक र कृतिका रूपमा शम्भुप्रसाद ढुङ्गेल र तिनका **महाभारत विराट्पर्व** (सन् १७७०) लाई मानिन्छ। ढुङ्गेलको **महाभारत विराट्पर्व** संस्कृतबाट नेपालीमा अनुवाद गरिएको लामो गद्याख्यान हो। ढुङ्गेलपछि यस कालका गद्यलेखक भानुदत्तलाई मानिन्छ। तिनको **हितोपदेश मित्रलाभ** (सन् १७७६) संस्कृतबाट नेपालीमा अनूदित कृति हो। अतः शक्तिवल्लभ र भानुदत्त प्राथमिककालीन गद्याख्यानका प्रारम्भिक स्रष्टाद्वय हुन्।

प्राथमिककालीन नेपाल गद्यका विकासमा देखापर्ने अन्य महत्त्वपूर्ण लेखक र तिनका कृति गौरीशङ्कर पण्डितको **बेताल पञ्चविशंति कथा** (सन् १७९८) र लक्ष्मीनारायण जोशीको **महाज्ञान मुद्रा कथाहा** (सन् १८०१)

प्रमुख छन्। त्यसरी नै यस कालका अन्य गद्यलेखक र तिनका कृतिहरू अमृतानन्दको **पच्चीस बेताल** (सन् १८११), बेनामीको **पिनासको कथाहृा** (सन् १८१२), बेनामीको **दशकुमारचरित** (सन् १८१८), **मुन्सीका तीन आहृान** (सन् १८२४), बेनामीको **महाभारत सभापर्व** (सन् १८२३), **हितोपदेश मित्रलाभ** (सन् १८२४), विजयानन्दको **बृहत्कथा** (सन् १८२६), सुन्दरानन्द बाँडाको **अध्यात्मरामायण** (सन् १८२९), **त्रिरत्नसौन्दर्य गाथा** (सन् १८३३), ललितत्रिपुरसुन्दरीको **राजधर्म** (सन् १८३१), अज्ञात लेखकको **स्वस्थानी व्रतकथा** (सन् १८३१), विष्णुपदको **लालहीराको कथा** (सन् १८२३), दुनेलको **पुरानु अनि नयाँ सास्तरको कथा** (सन् १८५०), हरिदासको **सत्यनारायण कथाहृा**, रामदासको **भक्तिकाण्ड रामायण**, भवानीदत्त पाँडेका **मुद्राराक्षस**, महाभारत **उद्योगपर्व, मार्कण्डय पुराण, हितोपदेश मित्रलाभ**, शशिधरको **जोशमनी योगशास्त्र** (भरथरीको कथा – सन् १८३९), बेनामीको **गोपिकास्तुति भावमन्सर भाषा** (सन् १८८०), हरिदास श्रेष्ठको **सत्यनारायण कथाहृा** आदि प्रमुख देखिन्छन्।

प्राथमिक कालमा निबन्धात्मक र प्रबन्ध स्वरूप भएका केही कृतिहरू निर्माण भएको घनश्याम नेपालले उल्लेख गरेका छन्। **नेपाली साहित्यको परिचयात्मक इतिहास** पुस्तकमा तिनले उल्लेख गरेअनुसार सन् १८११ को **बाग्मती अभिलेख**, पं. दैवज्ञकेशरी अर्यालको **गोरक्षयोगशास्त्र** (सन् १८२०), सन्त शशिधरको **वैराग्यम्बर** (सन् १८४९), सिद्दिमान राजभण्डारीले लेखेको अनुमानित **जंगबहादुरको बेलायत यात्रा** (सन् १८५३), बेनामीको **बत्तीस सालको रोजनाम्चा** (सन् १८७५) र पृथ्वीनारायणको **दिव्योपदेश**मा देखा परेलको निबन्धात्मक शैलीको प्रारूप विकास गराउन सघाउ पुर्‍याएको देखिन्छ।

मोहनराज शर्माको भनाइमा 'मोतीराम भट्टको उदयकालपछि नेपाली गद्यले पूरै साहित्यिक चोला फेरेको हो तापनि यसभन्दा अघिको प्राथमिक चरणमा नेपाली गद्यले साहित्यिक गद्यमा रूपान्तरित हुने प्रक्रियालाई अँगालेको छ, जस्तैः

क. गद्यमा साहित्यिक गुणहरूको समावेश हुनु,

ख. गद्यमा साहित्यिक रूपहरूको निर्माण हुनु।

अतः अभिव्यक्तिले यसरी बाटो फेर्ने मूल कारण के हो भने यस चरणका रचनाहरूमा विषयवस्तु नै तथ्यबाट आख्यानतर्फ ढल्कँदै गएको छ।'

**प्रगति जाँच गर्नुहोस् 1 :**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. प्राथमिक नेपाली कविताका प्रवृत्ति के-के हुन्?

.................................................................................
.................................................................................
.................................................................................

2. प्राथमिककालीन नेपाली गद्याख्यानको विशेषता लेख्नुहोस्।

.................................................................................
.................................................................................
.................................................................................

3. प्राथमिककालीन नेपाली साहित्यको उपलब्धी चिनाउनुहोस्।

.................................................................................
.................................................................................
.................................................................................

# 13.3 माध्यमिककालीन नेपाली साहित्यको विकास

माध्यमिककालीन नेपाली साहित्यलाई पनि पद्य, गद्याख्यान, नाटक र आख्यानेतर गरी चारवटा भागमा विभाजन गर्न सकिन्छ। यसैले

माध्यमिककालीन नेपाली साहित्यको इतिहासलाई तल अलग-अलग स्वरूपमा प्रस्तुत गरिनेछ।

## 13.3.1 माध्यमिककालीन पद्य

सन् १८८३-१७ सम्मको समयलाई नेपाली साहित्यको माध्यमिककाल हो। यस काललाई शृङ्गारकाल पनि भनिन्छ। माध्यमिककालीन नेपाली कविताको प्रमुख काव्य प्रवृत्ति शृङ्गार हो। तर शृङ्गारिक नेपाली कविताको पृष्ठभूमि व्यक्तिस्तुति र अध्यात्ममुखी प्रवृत्ति रहेको छ। यसैले भक्तिकाल कविहरू पनि शृङ्गारिक भाव-चेतनाका कविताहरू लेखेका पाइन्छन्। यसैले कृष्णभक्ति र रामभक्ति दुवै प्रवृत्तिका प्रारम्भिक कविहरूमा शृङ्गार रसको पूर्वाभास पाइन्छ। इन्दिरसका **गोपिका स्तुति**, विद्यारण्यकेशरीका **युगलगीत** र **द्रोपदी स्तुति**, वसन्त शर्माको **कृष्णचरित्र**, पतञ्जली गजुर्यालको **चौरपञ्चाशिका**, तीर्थराज पाण्डेको **विद्या-सुन्दर संवाद**, लालबहादुर आठमासीको **बाह्रमासे**, दानराज लामिछानेको अनूदित **चौर पञ्चाशिका** र **श्लेक पञ्चाशिका**, भानुभक्तको **रामायण, बालाजीवर्णन** आदि भक्तिकाव्यहरूमा शृङ्गार भावलाई अङ्ग वा सञ्चारी रतिभावको रूपमा वर्णन गरी रचिएको देखिन्छ।

यी काव्यहरूका मूल प्रवृत्ति भक्ति नै हो तर अङ्ग रसको परिपाकको रूपमा शृङ्गार पनि रहेको देखिन्छ। यसरी नै माध्यमिक कालमै पनि व्यक्तिस्तुति र अध्यात्ममुखी प्रवृत्तिका कविता रचना गरिएका पाइन्छन्; जस्तैः शिखलरनाथ सुवेदीका **वीरष्टिका**, **हेमराजाष्टाकम्**, **महाराजाष्टकम्**, शम्भुप्रसाद ढुंगेलका **चन्द्रप्रताप वर्णन**, **नेपालमा चन्द्रोदय**, **दुर्गाकवज**, **गंगामहात्म्यको सवाई**, **रामाश्वामेघ राजा**, **बृहत् कृष्णचरित्र**, **रामाश्वमेघकाण्ड**, कृष्णप्रसाद रेग्मीका **श्री ५ सूतजन्मोत्सव वर्णनम्**,

**हरिहरस्तुति**, **सत्यहरिशचन्द्र**, **देवी भागवत्**, **वेदस्तुति**, **शिवगीत**, तारानाथ शर्माका **श्रीचन्द्रगुणावली**, **नेपाल शतक, उर्मिला, राघवविलास**, होमनाथ खतिवडाका **रामाश्वमेघ काण्ड**, **नृसिंहचरित्र, महाभातरका विभिन्न पर्व, श्रीमद्भागवत् कृष्णचरित्र, प्रेम सागर,** मोतीराम भट्टका **प्रह्लादभक्ति कथा, गजेन्द्रमोक्ष, भ्रमरगीत, ताजको कथा,** कुलचन्द्र गौतमका **प्रपञ्चचर्या**, **रामचरितमानस**, बबगुनी गुरुङको **बह्मतत्वको सवाई**, **अञ्जनादेवीको ईषावास्योपनिषद्** आदि छन्। उपर्युक्त कविमध्ये पतञ्जली गजुर्यालले शृङ्गाररसलाई रसको राजा मानेका देखिन्छन् साथै तिनले शृङ्गार रसका आधारहरूको परिचय समेत दिएर शृङ्गारकालको प्रारम्भका लागि सैद्धान्तिक पृष्ठाधार तयार पारेका छन्।

माध्यमिक नेपाली कविताका केन्द्रीय कवि मोतीराम भट्ट नै हुन्। भट्टको शिष्ट शृङ्गार-रसप्रधान कविता रचना माध्यमिक नेपाली कविताको प्राण हो। भट्ट मूलतः बहुआयामिक प्रतिभा हुन्। तिनको योगदान नेपाली साहित्यमा अभिस्मरणीय छ। तिनले काव्य, नाटक, जीवनी, गजल जस्ता विधामा कलम चलाएका छन्। तिनले 'समस्यापूर्ति' को अभियान चलाएर नेपाली साहित्यमा प्रथमचोटि साङ्गठानिक चेतनाको दियो पालेका हुन्। अतः माध्यमिक कालमा देखापरेका कवि तिनका कृति यस प्रकार छन्- मोतीराम भट्टका **पिकदूत**, **श्लोक-संग्रह**, **संगीत-चन्द्रोदय**, पतञ्जली र तीर्थराजका **चौरपञ्चाशिका**, देवराज लामिछानेको **शलोकपंचाशिका**, पहलमानसिंह स्वारको **प्रेमामृतवचन**, दुर्गाप्रसाद शर्माद्वारा सम्पादित **कविता-कल्पद्रुम**, दानराज लामिछानेको **बाह्रमासे**, हरिप्रसाद उपाध्यायको **श्री भर्तृहरिशतक**, कृष्णप्रसाद रेग्मीको **विरहलहरी** र **प्रभावतीचरित्र**, **कविता-कल्पद्रुम**को दोस्रो संस्करणमा समावेश कविताहरू **मदनोद्दीपन**, **शृङ्गारपच्चीसी**, **श्रृङ्गारकालिका**, **यमयमकमाला**,

**श्रृङ्गारमनोहारिणी, श्रृङ्गारतरङ्गिणी, मानसाकर्षिणी** आदि चन्द्रमान राईको **आनन्द लहरी**-भाग दुई, चन्द्रध्वज राईको **प्रेम तरङ्ग,** सुन्दरसिंह मुन्सीको **आनन्द लहरी** – भाग पाँच, प्रसादसिंह नेचालीको **प्रीति लहरी**, नरवीर तामाङको **आनन्द लहरी** छैटौँ भाग, धर्मसिंह चामलिङको **माया लहरी**, यसै समय देखापरेका **मदनमञ्जरी**, **विरह लहरी** र **प्रेम लहरी**, शिखरनाथ सुवेदीको **श्रृङ्गारदर्पण**, लेखनाथको **ऋतुविचार**, बैरवकुमार राजभण्डारीको **प्रेमप्रबन्ध**, कृष्णप्रसाद रेग्मीका **बाह्रमासे**, पट्ठापट्ठीको प्रीति-प्रबन्ध, कुखुरा कराये, राधा मिलाप, टीकाराम शर्माको **ऋतुमञ्जरी** आदि छन्।

माध्यमिक कालका प्रमुख उपलब्धि विभिन्न पत्र-पत्रिकाको प्रकाशन र मुद्रण व्यवस्थापन कार्यको आरम्भ हुनु हो। **सुन्दरी**, **माधवी**, **सूक्तिसिन्धु** आदि पत्रिकाहरू यस कालका मुख्य उपलब्धि हुन्। त्यसमा पनि **सुक्तिसिन्धु**को प्रकाशनलाई शृङ्गारिक काव्य-लेखनको चर्मोत्कर्ष मानिन्छ।

## 13.3.2 माध्यमिककालीन गद्याख्यान

माध्यमिक नेपाली गद्याख्यानको परम्परामा **गोर्खा पत्र** (सन् १९०१), **उपन्यासतरङ्गिनी** (सन् १९०२), **गोर्खे खबर कागत्** (सन् १९०१) **माधवी** (सन् १९०८), **गोर्खाली** (सन् १९१४), **चन्द्रिका** (सन् १९१७) जस्ता पत्र-पत्रिकाहरूका प्रकाशनको महत्त्वपूर्ण भूमिका रहेको छ। यसैले यी पत्रिकाहरूमा अनुकूल चेतनालाई लिएर लेख्न थालेपछि नै माध्यमिककाल वा शृङ्गारकालको आरम्भ हुन्छ। मूल रूपमा माध्यमिक नेपाली गद्याख्यानको प्रारम्भबिन्दु **गोर्खा पत्र**को प्रकाशनकाललाई मानिन्छ। यसभन्दा अघिका **गोरखा भारत जीवन, सुधा, सागर** आदि पत्रिकामा गद्याख्यानात्मक स्वरूपका रचनाहरू छापिएका पाइँदैनन्। अतः **गोर्खा**

**पत्र**को प्रकाशनले प्रारम्भिक नेपाली गद्याख्यानको प्रवृत्तिबाट मुक्त गराएर माध्यमिककालीन प्रवृत्तिहरूको विकासमा सहयोग पुर्‍याएको देखिन्छ।

घनश्याम नेपालका अनुसार 'यस युगमा गद्यका विभिन्न उपविधाहरू विकसित भए जसलाई इतिवृत्तात्मक र इतिवृत्तेतर गद्य भनी दुई भागमा छुट्याउन सकिन्छ।' जुन इतिवृत्तात्मक गद्याख्यान आधुनिक कथा र उपन्यासको मध्यरूपमा रहेको देखिन्छ। शरद्चन्द्र शर्मा भट्टराई अनुसार 'माध्यमिक कालको गद्याख्यानको खास विशेषता उपन्यास रूपका यस्तै गद्याख्यान जन्माउनुमा रहेको मान्नुपर्छ, जसले पछिल्लो युगका निम्ति पूर्वाधार हुने श्रेय पाएका छन्।'

माध्यमिक कालका नेपाली गद्याख्यानमूलक नमुना कृतिहरू यस प्रकार छन्-  उषाहरण कथाहा (सन् १८८४), स्वास्थानीब्रत कथा (सन् १८८७), वीरसिक्का (सन् १८८९), सुखार्णव (सन् १८९१), शुकबहत्तरी कथा (सन् १८९६), नलोपख्यान (सन् १८९९), देवीभागवत् (सन् १८९९), वीरबल चातुरी (सन् १८९९), भूतलीला : आश्चर्यजनक घटना (स्न १९०६), विचित्र घटना (सन् १९१०), अकबरवीरबल विलास (सन् १९११), एक विचित्र जासुसी शिकारीको सच्चा कहानी (सन् १९११), सज्जनसिंह (सन् १९९१), राजा तसवीर (सन् १९१३), अनुसूयासीता संवाद (सन् १९०८), विदुलापुत्र-संवाद (सन् १९०८), शकुन्तलोपख्यान (सन् १९०८), हीराको औंठी (सन् १९१२), सुन्ने कथा (सन् १९१४), मानभंजन (सन् १९१३), बदला (सन् १९१४), हृदयपरीक्षा (सन् १९१५), पंचतन्त्र, हितोपदेश, दशकुमारचरित्र मधुमालतीको कथा, तोता-मैनाको कथा, महाठगको कथा आदि मुख्य छन्।

अतः स्रोत, विषय एवम् प्रवृत्तिका आधारमा माध्यमिक नेपाली गद्याख्यानलाई शरद्चन्द्र शर्माले निम्नलिखित रूपमा वर्गीकरण गरेका पाइन्छन्-

क. **संस्कृतमूलक धार्मिक - पौराणिक धाराका गद्याख्यान**, (स्वास्थनी व्रत कथा, प्रेमसागर, सुखार्णव, नलोपाख्यान, विदुलापुत्र संवाद, अनुसूया-सीता संवाद, गोर्खा संक्षिप्त रामायण, गोर्खा संक्षिप्त भारत, शुख सागर, शर्मिष्ठा, पतिव्रता धर्म अद्भूत चमत्कार, नल दमयन्ती, शकुन्तला, शैव्याहरिश्चन्द्र, श्रीकृष्ण चरितामृत, भीष्ण प्रतीज्ञा, मदालसोपाख्यान, नरदेव, मायानाम्नी नदीका तीरको कायापुर, कर्मको गीत)

ख. **पुराण स्रोत भिन्न नैतिक - औपदेशिक एवम् रम्याख्यान परम्पराका आख्यानहरू**, (किस्सा शुक सारिका, शुकबहत्तरी, रत्न दंत कथाहा, अचम्भको बच्चाको अर्थात् मनुवा चरोको कथा, वीरबल चातुरी, वीरबल कौतुहल, अकबर-वीरबल विलास, भोजकालिदास, सत्रसेन कथा, सत्तलसिंह राजाको कथा,

ग. **कौतुक साहस, श्रृङ्गार एवम् प्रेम प्रसङ्गका अरबी – फारसी - उर्दू मूलका अतिरञ्जनात्मक किस्सा - आख्यानहरू,** (अलिफ लैला, सहस्र रजनी चरित्र, चहार दरवेश, अमीर हमजा दास्तान, गुल सनोवर, गुलबकावली, हातिमताई, फिसाने अजायव, तिलस्मे हशरूवा, अबोला मैञा, अपूर्व मैञा, अपूर्व रानी, महाठगको कथा, सुन्ने कथा, लालहीरा, मधुमालती, सुनकेसरा रानी, अलादिनको चिरागकिरण शशी, प्रेमलता, प्रेमकान्ता, प्रेमकान्ता सन्तती, तोतामैनाको कथा, सत्य मधुमालतीको कथा)

घ. **हिन्दीमूलक तिलस्मी-ऐयारी-जासूसी अतिरञ्जनात्मक उपन्यास,** (चन्द्रकान्ता, चन्द्रकान्ता सन्तती, नरेन्द्र मोहिनी, वीरचरित्र, प्रेमकान्ता, प्रेमकान्ता सन्तती, आतङ्क, रत्न भवन, राक्षस राज्य, विफल प्रयास,विदेशी बदमास, कर्नेलको हत्या)

ङ. **समाजिक ऐतिहासिक एवम् जासूसी परिप्रेक्ष्यका बंगालीमूलक रम्याख्यानहरू**, (चन्द्रशेखर, बंगविजेता, युगलाङ्गुलीय, हिरण्यमयी चरित्र, ध्रुव, दुर्गेशनन्दिनी, खूनी डाक्टर, वृषवृक्ष, काशीनाथ, दर्पचूर्ण, अँध्यारोमा उज्यालो, माहिली दिदी, बैकुण्ठको दानपत्र, गोरा, नौका डुब्यो, चरित्रहीन, शेष प्रश्न, उषा, एक जोर औठी)

च. **अङ्ग्रेजीमूलक आख्यानहरू,** (अद्भूत मिलाप, मेरिना चरित्र)

छ. **मौलिकताको प्रचेष्टा झल्काउने केही नेपाली**, (वीरसिक्का, महेन्द्रप्रभा, वीरचरित्र, एक लाखको चोरी, पद्मकुमारी, सुन्दरी भूषण, मधुबाला, कलावती, विलासिनी, जादूगर, नौलखाहार, विचित्र जासूसी, प्रेमकान्ता, महाकाल जासूस, डा. सूर्यप्रसाद, महारानी पृयम्बदा, चक्रपरिक्रम, दयाकी भावी, राजपुत रमणी) आदि।

नीति शिक्षा, भक्ति र जातक प्रवृत्तिगत विशेषताका साथै अतिरञ्जनात्मकता र अलौकिकतापूर्ण घटना, विवरण प्रस्तुत गरिएका पाइन्छन्। शृङ्गारिकता, जादू-टुना, तन्त्र-मन्त्र, तिलस्मी, मनोरञ्जन, अलौकिक चातुरी माध्यमिककालीन नेपाली गद्याख्यानका प्रवृत्ति हुन्। नारीलाई पौराणिक आदर्शको मूर्तिको रूपमा प्रतिष्ठापित गर्नु, धार्मिकता र कोरा उपदेश दिनु, वन्यजन्तु र घरगृहस्थीको विषय बनाउनु, संस्कृत, फारसी-उर्दू आदि गल्पको अनुकरण गर्नु, वर्णनप्रधान शैली अँलाल्नु, भाग्यवादी एवं पलायनवादी स्वरको प्रमुखता रहनु, ईश्वरीय वरदान, जोगी-

संन्यासी फकीरका आशीर्वाद, मार्गदर्शन र श्रापको चित्रण गर्नु आदि माध्यमिक कालका गद्याख्यानमा पाइने थप विशेषताहरू हुन्। माध्यमिक गद्याख्यान कृतिहरू संस्कृत र संस्कृतेतर विभिन्न स्रोतहरूबाट अभिहित गरेर लेखिएका देखिन्छन्। साथै प्रायः अनूदित र रूपान्तरित हुनाले यिनमा नेपाली परिवेश वा स्थानीयता र मौलिकताको अभाव रहेको देखिन्छ।

## 13.3.3 माध्यमिककालीन नाटक

नेपाली समाजमा लोकनाट्य परम्परा प्राचीन कालदेखि चलेर आएको भए पनि साहित्य विधाका रूपमा नाटक-लेखनको विकास धेरैपछि सुरु भएको हो। प्राप्त जानकारी अनुसार पहिलो नेपाली नाटक शक्तिवल्लभ अर्यालद्वारा लिखित **हास्यकदम्ब**लाई मानिएको छ। तापनि उक्त नाटक-कृति संस्कृतबाट तिनैले नेपालीमा अनुवाद गरेका हुँदा यसलाई मौलिक कृतिका रूपमा मानिँदैन। नेपाली नाटक-लेखनको इतिहासमा शक्तिवल्लभ अर्याल र भवानीदत्त पाण्डे दुई प्रमुख व्यक्तित्व हुन्। तथापि नेपाली नाटक-लेखन र मञ्चन परम्पराको विकास माध्यमिक कालमा आएर मात्र भएको हो। यस कालमा नाटकको विकास लेखनमा भन्दा पनि मञ्चन वा थिएटरमा नै धेर केन्द्रित भएको पाइन्छ।

माध्यमिकालीन नेपाली नाट्य क्षेत्रका केन्द्रिय प्रतिभा मोतीराम भट्ट हुन्। तिनले जनसाधारणका रुचि र स्वेच्छालाई ध्यानमा राख्दा-राख्दै पनि दरबारीय स्वेच्छाका नाटकहरू अनुवाद गरी मञ्चित गराएका पाइन्छन् किनभने 'मोतीराम भट्टले नेपालीमा उल्था गर्न र मञ्चन गर्न थाल्नुभन्दा अघिको समय र पछिको समयका दुई दशक "पारसी थिएटर" कै विशेष खाँडो जागेको समय थियो। नाच र थिएटर प्रायः समानार्थी भएका र कुनै पनि थिएटरलाई "इन्द्र सभाको नाच" भनिने यस

अवधिमा उर्दू हिन्दीका नाटक खेल्ने कुरामा दरबारहरूमा होडपूर्ण वातावरण व्याप्त थियो।' भट्टका प्रशिद्ध अनूदित नाटकहरू **शकुन्तला** (सन् १८८७-९१), **प्रियदर्शिका** (सन् १८९१), **पद्मावती** (अधूरो), **हुस्न अफरोज आरामदिल** (अधूरो), **गुलसनोवर** (अधुरो), **काशीराम चन्द्रसेन** (सन् अधूरो), **अशोक सुन्दरी** (सह-लेखन) आदि हुन्। त्यसपछि मेदिनीप्रसाद रेग्मीद्वारा अनूदित बंगला नाटक **ज्ञानभक्तितरङ्गिनी** (सन् १९०३) र पहलमानसिंह स्वाँरको **अटलबहादुर** (सन् १९०५) नाटक प्रकाशित हुन्छ। **ज्ञानभक्तितरङ्गिनी** नाटक अनूदित नै भए पनि त्यसमा नेपालीपन पाइने हुँदा उक्त नाटकलाई नेपाली नाटकको लेखन-प्रकाशनको इतिहास सुरु गर्ने माइलखुट्टी मानिएको छ। यसका साथै **अटलबहादुर** नाटक अङ्ग्रेजी नाटककार सेक्सपियरको प्रभावमा लेखिएको भने तापनि नेपाली सामाजिक परिवेश र वातावरणको छाप रहेकोले यसलाई पहिलो नेपाली मौलिक र वियोगान्त नाटक मानिएको पाइन्छ। स्वाँरका अन्य प्रकाशित मौलिक नाटकहरू **विमलादेवी**, **जगतसिंह**, **लालुभागा**, **विष्णुमाया** नाटिका हुन् भने अन्य **रत्नावली** र **अभिज्ञान शाकुन्तल** उल्लेख्य अनूदित नाट्यकृतिहरू हुन्।

यस समय देखिएका अन्य नाटककार र नाट्यकृतिहरू यस प्रकार छन्- गिरीशवल्लभ जोशीको **पशुपति सभा** (वि.सं १९६९) र **सत्यनागचरित्र**, शम्भुप्रसाद ढुङ्गेलका अनूदित नाटकहरू **रत्नावली** (वि.सं १९७२), **शाकुन्तलनाटक प्रियदर्शनी** (वि.सं १९७२), **विद्यासुन्दर** (वि.सं १९७५), **उत्तररामचरित** र **मालतीमाधव** (वि.सं १९८५-८६), केदार शमशेरका **वीर शावित्री** (वि.सं १९७२), **दुर्गाभक्ति तरङ्गिणी** (वि.सं १९७३), **वीर सुकन्या** र **ध्रुव चरित्र** (वि.सं १९७३) आदि नाटकहरू केही मञ्चित र पठनीय छन्। नाटक-लेखन क्रममा लेखनाथ पौड्याल र राममणि आ.दि को

**भर्तृहरि निर्वेद** (वि.सं १९७२) अनूदित नाटक सहलेखनमा प्रकाशित हुन्छ भने लेखनाथका अन्य नाटकहरू **लक्ष्मीपूजा**, **गौरी गौरव**, **अभिज्ञान शाकुन्तलम्**, **पार्वती परिणय**, **दिगम्बर विवाह** आदि प्रकाशित छन्। जम्मा चारजना शम्भुप्रसाद, वीरेन्द्रकेशरी, जीवेश्वर रिमाल, झुमकलाल मिश्र आदिका संयुक्त सह-लेखनमा प्रकाशित **अशोक सुन्दरी** (वि.सं १९७४)लाई माध्यमिक काललाई प्रतिनिधित्व गर्न सक्ने नाटकको रूपमा मानिएको पाइन्छ। यही साल खडकप्रसादको सीता र सूर्यविक्रम ज्ञवालीको **श्यामी कुमारी** (वि.सं १९७४-७५) पनि प्रकाशित हुन्छ। यीमध्ये ज्ञवालीको **श्यामी कुमारी** नाटकलाई अनूदित नेपाली शृङ्गारिक मौलिकताको आभास दिने नाटक मानिन्छ। पारसमणि प्रधानका **सुन्दर कुमार** (सन् १९२१), **बुद्धचरित्र** (सन् १९२४) **चन्द्रगुप्त**, **रत्नावली**, **महाभारत**, **सती-सावित्री** र **सीता बनवास** आदि नाट्य-कृतिहरू प्रकाशित भएका छन्। यीमध्ये **बुद्धचरित्र** नाटकलाई केशवप्रसाद उपाध्यायले मौलिक नाटक मानेका छन्। दार्जिलिङबाट सन् १९१३ को दशकमा प्रकाशित नाट्य-कृतिहरू भैयासिंह गजमेरका **नलदमयन्ती**, **परशुराम**, **स्वामिभक्ति** अथवा **आर्दश नारी**, **कर्णाजुनयुद्ध**, **जवानीको धन्दा : आँखाको अन्धा**, **सावित्री सत्यावान**, **प्रेमी बालक**, रामप्रसाद सत्यालका **फूलमा भमरा अर्थात् भक्त प्रह्लाद** (वि.सं १९८५), **सती सावित्री चरित्र** (वि.सं १९८५) आदि हुन्। उपरोक्त उल्लिखित नाट्य-कृतिहरू प्रायः हिन्दी-उर्दूमूलक नाट्य वातावरणमै संरचित पाइन्छन्। यतिसम्म कि स्वतन्त्र परिवेशमा रहेर पनि दार्जिलिङका नाट्यशिल्पीहरूमा जीवनमूखी समस्यालाई लिएर नाटक लेख्नु साटो पौराणिक र शृङ्गारिक विषयलाई नै रोजेर लेखेको देखिन्छ। यसर्थ शरद्चन्द्र शर्माअनुसार उक्त नाटकहरूका स्रोत "मुख्यतः अरबी-फार्सी दन्त्यकथा मूलका रुमानी, प्रेम-इश्क, सहास एवम् रोमाञ्चपूर्ण

कथानकहरू कथा संस्कृत-प्राकृत-पाली मूलका धार्मिक-पौराणिक परम्पराका उपाख्यनमूलक उपदेश एवम् श्रृङ्गारी कथावस्तु देखापर्छन्।" तर यसै समय नेपाली नाट्यधारामा वियोगान्त एवम् विद्रोही प्रवृत्तिको विकास पनि हुन थाल्छ। यस दिशातर्फ **अटलबहादुर** नाटकले सुखान्त परिपाटीको शृङ्गारी र धर्मपरक विषयलाई त्याग्दै सामाजिक-राजनैतिक व्यङ्ग्यको क्रान्तिकारी सुरुवात गरेको देखिन्छ। अतः माध्यमिक कालमा नेपाली नाट्य-लेखनले मौलिकतालाई ग्रहण गरे तापनि यसले अनुवाद-परम्परालाई आत्मसात् गरेरै अघि बढेको देखिन्छ।

## 13.3.4 माध्यमिककालीन आख्यानेतर साहित्य

सन् १८८३ देखि सन् १९३४ सम्मको समयावधिलाई माध्यमिककालीन नेपाली आख्यानेतर गद्यको युग मानिन्छ। तापनि आख्यानेतर गद्यसाहित्यको बीजारोपण भने अभिलेखकालीन लेखोटहरूदेखि सुरु भएको हो। माध्यमिक नेपाली गद्यसाहित्यको विकासमा तत्कालीन प्रकाशित पत्र-पत्रिकाहरूको योगदान सराहनीय छ। निबन्ध, प्रबन्ध, समालोचना, जीवनी, यात्रा विवरण, दैनिकी वा रोजनाम्चा आदि यस कालमा लेखिने गद्य आख्यानेतर विधाहरू हुन्। बनारस, दार्जिलिङ र काठमाडौँबाट प्रकाशित पत्र-पत्रिकाहरूमा **गोर्खा भारत जीवन पत्रिका** (स्न १८८६) **गोर्खे खबर कागत्** (सन् १९०१), **गोर्खापत्र** (सन् १९०१), **माधवी** (सन् १९०८), **सुन्दरी** (सन् १९०६), **चन्द्रिका** (सन् १९१७) आदि पत्र-पत्रिकाहरू माध्यमिक नेपाली गद्यलाई विकसित गराउनमा धेरै ठूलो सहयोग पुर्‍याएको देखिन्छ।

माध्यमिक नेपाली आख्यानेतर साहित्यको प्रारम्भ मोतीराम भट्टबाट थालिन्छ। यस समय उनको **भानुभक्ताचार्यको जीवन चरित्र** (सन् १८९१) प्रकाशित हुन्छ भने त्यसवेला प्रकाशित हुने गोर्खापत्रका सम्पादकीय लेख

र अन्य अनूदित लेखहरूले माध्यमिक नेपाली आख्यानेतर साहित्यमा निक्खार ल्याएको भेटिन्छ। साथै **सुन्दरी** र **माधवी** आदि पत्रिकाले आख्यानेतर गद्य-लेखनमा आवश्यक पृष्ठभूमि तयार गरेका छन्। अतः नेपाली आख्यानेतर साहित्यको विकासमा **चन्द्रिका** पत्रिकाको पनि बहुमूल्य योगदान रहेको छ। **चन्द्रिका** प्रकाशनले नेपाली निबन्धको इतिहासमा नयाँ युगको सुरुवात गरेको देखिन्छ। तर **गोर्खापत्र**, **माधवी**, **गोर्खाली**, **चन्द्र**, **जन्मभूमि**, गोर्खा संसार, **नेपाली साहित्य सम्मेलन पत्रिका**, **भारती**, **खोजी** जस्ता पत्र-पत्रिकाहरूले नेपाली निबन्धको स्वरूप परिमार्जनमा पुर्‍याएको योगदानलाई बिर्सन्न सकिँदैन।

माध्यमिक नेपाली गद्यको इतिहासमा मीनबहादुर भट्टको **गन्थन**, ममिनारायण प्रधानको **बैरिष्टर स्रोत पञ्चदशी**, सूर्यविक्रम ज्ञवालीका **कार्य गर्ने समय भो** र **दान**, शम्भुप्रसाद ढुङ्गेलको **प्रेम**, रामचन्द्र उपाध्यायको **विद्या**, प्रभाकरको **सम्झौटो** आदि निबन्धतत्त्व भएका गद्यरचना प्रकाशित भएको पाइन्छ भने **चन्द्रिका**मा **जुनकीरी** र **महेन्द्रमल्ली** शीर्षक गद्य प्रकाशित भएको थाहा लाग्छ। जुन गद्यलाई नेपाली निबन्धका प्रारम्भिक नमुना मानिन्छ। उक्त पत्र-पत्रिकामा प्रकाशित गद्यरचनाहरू निबन्ध र प्रबन्धका नजीक छन्।  यस कालमा प्रकाशित **अघि मूर्ख पछि बुद्धिमान** (सं १९५९), कृषि दृष्टान्त (सं १९५९), **हिन्दुस्तानमा सुखीहरूको इतिहास** (सं १९६०), **वसन्त वर्णनम्** (सं १९६१), **निद्रा** (सं १९६६), **मातृभाषाको उन्नति** (सं. १९६६), **व्यापार** (सं १९६६), **कर्महेतु** (सं १९६८), विज्ञापन शिल्प (सं १९७०), **हावा** (सं १९७३) आदि निबन्धात्मक स्वरूपका रचनाहरू हुन्। **रामशाहको जीवनी** (सन् १६४६), **पृथ्वीनारायण शाहको जीवनी** (सन् १८९१), प्रतीमान थापाको **श्री महाराजा सर दजंगबहादुर राणाजीको जीवन चरित्र** (सन् १९०८), **नेपोलियन बोनापार्टको जीवनी**,

**फारसका बादसाहा नेपोलियन लुईको जीवन चरित्र** (सन् १९०८), विज्ञान विलासको **श्रीमद्शंकराचार्य**, **राणाप्रतापसिंह**, **जनरल गारफिल्ड**, **महाराज अशोक**, **जार्ज पंचमको जीवन चरित्र**, अज्ञातको **जंगबहादुरको बेलायतयात्रा** (सन् १८५१), डिल्लीसमशेर थापाको **यूरोप यात्रा** (सन् १९१०), शेरसिंह राणाको **मेरो लण्डन यात्रा** (सन् १९१३) आदि जीवनीमूलक गद्यरचनाहरू हुन्।

माध्यमिकालीन उतरार्द्धका सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा, रामचन्द्र अधिकारी, ठाकुर चन्दनसिंह, प्रेमसिंह आले, वेदनिधि शर्मा, खडकबहादुर छेत्री, रूपनारायण सिंह, पारसमणि प्रधान आदि प्रमुख गद्यशिल्पीहरू हुन्।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. माध्यमिक नेपाली आख्यानेतर साहित्यका विधाहरू चिनाउनुहोस्।

.....................................................................................
.....................................................................................
.....................................................................................

2. माध्यमिककालीन नेपाली कविताको प्रवृत्ति लेख्नुहोस्।

.....................................................................................
.....................................................................................
.....................................................................................

3. माध्यमिककालीन नेपाली पत्र-पत्रिकाहरूको योगदान बताउनुहोस्।

.....................................................................................
.....................................................................................
.....................................................................................

# 13.4 आधुनिककाल (सन् १९१८ देखि यता) विविध प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

नेपाली साहित्यमा आधुनिक कालको प्रारम्भ एउटै समयमा भएको छैन। साहित्यका हरेक विधा आ-आफ्नो समय र कालखण्डमा आधुनिक स्वरूप ग्रहण गरेर विकसित भएको छ। यसैले अध्ययन सुविधाका निम्ति सन् १९१८ देखि यता प्रकाशित विविध विधाहरूको प्रवृत्ति र प्रक्रियालाई हेरिनेछ। यसको निम्ति दुईवटा आधारहरू अघि सार्न सकिन्छ, ती हुन् १. सन् १९१८ मा सुक्तिसिन्धु पत्रिकामा शृङ्गारधारा चरम बिन्दुमा पुगेपछि मध्यकालको समाप्ति हुनु, त्यसपछि नेपाली कविता साहित्यमा नव्य काल सुरू हुनु, २. सन् १९१८ मा **चन्द्रिका** पत्रिकामा **समय**, **प्रभात**, **हरदम याद राख्नुपर्ने कुरा**, **कर्तव्य**, **मितव्य**, र **कविताको फल** आदि निबन्धात्मक स्वरूप भएका रचनाहरू प्रकाशित हुनु, यसै पत्रिकामा सूर्यविक्रम ज्ञवालीको **दान** र शम्भुप्रसाद ढुङ्गेलको **महेन्द्रमल्ली** छापिनु जस्ता प्रमुख छन्।

### 13.4.1 आधुनिक नेपाली कविताको प्रवृत्ति र प्रक्रिया

नेपाली कविता साहित्यमा **सुक्तिसिन्धु** पत्रिकाको प्रतिबन्ध लागेपछि शृङ्गारधारा वा मध्यकालको पनि समाप्ति हुन्छ। त्यसपछि नव्य काल अर्थात् आधुनिककाल सुरु हुन्छ। आधुनिक नेपाली कविताका धारा वा प्रवृत्तिलाई यसरी देखाउन सकिन्छ।

**परिष्कारवादी धारा** – लेखनाथ पौड्याल र धरणीधर शर्मा कोइराला यस धाराका प्रतिनिधि कवि हुन् भने चक्रपाणि चालिसे, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, महानन्द सापकोटा, रामचन्द्र गिरी, ठाकुर चन्दनसिंह, मणिसिंह गुरुङ, रामप्रसाद सत्याल, दीनानाथ सापकोटा, कुलचन्द्र गौतम, सौमनाथ सिग्द्याल, भैयासिंह, इन्द्रमान राई, पुष्पलाल उपाध्याय प्रभृति अन्य मुख्य हुन्।

लेखनाथ पौड्यालका ऋतुविचार, **बुद्धिविनोद**, **सत्यकलि संवाद**, **तरुण-तपसी**, **लालित्य-१** र **लालित्य-२**, **मेरो राम**, **गेगा-गौरी**, धरणीधर शर्माका **नैवेद्य**, **स्पन्दन**, महानन्द सापकोटाका **मनलहरी**, **अपुंगो**, **विशाल**, **अन्नु आशा र आँशु**, पारसमणि प्रधानका **पुष्पाञ्जलि** र **उषा मञ्जरी**, रामचन्द्र गिरीका **समाजदर्पण**, रुद्रप्रसाद रेग्मीका **वीर वभ्रुवान**, **विधवा पुकार**, विवाहलीला, पति-पत्नी आदि यस धारा वा कालका प्रमुख कवि र रचनाहरू हुन्। यीमध्ये लेखनाथ पौड्यालको **ऋतुविचार** (सन् १९१७) लाई नेपाली कविता साहित्यमा आधुनिकताको मिर्मिरे मानिन्छ।

यस धाराका मुख्य विशेषता जातीय तथा सामाजिक जागरण, मानवताको भावना, चारित्रिक विकास, विश्वबन्धुत्वको भावना, आध्यात्मिक चिन्तन, दार्शनिकता, भाषिक परिष्कार आदि प्रमुख छन्। शैली शिल्पको दृष्टिले यस धाराका कविता परिष्कृत र परिमार्जित छन् भने विविध भावमा लेखिएका छन्।

**स्वच्छन्दतावादी धारा** – यस समयमा महाकाव्य र खण्डकाव्य र फुट्कर कविताहरू लेखिएका छन्। गद्य कविताको थालनी पनि यस धाराबाट भएको हो। देवकोटा, सम, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, भवानी भिक्षु, ओकियामा ग्वान, अगमसिंह गिरी, नरेन्द्रप्रसाद कुमाई, तुलसी अपतन, दायनियल खालिङ, माधव घिमीरे, भीमनिधि तिवारी, वीरेन्द्र सुब्बा, केदारमान व्यथित, विजय मल्ल, भाइचन्द प्रधान, अच्छा राई रसिक, सानुमति राई लक्खीदेवी सुन्दास यस धाराका प्रतिनिधि कविहरू हुन्। देवकोटाका **मुना-मदन**, **शाकुन्तल**, सु**लोचना**, **भिखारी**, **लुनी**, **प्रमिथस**, बालकृष्ण समका **आगो र पानी**, **फुटेको फूलदान**, **बहुलाले**, **स्वर्ग र देवता**, रिमालको **आमाको सपना**, तिवारीका **तर्पण**, **यशस्वी शव**, सिद्धिचरण श्रेष्ठको **उर्वसी**, गिरीका **याद**, **आँसु**, **युद्ध र योद्धा**, **जलेको**

**प्रतिबिम्ब र रोएको प्रतिध्वनि**, तलसीबहादुर छेत्रीका **कर्ण-कुन्ती**, **नहेर आज मलाई**, वीरेन्द्रका **एकान्त, मेघमाला**, गवाइनका **सुनाखरी**, **चित्रलेखा** आदि रोमान्टिक प्रवृत्तिका कृतिहरू हुन्। प्रकृतिप्रेम, जातिप्रेम, राष्ट्रप्रेम, मानवीय भावना, युगीन यथार्थको चित्रण, भावुक विद्रोह, क्रान्ति चेतना, समाजिक आर्थिक र विसङ्गतिको चित्रण, रोमान्टिक विरोधिता, आर्दशवादिता, अतीतमोह, कल्पनाशीलता आदि यस धाराका काव्यगत प्रवृत्तिहरू हुन्।

**प्रयोगवादी धारा –** दार्जिलिङबाट थालिएको आयामिक साहित्यिक आन्दोलन (सन् १९६३) र मोहन कोइरालाको **घाइतेयुग** कविता (सन् १९६०) पछि नेपाली कवितामा प्रयोगवादी धारा सुरु हुन्छ। यस धाराका कविहरू वैरागी काइँला, ईश्वरवल्लभ, मोहन कोइराला, भूपि शेरचन, हरिभक्त कटुवाल, भीम दर्शन रोका आदि प्रमुख छन्। आयामेली कवि र मोहन कोइराला दुवैका कविता प्रयोगात्मक, दुर्बोध्य र दुरुह र भिन्नाभिन्नै शैलीका छन् भने भूपि शेरचन, हरिभक्त कटुवाल, भीम दर्शन रोका, विजय मल्ल, गुमानसिंह चामलिङ, पोषण पाण्डे, वाशु शशी, मोहनहिमांशु थापाका, नरबहादुर दाहाल, चन्द्रमित लक्सम, सावित्री सुन्दास, जगत राई कविता शैली सरल र सुबोध प्रकारका छन्।

मोहन कोइराका लेक, **मोहन किरालाका कविता**, **नदी किनाराका माझी**, **सारङ्गी बोकेको समुद्र**, वल्लभका **आगोका फूलहरू हुन् : आगोका फूलहरू होइनन्**, **एउटा शहरको किनारामा**, **समान्तर**, **कस्मै देवायः**, काइँलाको **बैरागी काइँलाका कविता**, कटुवालका **सम्झना**, **भित्री मान्छे बोल्न खोज्छ**, **यो जिन्दगी खै के जिन्दगी**, **बदनाम मेरा आँखाहरू**, सुधा, भूपिका **नयाँ झ्याउरे**, **निर्झर** र **घुम्ने मेचमाथि अन्धो मान्छे**, विजय मल्लको **विजय मल्लका कविता**, गुमानसिंह चामलिङका **जीवन परिधिभित्र**, **कारागारभित्र**

**प्रतीक्षा र अन्य कविता**, **गुमानसिंह चामलिङका कविता**, बुद्ध कुमार मोक्तानको **यौवन सपना** आदि यस धाराका मुख्य कवि र कृतिहरू हुन्। निराशा, विसङ्गति, शहरीया जीवनको चित्रात्मक प्रस्तुति, क्लिष्टता, सरलता, बौद्धिकता, सम्पूर्णता, रोमान्टिक जीवन-दर्शनको विरोध, सामाजिक व्यङ्ग्य, संवेदनशीलता, पीडापूर्ण अभिव्यञ्जना, गीतिमयता, सामाजिक विद्रुपता आदिको चित्रण यस धाराका प्रवृत्तिगत विशेषताहरू हुन्।

**समसामयिक धारा -** यस धाराका कविहरू जीवन थिङ, शरद छेत्री, नोर्जाङ स्याङ्देन, गिर्मी शेर्पा, मोहन ठकुरी, जस योञ्जन प्यासी, मनप्रसाद सुब्बा, जीवन नामदुङ, राजेन्द्र भण्डारी, नरेशचन्द्र खाती, नव सापकोटा, अशेष मल्ल, पवन चामलिङ किरण, अभिनाश श्रेष्ठ, क्षेत्रप्रताप अधिकारी, युद्धवीर राणा, सञ्जय वान्तवा, उदय थुलुङ, केवलचन्द्र लामा, सुधीर छेत्री, रेमिका थापा, वासुदेव पुलामी, मनु मञ्जिल, हाङ्युह अज्ञात, अवीर खालिङ, टेकध्वज जिम्बा आशा, मनोज बोगटी, ज्ञानेन्द्र यक्सो, विनोद रसाइली, लेखनाथ छेत्री, शरण मुस्कान, कर्ण विरह आदि प्रमुख छन्।

यस धाराका प्रमुख कविताहरू जीवन थिङको **साङ्लीभित्र बाँधिएका घोडाका टापहरू**, गिर्मी शर्पाका **बाँझो दिनमाथि पल्हाएका केही फूलहरू**, **हिपोक्रिट चाँप गुराँस र अन्य कविता**, मोहन ठकुरीका **निशब्द** र **अभिन्न अक्षर**, राजेन्द्र भण्डारीका **हिउँदे यी चिसा रातका पर्दाहरूमा**, **यी शब्दहरू : यी हरफहरू**, **क्षर-अक्षर**, **शब्दहरूको पुनर्वास**, **प्वाँखहरू र आकाश**, अभिनाश श्रेष्ठका **परेवा : सेता-काला**, **संवेदना/ ओ संवेदना !**, **अनुभूति यात्रामा**, जस योञ्जन प्यासीका **एउटा देशको खोजीमा** र शान्ति सन्देह, शरद छेत्रीका **चोइटिएको आकाश : मक्किएको चेतना**, **पर्यटन**, **महानिशा**,

विकास गोतामेका **अनास्था पहाडका गीतहरू**, **लड वीरवहादुर लड**, **रगतका रेखाहरू**, मनप्रसाद सुब्बाका **बुख्याँचाहरूको देशमा**, **उष्मा**, **आदिम वस्ती**, **किनाराका आवाजहरू**, **भूँइफुट्टा**, युद्धवीर राणाको **चिहान नपाएका तकमाहरू,** क्षेत्रप्रताप अधिकारीको **गाम बेंसीका गीत**, भविलाल लामिछानेको **अनागत**, सञ्जय वान्तवाका **मोहदंश**, **महाभिनिष्क्रमण**, **शब्ददाह** र **त्यो गाउँ/ त्यो बस्तीमा**, उदय थुलुङका **दुःख्दो त यहाँ जिन्दगी नै छ** र **प्रत्यागमन**, केवलचन्द्र लामाका **खण्ड-अखण्ड**, **केवलय** र **घर**, प्रवीण जुमेलीको **घाउका आवर्तहरू**, रेमिका थापाका **वेदनाको पछिल्लतिर**, **गाउँमा कविताहरू**, **देश र अन्य कविताहरू**, **किनाराका आवाजहरू**, वासुदेव पुलामीको **उज्यालोका आँखा**, मनोज बोगटीको **गीतको रिस** आदि प्रमुख छन्। यस धाराका कवितामा सरलता र सहजता पाइन्छ। समयपीडा यस धाराका कविताको मूल स्वर हो।

## 13.4.2 आधुनिक नेपाली कथाको प्रवृत्ति एवम् प्रक्रिया

बनारसबाट रतनसिंह गिरीको **औटपोस्टको कथा** (सन् १९१४) प्रकाशित भए पछि नै नेपाली कथासाहित्यमा आधुनिकताको बीजाङ्कुरण भएको हो। ईश्वर बरालको विचारमा "घटनाप्रधानको सुन्दर नमुना भएको यस कथामा आधुनिक कथाको बीज छ।" यसपछि **गोर्खा संसार** (सन् १९२७) पत्रिकामा **इष्टको वियोग** (सन् १९२६), लारहुरे उर्फ सूर्यविक्रम ज्ञवालीको **देवीको वलि** (सन् १९२८), अज्ञात लेखकको **नरबहादुर गुरुङ** (सन्१९२८), **विलाप** (सन् १९२८) र **हिन्दु देवी** (सन् १९२८), रामसिंङ गोर्खाको **एउटा गरीब सार्कीकी छोरी** (सन् १९२९), **करणीको फल**, (सन् १९२९) जस्ता कथाहरूका प्रकाशनले नेपाली कथालाई उत्थानको निकै महत्त्वपूर्ण चरण

उपलब्ध गराएको देखिन्छ। यी कथाहरू सामाजिक परिवेशलाई अँगाल्ने परिपाटीका मात्र छैनन् तर कथाको कलात्मक रूप गठनप्रति पनि सचेतता अपनाएर लेखिएका छन्। यसैले यी कथाहरूलाई आधुनिकताको पूर्व संकेत मानिन्छ।

नेपाली कथामा खास आधुनिक काल **गोर्खा संसार** र **शारदा** पत्रिकाको प्रकाशनसँग-सँगै भएको हो। यी दुई पत्रिकाको प्रकाशन नेपाली कथासाहित्यको इतिहासमा एउटा माइल-खुट्टी हो।

आधुनिक नेपाली कथालाई निम्नलिखित विभिन्न प्रवृत्ति र धाराहरूमा विभाजन गर्न सकिन्छ-

**सामाजिक यथार्थवादी धारा** - यस धारामा रहेर कथा लेखनको प्रारम्भ गर्ने पहिलो कथाकार गुरूप्रसाद मैनाली र रूपनारायण सिंह हुन्। मैनालीको **नासो** र रूपनारायण सिंहको **कथा नवरत्न**का कथाहरूबाट नै यस धाराको प्रारम्भ भएको हो। पुष्कर शम्शेर, शिवकुमार राई, देवकुमारी थापा, दौलतविक्रम विष्ट, वदरीनाथ भट्टराई, माया ठकुरी, अच्छा राई रसिक, भीमनिधि तिवारी, चक्रपाणि चालिसे, श्यामदास वैष्णव, हृदयचन्द्र सिंह प्रधान, परशु प्रधान, अगमसिंह गिरी, कुमार ज्ञवाली, सानु लामा, प्रकाश कोविद, हायमनदास राई, बी.बी लकान्द्री, धनवीर पुरी, जी छिरिङ, श्रीधर खनाल यस धाराका मुख्य कथाकारहरू हुन्।

यस धाराका कथामा पाइने विशेषताहरू समाजको चित्रण, सामाजिक मूल्य र मान्यताको यथावत् चित्रण, समाजमा चलिआएका कुप्रथा, रुढि, कुसंस्कार तथा अन्धविश्वास आदिको विरोध, नारी जातिको दयनीय अवस्थाको चित्रण, सामाजिक विकृति र विसङ्गतिको चित्रण जस्ता कुराहरू यस धाराको मूल प्रवृत्तिका रूपमा रहेका छन्।

**मनोवैज्ञानिक यथार्थवादी धारा** - यस धाराका प्रतिनिधि कथाकार विश्वेश्वरप्रसाद कोइराला हुन्। यिनको **चन्द्रवदन** कथाको प्रकाशनसँगै नेपाली कथामा मनोवैज्ञानिक धाराको प्रारम्भ भएको हो। उनका **दोषी चश्मा**, **श्वेतभैरवी, विश्वेश्वरप्रसाद कोइरालाका कथा** गरी तीन कथासंग्रह प्रकाशित छन्। यस धाराका अन्य कथाकारहरू भवानी भिक्षु, गोविन्द बहादुर मल्ल 'गोठाले', विजय मल्ल, तरिणीप्रसाद कोइराला, देवकुमारी थापा, पोषण पाण्डे, प्रेमा शाह, पुष्कर लोहनी, प्रदीप गुरुङ, विन्धा सुब्बा, आदि रहेका छन्। भिक्षका **गुनकेशरी**, **मैयाँ साहेब, आवर्त** र **अवान्तर**, गोविन्द बहादुर मल्ल 'गोठाले' का **कथैकथा**, **प्रेम र मृत्यु**, **अपर्णा**, विजय मल्लका **एक बाटो अनेक मोड** र **परेवा र कैदी** आदि प्रमुख हुन्।

मनोवैज्ञानिक यथार्थवादी धाराका प्रवृत्तिहरू यौन आवेग र यौनजन्य कुण्ठाको चित्रण, अचेतन बाल मनोविज्ञान विश्लेषण, यौनग्रन्थीको विकास र यौनेच्छाको दमनबाट देखापर्ने विभिन्न मनोवैज्ञानिक स्थितिको चित्रण, अचेतन मनको गहिराइबाट मानवीय संवेगका साथै मानिसको वास्तविक तस्विर ठम्याउनु आदि देखिन्छन्।

**प्रगतिवादी धारा** - प्रगतिवादी धारा अधुनिक नेपाली कथाको सशक्त धाराको रूपमा लिइन्छ। यसलाई अलोचनात्मक यथार्थवादी धारा पनि भनिन्छ। यस धाराका मुख्य कथाकार रमेश विकल हुन्। तिनको **गरीब** कथाबाट नेपाली साहित्यमा प्रगतिवादी धाराको प्रवर्तन भएको देखिन्छ। तिनका कृतिहरू **विरानो देशमा, नयाँ सडकको गीत**, **तेह्र रमाइला कथा**, **आज फेरि अर्को तन्ना फेरिन्छ**, **एउटा बूढो भ्वाइलिन आशावरीको धूनमा**, **उर्मिला भाउजू**, **शव सालीक र सहस्र बुद्ध** आदि प्रमुख छन्। यस धारामा रहेर कलम चलाउने अन्य कथाकारहरूमा डीपी अधिकारी,

बालकृष्ण पोखरेल, पारिजात, माधव भँडारी, बद्रीनारायण प्रधान, असीत राई, खगेन्द्र संग्रौला, ऋषिराज बराल, भवानी घिमिरे, श्यामप्रसाद अधिकारी, हरि खनाल, तरानाथ शर्मा, कृष्णप्रसाद शर्मा, चूडामणि रेग्मी, वल्लभमणि दहाल, आदि मुख्य रहेका छन्।

समाजमा व्याप्त विकृतिलाई हटाउनु, विसङ्गति, कुरीति, अन्धविश्वासप्रति तिखो व्यङ्ग्य गर्नु, शोषणरहित समाजको चाहना राख्नु, सामन्ती मनोवृत्तिको चित्रण गर्नु, धनीले गरीबलाई गर्ने अन्याय, अत्याचारको यथार्थ चित्रण गर्नु यस धाका कथामा पाइने प्रवृत्ति विशेषताहरू हुन्।

**प्रयोगवादी धारा** - आयामिक साहित्यिक आन्दोलनपछि नेपाली कथासाहित्यमा प्रयोगवादी धारा सुरु हुन्छ। यस धाराका मुख्य कथाकार इन्द्रबहादुर राई हुन्। **खीर** यस धाराको पहिलो कथा हो। यस धाराका मुख्य कथाकारहरू शङ्कर लामिछाने, मोहनराज शर्मा, पारिजात, मनुब्राजाकी, ध्रुवचन्द्र गौतम, गोपाल पराजुली, प्रेमा शाह, भागिरथी श्रेष्ठ, आदिको नाम अग्र पङ्क्तिमा रहेको देखिन्छ।

परमपरागत संरचना र रूपविन्यासलाई अस्वीकार नयाँ ढङ्गको प्रयोग गर्नु, विषयवस्तु र शिल्प प्रयोगमा सचेत रहनु, अस्तित्ववादी, विसङ्गतिवादी र शून्यवादी मूल्यको निरूपण गर्नु, निरर्थक जीवनको चित्रण गर्नु, मानवतावादी दृष्टिलाई प्रस्तुत गर्नु, वैयक्तिक स्तन्त्रतालाई महत्त्व दिनु, जीवनको सूक्ष्म पक्षको निरीक्षण गर्नु, विकथाको रचना गर्नु, नवीन भाषाशिल्प र प्रतीक बिम्बको प्रयोगमा जोड दिनु, पूर्व प्रसङ्ग र चेतना प्रवाह शैलीमा लेख्नु, आयामिक दृष्टि प्रस्तुत गर्नु यस धाराका कथामा पाइने प्रवृत्तिगत विशेषता हुन्।

**समसामयिक धारा –** प्रयोकगकालको नबुझिने भाषा, भाव तथा नैराश्यको परिधिबाट निस्केर सरल, सहज र जीवनवादी दृष्टिकोण राखेर यस धाराका कथाहरू लेखिएका छन्। कविताराम, गणेश रसिक, पद्मावती सिंह, पूर्णविराम, खगेन्द्र संग्रौला, लव गाउँले, जीवन आचार्य, मञ्जु काँचुली, ऋषिराज बराल, नारायण ढकाल, मोहनराज शर्मा, कोमलप्रसाद पोखरेल, कृष्ण धरावासी, सनत रेग्मी, सीता पाण्डे, हरिहर खनाल,हरि खनाल, घनश्याम ढकाल, विजय चालिसे, तेजप्रसाद श्रेष्ठ, पुण्यप्रसाद खरेल, भागीरथी श्रेष्ठ, महेशविक्रम शाह, विजय चालिसे, राजव, अमर शाह, कपिल लामिछाने, अविनाश श्रेष्ठ, मोहन ठकुरी, प्रदीप गुरुङ, सञ्जय विष्ट, उदय थुलुङ, ध्रुव चौहान, थीरुप्रसाद नेपाल, भीम दाहाल, अनमोलमणि, कर्ण थामी, गुप्त प्रधान, शरद छेत्री, पूर्ण राई, आर्य लामिछाने, मटिल्डा राई, खुसेन्द्र राई, प्रवीण जुमेली, सूरज धडकन, सञ्जीव छेत्री, सन्ध्या आचार्य, निरज थापा, निरङ्कर थापा, रीता ठकुरी, साञ्झु लेप्चा, नीना राई, इम्मानेल गिफ्ट, देव भण्डारी, अवीर खालिङ, विनीता छेत्री, योगिता राई, युवा बराल, राजबहादुर राई, सुवास छेत्री, कालूसिंह रनपहेंली, कोमल सुब्बा यस धाराका मुख्य कथाकारहरू हुन्।

विज्ञान कथाको रूपमा सरोगेसीको चित्रण, सामाजिक बाध्यता र कष्टपूर्ण जीवनको चित्रण, सामाजिक-प्रशासनिक व्यवस्थाप्रति तीव्र व्यङ्ग्य गर्नु, बाल यौन शोषणको चित्रण, तिक्ततापूर्ण वर्तमान जीवनको अभिव्यक्ति गर्नु, अन्तर्राष्ट्रिय सन्दर्भहरूप्रति सचेतता राख्नु, युद्धको दूर्दशा र त्यसले जन्माएको विकृतिको चित्रण गर्नु, सरल तथा जटिल एवम् कवितात्मक र गुम्फित भाषाको प्रयोग गर्नु, स्वैरकल्पनात्मक र प्रतीकात्मक शैलीको प्रयोग गर्नु, मध्यमवर्गीय सामान्य जीवनको यथार्थतलाई उतार्नु,

बहुलवादी कथा लेखनमा सचेत हुनु यस धाराका मुख्य कथागत प्रवृत्तिहरू हुन्।

## 13.4.3 आधुनिक नेपाली नाटकको प्रवृत्ति एवम् प्रक्रिया

आधुनिक नेपाली नाटकको विशुद्ध परम्परा थालिनुभन्दा अघि शम्भुप्रसाद ढङ्गेलका विद्यासन्दर (सन् १९१८ चन्द्रिकामा प्रकाशित), उत्तररामचरित (सन् १९१९ गोर्खापत्रमा प्रकाशित), मालती-माधव, सूर्यविक्रम ज्ञवालीको **श्यामा कमारी**, के एस राई र जि एम राईको **जीवन-संग्राम**, **लैला मजनु**, **तीनधारे तरवार**, **बैराम डाकु**, हर्षध्वज लामाको **प्रेम बलिदान**, एल टि लामाका **मधुमालती**, **जयद्रथ बद्ध**, **भैयासिंहको नल-दमयन्ती**, **परशुराम**, **कर्णार्जुन यद्ध**, **उषाहरण**, हर्कबहादुर शाहीको **अलाद्दीन**, **गरीबको आँशु**, **अत्याचारी कंश**, पारसमणि प्रधानका **सुन्दर कुमार** र **बुद्ध-चरित्र**, रामप्रसाद सत्यालको **फूलमा भवरा अर्थात् भक्त प्रह्लाद**, केशरशमशेरका **श्रवणकुमार** र **अलाउद्दीन**, हरिनारायण उपाध्यायका **सत्य हरिशचन्द्र** र **प्रबोधचन्द्रोदय** (संस्कृत) आदि मुख्य नाकटहरू लेखिएका पाइन्छन्।

अनुवाद परम्परामा केन्द्रित रहनु, नैतिक सन्देश दिनु, सुधारको भावना राख्नु, मनोरञ्जन प्रदान गर्नु, पौराणिक गाथाहरूलाई कथ्य बनाउनु, युगीन समाजको चित्रण गर्नु यस समयका नेपाली नाटकमा पाइने प्रवृत्तिहरू हुन्। त्यसपछि बालकृष्ण समको **मुटुको व्यथा** (सन् १९२९) बाट नेपाली नाटकमा आधुनिक कालको प्रारम्भ हुन्छ। समको यस नाटकलाई पहिलो सामाजिक मौलिक वियोगान्त नाटक मानिन्छ। सम सेक्सपियरेली शैलीबाट प्रभावित नाटककार मानिन्छन्। समका जम्मा सत्रवटा पूर्णाङ्की नाटक र केही एकाङ्कीहरू प्रकाशित छन्। **प्रह्लाद**, **ध्रुव**, **अन्धवेग**, **मुकुन्द-**

**इन्दिरा**, **भक्त भानुभक्त**, **म**, **प्रेमपिण्ड** आदि पूर्णाङ्की नाटकहरू मुख्य छन् भने **बोक्सी**, **भतेर, तपोभूमि**, **माटोको ममता** आदि एकाङ्कीहरू छन्। उनले पद्यात्मक, गद्यात्मक, दुःखान्त, सुखान्त, सामाजिक, पौराणिक, ऐतिहासिक सबै प्रकृतिका नाटक लेखेका छन्। आधुनिक कालका अन्य नाटकहरूमा गोविन्दबहादुर मल्ल "गोठाले"को **भुसको आगो,** भीमनिधि तिवारीको **सहनशीला सुशीला**, **काशीवास** , **पुतली**, **किसान**, **चौतारा लक्ष्मीनारायण**, लक्ष्मीप्रसाद देवकोटाको **सावित्री सत्यवान्**, गोपालप्रसाद रिमालको **मसान** र **यो प्रेम,** वासु शशीको **सबैथोक गर्नुपर्छ**, माधव भँडारीको **घरजम**, मनबहादुर मुखियाको **अनि देउराली रुन्छ**, **आमाको आकांक्षा**, **फेरि इतिहास दोहोरिन्छ**, गोविन्दबहादुर मल्ल गोठालेको **भुसको आगो, च्यातिएको पर्दा** र **दोष कसैको छैन**, विजय मल्लको **कोही किन बर्वाद होस्** र **जिउँदो लास**, वासु शशीको **तीन नाटक, इन्द्रबहादुर राईको पहेलो दिन,** ध्रुवचन्द्र गौतमका **त्यो एउटा कुरा, भस्मासुरको नलीहाड**, **समानान्तर**, अशेष मल्लका **तुवाँलोले ढाकेको बस्ती**, **सडकदेखि सडकसम्म**, **नाटकहरूको नाटक**, मोहनराज शर्माका **यातनामा छट्पटाएकाहरू, जेमन्त, यमा, वैकुण्ठ एक्स्प्रेस**, सरुभक्तको **युद्ध : उही ग्यास च्याम्बरभित्र**, **इथर**, **निमावीय**, गोपाल पराजुलीको **सडकपछि सडक**, अविनाश श्रेष्ठको **अश्वत्थामा हतो हतः**, इन्द्रमणि दर्नालको **कृष्ण-कृष्णा,** श्रवण मुकारुङको **यलम्बर**, हरि खनालको **सैरन्ध्री** आदि मुख्य छन्।

सामाजिक यथार्थको आदर्शोन्मुख तथ् रोमान्टिक चित्रण, सामाजिक अन्धविश्वास, रूढि र विद्रूपहरूको व्यङ्ग्यात्मक चित्रण, आदर्श भावनालाई जागृत गराउन खोज्नु, समस्यामूलकता मनोवैज्ञानिकता, प्रतीकात्मकता, नारी समस्याको उत्घाटन, दृष्य, पात्र र घटनाको बहुलता र व्यापकता, समाजवादी विचारयुक्त चिन्तन, अस्तित्ववादी-विसङ्गतिवादी र

बौद्धिकतावादी लेखनमा जोड, सामाजिक समस्याको उत्घाटन, अन्धपरम्परा-रूढि आदिको विरोध, देशप्रेम र मानवतावादी चिन्तनलाई ठाउँ दिनु, सामाजिक-सांस्कृतिक संकटको प्रस्तुति, यौवनकुण्ठा र मनोविकारको चित्रण, स्वैरकल्पनाको प्रयोग, सूक्ष्म कथावस्तुको प्रयोग, अमूर्त विषयको सूत्रात्मक प्रस्तुति, बिम्ब र प्रतीकरूको कलात्मक प्रयोग, सडक नाटक एवम् विज्ञान नाटक जस्ता नयाँ नयाँ प्रयोगको आरम्भ हुनु आदि आधुनिक नेपाली नाटकका विभिन्न चरणहरूमा पाइने मुख्य प्रवृत्तिहरू हुन्।

## 13.4.4 आधुनिक नेपाली उपन्यासको प्रवृत्ति एवम् प्रक्रिया

नेपाली साहित्यमा उपन्यासलाई आधुनिक विधा मानिन्छ। यसैले नेपाली उपन्यासको इतिहास आधुनिक कालबाट नै सुरु हुन्छ। आधुनिक नेपाली उपन्यासलाई तलका प्रवृत्तिहरूमा विभाजन गर्न सकिन्छ।

**आदर्शोन्मुख यथार्थवादी धारा –** आधुनिक नेपाली उपन्यासको सुरुवात रुद्रराज पाण्डेले गरेका हुन्। उनको **रूपमती** उपन्यास एउटा महत्त्वपूर्ण कोशेढुङ्गो हो। यसैबाट आधुनिक नेपाली उपन्यास र आदर्शोन्मुख यथार्तवादी धाराको प्रारम्भ भएको मानिन्छ। रुद्रराज पाण्डेका **चम्पाकाजी** र **प्रेम** यस धाराका मुख्य उपन्यासहरू हुन्। यस समयका अन्य उपन्यासकार र तिनका कृति विष्णुचरण श्रेष्ठको **सुमति** हो। घटना, पात्र र परिवेशको यथार्थ चित्रण गर्नु, नियतिका सहारामा आदर्श स्थापना गर्नु यस धाराको प्रमुख विशेषता हो।

**स्वच्छन्दतावादी धारा** - रूपनारायण सिंह यस धाराका मुख्य उपन्यासकार हुन्। नेपाली उपन्यासलाई आधुनिकताको पूर्ण प्रतिष्ठा तिनैबाट प्राप्त भएको हो। तिनको एकमात्र **भ्रमर** उपन्यासबाट नेपाली साहित्यमा स्वच्छन्दतावादी धाराको प्रवर्तन भएको देखिन्छ। तिनको अर्को **बिजुली** उपन्यासका केही अंशहरू धारावाहिक रूपमा प्रकाशित भए पनि अधूरो रहेको छ। यस धाराका अन्य उपन्यासहरूमा अच्छा राई रसिकको **लगन** र **दोभान**, शिवकुमार राईको **डाक बङ्गला**, लीलाध्वज थापाका **मन** (२०१५), **शान्ति** र **पूर्वस्मृति**, मोहनबहादुर मल्लको **उजेली छायाँ**, लक्ष्मीप्रसाद देवकोटाको **चम्पा** आदि उल्लेख्य छन् ।

वैयक्तिकता, काल्पनिकता, विद्रोहात्मकता, भावुकता, प्रकृतिप्रेम, कृत्रिमताबाट मुक्ति जस्ता कुराहरू स्वच्छन्दतावादी धाराका उपन्यासमा पाइने मूल प्रवृत्ति हुन्।

**सामाजिक यथार्थवादी धारा** - यस धाराका मुख्य उपन्यासकार लैनसिंह वाङ्देल हुन्। तिनको **मुलुकबाहिर** प्रकाशनसँगै सामाजिक यथार्थवादी उपन्यास परम्पराको प्रारम्भ हुन्छ। उनका अन्य उपन्यासहरू **माइत घर**, **लङ्गडाको साथी**, **रेम्ब्रान्ट** आदि प्रकाशित छन्। यस धाराका अन्य उपन्यासहरूमा लीलबहादुर क्षेत्रीका **बसाइँ, अतृप्त** र **ब्रह्मपुत्रको छेउछाउ**, लीलाध्वज थापाको **मन**, दौलतविक्रम विष्टको **मञ्जरी**, शङ्कर कोइरालाको **खैरेनी घाट**, इन्द्र सुन्दासका **मङ्गली, जुनेली रेखा, सहारा**, तुलसीराम कुँवरका **रने** र **उज्यालो तिर**, भवानी भिक्षुको **आगत**, ध्रुवचन्द्र गोतामेका **घामका पाइलाहरू** र **यहाँदेखि त्यहाँसम्म**, केशवराज पिंडालीको **बाच्ने एउटा जिन्दगी**, राजेश्वर देवकोटाको **आवर्तन**, गोविन्दराज भट्टराईको **मुगलान** र **मणिपुरको चिठी** मुख्य छन्।

वास्तविक जीवनको यथार्थ प्रस्तुत गर्नु, जीवन चरित्रात्मक उपन्यासको परम्परा बसाउनु, ब्रिटिसकालीन चियाबारी जन-जीवनको य़थार्थ प्रस्तुत गर्नु, मुलुक छाडेर हिँड्ने नेपालीहरूको सामाजिक र सांस्कृतिक मूल्यको निरूपण गर्नु, पुरुष अहम्को मनोविज्ञानलाई केलाउनु, नारी सहानुभूति र विवशतालाई चित्रण गर्नु, विसङ्गति र विकृत मानसिकताको अवमूल्यन गर्नु यस धाराका औपन्यासिक प्रवृत्तिहरू हुन्।

**ऐतिहासिक यथार्थवादी धारा** - यस धाराका मुख्य उपन्यासकार डायमन समशेर राणा हुन्। तिनका **वसन्ती**, **सेतो बाघ**, **प्रतिबद्ध** मुख्य उपन्यासहरू हुन्। यस धाराका अन्य उपन्यासहरू केशवराज पिंडालीको **एकादेशकी महारानी**, सुन्दरप्रसाद शाहको **प्रतिवाद** र **त्रिफट्**, श्रीकृष्ण श्रेष्ठको **जङ्गबहादुर**, दौलतविक्रम विष्टको **फाँसीको फन्दा मुख्य छन्।** इतिहासका वास्तविक पात्र तथा घटनाको चित्रण गर्नु यस धाराको औपन्यासिक मूल विशेषता हो।

**अतियथार्थवादी धारा** - यस धाराका मुख्य उपन्यासकार लैनसिंह वाङ्देल नै हुन्। लैनसिंह बाङ्देलको **लँगडाको साथी**, गोविन्दबहादुर मल्ल 'गोठाले' को **पल्लो घरको झ्याल** र **अपर्णा**, अर्जुन निरौलाको **घाम डुबेपछि**, हिरण्य भोजपुरेको **गोरी** आदि अतियथार्थवादी प्रभावमा लेखिएका उपन्यासहरू हुन्। ईश्वरलाई भाग्यको अमूर्त प्रतीक बनाउनु, शक्ति परतन्त्रताको विरोध गर्नु, प्रचलित सामाजिक व्यवस्था, शङ्खला र मूल्यको उपहास गर्नु, सपना-सादृश्य मानसिक अवस्थाका बिम्बहरू प्रस्तुत गर्नु, बुद्धि-विवेक र नैतिकतामुक्त चेतनारहित मानसिक स्वतन्त्र गतिविधिको वर्णन गर्नु, स्वचालित आवेग तथा अर्धचेतनाको फ्रस्फुटन गर्नु, मानवीय अवचेतनाका पीडा, असन्तोष, अतृप्ति, उन्मादलाई मूर्त्याउनु यस धाराका उपन्यासमा पाइने प्रवृत्तिहरू हुन्।

**आलोचनात्मक यथार्थवादी धारा** - यस धाराका मुख्य उपन्यासकार हृदयचन्द्रसिहं प्रधान हुन्। तिनको **स्वास्नी मान्छे** उपन्यासबाट यस धाराको सुरुवात हुन्छ। हृदयचन्द्रसिंह प्रधानको **एक चिहान**, दौलतविक्रम विष्टका **मञ्जरी**, **एक पालुवा अनेक याम**, **भोक र भित्ताहरू**, ध्रुवचन्द्र गौतमका उपन्यासहरू र अन्य केही उपन्यासहरू यस धारा अन्तर्गत लेखिएका पाइन्छन्।

शोषण र उत्पीडनको विरोध गर्नु, पूँजीवाद र शक्तिप्रतिको विरोध गर्दा निन्दा र कटु आलोचना गर्नु यस धाराको उपन्यासहरूको मुख्य प्रवृत्ति हो।

**मनोवैज्ञानिक/मनोविश्लेषणात्मक यथार्थवादी धारा** - यस धाराका उन्नायक उपन्यासकार गोविन्दबहादुर मल्ल गोठाले हुन्। तिनको **पल्लो घरको झ्याल** उपन्यासबाट यस धाराको प्रवर्तन भएको पाइन्छ। यस धाराका अन्य उपन्यासहरू विजयमल्लका **अनुराधा** र **कुमारी शोभा**, विश्वेश्वरप्रसाद कोइरालाका **सुम्निमा**, **तीन घुम्ती** र **नरेन्द्र दाइ**, तारिणीप्रसाद कोइरालाको **सर्पदंश**, भवानी भिक्षुका **सुभद्रा बज्यै** र **आगत**, दौलतविक्रम विष्टका **एक पालुवा अनेक याम**, **चपाइएका अनुहार** आदि मुख्य

घृणा र विरक्तिको भाव प्रकट गर्नु, पात्रको ध्वंशात्मक प्रवृत्तिको उत्घाटन गर्नु, यौनलाई दैहिक र मानसिक आवश्यकताको रूपमा चित्रण गर्नु, पात्रका अन्तर्मुखी तथा बहिर्मुखी प्रवृत्तिको चित्रण गर्नु, मानसिक विकृति र विसङ्गतिको चित्रण गर्नु, आन्तरिक द्वन्द्वको चित्रण गर्नु, विभिन्न यौन प्रतीकहरूलाई बिम्बात्मक रूपमा प्रस्तुत गर्नु यस धाराका उपन्यासमा पाइने प्रवृत्ति मान्न सकिन्छ।

**प्रकृतवादी धारा** - नेपाली उपन्यास परम्परामा शङ्कर कोइरालाको **खैरेनी घाट**, पारिजातको **अन्तर्मुखी** आदि यस धाराका उपन्यासहरू हुन्।

प्रकृतिलाई सर्वोपरि मानेर निसंकोच चित्रण गर्नु, प्राकृतिक नग्नताको चित्रण गर्न नहिच्किचाउनु, पात्रको भोगाइको कुरूप पक्षको उत्घाटन गर्नु, पात्रको कामेच्छा र पासविक प्रवृत्तिको नग्न चित्र उतार्नु यस धाराका प्रमुख प्रवृत्ति हुन्।

**विसङ्गतिवादी धारा** - यस धाराका मुख्य उपन्यासकार इन्द्रबहादुर राई हुन्। यस धाराको प्रवर्तनसितै नेपाली उपन्यासले नयाँ मोड तथा दिशा पाउँछ। यस धाराका उपन्यासहरूमा इन्द्रबहादुर राईको **आज रमिता छ**, पारिजातका **शिरिषको फूल** र **महत्ताहीन**, ध्रुवचन्द्र गौतमका **अन्त्यपछि**, **बालुवामाथि** र **डापी**, दौलतविक्रम विष्टको **चपाइएका अनुहारहरू** आदि मुख्य छन्।

नयाँ शिल्प र शैलीलाई अपनाउनु, समाज र मानिसको जीवनमा आई पर्ने विसङ्गत पक्षहरूलाई केलाउनु, परम्परागत लेखन पद्धतिलाई नमान्नु, मानवजीवनका सारहीनता, निरर्थकता, शून्यता, पृथक्ता, मूल्यहीनता जस्ता कुराको चित्रण गर्नु, नवीन शिल्प संरचनाको प्रयोग गर्नु, काव्यात्मक भाषाको प्रयोग गर्नु यस धाराका उपन्यासमा पाइने प्रवृत्तिहरू हुन् ।

**अस्तित्ववादी धारा** – यस धाराका मुख्य उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला हुन्। यस धाराका उपन्यासहरू विश्वेश्वरप्रसाद कोइरालाका **तीनघुम्ती**, **नरेन्द्र दाइ**, **सुम्निमा**, **हिटलर र यहुदी** र **बाबु आमा र छोरा**, पारिजातका **महत्ताहीन**, **अन्तर्मुखी**, ध्रुवचन्द्र गौतमका **अन्त्यपछि**, **बालुवामाथि** र **डापी**, सरुभक्तका **पागलबस्ती** र **तरुनी खेती** आदि मुख्य छन्।

मानिसको जन्म, मृत्यु, कुण्ठा, सन्त्रास आदिको सही अर्थ र सही अस्तित्वको खोजी गर्नु, मानिसको विसङ्गत जीवनमा पनि अस्तित्वको

खोजी गर्नु, स्वैरकल्पना र चेतनाप्रवाह शैलीको प्रयोग गर्नु, मानिसलाई जीवनको नवीन अर्थ र मूल्यको खोजीतिर उन्मुख गराउनु यस धाराका उपन्यासमा पाइने प्रवृत्तिहरू हुन्।

**प्रगतिवादी धारा –** यस धाराका मुख्य उपन्यासकार डी पी अधिकारी हुन्। तिनकै **आशमाया** उपन्यासबाट समाजवादी-यथार्थवादी उपन्यास परम्पराको प्रारम्भ भएको देखिन्छ। यस धाराका उपन्यासहरूमा डी.पी. अधिकारीको **धरती अझै बोल्दै छ**, खगेन्द्र सङ्ग्रौलाका **चेतनाको पहिलो डाक** र **आमाको छटपटी**, पारिजातका **बैंसको मान्छे**, **तोरीबारी बाटा र सपनाहरू**, **पर्खालभित्र र बाहिर**, **उसले रोजेको बाटो** र **अनिदो पहाडसंगै** मोदनाथ प्रश्रितको **चोर**, रमेश विकलको **अविरल बग्दछ इन्द्रावती**, हर्क योञ्जन विरहीको **दुइ मुहान एक स्रोत**, , असीत राईका **नयाँ क्षितिजको खोज** र **यन्त्रणा** सञ्जय थापाको **देउमाईको किनारमा**, ऋषिराज बरालको **कमरेड हुतराजको राजधानी प्रस्थान**, हरि खनालको **मैयाँ**(२०५७) आदि मुख्य छन्।

वर्गीय शोषण र उत्पीडनको विरोध गर्नु, वर्गीय दृष्टिकोण प्रस्तुत गर्नु, शोषित र पीडित वर्गको पक्ष लिनु, श्रमजीवी वर्गको सङ्घर्ष र आकांक्षालाई महत्त्व दिनु, जन-साधारणले बुझ्न सक्ने भाषा प्रयोग गर्नु, शोषण, दमन, अत्याचारको विरोध गर्नु, परिवर्तनको चाहना राख्नु, पात्रका माध्यमद्वारा सामाजिक उत्पीडनविरुद्ध विद्रोह र क्रान्ति गर्नु,सामान्ती शेषकवर्गप्रति निन्दा गर्नु, समाजमा समानताको सन्देश दिनु, समाजमा हुनेगरेका अन्याय, अत्याचार, शोषण, दमन र सामाजिक विभेद जस्ता क्रियाकलापको अन्त्य गरी त्यहाँ समानता कायम गर्ने उद्देश्य राख्नु यस कालका उपन्यासहरूमा पाइने प्रवृत्तिहरू हुन्।

**प्रयोगवादी धारा** – यस धाराका उपन्यासहरूमा ध्रुवचन्द्र गौतमको **अलिखित**, **उपसंहार अर्थात् चौथो अन्त्य**, **अग्निदत्त+अग्निदत्त** र **फूलको आतङ्क**, मञ्जुलको **छेकुडोल्मा**, दशजना लेखकको सामुहिक उपन्यास **आकाश विभाजित छ**, तेह्रजना लेखकको **अवतार विघटन**, कृष्ण धरावासीका **शरणार्थी** र **राधा**, नारायण वाग्लेको **पल्पसा क्याफे**, बुद्धिसागरको **कर्णाली ब्लुज**, प्रदीप गुरुङको **पोस्टर र लात**, बिन्द्या सुब्बाका **अथाह**, **निर्गमन**, **सीमान्त**, भीम दाहालका **अभीष्टको खाज** र **द्रोह**, प्रेम प्रधानका **उदासीन रुखहरू** र **प्रयोगको मेसिन**, अर्जुन निरौलाको **घाम डुबेपछि**, सञ्जीव उप्रेतीका **घनचक्कर** र **हंस**, होम सुवेदीको **यमपुरीको महल**, अमर न्योपानेका **सेतो धरती**, **करोडौंको कस्तुती**, देश सुब्बाको **आदिवासी**, राजन मुकारूको **दामिनी भीर**, सधीर शर्माको **प्रयोशाला**, सबिन भट्टराईको **समर लभ**, छुदेन काबिमोको **फातसुङ** आदि मुख्य छन्।

## 13.4.5 आधुनिक नेपाली निबन्धको प्रवृत्ति एवम् प्रक्रिया

नेपाली निबन्धको इतिहासलाई पहिलो चरण र दोस्रो चरण गरी विभाजन गर्न सकिन्छ। पहिलो चरणमा नेपाली निबन्ध साहित्यको विकासमा **चन्द्रिका** (सन् १९१७) को महत्त्वपूर्ण स्थान छ। पहिलो चरणमा **चन्द्रिका** (सन् १९१७) पत्रिकाको प्रकाशन यताको समयलाई हेर्नुपर्ने हुँदा **चन्द्रिका**मा सन् १९१८ मा **समय**, **प्रभात**, **हरदम याद राख्नुपर्ने कुरा**, **कर्तव्य**, **मितव्य**, र **कविताको फल** सूर्यविक्रम ज्ञवालीको **दान** र शम्भुप्रसाद ढुङ्गेलको **महेन्द्रमल्ली** प्रकाशित भएपछि नै नेपाली निबन्धले आधुनिकताको स्वरूप ग्रहण गर्न तर्फ पाइला चालेको हो। यस समयका निबन्धकारहरूमा

राममणि आ.दी. सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, देवीप्रसाद सापकोटा, पद्मनाथ सापकोटा, मणिनारायण प्रधान, प्रतिमान लामा, तारानाथ शर्मा, रामचन्द्र उपाध्याय, मणिसिंह गुरुङ आदि मुख्य छन्। यस चरणमा पत्र-पत्रिकाहरूको बहुमूल्य योगदान रहेको छ। जन्मभूमि, गोर्खा संसार, राजभक्ति, तरुण गोर्खा, नेपाली साहित्य सम्मेलन पत्रिका आदिको पत्र-पत्रिकाहरूले नेपाली निबन्धात्मक गद्यसाहित्यलाई आधुनिकताको निश्चित परिणाममा पुर्‍याउन सहयोग गरेको छ।

दोस्रो चरणमा **शारदा** (सन् १९३४) को प्रकाशनको आरम्भसँगसँगै नेपाली निबन्ध साहित्यमा विविध पक्षहरू समावेश हुन थालेको पाइन्छ। यस पत्रिकाको प्रकाशन थालिएपछि नै नेपाली आधुनिक निबन्ध साहित्यको प्रारम्भ हुन्छ। आधुनिक नेपाली निबन्धका आदर्शवादी, स्वच्छन्दतावादी र यथार्थवादी प्रवृत्तिहरू रहेका छन्।

आदर्शवादी निबन्धकारहरूमा बालकृष्ण सम, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान, यदुनाथ खनाल, बदरीनाथ भट्टराई, भीमनिधि तिवारी, मुख्य रहेका छन्। त्यसै समयका स्वच्छन्दतावादी निबन्धकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, केशवराज पिंडाली, श्रीधर खनाल, रामकृष्ण शर्मा, चूडानाथ भट्टराई, रामकृष्ण शर्मा, शङ्कर लामिछाने, बालकृष्ण पोखरेल, मोहनराज शर्मा, वासुदेव त्रिपाठी, रामलाल अधिकारी, किशोर नेपाल, राममणि रिसाल आदि मुख्य छन्। यथार्थवादी निबन्धकारहरूमा हृदयचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा, अच्छा राई रसिक, आनन्ददेव भट्ट आदि मुख्य छन्। व्यङ्ग्यात्मक निबन्ध प्रस्तुत गर्ने निबन्धकारहरूमा पारिजात, रमेश विकल, कृष्णचन्द्रसिंह प्रधान, बालमुकुन्ददेव पाण्डे, तारानाथ शर्मा, जनकलाल शर्मा, गोविन्द भट्ट गङ्गाप्रसाद उप्रेती,निर्मोही व्यास, राजेन्द्र सुवेदी, मञ्जुल, राजव, मुन पौडेल, माधवप्रसाद पोखरेल, सुधा त्रिपाठी, भीष्म

उप्रेती, नवराज सुब्बा मुख्य छन्। हास्यव्यङ्ग्यात्मक निबन्धका फाँटमा कलम चलाउने निबन्धकारहरूमा भैरव अर्याल, राजनारायण प्रधान, रामकुमार पाण्डे, एल्डी राई मिक्खोले, नारद ओझा, विष्णु नवीन, चोलेश्वर शर्मा, नरेन्द्रराज पौडेल, सानुभाइ शर्मा, खगेन्द्र संग्रौला, चूडामणि रेग्मी, इन्द्रबहादुर राई, कृष्णचन्द्रसिंह प्रधान, लक्ष्मण नेवोटिया, विश्व शाक्य आदि मुख्य छन्। अन्य निबन्धकारहरूमा मनुजबाबु मिश्र, मोहन दुवाल, मोहन सिटौला, युवराज नयाँघरे, नरेन्द्रराज प्रसाई, विमल निभा, निर्मोही व्यास, ध्रुव मधिकर्मी, मधुसूदन गिरी, रोचक घिमिरे, गोविन्दराज भट्टराई, भूपिन आदि मुख्य छन्।

यस चरणका निबन्धहरूमा बालकृष्ण समको **बर्दहामा शिकार** लाई पहिलो आधुनिक नेपाली निबन्ध मानिन्छ। उनका अन्य निबन्धहरू **आत्मविश्वास**, **पानी**, **प्राकृतिक जीवन** आदि छन्। यसरी नै नरेन्द्रमणि आ.दी.को **संसार एक नाट्यशाला हो** निबन्धलाई आधुनिक नेपाली निबन्धको थालनीको रूपमा महत्त्वपूर्ण मानिन्छ भने लक्ष्मीप्रसाद देवकोटाको **असाढको पन्ध्र** निबन्धलाई आधुनिक नेपाली निबन्धको विशुद्ध रूप मानिन्छ। यस चरणका मुख्य निबन्धहरूमा देवकोटाका **प्रशिद्ध प्रबन्ध संग्रह** र **लक्ष्मी निबन्ध संग्रह** र **दाडिमको रुखनेर**, हृदयचन्द्रसिंह प्रधानका **भूस्वर्ग**, **तीस रुपियाँको नोट**, **जुँगा**, **कुरा साँचो हो** र **अफ्सोस**, शंकर लामिछानेका **एब्स्ट्रयाक्ट चिन्तन प्याज, गोधूली संसार** र **शङ्कर लामिछानेका निबन्ध**, कृष्णचन्द्रसिंह प्रधानका **सालिक**, **अनाम सत्य** र **पाइला आगतमा टेकेर**, नगेन्द्र शर्माका **नगेन्द्रका निबन्ध** र **अण्डादेखि भ्यागुतासम्म**, बालकृष्ण पोखरेलका **ठकुस-मुकुस** र **तेस्रो एकमुखे रुद्राक्षको खोजी**, ईश्वरलल्लभका **केही भूमिकाहरू** र **सोचको मायामठ**, कृष्णप्रसाद ज्ञवालीको **पीपलको छहारी**, रामकृष्ण शर्मा**का प्यारो सपना र**

**अन्य लेखहरू** र **एक बिसाउनी**, केशवराज पिडाँलीका **खै-खै**, **फेरि उल्टै मिल्यो** र **व्यङ्ग्यैव्यङ्ग्य**, भैरव अर्यालका **काउकुती**, **जय भुँडी**, **गलबन्धी**, **इतिश्री र दस औतार**, रामलाल अधिकारीका **भोकाएको कुकुरले के भन्छ, रविसप्तमी** र **निसंस्मरण** आदि मुख्य छन्।

स्वच्छन्दता, आदर्शवादिता, हास्य, व्यङ्ग्यात्मकता, भाषागत सहजता, मौलिकता, विनोदशीलता, अमूर्त चिन्तनको प्रस्तुति, संवेदन अनुभूतिको अभिव्यक्ति, आत्मपरकता, भावत्मकता, संस्मरणात्मकता, विचारपूर्ण भावोत्तेजक प्रस्तुति, कवितात्मकता, तार्किकता, तीव्र युग-चेतना, प्रखर कल्पना, सांस्कृतिक संचेतना, जातीय एवम् राष्ट्रिय स्वबोध, ठेट नेपाली भाषाको प्रयोग, वैयक्तिकता, चिन्तनशीलता, अनुसन्धनात्मकता, लयपूर्णता, रसिकता आदि यस चरणका निबन्धमा पाइने प्रवृत्तिहरू हुन्।

## 13.4.6 समालोचनाको प्रवृत्ति एवम् प्रक्रियाको समीक्षा

शारदा पत्रिकामा प्रकाशित रामकृष्ण शर्माको **अङ्ग्रेजी साहित्यको प्रभाव** (सन् १९४२) र यदुनाथ खनालको **समालोचनाको सिद्धान्त** (सन् १९४६) बाट आधुनिक नेपाली समालोचना साहित्यको प्रारम्भ हुन्छ। आधुनिक कालको यस चरणमा पूर्वीय र पाश्चात्य दुबै साहित्यशास्त्रमा समालोचना भएका पाइन्छन्। यस चरणका अन्य समालोचनाहरूमा रामकृष्ण शर्माका **शब्द शारदीय** र **दश गोर्खा**, बाबुराम आचार्यका **पुरानो कवि र कविता** र **तुलनात्मक सुन्दर काण्ड**, हृदयचन्द्रसिंह प्रधानका **साहित्य : एक दृष्टिकोण**, **केही नेपाली नाटक**, **भानुभक्त : एक समीक्षा**, रत्नध्वज जोशीका **मानसालङ्कार**, **हाम्रो काव्य परम्परामा उसैको लागि**, **नेपाली कथाको**

**कथा**, **नेपाली साहित्यको झलक**, **साहित्यसमीक्षा र नेपाली नाटकको इतिहास**, बालचन्द्र शर्माका **भानुभक्त**, **नेपाली साहित्यको इतिहास**, ईश्वर बरालका **झ्यालबाट**, **हिमालचुली**, **सयपत्री**, **आख्यानको उद्भव**, इन्द्रबहादुर राईका **नेपाली उपन्यासका आधारहरू**, **टिपेका टिप्पणीहरू**, **अर्थहरूका पछिल्लोतिर** आदि, अभि सुवेदीका **पाश्चात्य समालोचना सिद्धान्त** र **सिर्जना र मूल्याङ्कन**, वासुदेव त्रिपाठीका **नेपाली कविताको सिंहावलोकन**, **विचरण**, **पाश्चात्यसमालोचनाको सैद्धान्तिक परम्परा** आदि, मोहनराज शर्माका **कथाको विकास प्रक्रिया**, **शैलीविज्ञान** आदि, कृष्ण गौतमका **आधुनिक आलोचना : अनेक रूप अनेक पठन**, **उत्तरआधुनिक जिज्ञासा**, **उत्तर सिद्धान्त**, **मार्क्सवाददेखि उत्तरमार्क्ससम्म** आदि, दयाराम श्रेष्ठको **नेपाली साहित्यको केही पृष्ठ**, कृष्णचन्द्रसिंह प्रधानको **नेपाली उपन्यास र उपन्यासकार**, राजेन्द्र सुवेदीका **विषय गहन : सतह चिन्तन**, **स्रष्टा दृष्टि : द्राष्टा दृष्टि** आदि, गुमानसिंह चामलिङको **मौलो**, घनश्याम नेपालका **रूप र रेखाहरू**, **नेपाली साहित्यको परिचयात्मक इतिहास, शैलीविज्ञान** आदि, केशवप्रसाद उपाध्यायका **विचार र व्याख्या**, **समको दुखान्त नाट्य कृति**, **प्राथमिककालीन कवि र काव्य प्रवृत्ति** आदि, मोहन पी. दाहालको **आधुनिक नेपाली उपन्यास**, प्रतापचन्द्र प्रधानका **नेपाली उपन्यास पृष्ठभूमि र परम्परा**, **कथा अवलोकन**, **भ्रमरको उपन्यासको कृतिपरक अध्ययन** आदि, रिन्जी इडेन वाङ्दीको **फ्रण्टियरका कथाकार शिवकुमार राई**, कविता लामाका **द्द्रीक्षा**, **अनुशीलन**, **कविता डिस्कोर्स** आदि, पेम्पा तामाङको **आख्यानदेखि पराख्यानसम्म**, सञ्जय राईको **समीक्षण**, राजकुमार छेत्रीका **सिर्जनाको समावलोकन**, **कृति आलोकन**, **अवलोकन अवबोधन** आदि, नवीन पौड्यालको **आख्यान अनुशीलन**, रेमिका थापाको **पठन-विपठन**, कवीर वस्नेतको **पठन र दृष्टि**, सपन प्रधानको **कृर्ति र कीर्ति** आदि मुख्य

Notes

छन्। यसबाहेक तारानाथ शर्मा, कमल दीक्षित, सोमनाथ सिग्द्याल, चूडानाथ भट्टराई, आनन्ददेव भट्ट, ठाकुर पराजुली, नेत्र एटम, शरच्चन्द्र शर्मा भट्टराई, मोहन हिमांशु थापा, भानुभक्त पोखरेल, चूडामणि बन्धु, गोपीकृष्ण शर्मा, वासु रिमाल यात्री, कुमारबहादुर जोशी, ऋषिराज बराल, रामलाल अधिकारी, मुरारिप्रसाद रेग्मी, घटराज भट्टराई, घनश्याम कँडेल, नरेन्द्र चापागाईं, कृष्ण गौतम, रविलाल अधिकारी, ऋषिराज बराल, मोहन दुवाल, डा रामचन्द्र लंसाल, अर्जुन प्रधान, दिवाकर प्रधान, पुष्प शर्मा, प्रवीण राई जुमेली, विर्ख खडका, प्रेम प्रधान, विनेश प्रधान, वासुदेव पुलामी, मेघनाथ छेत्री, राजकुमारी दाहाल, दिल श्रेष्ठ आदि समालोचकहरू मुख्य छन्।

आधुनिक नेपाली समालोचनाको विकासमा पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्तको गहन अध्ययन गरेर तिनका प्रभावमा समालोचना लेख्ने प्रवृत्तिको प्रशस्त विकास भएको पाइन्छ। शोधपरक समालोचना, भाषाशैलीवैज्ञानिक समालोचना, रूपपरक समालोचना, पाठपरक समालोचना, मनोविश्लेषणपरक समालोचना, बहुलतापरक समालोचनाका साथै सैद्धान्तिक प्रभाववादी समालोचनाहरू लेखिएका छन्। विधापरक, तुलनात्मक, अन्वेषणात्मक,ऐतिहासिक, निर्णयात्मक प्रकारका समालोचन प्रविधिलाई अँगालिएर लेखिएका छन्।

**प्रगति जाँच गर्नुहोस् 3:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

4. आधुनिक नेपाली साहित्यका मुख्य विधाहरू चिनाउनुहोस्।

…………………………………………………………………………….
……………………………………………………………………………
……………………………………………………………………………

5. आधुनिक नेपाली साहित्यका धाराहरू लेख्नुहोस्।

………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

6. प्रत्येक विधाका प्रथम आधुनिक स्रष्टाको नाम दिनुहोस्।

………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

## 13.5 उपसंहार

नेपाली सहित्यका मूल विधाहरू कविता, कथा, उपन्यास, नाटक, निबन्ध, समालोचना आदि मुख्य रहेका छन्। यसबाहेक नियात्रा, आत्मसंस्मरण, बालसाहित्य जस्ता विधाहरू पनि थपिएका छन्। जगदीश घिमिरे, झमक घिमिरे, कला राई, स्लोन कार्थक, मनबहादुर प्रधान, सविता संकल्प, विचन्द्र आदि लेखकहरूले नियात्रा तथा आत्मसंस्मरण प्रविधिका साहित्य लेख्दैछन्। बालसाहित्यका पुस्तकहरू धेरै लेखिँदैछन्। तथापि नेपाली साहित्यको विकास प्रक्रियालाई हेर्दा प्राथमिक कालमा गद्य र पद्य मात्र दुईवटा विधामा लेखिएको फेला पर्छ। यस कालमा पद्यले आफ्नो मौलिक स्वरूप ग्रहण गरेको छ तर गद्यले आज बुझिने कथा, उपन्यास, निबन्ध जस्ता विधागत स्वरूप ग्रहण नगरी केवल गद्यको रूपमा केन्द्रित छ। प्राथमिक कालको मुख्य आकर्षण भानुभक्त र तिनको अध्यात्म रामायण हो। माध्यमिक कालसम्म आइपुग्दा नेपाली कविताले धेरै प्रगति गरेको छ। युगबोध अनुकूल साहित्यिक प्रवृत्तिलाई विकास गरेको छ भने यस कालमा गद्याख्यान, आख्यानेतर साहित्य, नाटक विधाहरूमा खासै उन्नत्ति नभए पनि मौलिक र आधुनिकस्वरूपको पूर्वरूप तयार गरेको छ। अनुवादको परम्परा यस कालमा निक्कै हौसिएको छ। तर यस कालको

मुख्य उपलब्धी पत्र-पत्रिकाहरूको प्रकाशन र मुद्रणको व्यवस्थापन र मोतीरामको आगमन हो। त्यसपछि आधुनिक कालमा नेपाली साहित्यले सन्तुष्ट प्रगति गर्दै अघि बढिरहेको छ। लेखनाथ पौड्याल, मैनाली, रूपनारायण सिंह, लैनसिंह, देवकोटा, रिमाल, विश्वेश्वरप्रसाद कोइराला, गोविन्दबहादुर मल्ल गोठाले, सिद्धिचरण, रामकृष्ण शर्मा, इन्द्रबहादुर राई जस्ता आधुनिक सर्जकहरू जन्माएका छन्।

## 13.6 सार

यस प्रखण्डमा नेपाली साहित्येतिहास लेखन-परम्पराको अध्ययन गर्ने कोसिस गरिएको छ। त्यसबाट नेपाली साहित्येतिहासबारे जानकारी प्राप्त भयो। त्यसलाई अझ सजिलोसित बुझ्नका लागि उक्त जानकारीलाई तलका बुँदाहरूमा संक्षिप्त समेट्न सकिन्छ।

- प्राथमिक नेपाली कविताको वीर र भक्ति दुई धाराहरू छन्। वीरधाराका कविहरू सुवान्ददास, शक्तिवल्लभ, उदयानन्द, राधावल्लभ आदि मुख्य छन्। उनीहरूले शासक स्तुति गरेर कविता लेख्न रुचाउँछन्। भक्तिधारालाई सगुण र निर्गुण दुई मुख्य उपधारामा विभाजन गर्न सकिन्छ। त्यसमा सगुन कविहरू कृष्ण र रामलाई काव्यविषय बनाएर कविता लेख्छन्। कृष्णकवि वसन्त शर्मा र रामकवि भानुभक्त आचार्य मुख्य यस उपधाराका कविहरू हुन्। निर्गुणकविहरू निराकार ईश्वरको भक्ति गर्छन्। उनीहरू जोसमणि सम्प्रदायका सन्त-महन्तहरू हुन्। ज्ञानदिलदास यस उपधाराका मुख्य कवि हुन्।
- शक्तिवल्लभ, पृथ्वीनारायण शाह, भानुदत्त प्राथमिककालीन नेपाली गद्यसाहित्यका प्रारम्भिक शिल्पीहरू हुन्। दिव्योपदेश नेपाली गद्यलेखनको इतिहासमा यस कालको उपलब्धी हो भने महाभारत

विराट्पर्व प्रारम्भिक नेपाली गद्याख्यान साहित्यको प्रस्थान बिन्दु हो। इतिवृत्तात्मक आख्यान, दर्शन, अध्यात्म, औषधोपचार, वीरगाथा, नियात्रा, दैनिकी प्राथमिककालीन नेपाली गद्यसाहित्यका मूल विषयक्षेत्रहरू हुन्।

- नेपाली साहित्यको माध्यमिककाल नै शृङ्गारकाल हो। यस कालको मुख्य प्रवृत्ति शङ्गार हो। यस कालमा कविता, नाटक, गद्याख्यान, आख्यानेतर साहित्यको विकास भएको छ। गोर्खा भारत जीवन पत्रिका, गोर्खापत्र, गोर्खे खबर कागत्, माधवी, सुन्दरी, चन्द्र, गोर्खाली, चन्द्रिका, सुक्तिसिन्दु आदि यस कालका मुख्य पत्र-पत्रिकाहरू हुन्।

- नेपाली साहित्यमा आधुनिकता ल्याउने शारदा र गोर्खा संसार पत्रिका आधुनिक कालको मुख्य आकार्षण हो। यस कालमा कवितामा महाकाव्य, खण्डकाव्य, नव्यकाव्य, कथा, उपन्यास, निबन्ध, समालोचना आदि विधाहरूले मौलिक स्वरूपका साथै आधुनिकता ग्रहण गरेको छ। आदर्शोन्मुख, स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, अति यथार्थवाद, आलोचनात्मक यथार्थवाद, प्रकृतवाद, प्रगतिवाद, अस्तित्ववाद, मनोविश्लेषणवाद जस्ता प्रवृत्ति आधुनिक कालको नवीन साहित्यिक मान्यताहरू हुन्।

- मोतीमण्डली, हलन्तबहिष्कार, सुक्तिसिन्धुपर्व, झर्रोवाद, आयामिक आन्दोलन, अस्वीकृत जमात, लीला लेखन, सडक कविता क्रान्ति, गणतान्त्रिक सांस्कृतिक आन्दोलन, समावेशी आदि साहित्यिक आन्दोलन नेपाली साहित्यका उपलब्धी हुन्।

## 13.7 अनुशीलनी

1. वीरधाराका कविहरूको परिचय दिँदै वीरकालीन कविताको उपलब्धीलाई केलाउनुहोस्।

2. भक्तिधाराका कविताको प्रवृत्ति र विशेषतालाई चिनाउनुहोस्।

3. प्राथमिककालीन नेपाली गद्यसाहित्यको इतिहास प्रस्तुत गर्नुहोस्।

4. माध्यमिककालनी साहित्यको मूल प्रवृत्तिलाई चनाउँदै मुख्य-मुख्य विधाहरूको संक्षिप्त इतिहास प्रस्तुत गर्नुहोस्।

5. आधुनिक नेपाली साहित्यका मुख्य प्रवृत्तिहरू के-के हुन्? छोटोमा चर्चा गर्नुहोस्।

### टिप्पणी लेख्नुहोस्-

1. वीरधाराबाट भक्तिधारा छुट्टिनुका मुख्य कारणहरू।
2. नेपाली साहित्यमा निर्गुण कविहरूको योगदान।
3. नेपाली साहित्यमा अनुवाद परम्परा।
4. नेपाली साहित्यमा पत्र-पत्रिकाको योगदान।
5. नेपाली साहित्यमा प्रयोगवादी धारा।

## 13.8 अतिरिक्त अध्ययन


1. घनश्याम नेपाल – नेपाली साहित्यको परिचयात्मक इतिहास।

2. बालचन्द्र शर्मा – नेपाली साहित्यको इतिहास।

3. तारानाथ शर्मा – नेपाली साहित्यको इतिहास।

4. दयाराम श्रेष्ठ र मोहनराज शर्मा – नेपाली साहित्यको संक्षिप्त इतिहास।

5. असीत राई – भारतीय नेपाली साहित्यको इतिहास।

6. शरच्चन्द्र शर्मा – नेपाली साहित्यको इतिहास (माध्यमिक काल)

7. मोहनराज शर्मा – कथाको विकासप्रक्रिया।

8. Nepalisahityaetihas.wikipedia.com

## 13.9 प्रगति जाँचका लागि उत्तर

# जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 13.4.1 (क.ख.घ) लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 13.4.2 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 13.2-13.4.2 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

**2. प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 13.5.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 13.5-13.5.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 13.5-13.5.4 भित्रै हेरेर उत्तर जाँच गर्नुहोस्।

**3.प्रगति जाँच गर्नुहोस् 3:**

प्रश्न-1 अन्तर्गत एकाइ 13.6-13.6.6 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 13.6-13.6.6 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 13.6-13.6.6 लाई नै उत्तर जाँच गर्नुहोस्।

# एकाइ 14. नेपाली भाषा र साहित्यको इतिहासमा देखिएका विविध आन्दोलन र वादहरू

14.0 उद्देश्य

14.1 परिचय

14.2 हलन्त वहिष्कार आन्दोलन

14.3 झर्रोवादी आन्दोलन

14.4 आयामेली आन्दोलन

14.5 राल्फाली आन्दोलन

14.6 तरलवादी आन्दोलन

14.7 लीलालेखन

14.8 उपसंहार

14.9 सार

14.10 अनुशीलनी

14.11 अतिरिक्त अध्ययन

14.12 प्रगति जाँचका लागि उत्तर जचाउनुहोस्।

## 14.0 उद्देश्य

यस एकाइको अध्ययनले तपाईं निम्नलिखित विषयमा सक्षम बन्नसक्नु हुनेछः

- हलन्त वहिष्कार आन्दोलनको विशेषता र महत्त्व
- झर्रोवादी आन्दोलनको विशेषता र महत्त्व
- आयामेली आन्दोलनको विशेषता र महत्त्व
- राल्फाली आन्दोलनको विशेषता र महत्त्व

- तरलवादी आन्दोलनको विशेषता र महत्त्व
- लीलालेखनको विशेषता र महत्त्व

## 14.1 परिचय

नेपाली भाषासाहित्यको इतिहासमा लगभग अस्सीवटाभन्दा धैरै विशेष महत्त्वका विभिन्न आन्दोलन, काण्ड, पर्वहरू भएका छन्। त्यसमा कति सामूहिक र कति व्यक्तिगत रूपमा आन्दोलन तथा अभियानका मान्यताहरू थालिएका छन्। मानिसको विचार गतिशील भएझैं भाषासाहित्यको क्षेत्रमा पनि गतिशीलता आउनु स्वाभाविक हो। नेपाली भाषासाहित्यमा भएका विभिन्न साहित्यिक अभियानहरूको विशेष प्रयोजन वा उद्देश्य रहेको छ। प्रशासनिक, राजनैतिक तथा क्षेत्रीय समस्याहरूले हुने प्रतिभा दमन, साहित्यिक दमन, सन्सरसिप आदिको विरोध र विद्रोहको परिणामहरू हुन्। अतः भाषासाहित्यमा हुने अभियान, आन्दोलन आदिलाई लेखनकलाको जीवन्त गति मान्न सकिन्छ। यस्तै आन्दोलन तथा अभियानहरूले सम्बन्धित साहित्येतिहासको अनुसन्धेय क्षेत्रलाई फराकिलो बनाइदिएको छ। आजसम्म नेपाली भाषासाहित्यमा जे-जति आन्दोलनहरू भएका छन् त्यसमा लेखनलाई नै केन्द्र बनाइएर नै भएको छ। नेपाली भाषासाहित्यको क्षेत्रमा भएका आन्दोलनको पृष्ठभूमिलाई पहिल्याएर जाँदा **मोतीमण्डली** (सन् १८८१) लाई पहिलो साहित्यिक अभियान मान्नपर्छ। हुनत यसभन्दा धैरैअघि पृथ्वीनारायण शाहको राज्य एकीकरण र जोसमनी सन्तहरूका सामूहिक सिर्जनशील चिन्तनबाट नै सामूहिकतातर्फ नेपालीहरूका ध्यानाकर्षित भइसकेको हो। तापनि नेपाली भाषासाहित्यमा यसतर्फको अभियान माध्यमिक कालमा

आएर क्रियाशील बन्न पुग्यो। स्मरण रहोस्, नेपाली भाषासाहित्यमा कलमयुद्ध मात्र नभएर आत्म बलिदानको इतिहास पनि छ। **मकैको खेती** पुस्तक लेखेको अभियोगमा सहित भएका सुब्बा कृष्णलाल अधिकारी पहिलो नेपाली सहित साहित्यकार हुन्। यस एकाइमा भाषा र साहित्यका दुवै क्षेत्रमा भएका भाषिक र साहित्यिक आन्दोलनको ऐतिहासिक विशेषतालाई हेरिनेछ।

## 14.2 हलन्त वहिष्कार आन्दोलन

नेपाली भाषा-व्याकरणको क्षेत्रमा भएको पहिलो भाषिक आन्दोलन **हलन्त वहिष्कार आन्दोलन** (सन् १९०८) हो। यस आन्दोलन बनारसबाट राममणि आ .दी. द्वारा चलाइएको हो। नेपाली भाषालाई विश्वका अरू प्रगतिशील भाषाको समकक्ष' पुर्‍याउने उद्देश्य राखेर राममणि आ.दी.ले **माधवी** (सन् १९०८) पत्रिका प्रकाशित गरी हलन्त वहिष्कार आन्दोलनको घोषणा गरेका हुन्। यसैले माधवी पत्रिकालाई हलन्त वहिष्कार आन्दोलनको घोषणापत्र मानिन्छ। यस पत्रिकाको सम्पादक मातृप्रसाद शर्मा अधिकारी राममणि आ. दी. नै हुन् भन्ने जानकारी छ। मूलतः नेपाली भाषा प्रयोगमा हुने अतिशय हलन्त-बाहुल्यको विरोधमा यो आन्दोलन छेडिएको हो। यस आन्दोलनका मूल प्रवर्तक राममणि आचार्य दीक्षित हुन् भने यसका समर्थकहरूमा रामप्रसाद सत्याल, कालीदास पराजुली, सदाशिव अधिकारी, पं. तारानाथ, पं. लेखनाथ पौड्याल, पं. यदुनाथ घिमिरे, पीयूषजङ्ग राणा, सिद्धिप्रसाद उपाध्याय, चक्रपाणि चालिसे, बाबुराम भण्डारी, देवीप्रसाद उपाध्याय र परोक्ष रूपमा विश्वमणि दीक्षिताचार्य आदि मुख्य छन्। शिखरनाथ सुवेदी, माहिला गुरुज्यू हेमराज, बालकृष्ण सम आदि यस आन्दोलनका विरोधीहरू हुन्। उनीहरूले यस सिद्धान्त वा आन्दोलनको कटु आलोचना मात्र गरेनन्। हलन्तको पक्षधर शिखरनाथ सुवेदीले यस

सिद्धान्त वा आन्दोलनलाई 'राममणिको उट्पट्याङ प्रथा' भनेका छन्। यति मै यो विवाद शान्त हुन सकेन। यसले राजनीतिलाई पनि प्रभाव पुर्‍यायो। 'पढ्ने पुस्तक जति चन्द्रिकाबमोजिम गरी छाप्नू' भन्ने दरबारीय खड्गनिशाना लगाइएको देखिन्छ।

हलन्त वहिष्कार आन्दोलन नेपाली भाषाको 'लेखनपक्ष वा वर्णविन्यास या वर्णव्यवस्थासित' केन्द्रित आन्दोलन हो। सुकुम शर्मा भन्छन्- "वर्णविन्यासमा पनि हलन्त र अजन्त लेखनमा केन्द्रित यस आन्दोलनको मूल प्राप्ति नेपाली भाषामा मानकीकरणको पहिलो उद्घोष गर्नु हो। यस आन्दोलनको प्रभाव साहित्यमा पनि परेको छ। यद्यपि यो भाषाकेन्द्री आन्दोलन हो।" अतः यस आन्दोलनको पृष्ठभूमि माधवी प्रकाशमा आउनु अगावै 'प्राभाकरी' छापाखानाको व्यवस्थापन कार्यभारको सिलसिलाबाट सुरु भएको थियो। राममणि आ. दी. सन् १९०३ मा प्राभाकरी छापाखनाको व्यवस्थापक भएर बनारस गएपछि त्यहाँ प्रेसका कामदार रामनारायणले नेपाली भाषामा अत्यधिक हलन्त अक्षर प्रयोग हुने हुँदा छपाईका क्रममा हलन्त अक्षरको नपुग हुने वास्तविकता बताउँदा राममणि आ. दी.मा हलन्तवहिष्कारसम्बन्धी धारणा उब्जिएको या स्फुरण भएको कुरो बालकृष्ण पोखरेल 'पच्चीस वर्षका भाषिक' चर्चा पुस्तकमा उल्लेख गर्छन्। यसबारे स्वयं राममणि आ. दी. को भनाइमा अझ स्पष्ट हुन्छ- "मलाई त्यो बेला रामप्रसाद सत्याल, सदाशिव शर्मा अधिकारी, शम्भुप्रसाद ढुंगेल र कवि शिखरनाथ सुवेदीहरूको मनपरीसँग खुट्टा काट्ने चलनले भाषामाथिको तांडव-नृत्य सम्झी सहीनशकनू भएको थियो।" हुनत रामप्रसाद सत्याल र सदाशिव अधिकारी हलन्त वहिष्कार आन्दोलनका समर्थक कविहरू हुन्।

नेपालीमा हलन्त लेखनको स्रोतलाई स्वयं राममणि आ. दी. 'अनेपाली भाषाभाषी काइतेहरूको प्रभाव' मान्दछन्। यसर्थ यस आन्दोलन शुद्ध, सरल र परिष्कृत नेपाली भाषाको प्रयोगमा जोड दिने उद्देश्यले भएको हो भन्ने बुझ्न सकिन्छ। यस आन्दोलन सम्बन्धी राममणि आ. दी.द्वारा प्रस्तावित मान्यताहरू यस प्रकार रहेका छन्-

1. भाषा गतिशील हुन्छ र भाषाको विकास हुन्छ।
2. गद्यको विकास गर्न सजिलो हुन्छ। भाषाको गद्य विकसित भएपछि भाषा सम्पन्न हुन्छ।
3. छापाखाना र टाइपमा सजिलो हुन्छ।
4. ससाना नानाहरूलाई साउँ अक्षर सिकाउन सजिलो हुन्छ।
5. हिन्दी, मराठी, गुजराती, बंगाली भाषा जतिकै सरल, सम्पन्न र प्राञ्जल बनाउन सकिन्छ।
6. हलन्त वहिष्कार गर्नाले भाषामा एकरूपता आई भाषा सर्वाङ्ग सुन्दर हुन्छ।
7. हलन्तवहिष्कार गद्यका लागि मात्र हो।
8. यसले भाषामा परिष्कार ल्याउँछ र भाषा स्तरीय हुन्छ।
9. लेखनमा अजन्त भए पनि उच्चारण हलन्त हुन सक्छ किनभने हिन्दीमा पनि त्यही हुन्छ।
10. हलन्त प्रथाले भाषाको उत्कर्षमा रुकावट आउँछ।
11. हलन्त प्रयोगबाट भाषामा नचाहिँदो जटिलता, दुरुहता, दुर्दशा र नानाथरीका अप्रयोजनीय कथाको प्रवेश गराउने कुरामा सबैको स्पष्ट हुन्छ।
12. म भाषामा क्रान्ति ल्याउन चाहन्छु।
13. मेरी भाषालाई म हिन्दीको बहिनी तुल्याउँछू भनने मेरो प्रण छ।

14. मेरो शैली आफन्, खानछ, बसछ, जानछ, उठडदछ, हिँडदछ पढदछ, हरूमा लेखदा अजन्त लेखीए तापनी उच्चारणमा हलन्तै उच्चारण हुन्छ आदि।

अतः राममणि आ. दी. को उक्त प्रस्ताव सर्वस्वीकृत हुन सकेनन्। यसको कठोर आलोचना र विरोध भए। तापनि नेपाली भाषा-व्याकरणको वर्णविन्यासमा यस आन्दोलनले केही सुधार अवश्यै ल्याएन भन्न सकिँदैन। तत्कालीन नेपाली भाषामा पाइने अतिशय हलन्त प्रयोगलाई यस आन्दोलनले केही कम गराउन सहयोग गरेको देखिन्छ। यस आन्दोलनले तत्कालीन कवि, लेखक र भाषासेवीहरूमा अवश्यै प्रभाव पुर्‍याएको देखिन्छ। यस सम्बन्धमा वासुदेव त्रिपाठीअनुसार 'यो हलन्त वहिष्कार अभियान वर्ण वा मात्रा वा वर्ण-मात्राअनुसार अनुशासित नेपाली कविताका जीवनमा एउटा गह्रुँगो अनुशासनका रूपमा देखापर्छ।'

**प्रगति जाँच गर्नुहोस् 1:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. हलन्त वहिष्कार आन्दोलन कहिले कहाँबाट सुरु भएको थियो?

..............................................................................
..............................................................................
..............................................................................

2. हलन्त वहिष्कार आन्दोलनको उद्देश्य के थियो?

..............................................................................
..............................................................................
..............................................................................

3. हलन्त वहिष्कार आन्दोलनको सैद्धान्तिक मान्यताहरूलाई छोटोमा लेख्नुहोस्।

..............................................................................
..............................................................................
..............................................................................

## 14.3 झर्रोवादी आन्दोलन

**झर्रोवादी आन्दोलन** (सन् १९५६) नेपाली भाषासाहित्यमा आधुनिक कालमा आएर देखापरेको भाषिक आन्दोलन हो। यसलाई नेपाली भाषासाहित्यको क्षेत्रमा दोस्रो भाषिक आन्दोलनको रूपमा लिइन्छ। तर यसको प्रभावक्षेत्र भाषा र साहित्य दुवै रहेको छ। यस आन्दोलन बनारसमा विद्याध्ययन गर्ने युवाहरू बालकृष्ण पोखरेल, तारानाथ शर्मा, वल्लभमणि दाहाल, कोशराज रेग्मी र चूडामणि रेग्मीद्वारा थालिएको हो। तर बालकृष्ण सम र महानन्द सापकोटा पनि यस आन्दोलनको स्मरणीय स्रष्टाहरू हुन्। शुद्ध नेपाली भाषाको प्रयोग तथा झर्रोलेखनमा जोड दिनु नै यस अभियानको मूल लक्ष्य रहेको देखिन्छ। **नौलो पाइलो** झर्रोवादी आन्दोलनको मुख पत्रिका हो। यो आन्दोलन धेरै समयसम्म टिक्न सकेन। केवल एकवर्षको अवधिपछि यो आफै शिथिल भएर गयो तर यसको ऐतिहासिक प्रभाव अन्य भाषिक अभियानको रूपमा अझ विकसित रूप लियो। जनजिब्रोवाद, सबै हरस्ववाद र जिम्दो नेपालीवाद आदि झर्रोवादकै विकसित रूपहरू हुन्।

नेपाली भाषासाहित्यमा झर्रो नेपालीपनको प्रयोगको सङ्केत भाषाशास्त्री आर. एल टर्नरको कार्यमा पनि पाइन्छ। यिनले आफ्नो शब्दकोशमा जनजिब्रो भनेर झर्रो नेपालीको प्रयोग गरेको पाइन्छ सुकुम शर्मा भन्छन्। आर. एल. टर्नरपछि नेपाली भाषामा झर्रोपनको खोजी गर्ने व्यक्ति पुष्करशमशेर जबरा हुन्। उनलाई बालकृष्ण पोखरेलले झर्रोवादका 'आदिगुरु' मानेका छन्। झर्रोवादीहरू विदेशी शब्दहरूलाई सकेसम्म प्रयोग नगर्ने, जतिसक्दो नेपाली ठेट शब्दहरूको प्रयोग गर्ने अनि आवश्यकताअनुसार शब्द निर्माण गर्ने उद्देश्यमा कटिबद्ध देखिन्छन्। झर्रोवादीहरूको यस कटिबद्धतालाई उग्रवादको संज्ञा पनि दिइएको छ।

दयाराम श्रेष्ठ अनुसार 'कुनै पनि भाषा एकदम झर्रो हुन सक्तैन; भाषाको समृद्धि तत्सम तथा आगन्तुक शब्दहरूबाट हुन्छ।' श्रेष्ठका भनाइमा केही सत्यता छ किनभने यस आन्दोलनको उद्देश्य संस्कृतका क्लिष्ट शब्दहरू र हिन्दी शब्द शैलीलाई बिलकूल त्यागेर नेपाली ठेट शब्दहरूको प्रयोगको एकोहोरो जुक्तिलाई मान्न सकिन्छ। तर यस आन्दोलनको छुट्टै महत्त्व के छ भने यसले नेपाली भाषको मौलिकतालाई जोगाइराख्ने एवम् छिमेकी भाषाहरूको असरलाई रोक्ने कार्य गरेको देखिन्छ।

झर्रोवादका सैद्धान्तिक मान्यताबारे प्रवर्तकहरूका आ-आफ्ना तर्क रहेका छन्। बालकृष्ण पोखरेलअनुसार-

1. इतिहासका पानाबाट मृतःप्राय शब्दहरूलाई लिनु अनि तिनलाई लोकप्रियता दिने चेष्टा गर्नु,
2. पूर्व र पश्चिमका स्थानीय नेपाली भाषाहरूबाट शब्द बटुलेर अभावको पूर्ति गर्नु,
3. नेपाली शब्दहरूको आधारमा कृतिम पद्धतिहरूबाट शब्द निर्माण गरेर अभावको पूर्ति गर्नु,
4. संस्कृतबाटै हिन्दी इत्यादिसितै नमिल्ने किसिमले शब्द निर्माण गरेर अभाव टार्नु,
5. स्पेलिंगलाई सकेसम्म सजिलो पार्नु,
6. नेपाली तद्धितपुछ्रे प्रत्ययहरूको चलन बढाउनु आदि।

उक्त सैद्धान्तिक मान्यताहरूलाई शिरोपर राखेर थालिएको झर्रो लेखनले नेपाली भाषाको मानकीकरण र भाषिक एकरूपतामा केही सुधार ल्याउन खोजेको देखिन्छ। विदेशी भाषासँग नमिल्ने शुद्ध ठेट झर्रो हुनाले यसलाई महानन्द सापकोटाले प्युरिस्ट आन्दोलनसित दाँजेका छन्। बद्रीविशाल भट्टराईले यसलाई पद र वाक्यगत वा पदवाक्यगत आन्दोलन मानेका

छन्। गोविन्दराज भट्टराईले 'यस आन्दोलनका उग्रपक्षलाई समय आफैले छासेर र तासेर ठीक तहमा ल्याएको र आजको लेखकहरू राम्रो, सरल र सुबोध नेपाली भाषा लेख्न लोभिनाको कारण पनि झर्रोवादकै देन हो' भन्दछन्।

झर्रोवादी आन्दोलन गद्यसाहित्यसितै धेर सम्बन्धित देखिन्छन्। यसका केही नमुना यस प्रकार छन्-

**सुँगुरले गणित नजाने झैं कला भनेको कुन चरीको नाम हो केही नजान्ने अपराधी भुस्तिग्रे स्वाँठ भनी विटम्यनलाई गाली गर्दै कति आलोचकहरूले उनलाई जनताको सामुन्नेमा उभ्याएर ठाला काढिञ्जेल कोर्राले हिर्काउनुपर्छ भनी लेखे।** (तारानाथ शर्मा)

**उहाँ नस सुँघेर पिंढीको डिलमा बसेपछि नाकका पोरा फुलाएर मुख बाउँदै, लामो सास तानेर टाउँको उँभो उचाल्दै हाँ..चं..हाँ..हौं..हाँच् गर्दा गर्दा हिरिक्क हुँदा पनि छिउँ चाहिँ आउँदैन थियो।** (वल्लभमणि दाहाल)

**वास्तविक जगत्मा उभिअका वास्तविक उपलब्धि दिने यथारथ रचना नै सही कलाकृति हुन्छन्। जेहोस् सोधाइ र जवाप प्रगतितर्फ लेखिअको सङ्ग्रहचाहिँ हो भन्न सकिन्छ। यसका कथा लेखकको भविष्य साह्रै उज्यालो छ।** (चूडामणि रेग्मी)

उक्त गद्यांशहरूमा नेपाली ठेट शब्दहरू बोली र प्रयोग दुवैमा भेटिन्छन्। नेपालीपनको वर्णविन्यास, मौलिक शब्दनिर्माण र निजी वाक्यलेखनको विशेषताको दृष्टिले यस आन्दोलनलाई महत्त्वपूर्ण मान्न सकिन्छ।

**प्रगति जाँच गर्नुहोस् 2:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. झर्रोवादी आन्दोलनका प्रवर्तकहरू चिनाउनुहोस्।

……………………………………………………………………………….

……………………………………………………………………………

……………………………………………………………………………

2. कसले कसलाई झर्रोवादका आदिगुरु मानेका छन्? किन?

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

3. झर्रोवादी आन्दोलनका सैद्धान्तिक मान्यताहरू के कस्ता छन्?

……………………………………………………………………………

……………………………………………………………………………

……………………………………………………………………………

## 14.4 आयामेली आन्दोलन

**आयामेली आन्दोलन** (सन् १९६३) प्रथमतः नेपाली साहित्यमा दार्जिलिङबाट घोषणासिहित थालिएको साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रस्तावकहरू ईश्वरवल्लभ, इन्द्रबहादुर राई, वैरागी काइँला हुन्। पछिबाट अन्य युवाहरू आर. बी. प्रधान, चन्द्रमित लक्सम, तारककुमार कार्की, नरा गुरुङ र कृष्ण धरावासी, नरेशचन्द्र खाती आदि जोडिन पुगेका देखिन्छन्। हुनत दार्जिलिङबाट ईश्वरवल्लभको सम्पादनमा प्रकाशित **फूल, पात, पत्कर (**सन् १९६१) पत्रिका, इन्द्रबहादुर राईका **विपना कतिपय** (सन् १९६१) र **आज रमिता छ** (सन् १९६४) लाई आयामेली चिन्तनको पूर्वाधार मान्न सकिन्छ। तर यस आन्दोलनको औपचारिक सुरुवात सन् १९६३ मा वैरागी काइँलाको सम्पादनमा प्रकाशित **तेस्रो आयाम** पत्रिकाबाट भएको हो। उक्त पत्रिकामा वैरागी काइँलाका दुईवटा कविता- **मातेको मान्छेको भाषण मध्यरातपछिको सडकसित** र **साँझ, रेखाचित्र**, ईश्वर वल्लभका दुई कविता **बन्द कुइरोमा नानीका पाइला** र **आयातनमा एउटा टुक्रा जिन्दगी** र कथाकार इन्द्रबहादुर राईको एउटा कथा- **ब्ल्याक आउट, काजूबदाम र छोरा** प्रकाशित पाइन्छन्।

प्रतापचन्द्र प्रधान लेख्छन्- "आयामेली साहित्य भन्नाले नेपाली साहित्यमा तेस्रो आयामको थप स्वीकृति हो। वस्तुजगत्का तीन पाटा वा आयाम (लम्बाइ, चौडाइ र मोटाइ अथवा गहिराइ) मध्येका अन्तिम पाटा वा आयाम (मोटाइ वा गहिराइ) को साहित्यमा व्यक्त बौद्धिक अभिव्यक्ति नै आयामेली चिन्तनयुक्त साहित्य हो। भौतिक जगत्मा कुनै पनि वस्तु अस्तित्वको सिङ्गोपन वा सोलोडोलोपन विशेषतः वस्तुका यिनै तीन आयामहरूमा अन्तर्निहित छ। यस सन्दर्भमा स्वयम् साहित्य पनि भौतिक वस्तुजगत्सँग सम्बद्ध भएको हुनाले यसलाई पनि भौतिक वस्तुकै समानान्तर ठानी वस्तुमा अन्तर्निहित तीनै आयामको परिधिभित्र साहित्य (विचार) लाई हेर्नुपर्छ भन्ने आग्रहबाट नेपाली साहित्यमा आयामेली चिन्तन अथवा आयामेली साहित्यको जन्म भएको हो।"

**तेस्रो आयाम** पत्रिकाबाट आयामेली आन्दोलनको थालनी भएको घोषणा गरिएको छ। 'आयामेली' शब्दको पहिलो प्रयोग पनि यसै पत्रिका मार्फत भएको देखिन्छ। आयामेली आन्दोलनका सैद्धान्तिक मान्यताहरू निम्नलिखित छन्-

1. मानिसको सम्पूर्णता लेख्नुपर्छ। कुनै एक पक्षको वर्णन मात्र तेस्रो आयाम होइन।
2. तेस्रो आयामका लागि आवश्यक हतियारका रूपमा सापेक्षवाद, चित्रकला, सङ्गीत, मनोविज्ञान र प्रतीकहरू हुनेछन्।
3. तेस्रो आयाम नबुझिने हुनु सक्दछ।
4. पलायनको त्याग गर्ने, पलायन भन्नु भावुकता हो चेप्टो यसले जीवनको गहिराई समाउँदैन। चेप्टोमा सम्पूर्णता आउन सक्दैन।
5. जीवन नै आयामको मूल विषयबस्तु हो।
6. तेस्रो आयाम भनेको गहिराई हो जसमा विचार र दर्शन हुनेछन्।

7. मानिसले भोग्नुपरेका सबै जटिलतालाई अभिव्यक्त गर्नुपर्दछ। मानिसको त्यस्ता जटिलताको चित्रणमा वर्णन होइन, तेस्रो आयाम जिन्दगीको अभिव्यक्ति हुनेछ।
8. जिन्दगीको वास्तविक सत्यको लागि तेस्रो आयाम आवश्यक छ नत्र एकपक्षीय हुनु जानेछ।
9. तेस्रो आयाम नयाँ ढङ्गको लेखन हो। पुरानो शब्द र प्रतीक योजना तेस्रो आयाम हुने छैन। यसमा आधुनिक लेखन हुनेछ। आधुनिक लेखनले मात्र आधुनिक मान्छेको जिन्दगी सलक्क अभिव्यक्ति गर्न सक्छ।

उपर्युक्त सैद्धान्तिक मान्यतालाई बुझ्दा मानिसको जिन्दगीलाई एकैपल्टमा झ्वाम्म अभिव्यक्त गर्नु वा सम्पूर्णता प्रदान गर्नु नै आयामेली दृष्टिकोण हो भन्न सकिन्छ। आयामेली आन्दोलनको अवधारणाबारे यसका प्रवर्तकहरूले आ-आफ्ना विचारलाई प्रकाश पारेका छन्। वैरागी काइँला लेख्छन्- "कोरा भावुकता प्रलाभमात्र नभएर दायित्वबोधदेखि पलायन पनि हो। फलतः जिन्दगीदेखि पनि पलायन हो। यस किसिमका साहित्य लेखनलाई आयामेली शब्दमा च्याप्टा भनिन्छ। किनभने यिनका तेस्रो आयाम (गहिराई तथा विचार वा दर्शन) हुँदैन, जीवनमाथि आस्था पनि हुँदैन। यस्ता रचनाहरू आधुनिक बौद्धिकताको भोक तृप्त गर्न असमर्थ हुन्छन्। विकसित मस्तिष्कले तिनको स्वागत गर्दैन। आधुनिक सचेत पाठकवर्गको रुचिको परिधिदेखि पनि बाहिर नै पर्दछ।"

इन्द्रबदादुर राई भन्छन्- "अबको साहित्य लेखनले मानिसको सम्पूर्णतालाई उचाल्न ताक्नुपर्छ। मानिस आँखा मात्र, कान मात्र, मन मात्र हैन। उ जम्मै इन्द्रिय हृदय, मस्तिष्कको पुञ्ज हो र अब लेखिने प्रत्येक वाक्य र पंक्तिले उसको सम्पूर्णतालाई समाउनुपर्छ।"

ईश्वरवल्लभ भन्छन्- "यस आयामेली विश्वासमा हामीहरू यै चाहन्छौं- जिन्दगीको सम्पूर्णता। जति सक्यौ उति धेर सलक्क जिन्दगी।"

अतः कुनै पनि रचनामा भावुकता हुनु पुरानै परम्परालाई अँगाल्नु हो। अतः रचनामा बौद्धिक गहनता हुनु नै आयामेली हुनु हो। 'कुनै पनि रचनामा विचार र दर्शन हुनु' आयामेली आन्दोलनको मूल मन्त्र हो। यस आन्दोलनलाई बुझ्न अन्य आलोचकहरूको भनाइलाई हेर्दा अझ प्रस्ट हुन्छ। ताना शर्मा लेख्छन्- "मानिसको सम्पूर्णता शरीर, हृदय र मस्तिष्कको पूर्णताले गर्दछ, र त्यसलाई प्रवाहित गर्ने वातावरण र स्थितिहरू पनि अवश्यै हुन्छन्।' अतः विचारको गहिराईले मात्र रचना आयामेली हुन सक्दैन, 'मानिसको सर्वपक्षहरूको चित्रण हुनु नै आयामेली हुनु हो। यसको प्रभाव नेपाली साहित्यमा विशेष छ किनभने साहित्यलेखनमा विचार, शैली र भाषा पक्षमा परिवर्तन ल्याउनपर्ने भन्दै त्यस किसिमको लेखन प्रस्तुत गरेको पाइन्छ।"

नेपाली साहित्यमा एकातिर कला-साहित्यमा अनेक वाद र सिद्धान्तहरूले आक्रमण गरेर अझ जटिल र अफ्ठ्यारो बनाइरहेको परिस्थितिमा आयामेली आन्दोलन मानिसलाई नयाँ दिशा देखाएर 'सम्पूर्ण बाँचौं र सम्पूर्ण लेखौं' को दर्शन लिएर देखापरेको देखिन्छ।

आयामेली आन्दोलनका सैद्धान्तिक आधारहरूमा तथा यसका प्रमुख स्रोतहरू सम्पूर्णता, वस्तुता, चित्रकारिताको सोझो साम्य भाषा, घनत्व, पूर्णाकार मोविज्ञान, हेलिओग्राफ, तत्क्षणता, आद्यस्वरूप, सापेक्षता आदि मुख्य छन्।

सम्पूर्णता आयामेली आन्दोलनको पहिलो महत्त्वपूर्ण सैद्धान्तिक मान्यता हो। मानिस सिङ्गो अस्तित्व भएकोले मानिसको यही सिङ्गो तथा सम्पूर्णताको पुनःआविष्करण साहित्यमा हुनुपर्छ भन्ने सम्बन्धमा

इन्द्रबहादुर राई लेख्छन्- “अबका साहित्य-लेखनले मानिसको सम्पूर्णतालाई उचाल्न ताक्नुपर्छ। मानिस आँखा मात्र, कान मात्र, मन मात्र होइन, ऊ जम्मै इन्द्रिय, हृदय-मष्तिस्कको पुञ्ज हो र अब लेखनिने प्रत्येक वाक्य र पंक्तिले उसको सम्पूर्णतालाई समाउनपर्छ, उचाल्न पर्छ।“ अतः सम्पूर्णता आयामेलीहरूका सर्वोच्च यथार्थ हो। यसको प्राप्ति नै आयामेली आन्दोलनको प्राप्ति पनि हो।

आयामेली आन्दोलनको दोस्रो महत्वपूर्ण सैद्धान्तिक विशेषता वस्तुता हो। वस्तुता जीवनको निक्खरता हो। प्राणी जगत्ले जीवनलाई आ-आफ्नै तरिका र शैलीमा जिउँछन्, भोग्छन्। त्यो जीवनको निक्खर भोगाइ वास्तवमा सक्लो र अखण्डित हुन्छ। अतः आयमिक आन्दोलनले निक्खर जीवनलाई लेख्ने प्रयास गर्छ। वस्तुताको सैद्धान्तिक मान्यतालाई आयामेली प्रवर्तकहरूले लेखनमा पछि मात्र समावेश गरेका हुन्। सर्वप्रथम वस्तुततालाई लिएर ईश्वरवल्लभले लेखेका छन्- “वस्तुको स्वतन्त्र्य वस्तुता हो, ज्ञानको विषयवस्तुको वा चेतना आफैको वस्तुमा अनावरण वस्तुता हो। हाम्रो ज्ञानदेखि, हामीदेखि नै वस्तुहरू पूर्णता स्वतन्त्र रहेछन् भने हामीले ओढाइदिएका अर्थहरू, हामीले चाँसिदिएका मूल्यहरूदेखि समेत ती स्वतन्त्र छन्। आत्मगत जम्मै आक्रोश वा कौमल्यदेखि स्वतन्त्र छन्। अर्थ-मूल्य-निरपेक्ष वस्तु याथार्थिक, स्वारूपिक, अनावृत, वस्तु छ। वास्तवमा यी विशेषणहरू पनि छाडेर वस्तु पर आफै मात्र निक्खर स्थित छ।”

चित्रकारिताको सोझो साम्य भाषा आयामेली आन्दोलनको तेस्रो सैद्धान्तिक मान्यता हो। आयामेलीहरू अनुभूतिलाई भौतिक मान्छन्। यसैले मानिसको तत्क्षण अनुभूतिलाई झ्वाम्म एकैपटकमा भाषाद्वारा अभिव्यक्ति दिनु आयामेली आन्दोलनको चित्रकारिताको सोझो साम्य भाषा हो।

आयामेलीहरू चित्रकलामा जस्तो रङ्गको जुन अभिव्यक्तिको शैली हुन्छ, साहित्यमा पनि त्यसैको सोझो साम्य भाषिक अभिव्यक्तिको आग्रह राख्छन्। व्यावहारिकताको प्रचलित भाषाले मानिसको अनुभूतिलाई तत्क्षण व्यक्त गर्न सक्दैन। यसैले आयामेलीहरू चित्रकारिताको सोझो साम्य भाषालाई अँगाल्न पुग्छन्।

घनत्व आयामेली आन्दोलनको चौथो महत्त्वपूर्ण सैद्धान्तिक मान्यता हो। वस्तुको तीनवटै आयामलाई झ्वाम्म प्रकाश पार्न सकिन्छ भन्ने धारणा नै आयामेलीहरूको घनत्ववादी दृष्टिकोण हो। जीवनको सम्पूर्णतालाई एउटै हेराइमा सर्वाङ्ग चित्रण गर्नु घनत्व हो। घनत्ववाद चित्रकला र मूर्तिकलाको क्षेत्रमा नवीन प्राविधिक अभिव्यक्तिगत शैली हो। यसको प्रारूप प्रसिद्ध चित्रकार सेजानको चित्राङ्कनमा पाइन्छ अशेष मल्ल भन्छन्। अङ्ग्रेजी क्यूविजम्को नेपाली रूपान्तरण घनत्ववाद हो। यो आत्मिक रूपवादी दर्शन हो।

पूर्णाकार मनोविज्ञान आयामेली आन्दोलनको पाँचौँ सैद्धान्तिक मान्यता हो। मानिसले जस्तो स्थितिमा जसरी जुन अनुभूति गर्दछ त्यसलाई तत्क्षण र प्रत्यक्ष अनुभवबाट साहित्यमा उतार्नु पूर्णाकार मोविज्ञान हो। प्रतापचन्द्र प्रधान लेख्छन्- “मानिस वा वस्तुको पूर्ण + आकार वा सम्पूर्णता (Wholeness) को अभिव्यक्ति नै पूर्णाकार मनोविज्ञान हो।” एकै गाँस वा झ्वाप्प, झ्वाम्म तत्क्षण जीवनको सम्पूर्णतालाई साहित्यमा चित्रण गर्ने परिप्रेक्ष्यमा आयामेलीहरूले पूर्णाकार मनोविज्ञानलाई आत्मसात् गरेको पाइन्छ। यस सम्बन्धमा हेरी शैंले टुक्रा टुक्रामा संरचित नभई सम्पूर्णतामा संरचित वस्तुको एकत्रित रूप नै पूर्णाकार हो- सम्पूर्णतामा प्रकट हुने पूर्णाकार मनोविज्ञान संरूपताकै रीतिबाट साहित्यमा पनि निरूपित छ भनेका छन्।

हेलिओग्राफ आयामेली आन्दोलनको छैटौँ सैद्धान्तिक मान्यता हो। वस्तु वा जीवनलाई एकै हेराइमा अभिव्यक्त गर्नु हेलिओग्राफ हो। आयामेलीहरूले यो वैज्ञानिक पद्धतिलाई भौतिक शास्त्रबाट सापटी लिएका हुन्।

आद्यस्वरूप आयामेली आन्दोलनको सातौँ सैद्धान्तिक मान्यता हो। खासमा मानिस समयको अन्तरालमा आफै मिथक बन्न पुग्छन्। समयको त्यसै निरन्तरतामा मानिसले आफ्नो पूर्ण अस्तित्व ग्रहण गर्दछ। अतः आदिम मानिसदेखि आजको मानिससम्मको मिथकीय स्वरूप नै आद्यस्वरूप हो। यही सदावर्त कालमा मानिसको सम्पूर्णता व्याप्त छ। आयामेलीहरूले यही सदावर्त कालको निरन्तरतामा हुर्किँदै आएको मानिसको पुराकथालाई लेखनमा सिङ्गो अभिव्यक्ति दिन रुचाउँछन्। भूत, वर्तमान र भविष्यको अनवरत कालक्रममा मानिसले पूर्ण जीवन बाँचेका हुन्छन्। यसर्थ समयको सापेक्षतामा मानिस सिङ्गो सम्पूर्ण बाँचिरहेका देखिन्छन्। आयामेली आन्दोलनले मानिसको विभिन्न सापेक्षिक रूप र समष्टिलाई अभिव्यक्ति दिएको पाइन्छ।

नेपाली साहित्यको प्रयोगवादी धारामा आयामेली आन्दोलनको विशेष योगदान छ। यसको प्रयोग साहित्यका गद्य र पद्य दुवै क्षेत्रमा भएका छन्। कविता, कथा र समालोचना विधा आयामेली आन्दोलनका प्रयोग क्षेत्रहरू हुन्। यस आन्दोलनलाई नेपाली साहित्यमा नवीन शैली र तिख्खर प्रयोग मानिएको छ। तापनि यस आन्दोलनलाई लिएर अनेक आरोप-प्रत्यारोपहरू भएका छन्। यसलाई साहित्यमा **अराजकतावाद**, **प्रचारको ढोंग**, **प्रतिक्रियावादी साहित्य**, **पूर्वाग्रह**, **बहुलट्ठी**, र **विकृत सोचाइ**, **फासिजम**, **मुसोलिनिज्म** जस्ता नामहरूले चिनाइएका छन्। तर यी आरोपहरू केवल सतही र विरोधका रूपमा मात्र रहेका देखिन्छन्। अन्तमा नेपाली साहित्यमा आयामेली आन्दोलन निकै पुरानो र बौद्धिक प्रयास हो।

अतः यसलाई निश्चित उद्देश्य र लक्ष्यलाई लिएर नेपाली साहित्यमा आँटिलो प्रयाससितै अघि बढाइएको आन्दोलनको रूपमा लिन सकिन्छ।

**प्रगति जाँच गर्नुहोस् 3:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. आयामेली आन्दोलनको सैद्धान्तिक मान्यता के थियो?

…………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

2. आयामेली आन्दोलनका प्रवर्तकहरूको परिचय दिनुहोस्।

…………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

3. आयामेली प्रवर्तकहरूका धारणालाई छोटोमा प्रकाश पार्नुहोस्।

…………………………………………………………………………….
…………………………………………………………………………
…………………………………………………………………………

## 14.5 राल्फाली आन्दोलन

**राल्फा** (सन् १९६६) नेपाली साहित्यको क्षेत्रमा नेपालबाट थालिएका अन्य चर्चित साहित्यिक आन्दोलनमध्ये एउटा हो। तर नेपालमा मात्र नभएर दार्जिलिङसम्म पनि यस आन्दोलनको लोकप्रियता फैलिएको देखिन्छ। यस आन्दोलनका प्रस्तावकहरूमा मंजुल, पारिजात, निनु, विमल, नोरेम, अरिम, गणेश रसिक, ओमविक्रम सिटौला, रामेश, रायन, अभिराम आदि मुख्य छन्। यस आन्दोलनको घोषणापत्र **रसायन** (सन् १९६९) हो। यसबाहेक राल्फाली लेख अन्य विभिन्न पत्रिकाहरू **रचना**, **आक्रोश**, **मकालु**, **संकल्प** आदिमा छापिएको पाइन्छ। राल्फा शब्दको यथोचित अर्थ उपलब्ध छैन। यसलाई आनन्ददेव भट्टले "राल्फा शब्द यस्तो कल्पना

वा भावुकता वा तरङ्ग वा लहडको उपज हो जसको कुनै वस्तुपरक अर्थ छैन" भनेका छन्। सुकुम शर्माले "राल्फा शब्दको कुनै अर्थ नै छैन र पश्चिमी ढाँचाको अन्धानुकरण गरेर राल्फा सन्तति नामकरण गरेको पाइन्छ। बामपन्थी चिन्तनको प्रभाव परेपछि राल्फालाई 'रिभुलेसनरी एक्टिभ लेफ्ट फ्रेन्ड अफ एसिया' अर्थ लगाइए पनि वास्तवमा प्रारम्भमा यस किसिमको कुनै अर्थ देखिँदैन" भन्ने उल्लेख गरेका छन्।

राल्फा आन्दोलन के हो र यसको जन्म कसरी भयो भन्नेबारे प्रस्तावकहरूका विचारलाई बुझ्दा अझ स्पष्ट हुन्छ। तसर्थ, तल राल्फाली दृष्टिकोणलाई संक्षिप्तमा प्रस्तुत गर्न उचित हुनेछ-

"राल्फाको जन्म नै ....बूट र व्यवसाय (प्रतिभाको किनबेच) मुन्तिर थिचिएर रहेको ह्रासोन्मुख युगबोधलाई स्वर दिन भएको छ।" (विमल राल्फा)

"हामीहरू कुसंस्कारहरूबाट ग्रसित थियौं। अझै पनि छौं। हामीलाई शासन गर्ने कुरूपताहरूले हामीलाई मनुष्यको तहबाट धेरै पर, पशुतातिर हुत्याई दिएको थियो, अझै पनि । तर पनि हामीहरूमध्ये कतिपय आफूलाई मानव भनेर गर्व गर्दै थियौँ, असभ्य तरिकाले हाम्रा आफ्नै दाजु-भाइहरूको शरीर, मन, अर्थ सबैजसो मान्छेको रगत जुकालेछ जस्तै चुसेर! त्यसैले हामीहरूको यसको विरोधको एउटा बाटो खोज्यौँ, राल्फा सृजना गरेर।" ((निनु राल्फा)

राल्फाली आन्दोलनको पृष्ठभूमिमा बाबुराम शर्माले "रेडियो नेपालमा गीत गाएको पारिश्रमिक नदिएको लगायतका अन्यायको विद्रोहमा उत्रिएका कलाकारहरू (रायन, रामेश) ले सुरक्षाका लागि सामूहिक एकत्वको महसुस गर्नु नै यस आन्दोलनको पृष्ठभूमि हो" भनेका छन्। यसर्थ यो आन्दोलन सङ्गीतको क्षेत्रबाट सुरु भएको आन्दोलन हो। पछि गएर यसले

Notes

साहित्यिक आन्दोलनको स्वरूप लिन पुगेको देखिन्छ। यो कवि, कथाकार, गीतकार, सङ्गीतकार आदिको समूहद्वारा स्थापित विश्व प्रचलित वाद तथा सिद्धान्तहरूको प्रभावबाट प्रेरित भई गरिएको सांस्कृतिक तथा साहित्यिक अभियान हो। अस्तित्ववाद, विसङ्गतिवाद, दादावाद, प्रगतिवाद र प्रयोगवाद आदि दार्शनिक विचारधारा यस आन्दोलनका प्रभावक्षेत्रहरू हुन्। यस आन्दोलनको प्रयोग नेपाली साहित्यका गीत, कविता, कथा, उपन्यास, निबन्ध, नियात्रा जस्ता साहित्यिक विधाहरूमा भएको छ। पारिजातको महत्ताहीन र मंजुलको छेकुडोल्मा राल्फाली साहित्यिक कृतिहरू हुन्। यो आन्दोलन व्यक्ति स्वतन्त्रता, परम्पराप्रति असहमति, यौवन स्वतन्त्रता, अस्तित्वप्रति शंका, व्यक्तिवादी कुण्ठा र आक्रोशमा जोड दिने भएकोले यस्ता अवस्तुवादी, अवैज्ञानिक दृष्टिकोण र धारणाप्रति विभिन्न आरोपहरू उठाइनु अस्वाभाविक थिएन किनभने 'यस आन्दोलनका सीमामा विकृत यौन, हिप्पीको अनुसरण र क्लिष्टता' मुख्य छन्। हुनत यस आन्दोलन 'बौद्धिक रूपले विसङ्गतिको विरोध राष्ट्रिय समस्यामा स्वर थप्ने कार्य' मा सफल भएको छ तर यसको 'मूल वैचारिक धरातल अराजक विद्रोह' मा केन्द्रित बन्न पुगेको छ। उक्त अराजक विद्रोह राज्यव्यवस्थाको विरोधी प्रगतिवादी आन्दोलनमा समाहित बन्दै अन्त्य हुन पुगेको देखिन्छ। तापनि सुकुम शर्मा अनुसार "वर्गीय पक्षधरता र त्यस किसिमको सङ्गठित लडाइँ र सिर्जनात्मक ऊर्जाको महत्त्व बुझेर त्यस प्रवाहमा प्रतिबद्ध हुनु यस समूहको मुख्य प्राप्ति हो।"

**प्रगति जाँच गर्नुहोस् 4:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. राल्फाली आन्दोलनका प्रवर्तकहरू को-को हुन्?

.............................................................................
.............................................................................

…………………………………………………………………………

2. राल्फाली आन्दोलनका मूल सैद्धान्तिक मान्यताहरूबारे प्रकाश पार्नुहोस्।

…………………………………………………………………………
…………………………………………………………………………
…………………………………………………………………………

3. राल्फा शब्दको अवधाराणालाई प्रस्ट पार्नुहोस्।

…………………………………………………………………………
…………………………………………………………………………
…………………………………………………………………………

## 14.6 तरलवादी आन्दोलन

**तरलवादी आन्दोलन** (सन् १९८३) नेपाली साहित्यमा कविताको क्षेत्रमा भएको साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रवर्तकहरूमा फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठ मुख्य छन्। यस आन्दोलनलाई तरलवाद र तरलतावाद पनि भनिन्छ। यो आयामिक आन्दोलनजस्तै घोषणापत्रसितै थालिएको आन्दोलन हो। सुरुमा तीन युवा कविहरूको प्रयासमा थालिएको आन्दोलन भए पनि कालान्तरमा खाली दुई कविहरू फणीन्द्र नेपाल र विनय रावलले यस आन्दोलनलाई अघि बढाएर लगेको देखिन्छ। त्यसै समयदेखि यस आन्दोलनको नाम तरलवाददेखि तरलतावाद भएको हो। नेपली साहित्यमा तरलवादी आन्दोलनको आवश्यकता किन पर्‍यो भन्ने सम्बन्धमा तरलवादीहरू आफ्नो घोषणापत्रमा यस प्रकार उल्लेख गर्छन्- “साहित्यका पुराना परिभाषा र मान्यताहरू दिनप्रतिदिन गतिहीन र ह्रासोन्मुख हुँदै गएकाले साहित्यको नयाँ व्याख्याको निम्ति तरलवादको जन्म भएको हो।

1. साहित्यले सदा गतिशीलता खोज्छ।

2. तरलता नै वस्तुताको गति हो किनभने तरल बहन्छ, पग्लिन्छ, पगाल्छ, फैलिन्छ र घनत्वपूर्ण हुन्छ।
3. यो द्रवणशील हुनुपर्छ। त्यसैले यसमा त्यही द्रवणजस्तो पारदर्शिता हुने भएकाले विषयवस्तुको सम्पूर्ण पक्ष छर्लङ्गिन्छ। तर साहित्यको अनुभूतिनिष्ट वस्तुगत धारणालाई तरलतामा प्राप्त गर्नुपर्छ।
4. तरल साहित्य ज्यामितीय नापको सूत्र होइन। यसमा गति र स्पर्शको समसामीप्यमा जीवन-जगत् दृष्टिभूत हुन्छ।
5. अबको साहित्य निर्जीव नभएर जीवित अस्तित्वको हुनुपर्छ।
6. कलाबाट जीवन रजीवनबाट कला अधिगत हुने कुरामा तरलवाद विश्वास राख्छ।
7. नवीनताको आग्रहमा पूर्वी-पश्चिमी विचार, दर्शन, भावना, बिम्ब, प्रतीक र अभूर्त सांगीतिक सञ्चेतनालाई तरलवादले त्याग्न सक्दैन।
8. तरल भनेको वस्तुको रसात्मक अनुभूतिको धारा हो, तर रसवाद होइन।

   समय र परिवेशको आग्रह मात्र नभएर सार्वकालीन, सार्वदेशीय र शाश्वत सत्यको उद्घाटन गर्नु तरलवादको मौलिकता हो।

यसका साथै तीर्थ श्रेष्ठका चारवटा, फणीन्द्र नेपालीका सातवटा अनि विनय रावलका पाँचवटा कविताहरू पनि समाविष्ट छन्।

उक्त ९ बुँदे सैद्धान्तिक मान्यता सुरुका तरलवादको घोषणापत्रमा आधारित बुँदाहरू हुन् भने तरलवादबाट तरलतावादको रूपमा विकसित भएपछि सन् १९८९ मा अझ दुईवटा बुँदाहरू थपिएको सुकुम शर्मा 'नेपाली भाषा-साहित्यमा आन्दोलन' पुस्तकमा उद्धृत गर्छन्-

1. तरलवाद वरणस्वतन्त्रता र राजनीति निरपेक्षतामा विश्वास राख्छ।
2. तरलतावाद मानवताको स्थापनाका निम्ति मानवतावादी धारणा राख्छ।

तरलवादी आन्दोलन समयको आवश्यकताले जन्माएको एउटा साहित्यिक अभियान भए पनि यसले स्पष्ट दिशाबोध गर्न नसकेको भनाइ छ। यस वादको घोषणापत्र, सैद्धान्तिक मान्यता र सिर्जनात्मक कार्यका बीच अन्तर्विरोधहरू रहेका छन् सुकुम शर्मा भन्छन्। कतिले यसलाई प्रचारमुखी अभियानको रूपमा लिएको छ भने कतिले युवाकविहरूका मानसिक लहड मात्र मानेका छन्। साथै आन्दोलनको रूपमा अवीस्कार गर्दै मौलिक पहिचान दिन नसक्ने बताइएको छ। यस आन्दोलनको कमजोरीलाई औंलाउँदै गोविन्दराज भट्टराई लेख्छन्- "तरलवादका एघार सूत्रहरूमध्ये हिन्दी साहित्य (फ्रेन्ज) आन्दोलनबाट उठाइएको बुझिन्छ। एउटा टी. एस. एलिअटबाट एउटा वर्डस्वर्थबाट, एउटा सार्त्रबाट र अरू बाँकी जोडजाड गरिएका छन्।"

तरलवादी आन्दोलनका कमजोरीहरू भए पनि नेपाली साहित्यमा यसको स्थान अक्षुण्ण छ।

**प्रगति जाँच गर्नुहोस् 5:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

1. तरलवादी आन्दोलन कहिले कहाँबाट कसले सुरु गरेका हुन्?

……………………………………………………………………………….
………………………………………………………………………………
………………………………………………………………………………

2. तरलवाद र तरलतावाद के हो?

……………………………………………………………………………….
………………………………………………………………………………
………………………………………………………………………………

3. तरलवादी आन्दोलनका मुख्य सैद्धान्तिक मान्यताहरू चिनाउनुहोस्।

………………………………………………………………………………
………………………………………………………………………………
………………………………………………………………………………

## 14.7 लीलालेखन

**लीलालेखन** (सन् १९७७) का प्रवर्तक इन्द्रबहादुर राई हुन्। यसलाई आन्दोलन नभनेर लेखन भनिएको छ। तर नेपाली साहित्यमा बौद्धिक र गहिरो चिन्तन भएको साहित्यिक अभियान तथा आन्दोलनको रूपमा नै यो प्रचलित छ। प्रस्तावना, घोषणा र आन्दोलन यसका तीन मुख्य चरणहरू हुन्। खासमा लीलालेखन आयामेली आन्दोलनअन्तर्गत वस्तुताको सैद्धान्तिक अवधारणाका पृष्ठभूमिबाट विकसित भएको मानिन्छ। इन्द्रबहादुर राईको ' भ्रान्तिहरू र लीलालेखन मात्र' रूपरेखा पत्रिकामा प्रकाशित लेख लीलालेखनको प्रस्तावना हो। यस प्रस्तावनामा लीलालेखनको अवधारणाको सन्दर्भलाई राईले प्रस्तुत गरेका छन्- "कृष्ण सभामा पस्ता, भागवत् १०/४३/१७ बताइन्छ, मल्लहरूले वज्रपुरुष देखे, स्त्रीहरूले मूर्तिमान् कामदेव देखे, सामान्य मानिसहरूले नवरत्न, गोपहरूले स्वजन, शास्ताहरूले दण्डकर्ता, वासुदेव र देवकीले शिशु देखे, कंशले कराल मृत्यु, अविदुषहरूले विराट्, योगीहरूले परमतत्त्व, वृणीहरूले इष्टदेव देखे।" राईको लीलालेखनको अवधारणाको आधारभूमि यही हो। सुकुम शर्माले उद्धृत गरेअनुसार राईले निम्नलिखित मान्यतामा जोड दिएको पाइन्छ-

1. वस्तु एउटै द्रष्टा विभिन्नले थोक विभिन्न देख्ता रहेछन् भने यथार्थ सत्य वस्तुलाई कसैले देखेको हुँदैन।
2. धारणा भ्रम हो।

3. रूप लीला, नामलीला भनिएको छ जगत्लाई धारणा लीला भन्न सकिनेछ।
4. धारणाहरूको यहाँ लीला छ।
5. यहाँ भ्रान्तिहरूको अभिनय छ, क्रीडा छ, लीला छ।
6. बौद्धिक सङ्गतिमा धैरै वर्षपछि अन्त्यमा देखें लीलामात्र रहेछ यहाँ धारणा र विचारणाहरूको।

राईले लीलालेखनको प्रस्तावना राखेको एक दशकपछि मात्र यसको सैद्धान्तिक घोषणा गरे। उनको तेस्रो कथा-सङ्ग्रह **कठपुतलीको मन** (सन् १९८९) सितै बीस सूत्रीय घोषणापत्र पनि देखापर्‍यो। जुन यस प्रकार छन्- कृतिमा लीलालेखनगत आधार (लीलालेखन बीससूत्रीय घोषणा)

1. लीलादृष्टि आयामिक 'वस्तुता' धारणाबाट बढेको। वस्तुमा विशेषणहरू देखिन्छन्। सब मानवअनुभूत, मानवबुधित, मानवकल्पित- सब मानवसापेक्ष। मानिसको अनुभूति, बोध, चेत सब यसरी लीला हुन्छन् : मानिसका उम्रेका, मानिसले जिउनुले उम्रेका।
2. वस्तुको (प्रत्येक थोक र घटनाको) आफैँमा रहिरहेको अस्तित्व, मानव निरपेक्ष स्थितता, पनि हुन्छ। यो अस्तित्व जतिसम्म चिन्दै लैजान सकिन्छ। विशेषणहरू नै हुन्छ। यस अस्तित्वको तर सूचन नपाए त्यो छैन।
3. औपनिषदिक् माया, बौद्ध शून्य, जैन स्याद्वाद, भौतिक वैज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक फ्रायडवाद, गेस्टाल मोविज्ञान, मार्क्सवादीय 'आइडियलजी' को सिद्धान्त, व्यवहारवाद (प्रयाग्मचिज्म), समालोचकीय पाठकीय प्राप्ति सिद्धान्त,

विनिर्माणवाद आदिबाट आधार र सकार लीलालेखनलाई प्राप्त। क्वान्टम फिजिक्सबाट पनि। अनि : लोकवन्तु लीलाकैवल्यम्।

4. देखिन्छ:

   क. हाम्रा भावना, विचारणा, क्रिया लीला छन्।

   ख. हामी निमित्त/ माध्यम मात्र छौँ।

   ग. निरन्तर प्रवाहमा छ सब, पुरानो नासिँदो र नयाँ बन्दोमा। यै अनस्थिरलाई शून्य भनेको।

5. 'परालको आगो' कथामा एउटा स्थिर मिथक छ: 'लोग्नेस्वास्नीको झगडा परालको आगो' । यो मिथकको विनिर्माण छ यहाँ चार विकथाले।

6. कृति कथा छ, नाटक छ, औपन्यासिक छ, यसमा समालोचनाहरू छन्, निबन्ध छ, कविता छ, विधाका विनिर्माण। र यसलाई कृति भनेको। कृतिलेखन।

7. चार कठपुतली खेलहरू हाराहारी चार भन्न 'लेखक' छन् छ : खेलहरूका निर्देशक, लेखक, 'परालको आगो' कथा लेख्ने लेखक, चामेको अग्नि शून्यमन नियाल्ने लेखक, कठपुतली बनेको वस्तुको 'अनुभव' गम्ने लेखक बहुदृष्टिले लेखको सम्भावना र सिद्धान्त हुन्छ यहाँ।

8. भाषा, भाषिक, व्याकरण, लेखाइका भन्नता दृष्टिभिन्नताका वाहक छन्।

9. 'अन्तर्वार्ता चामेसँग' कथा र विकथाको (विकथा र खेलको) भेट छ। खुला आँखाको रानी पारी बीचमा राखिएको छ अन्तर्वार्ता, वास्तुशिल्पीय निर्मित।

10. लीलालेखनको प्रतिभा कामदीको छ। द्रष्टव्य : 'चामे, विराट् एक छ हास हाम्रो पछि।'

11. भाषालीला। भाषाले मात्र ताथ्यिक लागेका वाक्यहरू, प्रकाशनाहरू। उदा. 'छलहरूको अँध्यारो घारी......छैनहरूको उज्यालो घारी.....'

12. पाठकहरूले अनेक अर्थ्याइ गर्न पाउने फाँटहरू लेखनमा धेरै राखिनुपर्ने पठनलीलालाई।

13. कृति Non-organic छ धेरै हदतक। खेलहरू Systamitic (अब के हुन्छ?) विकथाहरू (Paradigmatic) (यस्तो पनि भएको?)

14. पात्रहरू परादर्शक र सपाट छन्, लीला देख्न सहज हुन्छ। चामे अवतार चरित्र छ।

15. 'परालको आगो' कथा कला हो, मैनालीलिखित नेपाली कथाको यो भएको यथार्थ पनि हो। यस यथार्थलाई कृतिमा यथार्थिक मोन्टास्जको रूपमा प्रायोजित छ, तर विकथाको क्युबिस्टिक मोन्टास्जहरूलाई जस्तै यसलाई पनि विद्रोही यथार्थ नतुल्याई इस्थेटिसिज्मको अधीनस्थ राखिएको।

16. अस्तित्व (बाँचु) सङ्कटको जति नजिक मान्छे उति अन्ध (पाशविक) ऊ हुँदछ।

    मान्छेको यो अन्धता शक्ति। यो अन्धता लीला देख्नुबाट पनि निष्कामता हुँदछ।

17. सांसारिक र परासांसारिकको योगले अवतारहरूको लीला छ। जीवन र जगत्को कर्मभूमिमा लीलानुसारी सङ्घर्षमा रत रहौँ। लीलाक्षएत्रमा छौँ नभुलौँ तर, 'खेलौँ बाँच्ने खेल'।

18. धर्म र साहित्यसँगै रहेको पूर्वीय परम्परामा छ लीलालेखन।

19. जेनको 'सातोरी' युङ्गीय मनेविज्ञानको 'अवचेतनको विमुक्ति' को समकक्षीय छ लीलालेखनको शून्य मन।
20. 'कठपुतलीको मन' मा लीला लेख्ने एउटा युक्ति समाइयो। अरू पनि बाटो खोज्नेहरूले झिक्ने नै छन्।

यसैले उनको **कठपुतलीको मन** सङ्ग्रहलाई लीलालेखनको घोषणापत्रकै रूपमा लिन सकिन्छ। यस बीस सूत्रीय घोषणापत्रमा वस्तुता, लीलापात्र, भाषिक लीला, विधाभञ्जन, कृतिलेखन र भ्रान्ति मुख्य छन्। लीलालेखनका स्रोत औपनिषदिक् माया, बौद्दशून्य, जैनस्यादवाद, भौतिक वैज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक फ्रायडवाद, गेस्टाल मनोविज्ञान, मार्क्सवादीय आइडियलजिको सिद्धान्त, व्यवहारवाद (प्राग्मटिज्म) समालोचनात्मक पाठकीय प्राप्ति सिद्धान्त, विनिर्माणवाद, क्वान्टम फिजिक्स, लोकबत्तु लीलाकैवल्यम् आदि मुख्य रहेका छन्। साथै 'लीलाधारणा, लीलाबोध र लीलापठनभित्र अनेक चिन्तनपरम्पराको प्रयोग नै यस लेखनको स्रोत हो' भन्न सकिन्छ। अतः **खेलौं बाँच्ने खेल** लीलालेखनको मूल सारवस्तु हो।

लीलालेखन नेपाली साहित्यमा उत्तरआधुनिक चिन्तनबाट उम्रेको बीज रूप हो। यसैले यसको उत्तरआधुनिकतासित निकटता छ। ऋषिराज बराल अनुसार क. अध्यात्मवाद, ख. भिन्नताको सैद्धान्तिक चिन्तन, ग. विपठन र विनिर्माण, घ. भाषिक चिह्न र सङ्केतको महत्त्वमा जोड, ङ. यथार्थ रयथार्थवादप्रति तीब्र विरोध, च. लेखकको मृत्यु पाठकको उदय हुनु यो विनिर्माणवादकै प्रतिलिपि हुन् भन्ने बरालका धारणाबाट लीलालेखन उत्तरआधुनिकताको निकट रहेको स्पष्ट हुन्छ।

लीलालेखनलाई आन्दोलनको रूपमा अघि बढाउने अन्य लीलाकर्मीहरूमा कृष्ण धरावासी र रत्नमणि नेपाल मुख्य मानिन्छन्। उनीहरूबाहेक अन्य

कवि लेखकहरूका नाम पनि जोडिन्छन् तर धरावासी अनि रत्नमणि नेपाल यस आन्दोलनका बिँढो हुन्। यसबारे रत्नमणि नेपालले के पनि भनेका छन् भने "नेपाली साहित्यको सम्पूर्ण बहसलाई खिच्ने एकमात्र साहित्यिक मान्यता लीलालेखन नै हो। जुन दार्जिलिङमा गर्भधारण भएको, काठमाडौंमा जन्मिएको र झापामा हुर्केको हो।" अतः कृष्ण धरावासी र रत्नमणि नेपालले लीलालेखनका विशेषतालाई अझ चिन्तनव्यापी बनाएका हुन्। कृष्ण धरावासीअनुसार 1. ज्ञानको सीमितता, 2. प्रत्येक चीज पुनरावृत्त छ जीवनमा, 3. अनिश्चितताले नै जीवन रसमय छ, 4. वस्तुले दिने अर्थहरू बैयक्तिक हुन्छन्, 5. प्रत्येक जीवनमा दुईवटा विश्व छ, 6. जीवन निमित्त मात्र छ, 7. स्थान सत्य र वस्तु सत्य आदि लीला विशेषताहरू हुन्। त्यसरी नै रत्नमणि नेपालका अनुसार 1. लीलालेखनको सिद्धान्त एकीकृत तहको छ, 2. पूर्वीय मान्यताको खोजी, 3. लीलालेखन विषय र रूपमध्ये विषय हो, 4. लीलालेखन सामाजिक र साहित्यिक दुवै हो आदि लीलालेखनका विशेषताहरू हुन्।

लीलालेखनका सैद्धान्तिक मान्यताहरूलाई लिएर समर्थन र विरोध दुवै रहेका छन्। हुनत 'लीला लेखनले सामाजिक, आर्थिक, राजनैतिक र वैचारिक तथा भावगत तहमा अक्रिय वा निष्क्रिय रहन भन्दैन' तापनि यसलाई कतिले उत्तरआधुनिक चिन्तनलाई नेपाली साहित्यमा भित्र्याउने ऐतिहासिक आन्दोलन मानेका छन् भने कतिले यसलाई भ्रामिक लेखनका कारण यसको साहित्यिक मूल्य नभएको र बौद्धिक भोक र भाषिक खेलमात्र भएको ठानेका छन्। जे भए पनि नेपाली साहित्यमा लीलालेखनलाई बौद्धिक उपलब्धि मात्र नमानेर यसको महत्त्व प्रयोजनीय रहेको छ।

**प्रगति जाँच गर्नुहोस् 6:**

नोट : I) तलका खाली ठाउँमा उत्तर लेख्नुहोस्।

4. लीलालेखनका स्रोत चिनाउनुहोस्।

.................................................................................
.................................................................................
.................................................................................

5. लीलालेखनका मूल सैद्धान्तिक मान्यताहरू के-के हुन्?

.................................................................................
.................................................................................
.................................................................................

6. 'खेलौं बाँच्ने खेल' को सार के हो?

.................................................................................
.................................................................................
.................................................................................

## 14.8 उपसंहार

नेपाली भाषासाहित्यमा विभिन्न आन्दोलनहरू भएका छन्। ती आन्दोलनहरूका बेग्ला-बेग्लै सैद्धान्तिक प्रयोजनहरू छन्। अतः नेपाली भाषा विकासको सन्दर्भमा हलन्त वहिष्कार आन्दोलन र झर्रोवादी आन्दोलन मुख्य छ। नेपाली भाषाको वर्तणी प्रयोगमा यस आन्दोलनले लिएको भूमिका महत्त्वपूर्ण छ। त्यसरी नै राल्फाली आन्दोलन, आयामेली आन्दोलन, तरलवादी आन्दोलन र लीलालेखन साहित्यको चिन्तनपरम्परा र वैचारिक क्षेत्रमा आएको नवीन दृष्टि र बौद्धिक व्यायम हो। नेपाली साहित्यमा भएका यी आन्दोलनहरूले लेखनलाई अवश्यै दिशाबोध गर्न सहयोग पुर्‍याएको छ। यसका सबल पक्षहरू मात्र नभएर केही दुर्बलताहरू पनि निश्चय छन्।

## 14.9 सार

यस प्रखण्डमा नेपाली साहित्यमा भएका विभिन्न आन्दोलनहरू हलन्त वहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलन, राल्फाली आन्दोलन, आयामेली आन्दोलन, तरलवादी आन्दोलन र लीलालेखन आदिको अध्ययन गर्ने कोसिस गरिएको हुँदा यसबाट हामीलाई विभिन्न साहित्यिक आन्दोलनबारे जानकारी प्राप्त भयो। त्यसलाई अझ सजिलोसित बुझ्नका लागि उक्त जानकारीलाई तलका बुँदाहरूमा संक्षिप्त समेटिनेछ।

- नेपाली भाषा-व्याकरणको क्षेत्रमा भएको पहिलो भाषिक आन्दोलन **हलन्त वहिष्कार आन्दोलन** (सन् १९०८) हो। बनारसबाट थालिएको यस आन्दोलनका प्रवर्तक राममणि आ .दी. हुन्। नेपाली भाषालाई विश्वका अरू प्रगतिशील भाषाको समकक्ष' पुर्‍याउने उद्देश्य राखेर राममणि आ.दी.ले **माधवी** (सन् १९०८) पत्रिका प्रकाशित गरी हलन्त वहिष्कार आन्दोलनको घोषणा गरेका हुन्। अनेपाली भाषाभाषी काइतेहरूको प्रभावबाट मुक्त शुद्ध, सरल र परिष्कृत नेपाली भाषाको प्रयोगमा जोड दिनु यस आन्दोलनको मुख्य उद्देश्य हो।
- **झर्रोवादी आन्दोलन** (सन् १९५६) नेपाली भाषासाहित्यमा देखापरेको भाषिक आन्दोलन हो। तर यसको प्रभावक्षेत्र भाषा र साहित्य दुवै रहेको छ। यस आन्दोलनका प्रवर्तकहरू बालकृष्ण पोखरेल, तारानाथ शर्मा, वल्लभमणि दाहाल, कोशराज रेग्मी र चूडामणि रेग्मी आदि मुख्य छन्। शुद्ध नेपाली भाषाको प्रयोग तथा झर्रोलेखनमा जोड दिनु नै यस आन्दोलनको मूल उद्देश्य हो। **नौलो पाइलो** झर्रोवादी आन्दोलनको मुख पत्रिका हो।
- **आयामेली आन्दोलन** (सन् १९६३) प्रथमतः नेपाली साहित्यमा दार्जिलिङबाट घोषणासिहित थालिएको साहित्यिक आन्दोलन हो।

यस आन्दोलनका प्रस्तावकहरू ईश्वरवल्लभ, इन्द्रबहादुर राई, वैरागी काइँला हुन्। यस आन्दोलनको औपचारिक सुरुवात सन् १९६३ मा वैरागी काइँलाको सम्पादनमा प्रकाशित **तेस्रो आयाम** पत्रिकाबाट भएको हो। मानिसको जिन्दगीलाई एकैपल्टमा झ्वाम्म अभिव्यक्त गर्नु वा सम्पूर्णता प्रदान गर्नु नै आयामेली दृष्टिकोण हो।आयामेली आन्दोलनका सैद्धान्तिक आधारहरूमा तथा यसका प्रमुख स्रोतहरू सम्पूर्णता, वस्तुता, चित्रकारिताको सोझो साम्य भाषा, घनत्व, पूर्णाकार मोविज्ञान, हेलिओग्राफ, तत्क्षणता, आद्यस्वरूप, सापेक्षता आदि मुख्य छन्।

- **राल्फा** (सन् १९६६) नेपाली साहित्यको क्षेत्रमा नेपालबाट थालिएको साहित्यिक आन्दोलन  हो। यस आन्दोलनका प्रस्तावकहरूमा मंजुल, पारिजात, निनु, विमल, नोरेम, अरिम, गणेश रसिक, ओमविक्रम सिटौला, रामेश, रायन, अभिराम आदि मुख्य छन्। यस आन्दोलनको घोषणापत्र **रसायन** (सन् १९६९) हो। **रचना**, **आक्रोश**, **मकालु**, **संकल्प** आदि विभिन्न पत्रिकाहरूमा राल्फाली लेख रचनाहरू छापिएका पाइन्छन्। अस्तित्ववाद, विसङ्गतिवाद, दादावाद, प्रगतिवाद र प्रयोगवाद आदि दार्शनिक विचारधारा यस आन्दोलनका प्रभावक्षेत्र हुन्। वर्गीय पक्षधरता र त्यस किसिमको सङ्गठित लडाइँ र सिर्जनात्मक ऊर्जाको महत्त्व बुझेर त्यस प्रवाहमा प्रतिबद्ध हुनु यस राल्फा समूहको मुख्य प्राप्ति हो।
- **तरलवादी आन्दोलन** (सन् १९८३) नेपाली साहित्यमा कविताको क्षेत्रमा भएको साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रवर्तकहरूमा फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठ मुख्य छन्। तरलवाद र तरलतावाद यस आन्दोलनका दुई रूप छन्।

खासमा साहित्यका पुराना परिभाषा र मान्यताहरू दिनप्रतिदिन गतिहीन र ह्रासोन्मुख हुँदै गएकाले साहित्यको नयाँ व्याख्याको निम्ति तरलवादको जन्म भएको मानिन्छ।

- **लीलालेखन**(सन् १९७७) दार्जिलिङबाट सर्वप्रथम थालिएको साहित्यिक आन्दोलन हो। यस आन्दोलनका प्रवर्तक इन्द्रबहादुर राई हुन्। प्रस्तावना, घोषणा र आन्दोलन यसका तीन मुख्य चरणहरू छन्। ' भ्रान्तिहरू र लीलालेखन मात्र' लेख लीलालेखनको प्रस्तावना हो। औपनिषदिक् माया, बौद्धशून्य, जैनस्यादवाद, भौतिक वैज्ञानिक सापेक्षवाद, मनोविश्लेषणात्मक फ्रायडवाद, गेस्टाल मनोविज्ञान, मार्क्सवादीय आइडियलजिको सिद्धान्त, व्यवहारवाद (प्राग्मटिज्म) समालोचनात्मक पाठकीय प्राप्ति सिद्धान्त, विनिर्माणवाद, क्वान्टम फिजिक्स, लोकबत्तु लीलाकैवल्यम् लीलालेखनका स्रोतहरू हुन्।

## 14.10 अनुशीलनी

1. हलन्त वहिष्कार आन्दोलनको सैद्धान्ति मान्यता र यसको विशेषताबारे प्रकाश पार्नुहोस्।

2. झर्रोवादी आन्दोलनका प्रमुख सैद्धान्तिक मान्यतालाई चिनाउनुहोस्।

3. आयामेली आन्दोलनका प्रभाव स्रोतहरूको चर्चा गर्नुहोस्।

4. राल्फा शब्दको अर्थ खुलाएर यसका सैद्धान्तिक विशेषताहरूको विश्लेषण गर्नुहोस्।

5. तरलवादी आन्दोलनको मुख्य सैद्धान्तिक मान्यताहरूको विवेचना गर्नुहोस्।

6. लीलालेखनको सैद्धान्तिक प्रभावस्रोतहरूको चर्चा गरी यसको स्वरूप र विशेषता चिनाउनुहोस्।

## टिप्पणी लेख्नुहोस् :-

1. माधवी पत्रिका र हलन्त वहिष्कार आन्दोलन।
2. शिखरनाथ सुवेदी र झर्रोवादी आन्दोलन।
3. सम्पूर्णता र वस्तुताको परिचय।
4. इन्द्रबहादुर राई र कृष्ण धरावासीका लीलादृष्टि।
5. राल्फा शब्दको व्युत्पत्तिगत अर्थ।

## 14.11 अतिरिक्त अध्ययन

1. सुकुम शर्मा – नेपाली भाषासाहित्यमा आन्दोलन।
2. दयाराम श्रेष्ठ – नेपाली साहित्यको केही पृष्ठ।
3. गोविन्दराज भट्टराई – काव्यिक आन्दोलनको परिचय।
4. बालकृष्ण पोखरेल – पच्चीस वर्षका भाषिक चर्चा।
5. सुकुम शर्मा – नेपाली व्याकरणको ऐतिहासिक सर्वेक्षण।
6. प्रभात सापकोटा र अन्य – साहित्यिक अभियान विगतदेखि वर्तमानसम्म।
7. महानन्द सापकोटा – ध्वनिको धन्दा।
8. महानन्द सापकोटा – नजिब्रो।
9. बद्रीविशाल भट्टराई – नेपाली भाषामा झर्रोवादी आन्दोलन (शोधपत्र)
10. इन्द्रबहादुर राई – कठपुतलीको मन।

## 14.12 प्रगति जाँचका लागि उत्तर

## जचाउनुहोस्।

**1. प्रगति जाँच गर्नुहोस् 1:**

प्रश्न-1 अन्तर्गत एकाइ 14.3 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.3 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.3 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

**2. प्रगति जाँच गर्नुहोस् 2:**

प्रश्न-1 अन्तर्गत एकाइ 14.4 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.4 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.4 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

**3.प्रगति जाँच गर्नुहोस् 3:**

प्रश्न-1 अन्तर्गत एकाइ 14.5 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.5 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.5 लाई नै उत्तर जाँच गर्नुहोस्।

**4.प्रगति जाँच गर्नुहोस् 4 :**

प्रश्न-1 अन्तर्गत एकाइ 14.6 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.6 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.6 लाई नै उत्तर जाँच गर्नुहोस्।

**5.प्रगति जाँच गर्नुहोस् 5:**

प्रश्न-1 अन्तर्गत एकाइ 14.7 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.7 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.7 लाई नै उत्तर जाँच गर्नुहोस्।

**6. प्रगति जाँच गर्नुहोस् 6:**

प्रश्न-1 अन्तर्गत एकाइ 14.8 लाई हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-2 अन्तर्गत एकाइ 14.8 लाई नै हेरेर उत्तर जाँच गर्नुहोस्।

प्रश्न-3 अन्तर्गत एकाइ 14.8 लाई नै उत्तर जाँच गर्नुहोस्।

**Notes**